

शान्ताकुञ्ज

(रामायणी पृष्ठभूमिमा उपन्यास)

- लाटोसाथी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्ताकुञ्ज

(रामायणी पृष्ठभूमिमा उपन्यास)

स स्नेहं वितराम्येतत् सुबोधाय सुहृद्ये

[illegible]

०६२/४/२६

लाटोसाथी

प्रकाशक

शान्ताकुञ्ज, मधुवनधाम, कपिलवस्तु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृति	:	शान्ताकुञ्ज (रामायणी पृष्ठभूमिमा उपन्यास)
रचना	:	लाटोसाथी
वर्ष	:	वि.सं. २०७१ साल गुरुपूर्णिमा
संस्करण	:	पहिलो
प्रति	:	१०००
© सर्वाधिकार	:	लेखकमा
ISBN	:	978-9937-2-8490-5
आवरण सज्जा	:	ज्योति खतिवडा
टंकण	:	डा. विष्णुराज आत्रेय सविता श्रेष्ठ
मुद्रक	:	हाइडल प्रेस प्रा. लि. डिल्लीबजार, काठमाडौं
फोन नं.	:	०१-४४३९८१२
प्रकाशक	:	शान्ताकुञ्ज, मधुवनधाम, कपिलवस्तु

सहयोगः रू. १००/- (व्यक्तिगत)
रू.२००/- (संस्थागत)

Shantakunja (Novel)

By

Lato sathi

2014 A.D.

Price Rs. 100/- (Personal)
Rs. 200/- (Institutional)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समर्पण:-

तौलिहवा तथा सिङ्गीघाट क्षेत्र उपटहवा कपिलवस्तु कर्मथलो भएका समाजसेवी प्रखर, निर्भीक तथा सिद्धहस्त अभिवक्ता, अनुष्टुप् छन्दका नेपाली कवि पूज्य सानो बुवाका पुण्य स्मृतिमा

कृति श्रद्धाञ्जलि



गिरिराज शर्मा अर्ज्याल

जन्म
वि.सं. १९७७ साल श्रावण
रश्मि निलय, कपिलवस्तु

स्वर्गारोहण
वि.सं. २०२९ साल आषाढ २० गते
अयोध्याधाम

आर्याविहार, आनन्दबाग
कपिलवस्तु

उपन्यासकार
लाटोसाथी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रधानमन्त्री

काठमाडौं, नेपाल

शुभकामना

प्रसिद्ध साहित्यकार **प्रा.डा. विष्णुराज आत्रेय 'लाटोसाथी'** ले **"शान्ताकुञ्ज"** नामक उपन्यास प्रकाशन गर्न लाग्नुभएको जानकारी पाउँदा मलाई ज्यादै खुसी लागेको छ ।

हिन्दुहरूको पवित्र ग्रन्थ रामायणको पूर्वकथाका रूपमा लिन मिल्ने आख्यानलाई बडो आकर्षक ढङ्गले प्रस्तुत गरेर प्रा.डा. आत्रेयले आफ्नो साहित्यिक उत्कृष्टता सिद्ध गर्नु भएको छ । राजा दशरथकी पहिलो सन्तानरत्न शान्ताको जीवनलाई आधार मानेर लेखिएको यो उपन्यास रोचक छ । दशरथका पुत्र भगवान रामलाई केन्द्रमा राखेर लेखिएको सिङ्गो वाल्मीकि रामायणको वालकाण्डमा मात्र केही स्थान पाएकी शान्ताको सामान्य चरित्रलाई नायकत्व प्रदान गरी लेखिएको प्रस्तुत उपन्यासले साहित्यिक महत्त्व मात्र वोकेको छैन, यसले हाम्रो धर्म, संस्कृति र इतिहासलाई पनि समेटेको छ । मानव जातिको धर्म, गुण र कमजोरीलाई पनि उजागर गरेको छ ।

उपन्यासले नयाँ कथा सार्वजनिक गरेको छ । अयोध्याका राजा दशरथकी सुपुत्री शान्ता, जसलाई पिता स्वयंले शिशु अवस्थामा नै आफ्ना सखा रोमपादलाई हस्तान्तरण गर्नुभयो । उहाँको विवाह वाणगङ्गातटमा आश्रम बनाएका विभाण्डक ऋषिका पुत्र शृङ्गी ऋषिसँग भएको प्रसङ्ग उजागर गरेर कपिलवस्तुको कपिलधाम, मधुवन, गोरुसिङ्गे गुल्मीको रेसुङ्गा, मुस्ताङ्गको कागवेनी र कौशिकीतटलाई भारतका हिन्दु तीर्थस्थलसँग आवद्ध गरी हिन्दुहरूको गन्तव्यको रूपमा विकसित गर्न सकिने सम्भावना लेखकले उजागर गर्नुभएको छ । यो उपन्यास दशरथका पुत्रहरूको जन्मका साथ सकिएको छ । यसको सम्पूर्ण जश गएको छ, दशरथ पुत्री शान्ता र उहाँले वरण गरेका ज्वाईं शृङ्गी ऋषिलाई । पुत्रकामयज्ञमा पारङ्गत शृङ्गी दम्पतीको आचार्यत्वमा भएका यज्ञको प्रसाद ग्रहण गरेपछि दशरथपत्नीहरूले पुत्रलाभ गरेको प्रसङ्ग पनि रोचक ढङ्गले प्रस्तुत गर्नुभएको छ, उपन्यासकार प्रा.डा.आत्रेयले ।

उपन्यासकारले आफ्नो कल्पनाशीलतावाट कर्ममा अटुट आस्था जगाउनु भएको छ । वरुणविद्याको प्रयोगद्वारा अनावृष्टि हटाएर वर्षा सक्रिय गराउन सकिने पुरातन विज्ञानको सङ्केत गर्नुभएको छ । लैङ्गिक समानाताको कुरा उठाउनु भएको छ । त्रेतायुगमानै शिक्षा, दीक्षा, उद्यमशीलता र परोपकारका क्षेत्रमा नारीहरूले नेतृत्व गरेर राष्ट्र र समाजको कल्याण गरेको नारीप्रधान कृति तयार पारेर उहाँले नारीहरूलाई समाज सुधारमा अगाडि वढ्न प्रेरित गर्नुभएको छ । आफ्नो जन्मभूमिका धार्मिक र ऐतिहासिक स्थानहरूको महत्त्व उजागर गरेर पर्यटन विकासको सम्भावनालाई पनि निम्त्याउनु भएको छ ।

हाम्रा धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व दर्शाउँदै उत्कृष्ट साहित्य सिर्जना गरेर नेपाली साहित्यमा अर्को एक थुङ्गा फूल थप्नुभएकोमा **प्रा.डा.विष्णुराज आत्रेय 'लाटोसाथी'** लाई बधाई दिँदै भविष्यमा पनि यस्तै उत्कृष्ट साहित्यिक कृति सिर्जना गर्ने प्रेरणा मिलिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु । यस्तो कृति प्रकाशन गर्ने **शान्ताकुञ्ज मधुवनधाम**लाई पनि बधाई !

जय नेपाल !

१ भाद्र २०७१ ।

(सुशील कोइराला)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्ना कुरा आफ्नै कलम

–प्रा.डा. विष्णुराज आत्रेय

कपिलवस्तु, कपिलऋषिको कर्मस्थल, विभाण्डक ऋषिको तपस्थल, श्रृङ्गी ऋषिको जन्मस्थल, दशरथपुत्री शान्ताको गृहस्थल, कनकमुनिबुद्ध र ककुच्छन्दबुद्धको जन्मस्थल एवं सिद्धार्थ गौतमबुद्धको गृहनगर हो। यसै कपिलवस्तुको शान्ताकुञ्ज र यससँग सम्बद्ध कथानकलाई समेटेर तयार गरेको लाटोसाथीको नौलो उपन्यासकृतिहो–*शान्ताकुञ्ज*

शान्ताकुञ्जको विषयवस्तु ऐतिहासिक हो । धेरै पुरानो हो । बुद्धयुग भन्दा पनि पुरानो । कृष्णयुग भन्दा पनि पुरानो । त्रेतायुगको कथानक हो यो, रामायण युगीन आख्यान। रामायण युगको पनि थालनीको प्रसङ्ग हो यो, रामजन्म भन्दा पनि पूर्वको प्रसङ्ग। अझ भनौं रामजन्मको निम्ति पुत्रकाम यज्ञको प्रसङ्ग। यस उपन्यासमा विभाण्डक ऋषि एवं उनका छोरा बुहारी शान्ता र श्रृङ्गी ऋषिको आख्यान छ ।

आफू ब्राह्मण थिए विभाण्डक ऋषि। हरिणीका गर्भबाट जन्मेका थिए उनका छोरा श्रृङ्गी । क्षत्रिय कन्या थिइन् विदुषी शान्ता। शान्ता र श्रृङ्गी पति पत्नी हुने भए। कहाँको ढुङ्गा कहाँको माटो ! राजकुमारी र ऋषिकुमारले घरगृहस्थी बसाए। विभाण्डक र रोमपाद परस्पर सम्धी–सम्धी भए। यो सम्बन्ध हुनुलाई उनले दैवी घटना ठाने। अतः यस ईश्वरीय तारतम्यसँग उनले संझौता गरे।

कपिलवस्तुको सिङ्गीघाट परिसरमा जन्मेका यी श्रृङ्गी ऋषिले गुल्मीको रेसुङ्गामा तपस्या गरेर विभिन्न विद्यामा निपुणता पाएका थिए । जलस्रोतका धनी यस हिमवत्देशका यी ऋषि वारुणविद्याका पारङ्गत विद्वान थिए। यिनी वारुण यज्ञद्वारा अकालग्रस्त क्षेत्रलाई अकालमुक्त पार्न सक्दथे, सहकालयुक्त पार्न जान्दथे। यिनले वारुण यज्ञ गरिदिंदा अङ्गदेशको बाह्र वर्षे अनिकाल सहकालमा परिवर्तित भयो।

हिमवद्देशका श्रृङ्गी बाहेक त्यस समयमा पुत्रकाम यज्ञमा निपुण अरू कुनै विद्वान हुँदैन। राजा दशरथलाई छोरा नभएर टुक्रिन थालेको अयोध्याको इक्ष्वाकुवंशलाई जोगाउन सक्ने सामर्थ्य हिमवद्देशका यिनै ऋषिदम्पतीमा मात्र हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिमवद्देशका श्रृङ्गी शान्ताले पुत्रकाम यज्ञ नगरिदिएका भए अयोध्यामा रामको अवतार तथा सुमेरु पर्वतमा आञ्जनेय हनूमानजीको जन्म हुने थिएन । न राम हुन्थे, न रामायण, न त रामायणी संस्कृति !

जहाँ सम्म स्थान परिचयको सम्बन्ध छ, हाल कपिलवस्तु जिल्लाको नन्दनगरको आश्रम विभाण्डक ऋषिको पुरातन तपस्थली हो । श्रृङ्गीघाट परिसर श्रृङ्गी ऋषिको जन्मथलो हो । मधुवन तान्त्रिक महिलाद्वारा श्रृङ्गीलाई मुग्ध पार्न निर्मित एउटा मायानगरी हो । शान्ताकुञ्ज श्रृङ्गी ऋषि र उनकी पत्नी शान्ताले निर्माण गरेको आश्रम हो । गोरुसिँगे श्रृङ्गी ऋषि र शान्ताका एकलाख गाईहरूको चरनभूमि तथा गौशाला भएको ठाउँ हो। यसैगरी कपिलधाम महर्षि कपिलको कपिल गङ्गा निकट रहेको आश्रम । कपिलवस्तुका यिनै महत्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरूको सेरोफेरोमा यस उपन्यासले फन्को मारेको छ ।

हाम्रा देशका कतिपय ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका स्थलहरू पहिचान, प्रचार र संरक्षणका अभावमा माटिदै, पाटिदै र बिर्सिदै गैरहेका छन् । ती मध्ये सिङ्गीघाट, मधुवनधाम, शान्ताकुञ्ज, गोरुसिंगे, रामकुवाँर तथा कपिलधाम पनि पर्छन् । सिङ्गीघाट परिसरमा अक्षर कुँदिएका र कलात्मक ढुङ्गाहरू गिट्टी कुट्ने ढुङ्गाका रूपमा भारत पुगिसके मेशिनमा धुलोपिठो पारिइसके । यो साह्रै अनर्थ भएको छ। अर्घाखाँचीमा अवस्थित पावन नर्तनाचल पर्वतको पनि यही दुरवस्था छ । यो सबै देख्दा मन दुख्छ । यस्ता स्थलहरूको पहिचान प्रचार र संरक्षणको बोध हामी सबैलाई होस् । यसै उद्देश्यले लेखिएको हो यो उपन्यास– *शान्ताकुञ्ज* ।

वाल्मीकि लगायतका केही रामायण तथा अन्य काव्य स्रोतहरूमा सङ्केत भएको कथांश तथा वर्षौं वर्षौं सम्म स्थानीय जनश्रुति र अनुश्रुतिमा पल्लवित एवं सुरक्षित स्थान सङ्केतहरूलाई आधार मानी तिनै कथांशमा केही औपन्यासिक मुलम्मा समेत चढाई आफ्ना प्रिय पाठकसामू यो *शान्ताकुञ्ज* उपन्यास प्रस्तुत भएको छ ।

विदेशी विद्वानहरूलाई हामीले केही पुराकालिक कुरा भन्यौं भने उनी त्यसका लिखत प्रमाण खोज्छन् । ढुङ्गामा कुदेंका र कागतमा कोरेका बाहेक तिनीहरू अरू कुरालाई प्रमाण मान्दैनन् । तिनका मान्यता र हाम्रा मान्यतामा केही फरक छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामी श्रुतिलाई प्रमाण मान्दछौं– *वेदाःप्रमाणम्* । वेदकामन्त्रहरू पहिले लेखिदैनथे । तिनलाई गुरुमुखबाट शिष्यले सुनेर अभ्यासद्वारा कण्ठस्थ गर्नुपर्थ्यो । प्रत्येक दिनका स्वाध्यायले त्यसलाई स्मृतिपथमा राखिरहनु पर्थ्यो । अतः यिनको नाउँ श्रुति हुनगयो ।

श्रुति पछि स्मृतिको पालो आउँछ। श्रुति सुन्नु हो भने स्मृति सम्झनु । श्रुति र स्मृतिभन्दा प्रमाणिक ग्रन्थ हाम्रो पौरस्त्य वाङ्मयमा अरू कुनै छैन ।

यदि कुनै आप्त व्यक्ति छ भने उसले भनेका शब्द र वाक्यहरूलाई पनि हामी प्रमाण मान्दछौं । तिनका कुरामा हामीलाई विश्वास लाग्दछ– *प्रत्यक्षानुमानोपमानशब्दाः प्रमाणानि । आप्तवाक्यं शब्दः ।*

त्यसैहुनाले पुरातन आप्त पुरुषका तथ्य र सत्यवचनका आधारमा जनसमाजमा चलेको जनश्रुति र अनुस्मृतिहरूलाई हामीले किंवदन्ती भनेर अनादर गर्न मिल्दैन । त्यसमा पनि केही सत्य हुन्छ ।

शून्य आकाशमा आधारविहीन जन्मदैनन् किंवदन्तीहरू। हावाका भरमा हुर्कदैंनन् अनुश्रुतिहरू। मात्र कल्पनाका भरमा टिक्दैनन् जनश्रुतिहरू । हाम्रा पौराणिक तथा ऐतिहासिक तथ्यहरू मध्ये जुन कुरामा साहित्यकारको दृष्टि पुग्दैन, अथवा जुन कुरालाई साहित्यकारले त्यति महत्व दिदैंनन् । त्यस्ता विषयहरू जनश्रुति र अनुश्रुतिमा मात्र जीवित र सुरक्षित रहन्छन् । यी र यस्तै अन्य साधनस्रोतका भरमा तयार भएको हो, यो उपन्यास ।

ढुङ्गामा कुदेंका र कागतमा कोरेका अक्षर सामग्रीलाई मात्र प्रमाण मान्नेहरूले गर्दा हाम्रा ऐतिहासिक महत्वका धेरैस्थानहरू शङ्काका घेरामा परे–पारिएका छन् । टाढाकिन जानु ! हाम्रो वाल्मीकि आश्रमकै कुरा लिऊँ–

वाल्मीकि आश्रम भनेर हामीले हाल नवलपरासी अन्तर्गत त्रिवेणी धामको वाल्मीकि आश्रम बुझ्ने गरेका छौं । तर केही भारतीय र विदेशी पण्डितहरू पनि यो कुरा मान्न तयार छैनन् । उदाहरणका लागि ती मध्ये एकथरिका मतमा वाल्मीकि आश्रम भारतमा विहार राज्यको सीतामढीमा छ । अर्काथरि यसलाई उत्तरप्रदेश राज्य अन्तर्गत प्रयागबाट बीस किलोमीटर दक्षिणतर्फ भन्दछन् । झन् अर्काथरिले कानपुरको विठूर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नामक ठाउँलाई नै वाल्मीकि आश्रम मानेका छन्। अझ कसै कसैले त चित्रकूटनै वाल्मीकि आश्रम हो भनेका छन् ।

हामी जनकपुरधामलाई जानकीको जन्मस्थल मान्दछौं। कतिपय भारतीयहरू भारतको विहार प्रान्त अन्तर्गत सीतामढी नजीकको पुनौराधामलाई जानकी जन्मभूमि भन्दछन्।

यस्तै हामीले रावणका राज्यका रूपमा अहिले सम्म मानिआएको श्रीलङ्का पनि वास्तविक लङ्का होइन भन्ने गरेको पनि पाइन्छ । तिनीहरूले मालदीवलाई श्रीलङ्का भनेका छन् ।

यसैगरी कैकेयीको जन्मथलो केकय देशबारे पनि मत विभिन्नता छ। कसैले गजनीलाई केकय देश भन्छन् भने कसैले झेलम र कीकना लाई पनि केकय देश भन्छन् । यसरी रामायणी कथाका ठाउँ समय र आख्यानबारे इतिहासविद्का भनाइहरूमा विविधता पाइन्छ।

यति मात्र होइन, नेपाली भूमि वाल्मीकि आश्रम नजिक भएको सीता निर्वासनबारे पनि धेरै रामायण मौन छन्। अब भइएन त हामी कुइराको काग ! यहाँ कौवाले कान लग्यो भन्दैमा आफ्नै शरीरको कान न समाएर कौवाका पछि दगुर्ने जस्तो काम हामीले गर्नु उचित हुँदैन। हाम्रा जनसमाजमा प्राचीन समयदेखि जनश्रुति, अनुश्रुति तथा किंवदन्तीहरूमा प्रचलित स्थानहरूको खोजिमेलो गरी त्यसको परिचय र महत्व जनसामान्य सम्म पुऱ्याउनु पर्दछ। अहिले त्यसमै लागिरहेको छ शान्ताकुञ्ज मधुवनधाम। त्यसैको एउटा पाटो हो, यो शान्ताकुञ्ज उपन्यास।

शान्ता र श्रृङ्गीको चर्चा पनि विस्तृत र चाहिंदो रूपमा सााहित्यमा आइसकेको छैन। ऐतिहासिक कथावस्तुहरू साहित्यमा मनग्य अनूदित भए पछि मात्र यसको प्रचार प्रसार सामान्य जनजीवन सम्म पुग्दछ । महर्षि वाल्मीकि हिमवद्देश नेपालका कवि हुनाले उनलाई आफ्नै सेरो–फेरोमा भएको यस उपाख्यानबारे थाहा थियो। अनि उनले आफ्नो रामायणमा यसको उल्लेख गरे। श्रृङ्गी र शान्ता विषयक आख्यानको उल्लेख वाल्मीकि–रामायण अन्तर्गत बालकाण्डको आठदेखि चौधौं सर्ग सम्ममा पाइञ्छ। त्यो पनि विभिन्न कल्पका कथाहरूको संयोजन साथ।

महाकवि भवभूतिले उत्तर रामचरितमा एक ठाउँ सूत्ररूपमा यसको उल्लेख गरेका छन् । जस्तै –

कन्यां दशरथो राजा शन्ता नाम अजीजनत् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपत्यकृतिकां राज्ञे रोमपादाय तां ददौ ॥ उ.रा.च. । प्रथम अङ्क
यसैगरी संस्कृत कोष शान्ताको विवरण दिदै भन्दछ –
शान्ता । स्त्री । दशरथराजकन्या । दशरथेन कन्यार्थं रोमपादाय राज्ञे प्रदत्ता । सा च ऋष्यश्रृङ्गभार्या । इति रामायणम् । शब्दकल्पद्रुम । पञ्चम खण्ड। पृ. ४६

पुराकालिक इतिहासतिर कोल्टे फेर्दा दुइटा श्रृङ्गी ऋषि फेला पर्छन्। एउटा विभाण्डकऋषिका छोरा श्रृङ्गी ऋषि। यिनको मूलनाउँ ऋश्यश्रृङ्ग हो। बोलाउन सजिलो हुनाले यिनलाई श्रृङ्गी भन्न थालिएको हो। यिनी त्रेतायुगका ऋषि हुन्। यिनै हुन् यस उपन्यासका नायक श्रृङ्गी। यिनको जन्म सिङ्गीघाट, तपस्या रेसुङ्गा, विवाह अङ्गदेश, मुख्यआश्रम शान्ताकुञ्ज मधुवन, ससुराली अयोध्या र यिनले दशरथका लागि पुत्रकामेष्टि यज्ञगरेको ठाउँ हाल भारतको उत्तरप्रदेश स्थित फैजाबाददेखि ३८ किलोमीटर टाढा गुसाइँगञ्ज नजिक सरयू किनार हो। त्यसलाई अहिले श्रृङ्गीआश्रम भनिन्छ । राजा दशरथले यज्ञका आचार्यदम्पती शान्ता-श्रृङ्गीलाई शहरभन्दा बाहिर यही शान्त एकान्तठाउँमा आश्रमबनाई दिएका थिए । श्रृङ्गी ऋषि एउटा अर्का पनि छन्। यिनी द्वापरयुगका शमीक ऋषिका छोराहुन्। यिनको उल्लेख महाभारतको परीक्षित उपाख्यानान पाइन्छ । अयोध्या नजिकक श्रृङ्गीले गरेको पुत्रकामेष्टि यज्ञस्थल बाहेक हाल भारतमा श्रृङ्गीका मन्दिरहरू निम्न ठाउँमा छन् । जस्तै–

(क) भारत उत्तरप्रदेशको झाँसीबाट ८० किलोमीटर टाढा सङ्गोली भन्ने ठाउँमा श्रृङ्गीको हाल नया मन्दिर बाइएको छ ।
(ख) उत्तरप्रदेश झाँसीकै बरुआ सगरमान निरपनि एउटा अर्को श्रृङ्गी मन्दिर छ ।
(ग) भारतको मध्यप्रदेश स्थित बीना शहरदेखि बीस किलोमीटर पर सरखडी भन्ने ठाउँमा पनि एउटा श्रृङ्गीको मन्दिर छ ।
(घ) यसैगरी भारत हिमाचलप्रदेश अन्तर्गत कुल्लूको बञ्जरभन्ने ठाउँमा पनि एउटा अर्को श्रृङ्गी मन्दिर छ ।

उपर्युक्त ठाउँहरूमा बनेका मन्दिरहरू श्रृङ्गी ऋषिको जीवनसँग सम्बद्ध न भएर उनी प्रतिको श्रद्धा र सम्मानमा पछि बनाइएको कुरा मन्दिर शब्दलेनै व्यक्तचाउँछ ।

विशेष पुरातात्विक तथा अन्य ऐतिहासिक सामग्रीहरू उपलब्ध नभएका ठाउँमा हामीले जनश्रुति र अनुश्रुतिको भरपर्नु पर्ने हुन्छ । हाम्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनश्रुति अनुश्रुति र उपलब्ध ऐतिहासिक साक्ष्यका आधारमा पनि वाल्मीकिआश्रम नवलपरासीअन्तर्गत त्रिवेणीधामकै आश्रम हो । लव कुशले रामको अश्वमेधको घोडा समाएको ठाउँ कपिलधाम नजिकको रामकुआँर भन्ने ठाउँनै हो । यस विषयमा परम्परागत रूपमा गाइदै आएका यहाँका स्थानीय थारु लोकगीतहरू पनि प्रमाणभूत छन् । अस्तु हाम्रा लक्ष्य र गन्तव्य उस्तै र एउटै भएपनि देश, काल, परिस्थितिले गर्दा त्यसलाई प्राप्त गर्ने साधनमा फरक आउँछ । पहिले मोफसलबाट राजधानी जाँदा पैदल जानुपर्थ्यो । बिचमा मोटरबाटो खुलेपछि बसमा जान थालियो । अहिले जहाजमा पुग्ने गरिन्छ । त्यस्तै हाम्रा पुरा कथाहरूका घटनामा पनि कल्पभेदले गर्दा फरक आउन सक्छ । त्यसैले रामायण कथाहरू पनि कल्पभेदले गर्दा फरक-फरक रूपमा अगाडि बढेका छन् । यस्ता ठाउँमा पूर्वाग्रह नलिएर कल्पभेद ठानिदिन अनुरोध छ । कहीं कहीं औपन्यासिकता ल्याउन थप वर्णन र सम्वादहरू जोडिएको कुरा पनि बिन्ती बिसाउन चाहन्छु ।

काठमाडौंको नयाँ बानेश्वरमा केही महिना पहिले कपिलवस्तुको शान्ताकुञ्ज, मधुवन धामबारे एउटा गोष्ठी भएको थियो । सर्वश्री चिरञ्जीवी भण्डारी, चुरामणि अर्ज्याल, पोमनारायण पौडेल, सागरश्रेष्ठ, आदि व्यक्तित्वको उपस्थितिमा भएको त्यस गोष्ठीमा लाटोसाथीलाई त्यस क्षेत्रको महत्व र परिचयबाट जन साधारणलाई अवगत गराउने सामग्री तयार गर्ने जिम्मा लगाइयो ।

यो एउटा कठिन एवं चुनौतीपूर्ण कार्य थियो । तर यसलाई हामी मध्ये कसैले त गर्नु पर्नेनै थियो । यो काम लाटोसाथीका पोल्टामा आयो । यसले आफ्नो जन्म–जनपद कपिलवस्तुका त्यस क्षेत्रको परिचय जन सामान्य सम्म पुऱ्याउनु कर्तव्य ठान्यो । यसअघिँ अवधी भाषामा यस्तै विषयवस्तुमा विष्णुराज आत्रेयद्वारा रचित सिङ्गीघाट महाकाव्यले पनि यस उपन्यासलाई सगायो पुऱ्याएको छ ।

हाम्रो देशमा उहिले जमीनदारी प्रथा थियो । श्रृङ्गीघाट नजिकको उपटहवा भन्ने गाउँ हाम्रो मौजा थियो । हामी स–साना केटाकेटीहरू पनि आफ्ना हजुर्बुबा विद्वद्वर रश्मिराज अर्ज्याल तथा सानो बुबा पं. गिरिराज शर्मा अर्ज्यालका साथ समय–समयमा तौलिहवाको घरबाट कहिले घोडामा र कहिले लढुमा चढेर यहाँ आउने-जाने गर्थ्यौं । तिनताका छिमेकी मौजा जितपुरका सागरश्रेष्ठजी र मोर्मीका शिवचन्द्र आचार्यजीको घर त हामीलाई पानी-पधँरो जस्तै थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामी उपटहवा हुदाँ ताका जाडो महिनामा घुरका मुढा ताप्न गुरुवा-बढघरहरू त्यहाँ सिर (जमीनदारको घर) मा जम्मा हुने गर्दथे । राती अबेला सम्म पनि हामी तिनले भनेका कथा सुनेर बस्थ्यौं ।

अर्कादिन हजुरबुबा विद्वद्वर रश्मिराज अर्ज्याल तथा सानो बुबा गिरीराज शर्माको समर्थन भएपछि त्यो कथा हाम्रा लागि ब्रह्मवाक्य हुन्थ्यो । त्यही गुरुवा–बडघरहरूबाट सुनेका जनश्रुति र अनुश्रुतिका आधारभूमिमा आफ्नो व्यक्तिगत अध्ययन र खोजि-मेलो समेतको संयोजन गरी तयार पारिएको उपन्यास हो यो, शान्ताकुञ्ज ।

लेखनका विभिन्न विधा छन् । एउटा लेखक व्यक्तिले कुनै पनि विषयलाई गद्य, पद्य, खण्डकाव्य, महाकाव्य कथा, निबन्ध, नाटक, उपन्यास जस्ता विभिन्न विधामा लेख्न सक्दछ । अहिले प्रचलित साहित्य विधा मध्ये लोकमा बढी रुचाइने विधा उपन्यास हो ।

उपन्यासले पाठकहरूलाई ज्ञान र मनोरञ्जन दुवै दिन्छ। यस शान्ताकुञ्जलाई पनि उपन्यास विधामै प्रस्तुत गर्ने लाटोसाथीको यो प्रयास हो। त्यही प्रयासको प्रतिफल यहाँहरू सामू प्रस्तुत छ, यो उपन्यास शान्ताकुञ्ज ।

उपन्यास त तयार भयो। लाटोसाथीले आफ्नो उत्तरदायित्व कति वहन गर्न सक्यो ? प्रिय पाठकहरूलाई यसले कति बुझाउन रिझाउन सक्यो ? यो त उहाँहरूका प्रतिक्रियामा पछि प्रतिबिम्बित हुनेनै छ ।

केशमा कलप र गहनामा जलप चढाइ दिएपछि त्यसका भएजति बैगुनले लुक्ने ठाउँ पाउँछन् । यस उपन्यासमा पनि त्रिभुवन विश्वविद्यालय, पद्मकन्या कलेजका प्रध्यापक डा.दुर्गाप्रसाद अर्ज्यालज्यूले आफ्ना कलमको जलप लाइदिँदा यसका कमी कमजोरीले ओझेल पाएको अनुभव भएको छ,उपन्यासकारलाई ।

यसैगरी रसियन चेखोब जस्तै नाम जुराएका विस्तारित भूमिका लेखक खेकोब (खेम कोइराला बन्धु)का ललित वाक्यावलीका लालिपापाले पनि यस उपन्यासलाई रसिलो बनाएको छ । दुवैका नूनको गुन बिर्सिनसक्नु छ ।

यस कृतिका प्रकाशक संस्था शान्ताकुञ्ज मधुवनधाम र कृति रचनाका उत्प्रेरक माथि उल्लिखित यसका पदाधिकारीहरू सबैमा हार्दिक भूरि भूरि धन्यवाद। अन्त्यमा घरव्यवहारबाट मुक्ति दिएर आफ्ना पतिश्रीलाई लेखनमा एकोहोरिन सहयोग दिने लाटोसाथीकी गृहश्री भार्या आर्या आत्रेयलाई समेत मुरी मुरी आसिक ।

सबैको जय होस् !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्ताकुञ्जमा दृष्टि निक्षेप

–प्रा डा.खेम कोइराला बन्धु

शान्ताकुञ्ज ।

लाटोसाथीको नयाँउपन्यास । हिमवद्देश नेपालको ऐतिहासिक, भौगोलिक, धार्मिक तथा सांस्कृतिक धरातलमा उभिएको उपन्यास । यसले छोएको छ, सिन्धुघाटी र आर्यावर्तलाई। रामायणकालिक पृष्ठभूमिमा रचित यस उपन्यासले परिचय दिन्छ हिमवत्खण्डदेखि हिन्द महासागर सम्मको विशाल आर्य सभ्यताको। यसले बोकेको छ– नेपालीसंस्कृति र नेपाली संस्कारको पुराकथा । यो कृति मूलतः नेपाली प्रकृतिसँग बयेली खेल्छ। नेपाली सुवासमा मगमगाउँ छ । लाटोसाथी भित्र अटाइ न अटाइरहेको राष्ट्रियताको उकुस मुकुसले फुल्ने फक्रिने ठाउ पाएको छ यसमा ।

कपिलवस्तु जिल्ला अन्तर्गतका कपिलधाम, नन्दनगर, सिङ्गीधाट, शान्ताकुञ्ज मधुवनधाम गोरुसिँगे जस्ता स्थानीय महत्वका क्षेत्रहरूमा वर्षौं वर्षौंदखि प्रचलित जनश्रुति अनुश्रुतिहरूलाई ऐतिहासिक तथा सास्कृतिक सत्य-तथ्यहरूसँग जोड्छ यो उपन्यास ।

यतिमात्र होइन, उपन्यासका उपकथाका रूपमा पाल्पाको रामदी, स्याङ्जाको आँधीखोला, गुल्मकिो रेसुङ्गाधाम तथा काकभुशुण्डी र गरुडको संवाद भएको स्थल मुस्ताङ्गको कागबेनी तीर्थ समेत यसका सेरोफेरोमा आउँछन् । यसरी यस उपन्यासले कपिलवस्तुलाई नेपालको पर्यटकीय क्षेत्रमा नया आयाम सँग जोडिदिएको छ ।

नेपाली साहित्य जगतमा लाटोसाथीका नामले सुपरिचित यी साहित्यकारको मुख्य नाउँ विष्णुराज आत्रेय। संस्कृत नेपाली र अवधीका विद्वानका रूपमा यिनी मुलुक भित्र र मुलुक बाहिर पनि चिनिन्छन् । संस्कृतमेरो पितृभाषा हो, नेपाली मेरो मातृभाषाहो र अवधी मेरो माटोको भाषा हो भनेर गर्व गर्ने लाटोसाथीका तीनै भाषामा गरी लगभग तीनदर्जन कृति प्रकाशित छन्।

शास्त्र र साहित्य दुवैतर्फ समानरूपमा कलम कुदाउने लाटोसाथीको नाउँ कपिलवस्तुमा भवानी भिक्षुसँगै लिइन्छ। भवानी भिक्षु अवधी मातृभाषी हुन् । यिनले नेपालीमा मात्र लेखे। अवधीमा कलम चलाएनन् । लाटोसाथी नेपाली मातृभाषी हुन्। यिनले भने संस्कृत र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाली सँगै अवधी भाषामा समेत कविता लेख र महाकाव्य जस्तो श्रमसाध्य कृतिको रचना गरेर देखाएकाछन् अवधीक्षेत्र कपिलवस्तुमा जन्मिनुको सार्थकता। उनको सिङ्गीघाट अवधी महाकाव्य नेपालको अवधी क्षेत्रको लागि मात्र होइन, विश्ववाङ्मयमै आधुनिक अवधीको अनुपम कृति हुनपुगेको छ ।

यस उपन्यासमा अध्यात्मदर्शन र सदाचार जस्ता शास्त्रीय ज्ञानका विषय यत्र तत्र पाइने भएपनि लाटोसाथीको अनौठो लेखन शिल्पले गर्दा यसले कथाप्रवाहमा कत्तिपनि अवरोध गर्दैन। कपिलवस्तुको पावनभूमिमा कलकलगर्दै बग्ने कपिलगङ्गा र बाणगङ्गाझैं सलल्ल बगेको छ आफ्नोगन्तव्यमा शान्ताकुञ्ज उपन्यास।

जङ्गलमा बस्ने खरानी घस्ने र कन्तमूलखाने जन्मैदेखि आइमाइ नदेखेका लगौंटीधारी तपसी यस उपन्यासका प्रमुखपात्र छन् । तथापि यस उपन्यासले किशोरदेखि वृद्धसम्मलाई रोमाञ्चित पारिदिन्छ । पगालिदिन्छ उर्वशीले विभाण्डक ऋषिलाई पगालेजस्तै ।

नारीवादी उपन्यास। नारीशिक्षा, नारीअधिकार तथा नारीस्वतन्त्रताको वकालत गर्ने उपन्यास। जात भन्ने कुरा जन्मले होइन कर्मले हुन्छ भन्ने सिद्धान्तलाई अर्थ्याएको छ यस उपन्यासले। ब्राह्मणपुत्र श्रृङ्गीका साथ क्षत्रिय राजकन्या शान्ताको विवाह हुनुले यसै कुरालाई पष्टयाएकोछ । यस उपन्यासमा पोष्यपुत्री शान्तालाईनै राजकुमारलाई जस्तो शिक्षा दिएर राज्यको उत्तराधिकारी बनाउन चाहने रोमपादको प्रयासले नारी स्वतन्त्रता र नारी अधिकारको वकालत गर्दछ। राजसी सुखमा पालिएकी राजकुमारी शान्ता आइमाइको मुखै नहेर्ने कन्त-मूल खाएर जङ्गलमा बस्ने श्रृङ्गीसँग घरजम गरेर बस्नुले नारीजातिको साहस हिम्मत तथा कस्तै कठिन परिस्थिति सँग पनि संझौता गर्नसक्ने स्वभावको परिचय दिन्छ। यसरी लाटोसाथीको यो उपन्यास पूर्णतः नारीवादी उपन्यास हो भन्नेकुरामा दुइमत छैन।

पशु हरिणीबाट मनुष्य श्रृङ्गीको जन्म कसरी भयो ? नारीको मुखै नहेर्ने जोगी श्रृङ्गीको दशरथकी छोरी शान्ता सँग कसरी बिहे भयो ? शान्ता अयोध्याका दशरथकी छोरी हुन् भने राजा रोमपादले उनको कन्यादान कसरी गरे ?पुत्रकाम यज्ञको पायस अञ्जनाका हातमा कसरी पुग्यो ? जनसाधारणका मनमा रामायणका यस्ता रहस्यात्मक प्रश्नहरू प्रायः उब्जिने गर्छन् । यसको उत्तर यस उपन्यासलेनै दिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषामा सरलता, वाक्यमा सरसता, भावमा गभीरता र वर्णनमा स्वाभाविकता लाटोसाथीको लेखन विशेषता हो । ठाउँ ठाउँमा संवादशैलीमा प्रयुक्त वाक्यशिल्पले गर्दा लाटोसाथीको यो उपन्यास उपन्यासमा नाटकजस्तो छ, नाटकमा उपन्यास जस्तो । रोमाञ्चक कथानक, रोमाञ्चक उपन्यास ।

हलिउड र बलिउडको नक्कलमा आज कलिउडमा पनि कलियुग पसेको जस्तो छ । आजका नेपाली फिल्महरू पश्चिमेली विकृत संस्कृतिका शिकार भएकाछन् । सानै उमेरदेखि अहिले सम्म समय समयमा नेपाली र संस्कृतका विभिन्न नाटक तथा सिनेमाहरूमा अभिनय गरिसकेका लाटो साथीको यो उपन्यास । रोमाञ्चक यसको कथानक । नारीको मुखै नदेखेका र जङ्गलमा तपसीजीवन बाँचेका श्रृङ्गीसित राजमहलकी सुकुमारी राजकुमारीसँगको यो प्रेमकथा । संसारको अनौठो प्रेमकथा । भोलीका दिनमा नाटक र चलचित्रका लागि हटकेक हुने यो शान्ताकुञ्ज ।

डा. आत्रेयको यो कृति उडन्ते दन्त्यकथा होइन । सत्यतर्फ उत्प्रेरित छ यो आख्यान । लोकले स्वीकारेको जनविश्वासमा रहेको यो पुरा कथा । यो नेपालगाथा पुरा कथा र पुरातन समाजिक संस्कृति मान्यता र अभिव्यक्तिलाई आजको नेपाली माटो र मनोविज्ञानसँग जोडिएको छ यसमा । म यो कृति पढ्दा भानुको रामायण, देवकोटाको शाकुन्तल, समको प्रल्हाद, सिद्धिचरणको उर्वशी, वी.पी.को सुम्निमा र जगदीश समशेरको नरसिंह अवतार सम्झिन पुग्छु । अध्यात्म र गृहस्थको सम्बन्ध । कृषि र ऋषिलाई वन र दर्शनको सापेक्षता । गाई, कृषि र वनको धर्मसँग अन्योन्याश्रित भाव । हरियो वन नेपालको धन ।

कपिलवस्तुको इतिहासलाई बुद्धयुगभित्र मात्रै खोतल्ने हाम्रो सिमित गतिविधिलाई रामायणयुग सम्म तान्ने फैलाउने काम गरेको छ शान्ताकुञ्जले । ऐतिहासिक गौरवको सुकर्म डा. आत्रेयको पौरखी कलमले गरेको छ । सिङ्गीघाटलाई लाटो साथीले चिनाएका छन् । लाटोसाथीलाई शान्ताकुञ्ज र सिङ्गीघाटले चिनाएका छन् । लाटोसाथीलाई कपिलवस्तुले कति चिन्यो कुन्नि ?

हिमालयो नाम नगाधिराजः, नयाँ मेघदूत, वैदेही महाकाव्य, धन्यो हिमवद्देशः र ढाक्रे जस्तै यो शान्ताकुञ्ज उपन्यास लाटोसाथीको यश र गौरव बढाउने कृति बन्छ भन्ने कुरा ठोकुवा साथ भन्न सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिचान र मनोरञ्जनको दोभान शान्ताकुञ्ज

–प्रा.डा.दुर्गाप्रसाद अर्ज्याल
पद्मकन्या क्याम्पस, काठमाण्डौ

शान्ताकुञ्ज उपन्यास नेपाली उपन्यासको इतिहासमा एउटा विशिष्ट घटना हो । यो यस्तो संरचनात्मक घटना हो, जसले रामराज्यभन्दा पहिलेको त्रेतायुगीन सामाजिक एवं सांस्कृतिक जीवनका मूल्य र मान्यतालाई आत्मसात् गरेको छ । उपन्यासकारले रामायणी कथाको ऐतिहासिक धरातलमा झाँगिँए-फक्रिएका जनश्रुति र स्थानीय भौगोलिक नामहरूको रहस्य खोतलेर त्यसलाई मूल कथानक सँग संयोजन गर्दै तयार पारेको यस कृतिमा उपन्यासकार लाटोसाथीका यस नवीनतम कृतिमा औपन्यासिक कलाको विलक्षणता पाइन्छ ।

यसमा उल्लिखित उपन्यास नायक श्रृङ्गी र रामायणयुगीन अन्यपात्र सम्बद्ध उपकथाहरूले हाल कपिलवस्तु, गुल्मी स्याङ्जा मुस्ताङ् आदि जिल्लामा रहेका आजभन्दा हजारौं हजार वर्ष पुराना ऐतिहासिक एवं पुरातात्विक महत्वका नेपाली सम्पदासँग फेरि हाम्रो साइनो गाँस्दछन् । कपिलवस्तुलाई केन्द्रमा राखेर उपर्युक्त ठाउँलाई पर्यटन गन्तव्य सँग जोड्न सके हाम्रो सामाजिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पुरातात्विक धरातल बलियो हुने मात्रहोइन राष्ट्रिय पर्यटनमा समेत नौलो आयाम थपिने कुरामा दुई मत हुन सक्दैन ।

यस उपन्यासले बौद्धदर्शनको पूर्वाधारका रूपमा रहेको साङ्ख्य र योगदर्शनको समेत यथोचित दिग्दर्शन गराएको छ । धर्म संस्कार संस्कृति आदेश उपदेश र आचारका कुरा पनि यसमा छन् । संस्कृतका नीति सूक्तिहरूपनि पनि ठाउँ ठाउँमा भेटिन्छन् । उपन्यास मनोरञ्जन प्रधान विधा हुनाले यी सबै कुराहरूलाई सामान्य उपन्यासले पचाउन अलिक गाह्रै हुन्छ । लक्षणकारले *उपन्यासः प्रसादनम्* भनेर उपन्यासलाई पाठकलाई खुशी पार्ने विधा भनेका छन् । यहाँ भने उपन्यासकार लाटोसाथीको सीप र प्रतिभाले माथिका कुराहरूलाई कान्तासम्मित शैलीमा प्रस्तुत गरिदा यस उपन्यास अन्तर्गतको दर्शन र ज्ञानको विषय पनि पाठकलाई सहज र सुपाच्यनै भएको छ ।

आधुनिक खासगरी उत्तरआधुनिक आख्यानस्रष्टाका वर्णविन्यास र अभिव्यक्ति प्रक्रियामा अनुशासनहीनताको सापेक्षता पाइन्छ । लाटोसाथीका यावत् रचनामा भने मर्यादित, शिष्ट र सुरुचिपूर्ण पदविन्यास र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिव्यक्ति पाइन्छ । यस उपन्यासमा त झन् यो कुरा नमूना भएर प्रस्तुत भएको छ। शान्त शिष्ट र सन्तजीवन बाँच्न चाहने यसका पात्रहरू सबै लोककल्याणकारी भावनाका छन्। राष्ट्र र समाजका लागि समर्पित छन्।

दशरथलाई तीन तीन बिहे गर्नुपरेको आफ्नो आनन्द र आरामका लागि होइन असल सन्तानका लागि हो। उनलाई सन्तान चाहिएको पनि व्यक्तिगत सुखका लागि होइन, वंशको सुदीर्घ परम्परा आफूबाटै न टुङ्गियोस् भन्नका लागि हो। अहिले त दुर्घटनामा गर्भधारण हुन्छ । अनपेक्षित सन्तानको भ्रूणहत्या गरिन्छ । जननी र जन्मभूमि दुवैलाई बाँझो बनाएर विदेशमा पराईको भाँडा माझ्ने, पालोपहरो गर्ने तथा आफ्ना वृद्ध आमा बाबुलाई अनाथ वनाएर विदेशी बूढाबूढीको च्याल-सिघाँन सोहोर्नजीवन खर्चिने बथान जन्मनु र जन्माउनु भन्दा लोककल्याणकारी श्रृङ्गी र पितृभक्त श्रवणकुमारजस्ता एउटैसन्तान हुनु जाति भन्ने सन्देश दिन्छ यो उपन्यास। त्यसैहुनाले यस उपन्यासका पात्रहरूमध्ये रानी सुमित्रा बाहेक कौशल्या देखि अञ्जनासम्म सबैले एउटा एउटा मात्र छोरा पाएका छन्।

लाटोसाथीका यस उपन्यासले शिक्षाको उद्देश्य लोक कल्याण तथा राष्ट्रिय समुन्नति बताएको छ। यहाँका सबै पात्रले आफ्ना ज्ञान र सीपलाई लोक कल्याणमा सदुपयोग गरेका छन्। शान्ता र श्रृङ्गीको संवाद आफूलेआर्जेको ज्ञानलाई राष्ट्र र समाजकल्याणमा लगाउनुपर्ने कुरामा केन्द्रित छ। राष्ट्र र समाजका लागि उपयोग नहुने शिक्षालाई बाझो शिक्षाको संज्ञा दिएको छ उपन्यासले। सुकुमारी राजकुमारी शान्ताले शान्ताकुञ्ज आएपछि आध्यात्मिकजीवन बिताउनु साथै त्यहाँका ग्रामीण महिलाहरूलाई व्यावहारिक शिक्षा र घरेलू शिल्प सिकाउने गरेको संकेत उपन्यासले दिएको छ।

हिमवद्देश नेपाल पुरातन कालदेखिनै कृषि प्रधान देश हो। ऋषि महर्षिको आश्रयस्थल हो। ऋषि र कृषिका लागि जङ्गल र गाई दुवै नभै न हुने कुरा हुन्। आदिम युगदेखि ऋषि र कृषिले सम्पन्न यस देशका राष्ट्रिय सम्पत्तिहुन्। शान्ता र श्रृङ्गीले दाइजोमा एकलाख दुधालु गाई ल्याए पछि कपिलवसतिको यो समथर भूभाग गोपालन र उन्नत कृषिले समृद्ध र सम्पन्न बनेको थियो। एकलाख गाइहरूको त्यही पावन चरनभूमि हो गोरुसिङ्गे। प्राचीन समयदेखि ऋषिभूमि र कृषिभूमिको रूपमा प्रसिद्ध कपिलवस्तुको यस भूभागलाई आज फेरि पनि त्यसै रूपमा विकसित गर्नुपर्छ भन्ने सन्देश दिन्छ यो शान्ताकुञ्ज उपन्यास।

उपन्यास वास्तवमा जीवन-जगत् सापेक्ष विषयवस्तुको मनोरम स्पष्टीकरण हो। बिहान जागा भएदेखि साँझ ननिदाएसम्म कमाउनु,खानु र अर्जिनुमा जीवन खर्चिने गरेको आजका व्यस्त मानिसका लागि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनोरञ्जनको साधन भन्नुनै सिनेमा र उपन्यास हो। त्यसै हुनाले पाठकलाई जति मनोरञ्जन दिन सक्यो उपन्यास त्यत्तिकै सफल हुन्छ । *शान्ताकुञ्ज* उपन्यास यस अर्थमा आफ्ना पाठकलाई यथेष्ट मनोरञ्जन दिन सफल छ ।

यो उपन्यास मूलतः शान्ता र श्रृङ्गीको प्रेमकथामा आधारित उपन्यास हो । महिलाको मुखै नहेर्ने, बाहिरी व्यवहार बिलकुलै नजानेका, शान्त, एकान्त र सरल तपसी जीवन बिताउने श्रृङ्गी तथा राजसी जीवनमा हुर्केकी, यौवनमा पाइला टेकेकी शान्ताको अनौठो प्रेम सम्बन्धसगैं मौलाएको छ यो उपन्यास । भित्री तहमा शान्त वात्सल्य र निर्वैर रसको अनुभूतिदिने यो उपन्यास पढ्दा पाठक यसका पात्रहरूसँग एकाकार हुन्छ । विभाण्डक ऋषिजस्तै वासनाको मनोरम तलाउमा झ्वाम्मै हामफाल्छ । श्रृङ्गी ऋषिजस्तै श्रृङ्गार रसमा चुर्लुम्मै डुब्छ । राजकुमारी शान्ताले श्रृङ्गीलाई नछोडे जस्तै पाठकले शान्ताकुञ्ज उपन्यासलाई छोड्न सक्दैन ।

लाटोसाथी प्रा.डा. विष्णुराज आत्रेयको साहित्यिक नाम हो । यिनी गुल्मी अमरभूमिको विशिष्ट अर्ज्याल विद्वत्परम्पराका विद्वान् हुन् । मूलनाम र उपनामका साथ नेपाली संस्कृत अवधीमा समेत तीनदर्जन जति कृति यिनले रचना र सम्पादन गरिसकेका छन् । संस्कृत-नेपाली अंग्रेजी, संस्कृत-अंग्रेजी नेपाली तथा संस्कृत-नेवारी अंग्रेजी तद्भवकोश जस्ता महत्वपूर्ण कोशग्रन्थ दिएर डा.आत्रेयले नेपालको वाङ्मयलाई सिगाँरेका छन् । यिनका साहित्यिक नामवारे राष्ट्रकवि माधव घिमिरेको बिचार यहाँ उल्लेख गर्नु मलाई उपयुक्त लाग्यो–

प्राध्यापक विष्णुराज आत्रेय संस्कृतव्याकरणका विशिष्ट विद्वान् हुन् ...। आफ्नो थर अर्जेल नलेखेर आत्रेय लेख्ने विद्वान् कविले लाटोसाथी उपनाम पनि राख्नकै निम्ति राखेका होइनन् । यसको प्रेरणा ऋग्वेदको द्वा सुपर्णा सयुजा सखाया (दुई सुनपङ्खी पञ्छी मिल्दाको रूपक र सखा) बाट लिए होलान् । ऋग्वेदको त्यो पञ्छीको रूपक कर्मफल भोग्ने जीवात्मा र साक्षीभावले हेरिरहने परमात्माको हो । त्यही साक्षीभावले सखालाई हेरि रहने बाठो साक्षीनै लाटोसाथी हो । (डा. विष्णुराज आत्रेय स्रष्टा र सिर्जनाका विविधआयाम पृष्ठ १०१)

आदिदेखि अन्त्यसम्म विशेषतः शान्तरस प्रवाहित छ, यस शान्ताकुञ्जमा । मधुवनको जादू नगरी जस्तै जादू छ यस शान्ताकुञ्ज उपन्यासमा । यस्तो जादूगरी देखाउने सफल जादूगर हो, लाटोसाथीको बेजोड प्रतिभा र उनको कहिल्यै न थाक्ने लेखनी । संस्कृत नेपाली र अवधी साहित्य संसारमा डा. विष्णुराज आत्रेयको जादू अनवरत रूपमा यसरी नै चलिरहोस् । यही शुभेच्छा । यही मङ्गलकामना ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्ताकुञ्ज
(रामायणी पृष्ठभूमिमा उपन्यास)

पहिलो

मञ्चमा आचार्य उपाचार्य तथा उपाध्यायवर्गका लागि विशेष स्थानको व्यवस्था मिलाइँदै छ । ब्रह्मचारिणी र ब्रह्मचारीहरू ध्वजापताका बनाउन, फूल दूबो टिप्न, दर्शक मैदानका खाल्टा-खुल्टी पुर्न तथा सम्याउनमा व्यस्त छन् । कुनै मार्गका दुवैतिर अमिल्दो गरी फैलिएका डाला-हाँगा तथा यत्र तत्र लत्रे-पत्रेका लहरा काट्न-मठार्नमा तल्लीन छन् । कतिपय ब्रह्मचारिणीहरू भुइँ-भित्ताहरू लिप्न-पोत्नमा व्यस्त देखिन्छन् । प्रत्येक व्यक्तिलाई आफूलाई तोकिएको काम फत्ते गर्न भ्याइ नभ्याई छ । दीक्षान्त समारोहमा सर्वश्रेष्ठ स्नातक को हुन्छ ? भन्ने होडबाजी पनि प्रतियोगी बीच त्यत्तिकै छ ।

उता पाहुना तथा विशिष्ट पाहुनाहरूलाई बस्ने पर्णशाला निर्माण भैरहेको छ । दीक्षान्त समारोहमा आउने अतिथिहरूमा केही गृहस्थ अभिभावक हुन्छन् भने केही राजा रजौटाहरू पनि । ती सबैको यथायोग्य आतिथ्य पुऱ्याउनु पर्दछ । यसका लागि गुरुकुलका प्राचार्य, प्राचार्या तथा उपाध्यायवर्ग सचेष्ट छन् ।

त्यस गुरुकुलमा अध्ययन गर्ने तथा अहिले स्नातक समुत्तीर्ण गर्ने ब्रह्मचारीहरूमा अयोध्याका भावी युवराज दशरथ तथा अङ्गदेशका भावी युवराज रोमपाद पनि छन् । ती दुवै त्यस गुरुकुलमा भर्ना भएदेखि नङमासु जस्तै मिलेर बसेका छन् । गुरुकुल प्रवेशदेखि एउटै कक्षामा सहपाठी भएका ती दुवै भावी युवराजहरू पढ्दा त सँगै हुन्थे नै, खादाँ-बस्दा, उठ्दा-चुठ्दा, हिँड्दा- डुल्दा र घुम्दा-फिर्दा पनि यी दुवै सँगै सँगै हुने गर्थे ।

छात्रावस्थाको आपसी स्नेह र सद्भाव साह्रै दह्रो हुन्छ । काँचो उमेरमा गुरुकुलमा आएका ती दुवै राजकुमारको मैत्री पनि बढ्दो उमेर र चढ्दो समय सँगै क्रमश बलियो हुदैं गएको थियो । कुश उखेल्न जादाँ होस् वा भूस ओसार्न, बारीको काम गर्न जादाँ होस् वा घारीको काम गर्न,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कक्षामा पाठ पढ्दा होस् वा आश्रममा पाठ लाउँदा, ती दुवै राजकुमार सधैं सँगैं हुन्थे । जहाँ जादाँ पनि गफिदैं जान्थे, गफिदैं फर्किन्थे ।

स्नातक भएर घर फर्किने खुशियाली सँगै स्नातक हुदाँसाथ छुट्टिएर बस्नुपर्ने कुराले ती दुवै राजकुमार चिन्तित थिए । उनीहरूलाई गुरुकुलमा वर्षौं वर्षौंसम्म सगैं बस्दा पनि कति चाँडैं समय बित्यो ? भने जस्तो लाग्दथ्यो, अहिले केही दिन यता भने छुट्टिनु पर्ने चिन्ताले ती दुवैलाई रातदिन सताइरहेको थियो ।

दीक्षान्त समारोहको दिनपनि आयो । दुवै राजकुमार दीक्षान्त पोशाक फेर्दैछन् । अब केही क्षण पछि समारोहको सामेली घण्टी बज्नेछ । रोमपाद निन्याउरो मुख लाएर आफ्ना घनिष्ट मित्र दशरथसँग भन्छन् –

"दशरथ ? अब हामी सदा सदाका लागि छुट्टिन्छौं । तिमीले अयोध्याको युवराज पद सभाँल्नु पर्दछ, मैले अङ्ग देशको । बुबाको दैनन्दिन राजकार्यमा सहयोग गर्नुपर्दा हामीलाई कहिल्यै फुर्सद हुनेछैन । लौ न ! हामीले एक अर्कोलाई सधैं संभिरहने केही उपाय गरौं ! केही जुक्ति-बुद्धि लगाऔं न !"

"खै के जुक्ति बुद्धिलाउनु ! मेरो त बुद्धिनै बोधो भैसक्यो । केही सोच्न सकेको छैन । रोमपाद ? तिमीनै भन न ! हामी दुवैले एक अर्कोलाई नभुल्ने के उपाय छ ?"

दुवै राजकुमार केही बेर उपाय सोच्दैरहे । केही छिनको मन-मथिङ्ल पछि राजकुमार रोमपादले दशरथलाई भने–

"लः मलाई एउटा जुक्ति सुभ्क्यो !"

"हँ .. के सुभ्क्यो ? ल भन त !" उत्सुकता प्रकटगर्दै दशरथले भने ।

"भनौं त "

"भन न भन्या ! कति ढिलो गरेको ! सामेली घण्टी बज्नेबेला भै सक्यो के !"

हेर ? हामी स्नातक भएर आ आफ्नो देशमा फर्केपछि गृहस्थाश्रममा प्रवेश गर्नुपर्छ ।"

"त्यो त पर्छ नै । अगाडि भन न ? के भूमिकामात्र बाँधिरहेको ?"

"त्यसपछि हाम्रो सन्तान हुन्छ ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"ए मित्र ! त्यो त भै हाल्छ नि ! बिहा हुन्छ, छोरा-छोरी हुन्छन् । तिनको बाबु भइन्छ । यो त प्रकृतिको नियमै हो । भन्नु पर्ने कुरा भन न ! जुक्ति बुद्धिको कुरा !"

"हाम्रो पहिलो सन्तान छोरा वा छोरी जसलाई जे जन्मिन्छ, त्यो सन्तान आपसमा एकले अर्कोलाई सुम्पिहाल्ने ? सन्तानमा बाबुआमाकै गुण र अनुहार हुन्छ । यसरी तिम्रो औरस सन्तानको मैले र मेरा औरस सन्तानको तिमीले पालन-पोषण गर्दा हामीले एक अर्कालाई कहिल्यै पनि बिर्सिदैनौं, बिर्सिन्छु भने पनि बिर्सिने मौकै पाउँदैनौं । केही गरी तिमीलाई छोरा वा मलाई छोरी अथवा मलाई छोरा वा तिमीलाई छोरी जन्मे भनेपनि समय आएपछि ती दुवैको बिहाबारी पनि गरिदिएर हामी दुवै सदाका लागि सम्धी-सम्धी भै दिउँला । हाम्रो आजको मैत्री सम्बन्ध यसरी भोलीका दिनमा दिगो सम्धीको नातोमा परिणत होला । कस्तो लाग्यो त मेरो यो प्रस्ताव ?" रोमपादले दशरथलई सोधे ।

"कस्तो लाग्नु नि ? हतारमा अब अरू बढी सोच्ने बेला छैन । जे फुर्‍यो त्यही ठिक । लः यही बाचा कबोल गरौं । हाम्रो इक्ष्वाकुको वंशमा एकपल्ट बोलेको कुरा अन्यथा हुदैंन ।"

दुवै राजकुमार रोमपाद र दशरथले आपसमा बाचा-बन्धन गरे । यत्तिकैमा दीक्षाका लागि स्नातक मण्डपबाट सामेली घण्टी बजेको सुनिन्छ । दुवैजना हतार हतार आश्रम आवासबाट निस्केका दीक्षालिनेहरूका हूलमा मिसिदैं त्यसतर्फ लाग्छन् ।

स्नातक मण्डपमा दीक्षा लिने ब्रह्मचारी तथा ब्रह्मचारिणीहरू आ आफ्ना प्रचार्य, प्राचार्या एवं उपाध्याय, उपाध्यायाहरूका आदेश अनुसार यथास्थानमा पङ्क्तिबद्ध भएर उभिएका छन् । अघिल्ला दिनदेखि नै मुण्डन गरी पञ्चगव्यले स्नानगरी हातगोडाका नङ् काटी दीक्षाका लागि तयारभै बसेका किशोर वय पारगरी युवावस्थामा प्रवेश गरेका ती दीक्षार्थीहरूका अनुहार राता पीरा पोटिला र जोसिला देखिन्छन् । ब्रह्मचारीहरूका अनुहारमा जुँघाका रेखी बसेका छन् भने उता ब्रह्मचारिणीका कलिला कमला अङ्गमा वैंशले कोपिला हाल्न थालेको छ ।

गुरुकुलमा दीक्षान्त समारोहको समय भयो । सजिएका मञ्चमा ऋषि महर्षि तथा प्रचार्यहरू यथास्थानमा बसेका छन् । अब कुलगुरु मञ्चका अगाडि उभिएका दीक्षार्थीहरूलाई स्नातकीय प्रतिज्ञा वाक्यहरू भन्दछन् । समस्त स्नातकहरू क्रमशः ती प्रतिज्ञा गर्दै जान्छन् । जस्तै -

"सत्यं वद ?" (साँचो बोल)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"सत्यं वदिष्यामि ।" (साँचो बोल्नेछु)
"धर्मं चर ?" (स्वधर्मको आचरण गर ?)
"धर्मं चरिष्यामि ।" (स्वधर्मको आचरण गर्ने छु)
"स्वाध्यायान् मा प्रमद ?" (दैनिक स्वाध्यायमा अल्छी नगर ?)
"न प्रमदिष्यामि ।" (अल्छी गर्ने छैन) ।
"मातृदेवो भव ?" (आमालाई देवतातुल्य मान) ।
"भविष्यामि ।" (आमालाई देवतातुल्य मान्नेछु) ।
"पितृदेवो भव ?" (पितालाई देवतातुल्य मान) ।
"भविष्यामि ।" (पितालाई देवतातुल्य मान्नेछु) ।
"राष्ट्रदेवो भव ?" (राष्ट्रलाई देवतातुल्य मान) ।
"भविष्यामि ।" (*राष्ट्रलाई देवतातुल्य मान्नेछु*) ।
"अतिथिदेवो भव ?" (पाहुनालाई देवतातुल्य मान) ।
"भविष्यामि ।" (पाहुनालाई देवतातुल्य मान्नेछु) ।
"आचार्यदेवो भव ?" (गुरुलाई देवतातुल्य मान) ।
"भविष्यामि ।" (गुरुलाई देवतातुल्य मान्नेछु) ।
"कुशलान्न प्रमदितव्यम् ।" (आफनो र समाजको कल्याण हुने कुरामा अल्छी नगर्नू)
"न प्रमदिष्यामि ।" (अल्छी गर्नेछैन) ।
"भूत्यै न प्रमदितव्यम् ।" (आफ्नो र राष्ट्रको यश र ऐश्वर्य बढ्ने कुरामा अल्छी नगर्नू)
"न प्रमदिष्यामि ।" (अल्छी गर्ने छैन) ।
"यान्यस्माकं सुचरितानि तानि त्वया उपास्यानि नो इतराणि ।" (तिमीले हाम्रा असल गुण र हामीले गरेका राम्रा कुराहरूको मात्र सिको गर्नू । हाम्रा अवगुण र न राम्रा कुराहरूको सिको नगर्नू) ।
"तथैव करिष्यामि ।" (त्यसै गर्ने छु) ।

स्नातकीय दीक्षा प्राप्त गरे पश्चात् हामी आफ्नो समाज, देश र राष्ट्रका लागि केही गर्छौं भन्ने मनमा दृढ अठोट लिएका जस्ता देखिन्छन् स्नातकहरू । त्यस समारोहमा उपस्थित जनसमुदायले पनि तिनीहरूबाट त्यस्तै अपेक्षा राखेको बुझिन्छ । यसरी कुलगुरुबाट स्नातकीय आदेश उपदेश सुनेर प्रतिज्ञाबद्ध भैसकेपछि उनलाई यथाशक्य गुरु दक्षिणा टक्र्याएर साष्टाङ्ग दण्डवत् अभिवादन गरी स्वधर्म, स्वराष्ट्र र समाजको कल्याणमा समग्र जीवन समर्पण गर्ने प्रणका साथ गृहस्थाश्रममा प्रवेशगर्ने अनुमति लिएर सबै स्नातकहरू गुरुकुलबाट आ-आफना घरतर्फ प्रस्थान गर्दछन् । राजकुमार दशरथ उत्तरकोशलको अयोध्यातिर लाग्छन्, राजकुमार रोमपाद अङ्गदेशको चम्पापुरीतिर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो

राजकुमार दशरथ गुरुकुलको अध्ययन समाप्त गरी अयोध्या फर्कदाँ जनमानसमा ठूलो उत्साह छायो । उनका पिता महाराज अज छोरा दशरथलाई युवराजको पदवीले विभूषित गरी उनलाई राज्यको भावी उत्तराधिकारी बनाउने इच्छा अनुसार त्यसकै चाँजो-पाँजो मिलाउन दरबार लाग्यो ।

अयोध्याका भावी राजा युवराज दशरथलाई छोरी दिन विभिन्न राज्यहरूबाट राजकुमारीहरूको प्रस्ताव आयो । राजनैतिक दृष्टिकोणले हेर्दा र ज्योतिषीले धुलौटो कोर्दा समेत कोशलदेशसँग सम्बन्ध गाँस्नु हर तरहबाट उचित देखिएकाले अयोध्याका राजकुमार दशरथको विवाह कोशल राजकुमारी कौशल्याका साथ हुने निश्चित भयो । तदनुसार वैवाहिक कार्य पनि धूमधामका साथ सम्पन्न भयो । त्यसपछि विवाह लगत्तै बूढा राजा अजले दशरथ-दम्पतीलाई क्रमशः युवराज तथा युवराज्ञीको पदबाट विभूषित गरेर आफ्नो उत्तराधिकारी तथा अयोध्या राज्यका भावी राजाको घोषणापनि गरे ।

विवाहको उद्देश्य पतिपत्नी भएर खानु-पिउनु, मोज-मज्जा गर्नु मात्र थिएन । न त आक्कल-झुक्कलमा गर्भ रहेर अनपेक्षित अथवा बाध्यतावश बच्चा जन्माउनु थियो । तिनताका विवाहको मूल उद्देश्य शास्त्रीय विधि अनुसार गर्भाधान गरी असल सन्तान प्राप्ति हुनेगर्दथ्यो । यसका लागि गृहस्थहरूले गर्भाधानदेखि जातकर्म सम्मका विविध धार्मिक विधान पूरा गर्ने परम्परा छ । तदनुसार युवराज दशरथले युवराज्ञी कौशल्यामा नियम पूर्वक गर्भाधान गरे । उनी गह्रुङ्गी जिउकी भइन् ।

समय पुग्दा युवराज्ञी कौशल्याबाट एउटी कन्यारत्न पैदा भइन् । युवराज्ञीको कोख खुल्यो । नवजात कन्याको सुन्दै मीठो लाग्ने च्याहाँ..च्याहाँ..को ध्वनि सुत्केरी कोठाको भित्तामा ठोकिएर प्रतिध्वनित हुदैं शून्यता चिर्दै झ्याल-ढोकाबाट बाहिर पनि मुखरित हुनथाल्यो ।

राजकुमारीको नामकरण संस्कारगर्ने दिनआयो । उनको बोलाउने नाम राजकुमारी शान्ता राखिदियो । राजकुमारी जन्मे पछि अयोध्या भरिमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खुशी छायो । ज्योतिषीहरूले धुलौटो कोरेर ग्रह, लग्न, नक्षत्र र राशि मिलाई दोष गुण केलाइ हेर्दा नव राजकुमारीलाई बत्तीस लक्षणले युक्त छन् भने ।

अयोध्याभरि कौशल्या महारानीका कोखबाट राजदरबारमा साक्षात् धनधान्य तथा ऐश्वर्यकी देवीले जन्म लिइन् भन्ने जनविश्वास फैलियो । युवराज दम्पतीका आनन्दको सीमा रहेन । उनीहरूका केही दिन यसैगरी आमोद प्रमोद एवं हर्ष उल्लासमा बिते ।

युवराज दशरथलाई गुरुकुलमा बस्दा ताका अङ्ग देशका राजकुमारका साथ आफूहरूले गरेका प्रतिज्ञाको संम्झना भै रहन्थ्यो । अहिले आएर त्यो वचनवद्धता उनलाई अल्लारे समयमा केही सोच-बिचारै नगरी मात्र भावुकतावश हतारमा गरेको जस्तो लाग्यो । जे जस्तो भएपनि आफनी आली काँची सुत्केरी पत्नीको काख छोडाएर त्यस दुधमुखे कन्या शिशु युवराज रोमपादलाई न सुम्पी भएको थिएन ।

उनले त्यस बेला ख्याल-ख्यालैमा गरेको त्यो बाचा-कबोल अहिले आफैलाई 'तातो पिडाँलु निल्नू न ओकल्नू भएको थियो । युवराज दशरथ रातै दिन यसै चिन्ताले पिरोलिन थाले । यस्तो नृशंस एवं अविवेकपूर्ण प्रतिज्ञा गरेका कुरा उनले अरूलाई त के ! आफ्नै पत्नी कौशल्यालाई समेत भन्ने साहस गर्दैनथे ।

केही दिन यता युवराज दशरथको मुखमुद्रा सधै चिन्तित र मलिन देखिन थालेको थियो । पतिलाई घरीघरी टोलाइरहने, सोचिरहने देख्दा कौशल्याका मनमा विभिन्न शङ्का-उपशङ्का उठ्न थाले । कतै मैले यस राज्यको उत्तराधिकारी राजकुमार जन्माउनु पर्नेमा कन्या जन्माएकाले युवराजलाई पीर परेको हो कि ? भन्ने आशङ्का भयो उनलाई । यत्ति जाबो कुरामा त्यति साह्रो पीर लिनुपर्ने के छ र ? मेरो कोख खुलिहाल्यो । अहिले छोरी जन्मे पनि पछि छोरा जन्मिहाल्छ नि ? उनलाई लाग्दथ्यो ।

कौशल्या धेरैदिन यसरी मौन बस्न सकिनन् । उनले एकदिन एकान्तमा पतिलाई यसरी चिन्तित रहनुको कारण मुखै फोरेर सोधिन् । उनले एउटा निहुँपार्दै भने– "होइन, होइन, त्यस्तो केही पनि होइन । राजकीय कार्यमा केही समस्या आउँदा त्यसमा अलिक व्यस्त रहनु पर्‍यो । त्यसै हुनाले कामका बोझले गर्दा समयमा आराम गर्न नपाएकाले अलिक दुब्लो-मलिनो देखिएहुँला !"

दशरथले यसो भने पनि कौशल्याले उनको कुरा पत्याउन सकिनन् । यसको कारण अरू नै केही छ भन्ने कुरा कौशल्याले सहजै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ठम्याइन् । तिनलाई लाग्यो, मैले छोरी पाएको भएर नै युवराजको मन बिखुशी भएको छ । उनले विभिन्न उपाय गरेर दशरथबाट उनका उदासीपनको रहस्य फुत्काइछाडिन् । पति-पत्नी बीच धेरैदिन सम्म के कुरा गोप्य रहिरहन्छ र !

दशरथ र रोमपादका बीचको पुरानो बाचा-कबोल थाहा पाउँदा साथ युवराज्ञी कौशल्या इन्तु न चिन्तु भइन् । उनी उत्निखेरै मूर्च्छा परिन् । अन्तःपुरको त्यो गोप्य खोपीमा न बोलाइकन हतपति कसैलाई भित्रपस्ने अनुमति थिएन । दशरथले आफै करुवामा राखेको सुगन्धित शीतल जल छर्केर नजिकको पङ्खा हम्कदैं कौशल्यालाई बिहोस हुनुबाट ब्युँताए ।

कौशल्या साह्रै बुद्धिमती थिइन् । शान्त, सुशील, कहिल्यै न रिसाउने स्वभावकी थिइन् तिनी । अयोध्याका सिंहासनको भावी पट्टरानीका रूपमा धेरै खोजबीन तथा जाँचबुझ गरी उनको डोली दरबार भित्र्याइएको थियो ।

आफूले जन्माएका पहिलो सन्तानको जतिसुकै माया भएपनि उनी आफना पतिको मनोबल र प्रतिष्ठामा रतिभर पनि आँच आउन दिन चाहन्नथिन् । आफूले बोलेको कुराबाट एक डेग पनि पछि न हट्ने रघुकुलको परम्पराबारे पनि त कौशल्या अनभिज्ञ थिइनन् । तँलाई हेर्, मलाई हेर् बेला हेर् को सिद्धान्त अनुसार देश काल परिस्थिति बिचार गर्दा त्यस बेला राजकुमारी शान्तालाई रोमपादका जिम्मा न लगाई न हुने थियो ।

छोरी सधैं आफूसँग बसिरहदैंनन् । एक न एक दिन ढिलो चाडों तिनलाई पराईको पोल्टामा सुम्पिनै पर्छ, आफ्नै हातले बिदा गर्नै पर्छ । यत्ति हो, पछि बर खोजेर सुम्पिनु पर्थ्यो, अहिले आफ्नी औरस पुत्रीलाई पोष्यपुत्री बनाउनुपऱ्यो । हुनु-हुनामीलाई कसैले टार्न सक्दैन ।

जसरी पनि सुख दुःखको अनुभूति गर्ने यस मनलाई फकाउने-फुल्याउने र थमार्ने-थेचार्ने त हो नि ! कौशल्याले आफूलाई थमार्ने प्रयास गरिन् । छोरी शान्तालाई रोमपादका हातमा सुम्पिने कुरामा बाध्यतावश कौशल्या पनि राजी भइन् । दशरथ अब छिटैनै छोरी पुऱ्याउने गोप्य तरखरमा लागे ।

एकदिनको कुरा हो । चकमन्न रात । चारैतिर सुनसान । रातीको तेस्रो प्रहर प्रारम्भ हुदैं थियो । समस्त अयोध्या शहर मस्त निद्रामा निदाएको थियो । पूर्व निर्णय अनुसार अरू बेला प्रायः बन्दनै रहने तर आकस्मिक समयमा बाहिर निस्कनुपर्दा मात्र खुल्ने राजदरबारको एउटा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सङ्कटकालिक गोप्यद्वार थियो । त्यसका अगाडि एउटा रथ आएर टक्क रोकियो ।

एकैछिन पछि बिस्तारै त्यो आकस्मिक ढोका उघ्रियो । त्यहाँबाट युवराज दशरथ, तिनको वैयक्तिक सचिव, काखमा नानी बोकेकी युवराज्ञी कौशल्या र त्यसपछि काठको एउटा सानो बाकस र कुम्लो बोकेकी सरयूनाउँ गरेकी एकजना धाई आइमाई, यी चारजना क्रमशः बाहिरिए । दशरथ अघि लागे अनि दूधमुखे छोरी बोकेकी आली सुत्केरी युवराज्ञी कौशल्या पञ्चमीको पाइला सारेजस्तै खुट्टा लतार्दै लतार्दै पछि लागिन् । रथको नजीक पुगेपछि आँखाबाट आँसुका बलिन्द्र धारा झार्दै उनले छोरीलाई हेर्दै उभिइन् ।

सबैभन्दा पहिले धाई रथमा चढिन् । कौशल्याले आफूलाई रोक्न सकिनन् । उनले मुटुको भक्कानो फुटाउँदै आफ्नो काखकी छोरीको शिरमा तीनपल्ट सुघेँर तिनलाई धाईको काखमा राखिदिइन् । दशरथले उनलाई सम्झाए "शान्त होऊ ? यसरी नरोऊ ! आफूलाई सँभाल ! अरूले सुने थाहा पाए भने अर्को समस्या आइलाग्छ ।"

एकछिन वातावरण स्तब्ध जस्तै भयो । मानौं प्रकृतिदेवीले पनि यो कारुणिक दृश्य देखेर साँस लिन सकिरहेकी थिइनन् । दशरथले कौशल्यालाई अगाँलो मार्दै बिस्तारै बिस्तारै हिडाई आफूहरु अघि आएको ढोका सम्म पुऱ्याएर फर्के । अनि उनी पनि रथमा चढे । उनले सारथिलाई रथ हाँक्न भने । रथ अङ्गदेशको राजधानी चम्पापुरीतिर प्रस्थान गऱ्यो । रथ ओझेल न पर्दासम्म कौशल्याले एक टक त्यस तर्फ मन्टो तान्दै हेरिरहिन् । रथ देखिन छोडेपछि रसाएका आफ्ना आँखाका कोशी पुछ्दै उनी त्यसैगरी ढोका भित्र पसिन् ।

उज्यालो भयो । अयोध्या नगर निद्राबाट जाग्यो । सबै आ आफ्ना काम धामतिर लागे । त्यहाँ दरबारका निवासी सबैले युवराज दशरथको खोपीमा केही शून्यता छाएको अनुभवगरे । भर्खर जन्मेकी कौशल्याकी छोरी अर्कै देश गइन् भन्नेकुरा दरबारबाट बाहिर गयो । चारैतिर फिंजियो । राजकुमारी अर्कै देश गइन् भन्ने वाक्यको अर्कै लोक गइन् भन्ने अडकल पनि काटियो । अरू कुरा थाम्-थुम्, साम-सुम् !

❁❁❁

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो

अङ्गदेशका युवराज रोमपादका विवाह पछिका केही वर्ष भोग-विलासमा नै बिते । सन्तान भन्नेकुरा पछि पछि हुदैं गर्लान् भन्ने लाग्थ्यो ती दम्पतीलाई । उनले गुरुकुलमा दशरथ सँग गरेको प्रतिज्ञा बारे अरूलाइ त के कुरा, आफ्नी पत्नीलाई सम्म पनि केही भनेका थिएनन् । एकअर्कालाई सन्तान सुम्पिने कुरा इनलाई पनि त्यस सबेलाको केटौलेपनको वाहियाती लहड जस्तो मात्र लागेको थियो । तत्काल आफ्ना सन्तान जन्मेकाले उनलाई यस प्रति चासो राख्नुपर्ने आवश्यकतानै पनि थिएन । सन्तान जन्मेका भए पो सुम्पिने कुराको प्रसङ्ग उठ्नु !

समय बित्दैगयो । रोमपादलाई पनि कुनै सन्तान भएको थिएन । यस कारण राजपरिवार चिन्तित हुन थालेको थियो । केही उपाय लाग्छ कि भनेर धामी झाक्री सोखा ज्योतिषी सबैलाई देखाए । पूजा पाठजाप आदि लगाए । केही उपाय लागेन । आफ्नो कारणले राजवंश टुङ्गिने आशङ्कामा उनकी युवराज्ञीले रोमपादलाई अर्को विवाहगर्ने सलाह दिइरहेकी थिइन् ।

राजा रोमपादलाई अब भने उनीहरूले पहिले गुरुकुलमा गरेका प्रतिज्ञाको स्मरण हुनथालेको थियो । सास छउञ्जेल आस रहन्छ, भन्छन् । कतै दशरथलाई सन्तान जन्मेका भए आफ्नो त्यस बेलाको बाचा कबोल अनुसार पहिलो सन्तान लिएर यहाँ आईपुग्छन् कि ! पछि पछि रोमपाद र उनकी पत्नीले समय समयमा यसको चर्चा गर्ने गरेका थिए ।

अयोध्याका युवराज दशरथको रथ अङ्गदेशको सीमानामा पुग्यो । उनले रथ त्यहीं रोकाए । उनी आफै शिशु लिएर आएको र त्यो शिशु रोमपादलाई बुझाएको कुरा सामान्यजन सम्म न पुगोस् भनेर यसलाई गोप्य राख्न चाहन्थे । शिशु लिन आउनु भन्ने खबर एकजना दूत मार्फत राजा कहाँ पुऱ्याए ।

आफू पढ्दा ताका गरेको बाचा-कबोल पूरा गर्न अयोध्याका युवराज दशरथ आफै शिशु लिएर आएकाछन् । त्यो शिशु उनलाई सुम्पिन तिनी राजधानी नगरको सीमामा प्रतीक्षारत छन् । युवराज रोमपादले यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्देश थाहा पाए। अन्तः पुरमा बसेकी युवरानीलाई सुनाउन हस्याङ् फस्याङ् गर्दै उनी आफै गए। अघि सम्म सन्तान न हुदाँ पिरोलिएकी रोमपादकी पत्नी यो खबर सुनेर हर्ष विभोर भइन्। आफनो औरस सन्तान न भएपनि भगवान्ले हामीमाथि दया गरेर दत्तक सन्तान भएपनि पठाइ दिनुभयो भन्दै उनी ईश्वर सँग कृतकृत्य भइन्।

अचम्मको छ संसार। एउटालाई जुनकुराले दुःख हुन्छ, त्यही कुराले अर्कोलाई सुख। एउटालाई हानि अर्कोलाई लाभ। एउटालाई सर्दो अर्कोलाई बिसर्दो। दशरथपत्नी जुन कुराले दुःखी थिइन्, रोमपाद पत्नी त्यही कुराले खुशी। यस्तै छ लीला भगवानको।

यो खबरले निःसन्तान युवराज रोमपाद एकातिर मनमनै खुशी भए भने अर्को तिर भविष्यको विचारै नगरी गरेका कार्यले आफनो मित्रलाई यति कष्ट दियो भन्ने कुराले एकपल्ट त उनको मन पोल्यो। तर यो पोलाइको राप उनलाई विस्तारै न्यानो मा बदलिदैं गयो।

रोमपाद आफ्नी पत्नीका साथ तत्कालै रथमा चढेर त्यस तर्फ लागे। दरबारबाट छुटेको उनको रथ, एकैपल्ट निर्दिष्ट ठाउँमा पुगेर टक्क अडियो। दुवै मित्रले एक आपसमा आ-आफ्ना भलाकुशारी साटे। औपचारिक शिष्टाचार सकिएपछि दशरथले गहभरि आँसू ल्याएर आफ्नी नवजात शिशु छोरी शान्तालाई रोमपादका हातमा सुम्पिदै भने-

"मैले आज यो नाबालक छोरी सुम्पेर आफनो बाचा पूरा गरें, आफ्नो कर्त्तव्य पूरा गरें। तपाईंहरूले पनि यस शिशुको पालन-तालन तथा यसलाई राम्रो शिक्षा-दीक्षा दिई आफनो कर्त्तव्य पुरा गरेर देखाउनुहोस्। मारे पाप पाले पुण्य!"

रोमपादले पनि तत्काल त्यस शिशुलाई आफैले पत्नीको काखमा राखिदिए। उनले दशरथलाई आश्वस्त पार्दै भने-

"यस शिशुका विषयमा तपाई निश्चिन्त हुनुहोस्। इनको लालन पालन र शिक्षा-दीक्षामा रत्तिभर पनि कमी हुन दिने छैन।"

रोमपाद आफ्ना मित्रको मनो व्यथा बुझ्दथे तर उनी यसका लागि केही गर्न सक्दैनथे। वस्तुतः वाचाको प्रस्ताव सर्वप्रथम उनकै मुखबाट निस्केको हो। अरू ठाउँमा त दान दाता र दान प्रतिग्रहीता दुवै दिनु र पाउनुमा कृतकृत्य हुन्छन्। यहाँ भने दाता र प्रतिग्रहीता दुवै प्रसन्न देखिन्नथे। यहाँ दिनु र लिनु दुवै कुरामा बाध्यता थियो, विवशता थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यहाँ धेरै अलमल गर्ने स्थिति थिएन । बिदाईको परस्पर अभिवादन पछि दुवै मित्र आ आफ्ना रथमा चढी गन्तव्यतर्फ लागे । शान्ताकी धाईआमा सरयू पनि रोमपादकै रथमा चढेर गइन् ।

शिशु शान्तालाई दरबार प्रवेश गराइयो । कन्यारत्नका रूपमा ऐश्वर्य भित्र्याए जस्तो भयो, रोमपाद दम्पतीलाई । नाबालक शिशु शान्तालाई आफ्नो को ? पराई को ? जसले पाल्यो उही बाबु ! जसले ख्वायो उही आमा ! त्यस्ता दूधमुखे बालकका लागि जनक र पोषक माता पिता बीच कुनै अन्तर रहदैन ।

रोमपादले शान्ताको पालन-पोषणमा कमी हुन दिएनन् । उनलाई चाँदीको कचौरामा सुनका चम्चाले दूध निल्ने भात ओकल्ने गराएर राजसी तरीकाले हुर्काइयो । तिनलाइ पनि म रोमपादकी दत्तक पुत्री हुँ भन्ने थाहा थिएन ।

रोमपाद युवराजबाट राजा भए । अयोध्याबाट शान्ता उनका राजदरबारमा भित्रिना साथ अङ्गदेशको कलेवरनै फेरियो । साक्षात् लक्ष्मीनै भित्र्याए जस्तो भयो उनलाई । देशमा सहकाल आयो । यत्र तत्र सर्वत्र खुशियाली छायो । दिन दुगुना रात चौगुना समृद्धि बढ्यो । जनता सुखी भए । देशमा कसै लाईपनि के ? खाऊँ के लाऊँ ? को समस्या रहेन ।

साधारणतया श्री सम्पत्तिको उपयोग तीन किसिमले हुन्छ । ती मध्ये उत्तम उपयोग भनेको त्यसको दान हो । मध्यम उपयोग त्यसको भोग हो अनि तेस्रो र अधम उपयोग भनेको नाश ।

व्यक्तिले आफूसँग धन सम्पत्ति भए पछि सके सम्म त्यसको दान गर्नु पर्दछ । परोपकारमा त्यसको सदुपयोग गर्नुपर्दछ । दान गर्दा मनुष्यमा अलौकिक आनन्द प्राप्त हुन्छ । बिना दानको संग्रहले मानिसको मनमा तनाव मात्र सिर्जना गर्दछ । रातदिन धन आर्जन र संग्रहमा मात्रै लाग्ने मानिस त्यसकै चिन्तामा रोगी हुन्छ ।

दान गर्नाले तन पवित्र र मन स्वस्थ रहन्छ । दानबाट यस लोकमा पुण्य र परलोकमा सौख्य मिल्दछ । साधारणतया एकछाक खान, एकसरो लाउन, घामपानी छेक्न गास, बास र कपासको व्यवस्था हुन्छ भने त्यस बाहेकको धन दान-पुण्यमै खर्च गर्नु सम्पत्तिको सर्वोत्तम सदुपयोग हो । त्यसै हुनाले हाम्रा शास्त्रहरूले दानको महिमा बताएका छन् ।

धनको दोस्रो उपयोग भनेको भोग हो । यो धन खर्च गर्ने दोस्रो बाटो हो । भोगी व्यक्तिहरू आफनो र परिवारको मात्र स्वार्थ हेर्छन् । यस्ता मानिस खुपै कमाउँछन्, खुपै खर्च गर्दछन् । खानु पिउनु मोज-मज्जा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नु नै यिनको उद्देश्य हुन्छ । आफू र आफ्नो परिवार बाहेक संसारमा यिनले अरू कसैलाई देखेकै हुँदैनन् ।

वास्तवमा भोग भन्नुनै रोग हो । भोगी तथा विलासी मानिस अल्छी हुन्छन् । परिश्रम गर्दैनन् । हामी जति धेरै भोगी हुन्छौं उति धेरै रोगी हुन्छौं । अपरिमित आर्जन अपरिमित भोगको कारण हुन्छ । त्यसैगरी अपरिमित भोग नै अपरिमित रोगको कारण हुन्छ । प्रायः ठूला ठूला असाध्य तथा श्रमसाध्य रोगहरू धेरै जसो भोगी विलासी र अल्छी मानिसलाई नै लागेका हुन्छन् । धेरै हसुरेर आफ्नो शरीरनै विरूप, मोटो र भद्दा गराएका अल्छी व्यक्तिका अपेक्षा ठिक्क अड्कलेर परिमित मात्र भोजन गर्ने, नित्य योग र व्यायाम गर्ने हलक्क सलक्कका परिश्रमीहरू कमै रोगी हुन्छन् ।

दानी मानिस पुण्यात्मा हुन्छ, धर्मात्मा हुन्छ । उ बिहान सबेरै उठेर शौच स्नान व्यायाम गर्छ, मन्दिर जान्छ । देवताको दर्शन गर्दछ । भगवानको चरणामृत र नैवेद्य खान्छ ।

भोगी र विलासी मानिस बिहान अबेला उठ्छ । मन्दिर जानुको साटो अस्पतालमा लाम लाग्न जान्छ । देवी देवताको दर्शन गर्नुको साटो उसले परिचारिका र चिकित्सकको दर्शन गर्दछ । नैवेद्य र चरणामृतको साटो एका बिहानै ओखतीको तीतो-टर्रो झोल र गोली खान्छ । दान विनाको भोगले स्वास्थ्य र धन दुवैको अपव्यय हुन्छ । आफूले आर्जेको सम्पत्ति आफैलाई काल हुन्छ । भोग गर्न खोज्दा खोज्दै पनि चिरकाल सम्म भोग गर्न सक्दैन ।

धनको तेस्रो गति हो नाश । कुनै मानिसहरू यस्ता हुन्छन्, जो आफूले कमाएका धनको आफूले भोग गर्न पनि सक्दैनन्, अरूलाइ दानदिन पनि सक्दैनन् । त्यस्ताको धन जहाँको तहीँ जम्मा भै रहन्छ । त्यसले कुनै पनि आवश्यकता पूर्त्ति हुँदैन । त्यस्ता लोभी र कञ्जूसीका धन भकारीहरू कि हराएर जान्छन् कि चोरले लान्छन् । कि ढुकुटी, कम्मर वा कोशागारमा थन्किएको थन्कियै हुन्छन् । त्यस्ता मानिस धनी भएर पनि आजन्म दरिद्रताको स्थितिमै मर्दछन् । ती मरेर गएपछि तिनका हकवाला उत्तराधिकारीले त्यसमा मोज गर्दछन् ।

राजा रोमपाद उदार हृदयका थिए । परोपकारी थिए । उनी गरीब दुःखीको पीडा र दुख देखिसक्दैनथे । तिनका ढोकामा आउने कुनैपनि याचकलाई निमुखो बिमुखो फर्किनु पर्दैनथ्यो । उनी आफ्ना वैभवको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केही अंश प्रतिदिन दीनदुखी गरीबलाई दान दिन्थे । राष्ट्रको कीर्त्ति फैलाउने लेखक विद्वान् पण्डितहरूलाई प्रसन्न गराएर पठाउँथे ।

रोमपाद अब त चारैतिर दानवीर कहलिएका थिए । गरीप भएर आफ्ना छोराछोरीका बिहेगर्न नसकेका, धेरै रिनलागेर तनहा भएका, साँझ-बिहान छाक टार्न धौ धौ भएका, सानैमा बाबु-आमा मरेर अनाथ भएका, अशक्त अपाङ्ग मानिसको भीड उनी कहाँ सधैं जम्मा हुने गर्दथ्यो । राजा रोमपादले ती सबैका मनहारी पूरा गरिदिन्थे । देश र विदेशबाट पनि याचक भिक्षुकहरू आ-आफ्ना समस्या लिएर उनका ढोकामा आउँथे । रोमपाद कुनै निमुखालाई विमुखो फर्काउँदैनथे । ती सबैका कामना पूर्ति गरिदिन्थे ।

मानिस मानिस मात्र भनेर पनि हुँदैन । कुनै मानिस सहको हुन्छ त कुनै मानिस असहको । कुनै मानिस समृद्धिको हुन्छ त कुनै मानिस बिगार नाशको । राजा रोमपाद र उनकी रानी दुवैले आफ्ना देशको यो समृद्धि र यो परिवर्तन राजकुमारी शान्ताका कारणलेनै भएको हो भन्ने विश्वास गर्दथे । हुनपनि कन्यारत्न शान्ता त्यहाँ न आउँदा सम्म अङ्ग देशको स्थिति त्यति खासै राम्रो थिएन ।

राजा रोमपाद र उनकी रानीका शान्ता बाहेक अरू कुनै सन्तान थिएनन् । शान्ता न भएकी भए उनले सन्तान भन्न पाउने पनि रहेनछन् । पछि पछि त गुरुकुलमा बाचा कबोल गरेर ठिकै गरिएछ, जस्तो लाग्न थालेको थियो रोमपादलाई । त्यसै हुनाले ती राजारानीलाई दत्तक भने पनि औरस भने पनि तिनै शान्ता थिइन् । छोरा भने पनि छोरी भने पनि तिनै शान्ता थिइन् । *एकं ब्रह्म द्वितीयो नास्ति ।*

रोमपाद शान्तालाई नै राज्यको उत्तराधिकारी बनाउन चाहन्थे । औरस सन्तान नभएपनि उनी पोष्य सन्तानबाटै कृतकृत्य थिए । बरू पछि घरज्वाईं बस्ने खालको कुनै वर खोजेर छोरी शान्ताको बिहे गरिदिनु पर्ला ! भन्ने उनको भित्री मनसाय थियो ।

भविष्यमा राज्यको उत्तराधिकारी बनाउने उद्देश्य भएकोले पनि राजा रोमपादले शान्तालाई अरू सामान्य कुमार कुमारीको जस्तो नभएर उचित लालन-पालनका साथै उचित एवं विशिष्ट शिक्षा दीक्षा दिने व्यवस्था मिलाएका थिए । उनले यसका लागि दरबार भित्र दिइने शिक्षा दिइसकेपछि शान्तालाई विशेष तथा उच्च शिक्षाका लागि प्रसिद्ध कन्या गुरुकुलमा पढ्न पठाएका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्ताले गुरुककुलमा बसेर क्षत्रियोचित समस्त विद्या पढिन् । उनले पढ्न, लेख्न र शास्त्रार्थ गर्न मात्र होइन, राजनीति, अर्थनीति, दण्डनीति, तथा विविध कला कौशल, शस्त्रास्त्र प्रयोग र प्रत्याहरण, योग, व्यायाम आदि सबै कुरामा दक्षता हासिल गरिन् । विभन्न परीक्षा र प्रतियोगिताहरूमा राजकुमारी शान्त गुरुकुलका आफ्ना सबै प्रतियोगीहरूमा अव्वल निस्कन्थिन् ।

समयबित्दै गयो । गुरुकुलमा दीक्षान्त समारोह हुने बेलाभयो । त्यस अवरमा राजकुमारी शान्ताको अभिभावकका रूपमा भागलिन तथा उनलाई घर ल्याउन राजा रोमपाद आफै गुरुकुल गएका हुन्छन् । आफ्नी छोरी गुरुकुलमा सर्वप्रथम भएर दीक्षान्त समारोहमा अलङ्कृत हुदाँ आमाबाबु तथा अभिभावकलाई जुन हर्ष हुन्छ, त्यसको वर्णन गरिसाध्य छैन । त्यसै बेलानै अमाबाबुलाई छोरा छोरी पाएर पाए जस्तो हुन्छ । त्यसैबेलानै तिनले आफ्ना छोराछोरीको वास्तविक जन्मोत्सव मनाइएको ठान्छन् । गुरुकुलको उच्चअध्ययन समाप्त गरेर फर्कदाँ शान्तालाई अबिरजात्रा गरेर दरबारमा भित्र्याइयो । छोरी शान्ताले अब रोमपादलाई राजकाजमा पनि सहयोग गर्न थालिन् । राजाको कार्यभार केही हलुङ्गो भएको थियो ।

शान्ता किशोर अवस्थाबाट क्रमशः युवावस्थाको भऱ्याङ् उक्लिदै थिइन् । सोह्र पुगेर सत्रौं वसन्तमा पाइला टेक्दैथिइन् । शरीरमा युवावस्थाका लक्षण देखिन थालेका थिए । शरीरमा केही मांसलता आउनु, नितम्बभाग पुष्टहुदैं जानु, छालाको रङ्मा समेत केही परिवर्तन आउनु, छातीको वजन र गोलाई बढ्दै जानु, महिना महिनामा रजोवती हुनु जस्ता युवावस्थाका लक्षण राजकुमारी शान्तामा देखिन थालेका थिए ।

जतिबेला पनि ऐना अगाडि बसेर परिवर्तन हुँदैं गैरहेका आफ्ना अङ्ग-प्रत्यङ्ग हेर्न मन लाग्ने, यसरी ऐनामा आफनो अनुहार हेर्दा आफैलाई लाजलागे जस्तो अनुभव हुने, झ्यालबाट वा बाटो हिंड्दा युवक केटाहरूमा थाहा न पाइकनै आकर्षण बढ्ने, अनायास तिनमा आखाँ टिक्ने र तिनीहरूसगँ बोल्न गफिन मनलाग्ने प्रवृत्तिको विकास थाहा न पाइँदों गरी उनमा हुन थाल्यो । दरबार बाहिर निस्कनु पर्दा छर-छिमेक र दरबार भित्रै रहदाँ पनि शान्तालाई देख्नेहरूमा यिनी विवाहयोग्य भइन् भन्नेबारे आपसमा खसाखुसु हुन थालिसकेको थियो ।

दरबारका सुसारे परिचारकहरू आपसमा हाम्री यति राम्री राजकुमारी शान्ताको वर कस्तो हुने होला ! भन्दै विभिन्न तर्क वितर्क गर्थे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोही शान्ताको बिहे कुनै ठूलै देशको युवराजसँग हुन्छ भन्थे । कोही रूप र गुणमा समेत शान्तासँग जोडा मिल्ने लायक वर भेटिन साह्रै गाह्रो छ ! भन्थे तर राजा रानीलाई कसैले राजकुमारीको बिहेको प्रसङ्ग चलायो भने-छोरी शान्ता अझै सानै छ । बिहे गर्न के को हतार ! भर्खर त उ मलाई राजकीय कार्यमा सहयोग गर्न थालेकी छ, भन्ने गर्दथे ।

आफ्नी छोरी हलक्क बढेको बाबुआमाले देख्दैनन् ,अरूले देख्छन् । उसको बिहेगर्ने बेला भएको कुरा उसका बाबु आमालाई थाहा हुदैंन, छरछिमेक वा बाहिरका लाई थाहा हुन्छ ।

एकदिन कुराका प्रसङ्गमा अयोध्याबाटै शान्ता साथै आएकी सरयू धाईबाट म अयोध्याका राजा दशरथकी औरस पुत्री हुँ । अङ्गदेशका राजाले मलाई दत्तक पुत्रीको रूपमा स्वीकार गरेर पोष्यपुत्रीका रूपमा पालेका रहेछन्, भन्नेकुरा उनले थाहा पाइन् । यो कुरा सुनेपछि उनलाई रातभरि निद्रा पनि लागेन । यसमा कसैले म माथि अन्याय गरेको छ भने र कुनै अपराधी छन् भने तिनै मलाई जन्मदिने मेरा आमाबाबु भनाउँदा दशरथ दम्पती छन् ।

यहाँका बुबा आमालाई त के दोष ! हात मै ल्याएर टसाँइ दिएपछि मलाई पाल्नै पऱ्यो, हुर्काउनै पऱ्यो । उहाँहरूका अरू सन्तान नहुनाले मलाई दत्तक भए पनि औरस भन्दा माया ममता दिन र मेरो व्यक्तित्व विकास जस्ता कुनै पनि कुरामा कत्ति पनि कमी हुन दिनु भएको छैन भनेर सन्तुष्ट थिइन् । राजा रोमपाद वा उनकी पत्नी सँग भने उनले यसबारे मुखबाट एक आखर पनि उप्काइनन् । जे हुनु भै गयो भनेर पछि उनले आफूलाई सँभालिन् ।

रोमपाद दम्पतीले शान्तालाई दत्तक भए पनि औरस पुत्री समान माया ममता र भरण पोषण दिएका थिए । यतिमात्र होइन, राजा रोमपाद त एउटा घरज्वाईं बस्न मान्ने सर्वगुण सम्पन्न केटा खोजी त्यसै सँग शान्ताको बिहे गरिदिएर उनलाई समग्र राज्यको उत्तराधिकारनै सुम्पिने सोचमा थिए । कुराको प्रसङ्ग चल्दा सरयू धाईको मुखबाट यो रहस्य फुत्कियो र मात्र हो । नत्र राजा-रानीको स्नेह र सौहार्दमा फुर्किंदै हुर्केबढेकी ती शान्तालाई म दत्तकपुत्री हूँ भन्ने सन्धगन्धै थिएन ।

❁❁❁

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौथो

अङ्गदेशको छिमेकमा कुनै एकजना गरीब ब्राह्मण बस्दथे । तिनी बिहानदेखि साँझसम्म आफू स्वाध्यायगर्ने, काव्य लेख्ने, घरमा आएका जिज्ञासु र विद्यार्थीलाई पढाउने बाहेक अरू केही गर्दैनथे । तिनताका पढाएर तलब लिने चलन थिएन । विद्या बेच्न हुदैंन भन्ने जनविश्वास थियो । पढ्न आउने विद्यार्थीमध्ये मनमा लागेर कसैले एक माना चामल, कसैले दुईमुठी दाल, कसैले आफ्ना बारीमा फलेका केही तरकारी वा फलफूल ल्याईदिनु अर्कै कुरा ! त्यो पनि नियमित होइन, कहिले काहीं मात्र । करको कुरा केही भएन ।

जहिले आकाशबाट पानी पर्‍यो ! तहिल्यै भल छोप्यो र बिउ रोप्यो ! कुलो नलाग्ने टारीको फकटो जस्तो ! कसैले दयागरेर केही दियो त छाक टर्‍यो । दिएन भोकै सुत्यो । आकाशवृत्तिले बाँच्थ्यो त्यो ब्राह्मण परिवार । विद्वान् धनी हुँदैंन, राजा दीर्घजीवी हुदैंन भन्ने त उखानै छ ।

बत्तीमुनि अँध्यारो हुन्छ । उसले चारैतिर आफ्नो प्रकाश छर्छ, उज्यालो पार्छ तर आफू छायाँमा बस्छ, अँध्यारोमा बस्छ । ती ब्राह्मण अरूलाई त पढाउँथे विद्वान् बनाउँथे तर उनका आफ्नै छोराहरू मूर्ख थिए, व्यसनी थिए । तिनीहरू एक एक ओटी लखौटी रखौटी स्याहारेर छुट्टै बसेका थिए । सन्तानमा कान्छी एउटी छोरी थिईन् । तिनले घरधन्दामा आमालाई सघाउँथिन् ।

अब त उनैको पनि बिहेगर्ने बेला भै सकेको थियो । उनका उमेरका र उनी भन्दा पनि रूप र रोगनमा कमसल गाउँ छिमेकका अरू केटीहरू बिहे भैसकेर पनि काखमा नानी च्याप्तै घर-माइत गर्न थालिसकेका थिए । यो देख्दा बज्यैका मनमा भुटो हुन्थ्यो । समयमा बिहे गरिदिन पाएका भए हाम्री छोरी पनि यसरीनै घर माइतगर्ने हुन्थी भन्ने कल्पना गर्थिन् । ती वृद्ध ब्राह्मण कहाँ भने राम्रा घर लिएर केटी माग्न पनि कोही आउँदैनथ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिचरा ब्राह्मण दिन प्रतिदिन चिन्ता, दरिद्रता र बुढ्यौलीले अशक्त हुँदै जादैँथिए । उनको शरीर कुप्रिँदै थियो । आँखाको ज्योति कमजोर हुँदै थियो । कान पनि अलि कमकमै सुन्न थालेका थिए । यस्तो निर्धन हुनुभन्दा त बरु निधन हुनु जाति ! भन्दथे उनी ।

अङ्गदेशका राजा रोमपाद साह्रै दानी छन् । याचक भिक्षुकका लागि उनका दरबारको ढोका सधैं खुला रहन्छ । उनले याचकका सबै इच्छा पूरा गरिदिन्छन्, भन्ने कुरा कता कताबाट तिनलेपनि सुने । तिनै राजाकहाँ गएर आफ्नो दुःखेसो पोख्न पाए यो दारिद्र्य मेटिन्थ्यो कि ! साँझ बिहानको छाक टार्न र बढेकी छोरीको घरजम गरिदिन सकिन्थ्यो कि ! भन्नेलाग्यो उनलाई । उनको चिन्ता र पीरका डहनले डढेका मनमा एकपल्ट फेरि आशाको हरियो टुसायो ।

उनले यो कुरा आफ्नी पत्नीलाई भने । उनलाई पनि यो कुरा उचितैलाग्यो । घरपरिवारको सल्लाहले उनी त्यस तर्फ जाने भए ।अर्को दिन बाहुनीले गाउँ-छिमेकमा मागेर बाटाको सामलका निम्ति सातू चिउरा सक्खरको जोहो गरिदिइन् ।

राजा देवता र गुरुको अगाडि रित्तो हात जानु हुँदैन भन्छन् । के कोसेली लिएर जाने होला ? भनेर एकछिन ती ब्राह्मण घोरिए । अन्त्यमा ती राजाका दानवीरताका विषयमा एउटा राम्रो प्रशस्ति कविता लिएर जाने उनको विचार भयो । उनले रातभरि सोचेर भाव, रस, छन्द र अलङ्कार मिलेको एउटा राम्रो प्रशस्ति कविता रचना गरे । त्यसलाई न च्यातिने न हराउने गरी पोकामा थन्क्याए । अर्का दिन सबेरै अङ्गदेशतिर प्रस्थान गरे ।

गरीब वृद्ध ब्राह्मण ढाड निहुराएर लहुरो टेक्दै टेक्दै राजाले मलाई भरिपूर्ण पार्छन्, भन्ने ठूलो आशा लिएर अङ्गदेश आइपुगे । बाटामा खान ल्याएको सातू, भूजा पनि बीचमै सकिएकाले ती बिचरा ब्राह्मण दुई दिन देखि भोका थिए । कहिले राजदरबार पुगौंला र छप्पन्न पकवान खान पाउँला भन्ने आशाले जसरी तसरी भोक खटाउँदै आएका थिए । उनी बल्ल बल्ल दोपहरको घाममा भोकै प्यासै सोध्दै खोज्दै चम्पापुर राजदरबारको मूलढोकामा आइपुगे ।

राजदरबारको ढोकामा आपत् बिपत् परेकाबेला बजाउनका लागि एउटा ठूलो घण्टा राखिएको थियो । बिचरा वृद्ध ब्राह्मणले त्यही घण्टा बजाए । भित्रबाट एउटा मानिस हस्याङ् फस्याङ् गर्दै बाहिर आयो । उसले सोध्यो-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"यो घण्टा कसले बजायो ?"
मैले !" मेरो कुरा यति चाँडै सुनिने भयो भनेर हसिँलो मुख गराउँदै ब्राह्मणले भने ।
"किन बजाएको ?"
"म साह्रै गरीप छु । दुई दिनको भोको छु । मैले यहाँ बाहिर कसैलाई देखिन । त्यसै भित्र जाने आँट आएन । त्यही भएर बजाएको ।"
"जान्नु न तान्नु घचेडिमाग्नु ! ठूलै आपत बिपत पर्दाका लागि भनेर पो राखेको घण्टा हो यो । तिमीहरू जस्ता भिखारीको लागि जहिले पायो तहिले ट्वाङ् ट्वाङ् पार्न राखिदिएको हो र !" उसले झपाऱ्यो ।
"भै गो जानेर बजाएको होइन । माफ पाऊँ । मलाई साह्रै नै भोक तिर्खाले सताएको छ । केही खाने कुराको बन्दोबस्त गरिदिनुहोस् न !" विनम्र स्वरमा उनले भने ।
"यस बेला आएर पाइन्छ र ! यी माग्ने पनि कस्ता हुन् ? जति बेला चाहियो उति बेलै आइयो गरेर कहाँ पाइन्छ र खान ? बिहान र साँझ मात्रै माग्ने थाङ्नेहरूलाई भोजनको सदाबर्त खुल्छ । भरे उः त्यो पारिको ठूलो ढोका भित्र जानु त्यहीँ पेट भरि डकार्दै खानू । अहिलेलाई अन्त कतै गएर मागेर खानू ?" सिपाहीले हप्काउँदै भन्यो ।
"त्यसरी न रिसाउनुस् न बाबु ! म यहाँको माग्ने होइन । टाढा बिरन्तरी मुलुकबाट दानी राजाको नाउँ सुनेर आयाको हुँ । खरो भएर मर्न आँटि सकेँ बाबु । खुट्टाले भर पाउन छाडे । आखाँले तोरीका फुल देख्न थाले । त्यसो न भन्नुस् न । यत्रो दानी राजाको दहिलोमा आएकोछु । मलाई यत्ति केही खाने कुराको व्यवस्था गरिदिनुस् । यस दुई दिनदेखि भोको बाहुन माथि दया गर्नुस् ! तपाईंलाई ठुलो पुण्य हुन्छ ।"
"मैले भन्ने कुरा भनिसकेँ । तिमी जस्ता भिखारी यहाँ दिनहुँ आउने गर्छन् । तिनको खाने व्यवस्था गरेर बस्ने फुर्सद हामीलाई छैन । हाम्रा काम ढोकामा बस्ने हो । अरू हामीलाई थाहा छैन । लः जाउ जाउ यहाँबाट ! यहाँ बिनसित्ति ढोकामा उभिइ राख्ने होइन ।"
"बाबु मैले बडो परिश्रमका साथ कवितामा राजाको प्रशस्ति रचना गरेर ल्याएको छु । भैगो अरू केही न गरेपनि राजाका सामू यही प्रशस्ति सुनाउने व्यवस्था गरिदिनुस् ।" तपाईंको जय मनाउने छु ।
"ए : त्यसै राजालाई भेट्न पाइन्छ ? कि भित्रबाट भेट्न बोलाउनु पऱ्यो ? कि त यति यति कामले भेट्न पाऊँ भनेर बिन्तीपत्र चढाएर समय लिनुपऱ्यो ? जाऊ, जाऊ ? भोली आउनू ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ती विचरा ब्राह्मण भिक्षुकको आशामा तुषारापात भयो । उनलाई खपसिक्नु भएन । उनले रिसाउँदै भने –

"धिक्कार होस् ! यस्ता त दानी राजा ! यस्ता तिनका राष्ट्रसेवक सिपाही ! भर्सेला परोस् यस राज्यको ! अनिकाल लागेर मैले जस्तै भोकभोकै मर्न परोस् तिमीहरूलाई !"

यस्तो सराप दिएर ती भोक र तिर्खाले सताएका दरिद्र बाहुन हरे शिव ! भन्दै अचेत बिचेत भएर भुइँमा ढले । लौ बित्यास पऱ्यो ! भन्दै तिनलाई सिपाहीले उचालेर पर फलैँचामा लगेर सुताए । अब यो बुढो भोकले यहीँ मर्ने भयो । हामीलाई पो अवगाल खाउँ छ भनेर एउटा सिपाही पानी लिन गयो । अर्को सिपाही भित्र खानेकुरा खोज्न । एकछिन पछि दुवै आए । त्यतिञ्जेल सम्म ती वृद्ध दरिद्र ब्राह्मण त्यहाँबाट कतै गै सकेका थिए । उनले यता उता हेरे । कतै देखेनन् ।

अर्को दिन विहान एउटा अपरिचित बूढो ब्राह्मण भिखारी भोक-तिर्खाले सताएर राजाको ढोकामा खान पाइन भनेर आएका थिए रे । राजाका ढोके-पालेले उनका कुरा सुनेनछन् । उल्टै हप्काएर पठाए छन् । निरास भएर फर्केका ती बूढा भिखारी बाटोमा हिंड्दा हिंड्दै लडेर मरे । उनको हातमा राजालाई सुनाउन ल्याएको उनको प्रशस्तिगान भएको एउटा कविता पनि थियो रे ! भन्ने खबर जताततै फैलियो ।

खाने पिउने हर्के, चोट पाउने बिर्खे ! नोकरले काम बिगारे मालिकले त्यसको प्रत्यवाय भोग्नुपर्छ । राजाका कर्मचारीले न चाहिंदो गरे भने त्यसको फल राजा र समस्त जनताले भोग्नुपर्छ । छोरो खराब निस्के बाबुको नाक काटिन्छ । बुहारी दुष्ट भए माइती बदनाम हुन्छन् । यस्तै भयो त्यहाँ पनि । ती वृद्ध ब्राह्मणको शापले अङ्गदेशभरि अकाल पऱ्यो । भोक र तिर्खाले सताएको विद्वान, कवि बाहुन राजाको ढोकामा आएर बिना अन्नपानी मर्नु पर्दा त्यहाँको सहकाल अनिकालमा परिणत भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाँचौं

कश्यप ऋषिका छोराहरू मध्ये एकजनाको नाउँ विभाण्डक थियो । यिनी कौशिकी तटमा आश्रम बनाई बस्दथे । गण्डकी प्रस्रवण क्षेत्रमा पर्ने विभिन्न तीर्थको यात्रा क्रममा यिनी पश्चिमतिर लागे । जाँदा जाँदा बाणगङ्गाको पूर्वी किनारमा पुगे । त्यहाँ यिनले एउटा रमणीय उपवन भेटे ।

स्वादिष्ट फलका विभिन्न वृक्षहरू । रूख र लहराहरूमा रङ्गी विरङ्गी फुलेका थरिथिरि फूलहरू । एउटा फराकिलो र हरियो दुभी चउर। त्यसका चारै तिर पृथिवीलाई सूर्यको तापबाट बचाउन प्रकृतिले दिएका झल्लरी छाता जस्ता अग्ला अग्ला शालका रूखहरू । चउरमा हरिण हरिणीका बथान चरिरहेका, अर्का तिर रूखका स्याहाँलमा नीलगाईहरू पागुर लाउदैं सुस्ताएका, चउरको पूर्वपट्टिएउटा मनोरम तलाउ । त्यहाँ हरिया हरिया ठूलठूला कमलका पात, राता गुलाफी रङ्काफक्रेका कमलफूल तथा बिहानी उषाकालिक पूर्वी क्षितिजको मनो मोहक रङ्ग सँग एकदमै मिल्ने कमलपुष्पका कोपिलाहरू । शान्त, एकान्त, सुरम्य र मन लोभ्याउने देवराज इन्द्रको नन्दनवन जस्ता त्यस काननमा पुगे पछि उनी फूलका सुगन्धित हावाको आनन्द लिदैं अनि चारै तिरको प्राकृतिक शोभा हेर्दै त्यही चउरमा एकछिन बसे ।

विष्णुभक्तले कतै तुलसीवन देख्यो भने उसलाई त्यसका दल टिपेर भगवानमा चढाइ हालूँ भन्ने मन हुन्छ । शिवभक्तले कतै जल प्रपात देख्यो भने उसलाई त्यहीं बसेर रुद्री गर्न मन लाग्छ । कवि साहित्यकारहरूले शान्त एकान्त रमणीय ठाउँ देखे भने उनलाई कविता फुर्न थाल्छ । त्यसै गरी ऋषि मुनिहरूले गङ्गाको कलकल, चराको कलरव, तथा प्राकृतिक रूपले सुन्दर कुनै ठाउँ देखे भने उनलाई त्यहीं पद्मासन कसेर समाधि लाउन मन लाग्छ ।

ऋषि विभाण्डकलाई पनि त्यहीं शान्त एकान्त ठाउँमा बसेर पद्मासन कसेर तपस्या गर्न मन लाग्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋषि विभाण्डक आफ्नो त्यसै इच्छा अनुसार रमणीय जलाशयका सामू एउटा वृक्षको फेँदीमा चाकलमाडे बसे । अगाडि मन्दमन्द हावाले तरङ्गित पारेको जल-तरेली हेर्दा हेर्दै क्रमशः बाहिरी संसार देख्ने उनका आखाँमा परेलाको घपनी लाग्यो । यसरी उनी दुवै आँखा चिम्लिएर आफ्ना अन्तःकरणका पत्र पत्र उघार्दै भित्री संसारमा रम्नथाले । त्यहीं उनको समाधि लाग्यो ।

विभाण्डक ऋषि त्यहीं बर्षौं वर्ष समाधिमा बसे । उनको तपस्याका प्रभावले त्यस वरिपरिका क्षेत्रमा शान्ति र पावनता छायो । जब ऋषि मुनिहरू लामो समय सम्म योगसाधना वा समाधिमा बस्छन्, उनका तपोबलका प्रभावले त्यस परिक्षेत्रमा बस्ने शत्रु भए पनि एक आपसमा मित्रभाव गर्न थाल्छन् । गाई र सिंह दुवै एक साथ एउटै घाटमा पानी खान्छन् । त्यस काननमा ठुला पशुले साना पशुलाई हेप्ने सताउने गर्दैनन् । प्राणीमात्रले आफ्ना जातीय तथा प्राकृतिक वैमनस्य बिर्सेर मैत्रीभावले मिलिजुली वस्छन् । योगसूत्र भन्छ-*अहिंसाप्रतिष्ठायां तत्सन्निधौ वैरत्यागः ।*

यसरी ऋषि विभाण्डकले त्यस क्षेत्रमा बसेर ठूलो तपस्या गरे । यसको सुयश र प्रभाव चारैतिर प्रकाश फैलिए जस्तै फैलियो । यता पूर्वमा विभाण्डक ऋषिको यो तपोधाम तथा उता यसको केही पश्चिममा महर्षि कपिलका आश्रम भएको कपिलधाम । यीदुवै ऋषिको तपस्याका प्रभावले हिमवद्देशको त्यो समथल क्षेत्र शान्ति र साधनाको पावन क्षेत्र बनेको थियो ।

जब मर्त्यलोकमा कुनै ऋषिले ठूलो तपस्या गर्दछन्, त्यसबेला इन्द्रको आसन डगमगाउन थाल्दछ । मर्त्यलोकमा गरेको अत्यन्तै ठूलो पुण्यको प्रभावले नै स्वर्गलोकमा इन्द्र पद पाइने हो । अतः कसैले पुण्यप्राप्तिका अति विशिष्ट काम गर्दा स्वर्गमा इन्द्रलाई बेचैनी र छटपटि हुन थाल्दछ । विभाण्डकको तपस्याले पनि स्वर्गमा देवराज इन्द्रलाई भयभीत तुल्यायो । उनले तत्काल आफना गुरु बृहस्पतिलाई डाक्न पठाए । उनी आएपछि तिनले सबैकुरा बेलि बिस्तार लगाए ।

देवगुरु बृहस्पतिले एकछिन ध्यानमग्न भएर विचार गरे । उनलाई सबै कुरा थाहा भयो । उनले भने -

"मर्त्यलोकमा नगाधिराज हिमालयको पावनदेश अन्तर्गत बाणगङ्गा नदीका किनारमा एकजना विभाण्डक नामका ऋषि घोर तपस्या गरिरहेका छन् । हुन त उनको तपस्या कुनै भोगप्राप्तिका लागि होइन । निष्काम भावले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुनै आशा आकाङ्क्षा न राखिकन मात्र ब्रह्मानन्दको अनुभूतिका लागि गर्न थालिएको तपस्या हो । तर पनि तपाईंलाई आफनो इन्द्रपद जाने डर छ भने कुनै अप्सरा पठाएर तिनको तपस्या भङ्ग गरिदिनोस् ।"

यति भनेर देवगुरु बृहस्पति आफनो आश्रम तर्फ लागे ।

बृहस्पतिले विभाण्डकको तपस्या निष्काम तपस्या हो भने पनि इन्द्रले शङ्काको बिउ किन राख्नु ! भनेर उनको तपस्या भङ्ग गर्ने नै निर्णय गरे । उनले तत्काल घृताची, मेनका, रम्भा, उर्वशी, तिलोत्तमा र सुकेशी आदि अप्सराहरूलाई सभामा उपस्थित गराए । विभाण्डक ऋषिको तपस्या भङ्गगर्न जाने प्रस्ताव तिनीहरू सँग राखे । अरू कसैले जाने हिम्मत गरेनन् । अन्त्यमा उर्वशी यसका लागि तयार भइन् ।

देवराज इन्द्रका आज्ञा अनुसार उर्वशी सोह्रश्रृङ्गार गरी रातो, गुलाफी, मिर्हीं पारदर्शी सारी, चोली, पछ्यौरी लगाएर स्वर्गलोकबाट मर्त्यलोकमा झरिन् । हिमवद्देशमा ओर्लेर हिमालयको काख तथा पर्वतको फेंदीमा अवस्थित बाणगङ्गा नदी किनारमा आइपुगिन् । इन्द्रको नन्दनवन जस्तै एउटा सुरम्य उपवनको हरिण चर्ने दुभीचौरमा प्रवेश गरिन् । यता उति खोज्दै हेर्दै विभाण्डक ऋषि तपस्या गर्दै रहेको ठाउँमा पुगिन् ।

उर्वशी त्यहाँ पुगेर विभाण्डकका अगाडि हाव भाव कटाक्ष गर्दै हातका चुरा र गोडाका घुँघुँरे पाउजेब बजाउँदै चटक-मटक गर्न थालिन् । मुजुरका प्वाँखले उनका निधार, पिठ्युँ र छातीमा विस्तारै मुसारिन् । विभिन्न उपाय गर्दा पनि ऋषि आफ्नो तपस्याबाट टस-मस भएनन् ।

अगाडि सरोबर थियो । कमल फुलेका थिए । हाँस खेल्दै थिए । उर्वशी त्यहीं गइन् । तलाउको डिलबाट झ्वाम्म पानीमा हाम फालिन् । डुब्न थालेको स्वरमा निसासिएर गुहार ! गुहार ! बचाओ ! बचाओ ! भन्दै कराउन थालिन् । शान्त एकान्त उपवनमा अचानक सुनिएको त्यस आवाजले त्यहाँ वर पर रहेका जीवजन्तु र चराचुरूङ्गीहरू पनि कराउन थाले । त्यो करुण क्रन्दन तथा जङ्गली पशुहरूका मिश्रित घोर आवाज समाधिमा बसेका ऋषिका कानका पर्दा फाट्ने गरी गुञ्जिन पुग्यो ।

उनले आत्तिदैं दुवै आँखा उघारें । उर्वशी झन् जोडले कराउन चिच्याउन थालिन् । एउटी महिलाको अनाहकमा डुबेर अकाल मृत्यु हुने भयो भन्दै परोपकारी ती विभाण्डक ऋषि उर्वशीलाई बचाउन हस्याङ फस्याङगर्दै तलाउमा हेलिए । उर्वशीले अलि अलि पानीका घुट्का पनि पिइन् । झन् झन् अतालिएर कराउदैं ऋषिको शरीरमा अँगालो मार्दै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टाँसिन पुगिन् । अगाडिबाट बुई चढे जस्तो गरेर आफ्ना दुवै खुट्टाले उनको कम्मर समेत जेलिन् ।

यसरी एउटी अप्सरा आफ्नो शरीरमा लट्टिँदै, लड्डिँदै र लुटपुटिदै गर्दा उनका पारदर्शी मलमलको भिजेको सारी, चोलीबाट देखिने मादकतापूर्ण वासनायुक्त गुलाफी देहको अँठिलो स्पर्शले ऋषि विभाण्डकको मन वासनामुक्त रहन सकेन । उनको हिमशिखर झैं चुलिएको स्वर्गचुम्बी तपो वैभव, उर्वशीका श्रीफल जस्ता पोटिलो-घोंचिलो छातीको स्पर्श पाएर पग्लियो । रेतस् पानीमा थोप्लिदैं बग्यो । उनले उर्वशीलाई दुवै हातले उचालेर बाहिर तलाउका डिलमा ल्याएर सुताए । शरीर लल्यालुलु पारेर बेहोश जस्तै उनी चउरमा लमतन्न पल्टिन् ।

केही बुटि-पाती गरेर यो महिलालाई स्वस्थ बनाउनुपर्‍यो ! भन्दै उनी बुटी खोज्न नजिकै जङ्गल पसे । यता उर्वशीको काम फत्ते भैसकेको थियो । उनी त्यहाँबाट कसरी उम्किने भन्ने दाउमा थिइन् । कतै ऋषिले सराप दिन्छन् कि ! भन्ने उनलाई डर थियो । त्यही मौका छोपेर आकाशमार्गले सोझै माथि गएर उनी अलप भइन् ।

विभाण्डक ऋषि हस्याङ-फस्याङ्गर्दै तत्काल बुटी लिएर फर्के । त्यहाँ उर्वशीलाई न देख्दा पो उनी तीन छक्क परे । अन्तर्विचार गर्दा सबैकुरा बल्ल छर्लङ्ग भयो । उनलाई ठूलो पश्चात्ताप भयो । यो सबै दुष्ट इन्द्रको चालबाजी हो भन्ने कुरा तिनले बल्ल थाहा पाए ।

यता केही समय विभाण्डक किं कर्त्तव्य विमूढ भए । माथि नीलो आकास हेर्दै त्यसै खुला चौरमा उत्तानै पल्टिरहे । उता एकछिन पछि एउटी हरिणी घाममा घाँस चर्दा चर्दै तिर्खाले आत्तिएर पानी खान त्यसै तलाउमा आइपुगी । उसले पानी खादाँ महर्षि विभाण्डकको अघि पानीमा खसेको रेतस् तेजस् समेत अनजानमा निल्न पुगी । उसलाई तत्काल गर्भरह्यो ।

ऋषि विभाण्डक रेतस् स्खलन भएपछि मणि हराएको सर्पझैं निन्याउरा, खिन्याउरा, उदास र अल्छी लागे जस्ता देखिन थाले । उनले उर्वशीको करुण क्रन्दन सुनेर त्यसको वास्तविकता बुझ्न पट्टि लागेका भए यति साह्रो अनर्थ त हुने थिएन । जे हुनु थियो भै गयो । अब पश्चात्ताप गर्नु सिवाय अरू के पो गर्न सकिन्थ्यो र ! पश्चात्ताप गरेर पो हातलाग्ने के थियो र !

एकथरि व्यक्ति काम थाल्नुभन्दा पहिल्यै यो काम सफल हुन्न कि ! भन्ने आशङ्काले गर्दा कुनै काम नै थाल्दैनन् । यस्ता मानिस तल्लो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दर्जाका हुञ्छन् । अर्का थरि बल्ल बल्ल काम त थाल्छन् तर त्यसमा कुनै खण्ड खातिर पऱ्यो भने बिचमै त्यो काम छोडेर बसिदिन्छन् । यस्ता व्यक्तिहरू दोस्रो दर्जाका मध्यम व्यक्ति भनिन्छन् । तेस्रा थरि त्यस्ता व्यक्ति हुन्छन्, जो जति सुकै विघ्न परे पनि हिम्मत हार्दैनन् । फेरि पनि त्यो काम शुरु गरिहाल्छन् । आफ्नो लक्ष्य पूरा नहुञ्जेल थाक्दैनन् तिनीहरू । यस्ता मानिसलाई उत्तम व्यक्ति भनिञ्छ ।

पूर्वमा केही पर *वाल्मीकि आश्रम,* पश्चिममा नजिकै महर्षि कपिलको तपस्थली *कपिलधाम,* उत्तरमा सिद्धानदीका किनारमा रहेको *सोमतीर्थ* (सीतापुर) *नर्तनाचलपर्वत* (नरपानी) तथा दक्षिणतिर यो सुरम्य बाणगङ्गाको पावन तटले उनलाई लोभ्याएको थियो । त्यो ठाउँ छोडेर उनलाई अन्त कतै जान मन लागेन । विभाण्डक ऋषिले पनि हिम्मत हारेनन् । केही समय पश्चात् उनले आफ्नो स्थिति आफै सँभाले । फेरि पनि त्यहीँ बसेर तपस्या गर्ने विचार गरेर उनले पुनः त्यहीँ पद्मासन कसे ।

विभाण्डक पद्मासनमा बसेर ध्यानको वातावरण तयार पार्दै थिए, त्यति बेलै नगिचैको जङ्गलबाट एउटी हरिणी त्यसै ठाउँमा आइपुगी। उसले ध्यान बस्न लागेका विभाण्डक ऋषिको कम्मरमा आफ्ना सिङ्ले विस्तारै विस्तारै कोट्याउन कन्याइदिन थाली । उनको कौपीनमात्र लगाएको खरानी दलेको नाङ्गो पिठ्युँमा उसले आफनो पिठ्युँ दल्नथाली। उसले यसो गर्दा त्यसका शरीरको रौं आफना शरीरमा दलिदाँ उनलाई आङ् कन्याइदिए जस्तो मिठो अनुभव हुनथाल्यो । त्यो हरिणी ऋषिको वरिपरि फनफनि रिङ्दै आफ्ना खस्रा जिब्राले तिनका शरीरका अङ्गप्रत्यङ्ग चाट्न, नाकले सुँघ्न र थुतुनाले सुम्सुम्याउन समेत थाली ।

यसो गर्दागर्दै एकछिन पछि त्यो हरिणी ध्यानमुद्रामा बसेका ती ऋषिको अगाडि आएर उनको काखमा मुण्टो राखेर आफना दुवै आँखा चिम्लिएर लाढे पल्टिदैं आनन्द मानेर पस्रिन थाली । पहिले सिङ्ले आङ्मात्र खोस्रिदाँ त परेला चिम्लिएर ध्यान गर्न प्रारम्भ गरेका विभाण्डक ऋषिलाई पशुले यसो गर्नु सामान्य कुरा हो जस्तो लागेको थियो र यस प्रति केही चासो दिएका थिएनन् । उसको पछिल्लो असामान्य क्रियाकलापले भने ऋषिका मनमा आशङ्का उब्जाइ दियो ।

उनी आँखा उघारेर हेर्छन् । आफ्नो काखलाई सिरानी बनाउँदै त्यसमा टाउको राखेर अनुहार हेर्दै आनन्दसँग पल्टेकी त्यस हरिणीलाई देख्छन् । यो पशु आफ्नो हाव भाव चेष्टाले आज म सँग किन यस्तो व्यवहार गर्दै छ ? विभाण्डकका मनमा चिसो पस्यो । यस्तो त कुनै स्त्रीले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पति वा प्रेमी सँग मात्र गर्छे । म त यसको कोही होइन ? के यस्तो अचम्म ? हिंजो अप्सराले माया रचेर मेरो तपोभङ्ग गरिदिई । आज फेरि ध्यानमा के बस्दै छु, कता कताबाट यो हरिणी आएर मलाई यस्तो गर्छे ।

त्यो हरिणी सामान्य हरिणी थिइन । पूर्वजन्ममा कुनै देवकन्या थिई । शापले गर्दा यस जन्ममा हरिणी हुन आएकी । पूर्वजन्मको संस्कारले गर्दा यो पशु भएपनि अरू समान्य पशुभन्दा फरक थिई । हिजो दिउँसो तलाउमा पानी खान आउँदा यिनै ऋषिको रेतस् पानी सँग अन्जानमै निल्दा गर्भिणी भएकी हरिणी थिई त्यो ।

अन्तर्दृष्टिले हेर्दा यो रहस्य ऋषिले थाहा पाए । उनी केही समय त छाँगाबाट खसे जस्ता भए । उनले अब यसलाई न राख्नु न मिल्काउनु भयो, न निल्नु न छाद्नु ! आफ्ना अगाडि आएका यस वास्तविकता सँग संझौता गर्नु बाहेक विभाण्डक ऋषिसँग अर्को उपाय थिएन । उनले विचारगरे-

"यस हरिणीको गर्भमा मेरो अंश छ, मेरो वंश छ र मेरो हंस छ । यसले समय पुग्दा एउटा शिशुलाई जन्म दिन्छे, जो नाटीकुटी म जस्तै हुनेछ । त्यसले पछि गएर संसार भरि मेरै नाउँ जस फैलाउने छ । अतः मैले यसलाई अहिले कुनै प्रकारको क्षति पुऱ्याउनु वा यसप्रति अनास्था गर्नु भनेको आफनो वंश प्रति अनास्था गर्नु हो । औरस सन्तान भनेको अरू को हो र ? आफै त हो नि ? आफ्नै त हो नि ? *आत्मा वै जायते पुत्रः* ।

यो संसार भनेको एउटा विशाल मायाको जाल हो । यसमा सबै थोक अस्थिर छ, अयथार्थ छ । यसको जालोले आखाँ छोपे पछि असत्य पनि सत्य झैं लाग्छ, अवास्तविक पनि वास्तविक झैं लाग्दछ । कहिले काहीं बाटामा लत्रेको डोरीलाई पनि हामी सर्प देख्छौं र त्यसैबाट झस्किने तर्सिने तथा टोक्छ कि ! भनेर डराउने गर्छौं ।

ऋषि विभाण्डकले सपनामा पनि कहिल्यै न चिताएको कुरा हुन गयो । साधारणतया कसैसँग पनि न घट्ने घटना यिनीसँग घट्न गयो । विधिको विधानले नै यस्ता अद्भुत र असामान्य घटना घट्न सक्दछन् । अतः यस परिस्थितिलाई न स्वीकारी धरै छैन । विभिन्न तर्क वितर्क गरेर चिन्ता बढाउनु र समय खेर फाल्नुभन्दा परिस्थिति र त्यसको यथार्थतालाई बुझेर काम गर्नु राम्रो हुने ठाने । उ भोक लाग्दा एकछिन चर्न जान्थी । फेरि उनैसँग आएर बस्थी । तिर्खा लाग्दा एकछिन पानी खानजान्थी । फेरि उनकै छेउँ टाँसिन पुग्थी । ऋषि विभाण्डकले हरिणीलाई तिरस्कार गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सकेनन् । उनले आफ्ना भावी सन्तानकी जन्मदात्रीका रूपमा उसलाई स्वीकार गरे । अनि निरन्तर आफ्नो निगरानीमा राखे ।

अब विभाण्डक ऋषिले आफनो रेतस्बाट गर्भिणी भएकी त्यस हरिणीको मात्र होइन, उसका गर्भमा रहेका आफ्ना भावी सन्ततिको पनि सुरक्षा गर्नु पर्‍यो । यो दोहोरो जिम्मेवारी वहन गर्नुपर्ने भयो उनलाई । अब विस्तारै उनको तन र मन दुवै हरिणीका गर्भमा रहेको भावी सन्तानप्रति केन्द्रित भयो ।

हिजो सम्मका घुमन्ते फिरन्ते तथा रमन्ते यायावर ऋषि विभाण्डक, त्यस हरिणीले गर्दा अब त गृहस्थ ऋषि जस्तै बन्नपुगे । नन्दनवन जस्तो त्यस शान्त एकान्त र सुरम्य उपवनमा तपस्या गर्न बसेका ती ऋषिले अहिले हरिणीका करले खर र कुश बटुली सालका खाँबा र बला काटी पर्णशाला समेत निर्माण गरे । घामपानी हावाहुरीबाट जोगाउन त्यस हरिणीलाई त्यसै पर्णशालामा एउटा छेकबार ठड्याएर राखे । ईश्वरीय माया महिमा अपरम्पार छ । विभाण्डक जस्ता ऋषिलाई त माया जालले यसरी जेल्यो भने हामी साधारणको के कुरा ! *विष्णोर्माया भगवती यया सम्मोह्यते जगत् ।*

ऋषि विभाण्डकको रेतस्लाई आफ्नो गर्भमा धारण गरेकी र भविष्यमा ऋषिमाता हुने सौभाग्य पाएकी त्यो हरिणी चानचुने थिइन। उसको शरीर दिनानुदिन जल्दो, बल्दो, चिल्लो, चाप्लो तेजिलो, फुर्तिलो देखिन थाल्यो । पशु भएपनि त्यो ऋषि रेतस् का प्रभाव र पूर्वजन्ममा देवकन्या भएकी हुनाले पनि कतिपय व्यवहार मानिसले जस्तै गर्दथी ।

हरिणी विभाण्डक ऋषि उठ्दा उठ्थी, बस्दा बस्थी, हिंड्दा हिंड्थी, सुत्दा सुत्थी र जाग्दा पनि उनी सँगसगैं जाग्दथी । आफू सधैं निर्दिष्ट स्थानमा सुत्ने बस्ने र पर्णशाला बाहिर तोकिएको ठाउँमा मात्र शौच गर्ने उसको नियम थियो । ऋषि नुहाउन बाणगङ्गामा जाँदा उ पनि सगैंजान्थी। उनले नुहाउँदा त्यो पनि मुख पानीमा डुबाएर बाहिर डिलमा आउँथी। अनि बेसरी जिउ थर्काउने र टाउको झट्कार्ने गर्दथी । यसरी पानीका छिटा छिटी उसका शरीर भरि पुग्दथे । ऋषिले नुहाइ सकेर आफ्नो कौपीन धोइ-पछारी गरी हातमा लिन्थे । त्यो हरिणी आफना सिङ्ले ऋषिको कौपीन बल्झाएर तान्दथी र आफ्नै सिङ्मा झुण्ड्याउँदै ल्याउँथी ।

यस्तै गरी ऋषि आराम गर्न पल्टिदाँ त्यो हरिणी उनका गोडा निर बसेर खुट्टा पैताला चाट्ने र सुम्सुम्याउने गर्थी । एकछिन पछि उ केही

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथि सरेर उनका गाला सुँघ्ने र चाटने पनि गर्थी । यतिमात्र होइन, आफू पनि तिनका नजिकै पिठ्युँ फर्काएर सुत्थी । टोक्नु न निल्नु ! उ पशु भएकाले मनुष्यवाक्य बोल्न मात्र सक्दिनथी । नत्र हाव, भाव र चेष्टाले गर्न सकिने र गर्न भ्याइने कुनै पनि काम उसले गरेकै हुन्थी । बिचरा ऋषि हरिणीका यी सबै क्रियाकलाप सहन बाध्य थिए । किन भने उसका गर्भमा यिनै ऋषिको शिशु थियो ।

खानेकुराको जहाँ सम्म प्रसङ्ग छ, पशुनै भए पनि त्यो ऋषिले न खाई खादैंनथी । उनले फलफूल, पानी वा दूधमा मुछेको सातू खान थाल्दा मात्र उ आफू खान थाल्थी । नत्र भने ऋषिले व्रत उपवास गर्दा उ पनि केही नखाई भोकै प्यासै बसिदिन्थी । ऋषिले नित्ययोग गर्दा उ पनि उनकै सिको गर्ने प्रयास गर्दथी । व्यायाम गर्दा उ आफै पनि उफ्रिने,आङतान्ने र खुम्च्याउने, ढाड र टाउकोलाई दायाँ बायाँ मर्काउने तथा मोड्ने आदि प्रयास गर्दथी ।

विभाण्डक ऋषि छेउँ सधैं जसो टाढा टाढाबाट साधु सन्त र जिज्ञासुहरू कतिपय कुरा सोध्ने सिक्ने गर्न त्यहाँ आउने गर्दथे । रूखमुनि वेदीमा वा फलैंचामा बसेर विभाण्डक ऋषि तिनीहरूलाई सिकाउँथे । त्यो हरिणी पनि जिज्ञासु जस्तै एउटा छेउँमा बसेर ध्यानपूर्वक उनका आदेश उपदेशहरू सुन्ने गर्थी । उ त्यसबाट के बुझ्थी वा बुझ्दैन थी तर उसले सुनेको कुरा गर्भस्थ शिशुका लागि भने संस्कार बन्न पुग्थ्यो ।

यसरी छायाले सूर्यलाई, दक्षिणाले यज्ञलाई, चाँदनीले चन्द्रमालाई कहिल्यै न छोडे जस्तै त्यो हरिणीले विभाण्डक ऋषिलाई छोडिन । पेटमा आफ्नो वंशको अंश बोकेकी त्यस हरिणीका काम करवाहीप्रति ऋषि विभाण्डकको केही ननु न च थिएन । यसबारे उनी बोल्दैनथे । गर्भिणी अवस्थामा आमाले जे जस्ता क्रिया कलाप गर्छे र सोचाइ राख्छे, गर्भस्थ शिशुका लागि त्यो कुरा संस्कार बन्न पुग्छ । यस स्थितिमा गर्भस्थ शिशुले राम्रो संस्कार पाओस् भन्ने मात्र उनको आन्तरिक धारणा थियो ।

ऋषि विभाण्डक आयुर्वेदका पनि ज्ञाता थिए । कुन वनस्पति कुन जरीबुटी गर्भिणी हरिणी र उसको गर्भस्थ शिशुलाई पोषिलो र फाइदाजनक छ भन्नेकुरा उनलाई राम्रोसँग थाहा थियो । अतः दुवैको पोषका लागि उनले काइदा काइदाका फाइदा जनक घाँस र वनस्पति खोजी खोजी ल्याएर हरिणीलाई खुवाउँथे । बोक्रा र बिउ फालेको सुकेको घिरौंलाको जालीले उसको शरीर कन्याइदिने, उसलाई समय समयमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पानीले पुछ पाछ गरिदिने र उसका दुवै सिङका जरामा तेल राखिदिने काम पनि उनी आफै गर्दथे ।

गर्भिणी हरिणीको पेट क्रमशः वढदै गयो । शरीर गह्रुङ्गिदैं जान थाल्यो । पहिले त्यस्ती छिटी छरिती हरिणी अहिले झन् झन् अल्छिनी हुदैं गई । उसलाई हिँड्न र बस्न दुवैकुरा अप्ठ्यारो हुन थाल्यो । ऋषि विभाण्डकले समय समयमा उसको घाँस-पानी न्यानो-चिसोको व्यवस्था गरिदिन्थे । यसैगरी समय बित्दै गयो ।

अब हरिणीको प्रसव समय आयो । यता ऋषि विभाण्डक ध्यानमा बसेका थिए । उता हरिणीलाई वेथा लाग्न थाल्यो । ऋषिलाई विघ्न होला भनेर उनलाई थाहै नदिई उ पर्णशालाबाट बाहिर निस्की । अलि अलि हिड्दैं सरासर बाणगङ्गाको तीरनिर गइ । अलिकति पानीखाई । विस्तारै विस्तारै नदीकिनारबाट अलिक माथि सम्म ठाउँमा आइ । एउटा शालको रूखमुनि फर्लुङ्ग पल्टिइ ।

उसलाई अत्यन्त पीडाभयो । उ छटपटाउनथाली । उसले त्यसबेला विभाण्डक ऋषिलाई पनि धैरै संझी । ती ऋषि बाहेक उसको आफनो अरू को पो थियो र ? गर्भिणी भएदेखि उसले आफ्ना सजातीय हरिण र तिनका बथान हरूलाई छोडिसकेकी थिई । बिचरी बेसहारा जस्तै भएर त्यो निर्जन बनमा असह्य प्रसव पीडाले अफण्डाउन र ओल्टे कोल्टे गर्न थाली ।

यस्तैमा उ एकपल्ट बेसरी चिच्याई । उसको गर्भबाट एउटा बच्चा फ्वात्त भुईंमा खस्यो । त्यो प्रणान्त पीडामा पनि जन्मेको आफ्नु बच्चा देख्दा उ एकछिन खुशीभई । बच्चालाई एक दुईपल्ट सुँघी चाटी । त्यस नवजात शिशुको आकार प्रकार र नाटीकुटी सबै अनुहार ठ्याक्कै उसको बाबु विभाण्डकको जस्तो थियो । त्यो पूर्णतः बाबुगोता गएको थियो । हरिणीपुत्रको निसानीका लागि उसको शिरमा मात्र एउटा सानो सिङ् उम्रेको थियो ।

बिचरी त्यो हरिणी ऋषि विभाण्डकलाई "हेर ? मैले तिमीलाई तिमीजस्तै छोरा पाइदिएँ" भन्न चाहन्थी । त्यस शिशुलाई उनको जिम्मा लाउन चाहन्थी । तर विभाण्डक त्यहाँ थिएनन् ।

हरिणीलाई मरणान्त पीडा भैरहको थियो । उनलाई यो अमूल्य नासो सुम्पिदिने उसको तीव्र इच्छा थियो । त्यो पूरा हुने छाँट थिएन । ऋषिलाई संझिदैं म कराएको थाहा पाएर उनी यहाँ आऊन् र आफ्नो बच्चा लैजाऊन् भन्ने बिचारले त्यो हरिणी भए भरको बल लाएर एकपल्ट फेरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जोडसँग कराई । त्यसै कराउनुका साथै उसका प्राण पखेरू पनि उडे । उ मरी ।

हरिणी कराएको वन थर्किने करुण आवाजले यता ऋषिको ध्यान खुल्यो । उनी भस्किदैं उठे । सर्वप्रथम हरिणी बस्ने ठाउँमा आफ्नो नजर फ्याँके । त्यहाँ अघि भर्खर सम्म आफ्नो थलोमा बसेकी त्यस हरिणीलाई देखेनन् ।

सुत्केरी हुने बेलाकी त्यो पशु कहाँ गइ होली ! किन गइ होली ! कहाँबाट यसरी कराइ ! भन्दै विभाण्डक पर्णशाला बाहिर आए । घाँटी तानी तानी चारैतिर हेरे । फेरिपनि उसलाई देखेनन् । त्यसको खोजीमा उनी पनि जङ्गल पसे । यता उता खोजे । केही पत्तो लागेन । अन्त्यमा पानी खान पो बाणगङ्गा तिर गइ कि ! भन्दै उनी नदी किनार तर्फ मोडिए ।

त्यहाँ नवजात शिशु रोएको आवाज सुनियो । त्यो आवाज सुन्दा पक्कै पनि हरिणीले बच्चा पाई भन्ने कुरा ऋषिलाई विश्वास भयो । शिशु रोएको आवाजलाई पछ्याउदैं जादाँ त उनले हरिणी बच्चा पाएर मरेकी, उसको शिशु त्यही आफ्नी मरेकी आमाका छिउँमा च्याँ.. च्याँ ..गर्दै रोइ रहेको देखे ।

छोरा जन्मेको खुशी सँगै मृत हरिणीको त्यो हृदय विदारक दृश्य देख्दा ऋषि विभाण्डक एक छिन त अक्क न बक्क भए । उनलाई के गरौं के गरौं भयो । पहिले त उनले केही मेसै पाएनन् । पछि उनले यो शिशु भोकले आत्तिएर रोयो होला ? भन्दै उसलाई बोकेर पर्णशालामा ल्याए । गाइको थुनमा शिशुको मुख लगाइ दिए । उसले चुपुचुपु दूध चुस्यो । अब बल्ल ऋषि विभाण्डकले लामो साँस फेरे ।

उता हरिणीको बिजोक थियो । विभाण्डकले त्यस बच्चालाई बोकेको बोकै नजिकैको तलाउबाट चिल्लो र कमलो कमलको पात टिपेर ल्याए । शिशुलाई यसैमा सुताए । आफू चाहिं उत्निखेरै फरूवा समातेर हरिणीको लास भएको ठाउँतिर गए । नदी किनारमा एउटा ठुलो खाडल खनेर हरिणीका शवलाई त्यसैमा राखी त्यसलाई माटोले पुरी उसको सत्गत गरिदिए । आफू बाणगङ्गा प्रवाहमा स्नानगरी शुद्ध भै आश्रम फर्के ।

अब आमाविहीन त्यस शिशुका भरण पोषणको सबै जिम्मेवारी विभाण्डककै शिरभर भयो । जे गरेर पनि जसरी गरेर भएपनि उनी यो उत्तरदायित्व बोक्न विवश थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आमा मरेपनि आमाको साटो धाई आमा जस्तै गाई आमाको दूध बच्चाले खान पायो । समय समयमा विभाण्डक ऋषि त्यस शिशुलाई गाईको थुन चुसाउन गोठमा लैजान्थे । बच्चा दूध खाएर डकार्थ्यो । अनि पर्णशालामा ल्याई कमलका पात बिछ्याई उसलाई त्यसैमा सुताउँथे । दिशा-पिसाब गर्दा फोहोऱ्याएको पात बाहिर लगेर मिल्काई अर्को नयाँ पात फेरिदिन्थे । गाईको पोषिलो धारोष्ण दूध खान पाएकोले शिशुलाई हुर्काउन उनलाई त्यति अप्ठ्यारो भने भएन ।

शिशु जन्मेको एघारौं दिन भयो । अब उसको नामकरण संस्कार प्रारम्भ भयो । त्यसदिन त्यस भेक वरिपरिका साधु सन्त ऋषि मुनिहरूपनि त्यहाँ जम्मा भएका थिए । शास्त्रीय विधिमा नवजात शिशुको नाउँ उसको बाबुलेनै राख्नु पर्दछ भन्ने वचन छ । *एकादशेऽह्नि पिता नाम कुर्यात् ।*

यज्ञमण्डपमा पूर्वाङ्ग हवनको काम सकेपछि नवजात शिशुको नाउँ राख्ने बेला आयो । ऋषि विभाण्डक नाम जुराउन बसे । देउताको भाषामा *ऋश्य* शब्दको अर्थ हो, मृग । *श्रृङ्ग* को अर्थ हो- सीङ् । त्यस हरिणीपुत्रको टाउकोमा एउटा सानो हरिणकै जस्तो सीङ उम्रेको हुनाले शिशुको नाउँ विभाण्डक ऋषिले ऋष्यश्रृङ्ग राखिदिए । शिशुकी आमा यसलाई जन्मदिदाँ साथ मरेकीले उसको पनि संझना यस छोराबाट सदा सर्वदा भै रहोस् भन्नका लागि पनि शिशुको नाउँ *ऋष्यश्रृङ्ग* राख्नु उचित थियो ।

पूरा नाउँ ऋष्यश्रृङ्ग भएपनि शिशुलाई बोलाउँदा छोटकरीमा मायाले श्रृङ्गी भनेर बोलाइन्थ्यो । कालान्तरमा श्रृङ्गीजन्मेको त्यस बाणगङ्गातटको नाउँ पनि *श्रृङ्गीघाट* रहनगयो । जनजिब्रोले पछि पछि यसलाइ *सिंगीघाट, सिङ्गीघाट* तथा *सिँघीघाट* पनि भन्न थाल्यो ।

म ताक्छु मुढो, बञ्चरो ताक्छ घुँडो भन्ने उखान यहाँ पनि चरितार्थ भएको छ । एक थोक गर्ने चाहना थियो ऋषि विभाण्डकको, अर्को थोक पो हुन पुग्यो । तपस्या गर्न बसेका यिनी विभाण्डक ऋषि उर्वशीले तपोभङ्ग गरिदिदाँ बिना बिहे र बिना पत्नीकै एकाएक बाबु बन्नपुगे ।

संसारबाट पूर्णरूपमा विरक्त विभाण्डकलाई छोरा जन्मे पछि पुनः संसारतिर आशक्त हुनु बाध्यता भयो । उनलाई अब पुत्रमोह तथा वंशमोहले बाँध्यो । यस छोरालाई ठूलो विद्वान् बनाउँछु र आफनो वंश उज्यालो पार्छु भन्ने दृढ अठोटका साथ विभाण्डक ऋषिले सानैदेखि छोरा श्रृङ्गीलाई स्वयं असल संस्कार र शिक्षा दीक्षा दिन थाले । पिता विभाण्डकको पालनपोषण रेख देखमा बालक शृङ्गी हुर्कन बढ्न थाले ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रामो गोरो गुलाफी अनुहार। पोषिलो, पोटिलो चिटिक्क चुटुक्कको शरीर। पवित्र भस्म दलेकाले फुस्रो देह,। घाँटीमा झुलेको रूद्राक्षमाला। त्रिपुण्ड्र शोभित निधार। पाखुरा, छाती र मणिबन्धमा रूद्राक्षबन्ध। शिरमा हरिणको जस्तै तर सानो एउटा सिङ। आकार प्रकार र चेष्टामा दुरुस्त बाबु जस्तो। यस्तो छोरा आँगनमा हिंडे-उफ्रेको देख्दा आफैमा दङ्ग थिए विभाण्डक ऋषि।

शृङ्गीकी आमा हरिणीले छोरालाई जन्मदिनासाथै देह छोडेकीले पिता विभाण्डक उनको स्याहार-सुसारमा दत्तचित्त थिए। ऋषि विभाण्डकको तपःप्रभाव तथा बालक शृङ्गी हरिणीबाट जन्मेका र उनका शिरमा एउटा सिङसमेत भएकाले तिनीसँग त्यस नन्दन काननका पशु पञ्छी समेत उनी प्रति आकृष्ट हुन्थे। तिनीसँग बस्न खेल्न मन पराउँथे। ऋषि आश्रममा हुँदा र कुनैकाम विशेषले केही छिनका लागि कतै निस्किनुपर्दा उनको हेरचाहमा त्यस नन्दनवनका पशु-पक्षीहरूनै हुन्थे।

गाई र बाघले एउटै घाटको पानी खाने तथा सिंहका बच्चाले नीलगाइको दूधखाने त्यस दिव्य उपवनमा परस्परविरोधी पशुपक्षीहरू पनि निर्भयता साथ एकैठाउँ बस्थे। एउटै स्याहाँलमा आराम गर्थे। पशुमैत्रीको अनुपम उदाहरण थियो त्यो नन्दनबन। त्यसै हुनाले जङ्गली पशुपञ्छीका माझ शृङ्गीलाई एक्लै-दुक्लै छोड्दा पनि कुनै हानि नोक्सानीको डर थिएन विभाण्डकलाई।

हात्तीले शृङ्गीलाई आफ्ना सुँडले जुरूक्क उचालेर काँधमा राखी पोखरी किनारको चउरमा लगेर बसाल्दथ्यो। पहिले तीन-चारपल्ट पानी तानेर सुँड सफा गर्थ्यो। अनि त्यसमा पानी भरेर ल्याई टाउकाबाट छरर पनीको फुहारादिई ऋषिकुमारलाई नुहाइदिन्थ्यो। सुगाहरूले वनबाट पाकेका मीठा मीठा आँप अम्बा जस्ता फल भेट्नामा चुच्चाले अँठ्याई ल्याएर तिनका अगाडि राखिदिन्थे।

उनले दूधखाने गरेकी गाई भोकलाग्यो होला भनेर आफै आएर उनका सामू उभिन्थिन्। वालक शृङ्गी उनका थुनमै मुख लाएर धारोष्ण दूध तन्न पिउँथे। बाँदर ऋषिकुमारलाई काँधमा राखेर नाच्ने नचाउने गर्थ्यो। भालुपनि आफू घोडा बनेर उनलाई पिठ्युँमा राखी कुदाउने उफार्ने गर्थ्यो। उनी उसको जगल्टा समाएर हाँस्दै खित्किदै घोडचढीको आनन्द लिन्थे। कोइली आदि पक्षीहरू पनि थरिथरिका आवाज निकालेर ती ऋषिकुमारको मनोरञ्जन गर्थे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब विभाण्डकको अक्षरारम्भ गर्ने बेला आयो । काठका पाटीमा खरानीको धुलो राखेर पिता आफैले श्रृङ्गीलाई अक्षरारम्भ गराए । उनले श्रृङ्गीलाई विभिन्न विद्याको सारतत्व घोकाएर कण्ठस्थ गराइदिए । विभाण्डकले छोरालाई पढाउँदा र घोकाउँदा पशुपक्षीहरू जम्माहुन्थे र बुझ्ने न बुझ्नेपनि उनले पढेको सुन्थे ।

एक दिन विभाण्डकले विचार गरे- मेरो वर्षौं वर्षौंदेखिको तपस्या इन्द्रले पठाएकी उर्वशी अप्सराद्वारा भङ्ग भयो । मेरोमात्र होइन, धेरैजसो तपस्वीका तपस्याहरू नारीकै कारणबाट भङ्ग भएका छन् ।

मनुष्य मात्र होइन, तपस्वी सन्यासीले त पोथी पशुबाट पनि आफूलाई टाढा राख्नु पर्दछ । एउटी पानीमा डुब्नलागेकी महिलाको उद्धार गर्छु भन्दा मेरो तपोभङ्ग भयो । अर्की हरिणीले गर्दा म जस्ता जोगी-जन्तरीले पनि गृहस्थको सारा काम गर्नु परिरहेछ । यो सबै नारी जातिको कारणले भयो ।

नारीले पुरुष जातिलाई लठ्याउन, पटच्याउन, मोहित पार्न र लक्ष्यच्युत गराउन सहजै सक्छन् । कस्तै मै हुँ भन्नेलाई पनि आफ्ना मोहजालमा अल्झाएर लट्टुपुट्टु बनाएर झिलि-तुम्बी पार्न सक्ने खूबी नारी जातिमा छ । नारी भन्ने घिउको घैटो हो । पुरुष भनेको बलेको आगो । त्यसै हुनाले दुवैको संसर्ग हुनुहुदैंन । यसले अनर्थ हुन्छ ।

यी नारीहरूले मलाईजस्तै मेरो छोराको भविष्य र लक्ष्यमा पनि खिचलो हाल्न सक्छन् । यसको पनि मेरो जस्तै हविगत हुन सक्दछ । अतः मैले मेरो यस छोरा माथि नारीको छाया सम्म पनि पर्न दिन्न ! अरू त के तिनको मुखै पनि हेर्न दिन्न ! यस्तो प्रतिज्ञानै गरे ऋषि विभाण्डकले । आफनो योगबलद्वारा त्यस श्रृङ्गीघाट परिसरमा कुनै नारी व्यक्ति छिर्न नसक्ने र छिर्न खोजेमा त्यस जङ्गलका पशुहरू सबै एकै साथ उस तर्फ ओइरिने, कराउने र त्यसलाई भगाउने परिस्थितिको सिर्जना गरिदिए ।

ऋषिकुमार श्रृङ्गी बाटो हिंडदापनि यताउति कतै दृष्टि नदिई आफ्नो गोरेटोमात्र हेरेर हिंड्थे । जुन पाइला जान्थे आफ्नो काम सकेर त्यसै पाइला फर्किन्थे । दायाँ बायाँ हेर्ने र गन्तव्य छाडेर अन्त कतै भुल्ने बानी उनको थिएन । उनी सधैं लक्ष्यचिन्तनमा रहन्थे । रातदिन चौबीसै घण्टा आफ्ना बाबुको निगरानीमा थिए उनी ।

विभाण्डक ऋषिले उनका हृदयमा समस्त शास्त्रका मूलतत्वका बीज प्रतिरोपण गरिदिएका थिए । ऋषिकुमार श्रृङ्गीले अष्टाङ्गयोग द्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिष्कृत आफ्नो हृदयवेदीमा प्रतिरोपित ती तत्वबीजहरूलाई नियमित स्वाध्याय तथा चिन्तन मननको मल-जल दिएर हुर्काउदैं बढाउदैं पुष्पित फलित पारेका थिए ।

विभाण्डकऋषिले सुमेरु पर्वतमा लगी उनलाई सारस्वत साधनामा लगाएका थिए । गण्डकी प्रस्रवणक्षेत्र अन्तर्गत पुण्यसलिला (छल्ली) र पन्नगा (पनाहा) नदी परिक्षेत्रको पावन पर्वत शिखरमा तपस्या गर्न पठाएका थिए । यसरी ऋषिकुमार ऋष्यश्रृङ्ग युवावस्थामानै महान् तपस्वी भएका थिए । ऋष्यश्रृङ्गले तपस्यागरेको त्यो पर्वत शिखर आज पनि पारम्परिक तपःसाधनाको क्षेत्रका रूपमा जनबोलीमा *रेसुङ्गा* नाउँले प्रसिद्ध छ ।

विभाण्डक ऋषिले सके सम्म र हुने सम्म छोरालाई ज्ञानी र विद्वान् बनाए । यिनको नाउँ पनि बाबुका झैं चारैतिर फैलियो । अब यिनलाई शास्त्रमा कसैले झुक्याउन छक्याउन र हराउन सक्दैन भन्ने कुरामा विभाण्डक विश्वस्त थिए । यिनी अब छोराबाट निश्चिन्त भए । तिनलाई आश्रममा एक्लै छोडेर पनि आश्रम बाहिर यताउति घुम्न बस्न जान सकिन्छ भन्ने उनलाई लाग्न थाल्यो ।

छोराकै भरण पोषण तथा शिक्षा दीक्षामा अहोरात्र एक्लै लाग्नुपर्दा तिनले साँस फेर्न सम्म फुर्सद पाएका थिएनन् । अब भने उनलाई हलुङ्गो भएको थियो । उनी श्रृङ्गीलाई एक्लै छोडेर पनि आश्रमबाट फुत्किन पाउने भएका थिए । धेरै दिनदेखि विभाण्डक ऋषि कपिलधाम गएका थिएनन् । उनलाई आफना चेलाचाटी भेट्न र कपिलधाम गई समाधिस्थ महर्षि कपिलको दर्शन गर्न मन लाग्यो ।

❁❁❁

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छैठौं

प्रसङ्ग सत्ययुगको अन्त्य र त्रेतायुगको प्रारम्भहुने ताकाको हो । उहिले बिन्दु सरोवरका किनारमा कर्दम ऋषिको आश्रम थियो त्यसमा उनी आफ्नी पत्नी देवहूतिका साथ बस्दथे । कर्दम ऋषिबाट देवहूतिले नौ ओटी कन्या र उउटा पुत्रलाई जन्म दिइन् । नौ कन्या मध्ये एउटीको नाउँ अरून्धती थियो । यिनको विवाह ऋषि वशिष्ठसँग भएको थियो । वशिष्ठ ऋषि प्रारम्भदेखि नै इक्ष्वाकुवंशी राजाका कुलगुरु भएर अयोध्यामा बसेका थिए । यिनले इक्ष्वाकुदेखि रामसम्म चालीस पुस्ताका राजाहरूका गुरुपरम्परा चलाए ।

कर्दम र देवहूतिका एकमात्र पुत्रको नाम कपिल थियो । यिनी वैशाख शुक्ल तृतीया अर्थात् अक्षयतृतीयाका पावन दिनमा जन्मेका थिए । यसै दिन त्रेतायुगको प्रारम्भ भएको हो यिनी भगवान् नारायणका अंशावतार थिए । उनले सानो उमेरमै समस्त विद्या पढिसकेका थिए ।

पवित्र कुलमा जन्मेर विशुद्ध दीक्षा पाएका कपिल जन्मैदेखि ज्ञानी थिए । यिनी विश्वको पहिलो दर्शन साङ्ख्य दर्शन तथा हिरण्यगर्भ योगका ज्ञाता, प्रवक्ता र व्याख्याता थिए । सनकादि सिद्धहरू मध्ये पनि कपिललाई सर्वश्रेष्ठ सिद्ध मानिन्छ – *सिद्धानां कपिलो मुनिः ।*

महाज्ञानी कपिलले सानै उमेरमा आफ्नी आमा देवहूतिलाई सर्वप्रथम साङ्ख्यदर्शनको उपदेश गरे । यिनका तत्वोपदेशले तिनी जीवन्मुक्त भइन् । आमालाई ज्ञानी बनाएपछि कपिल त्यो आश्रम छोडेर तपस्याका लागि पूर्वदिशा तिर लागे । जादाँ जादाँ आफ्ना दिदी-भिनाज्यु अरून्धती र वशिष्ठ बसेको ठाउँ अयोध्या पुगे ।

त्यहाँबाटपनि प्रस्थान गरेका कपिलमुनि केही उत्तरपूर्वमा हिमवद्देशको दक्षिणी काखमा सुशोभित एउटा भव्य पर्वतको फँदीमा पुगे । उनलाई त्यो ठाउँ शान्त एकान्त र रमणीय लाग्यो । त्यहीं उनले आश्रमको पहिलो खाँबो गाडे । अनि त्यहींनै तपस्यारत भए । कपिलको आश्रम भएको त्यस ठाउँलाई अहिले *कपिलधाम* भनिन्छ अनि कपिलधाममा बग्ने पावन नदीलाई *कपिलगङ्गा* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योगद्वारा चित्तका वृत्तिहरूलाई निरोध र केन्द्रित गरी समाधिमा बसेर ब्रह्मानन्दमा लीन रहने ऋषि महर्षिहरूको आयु असीमित हुन्छ । यस्ता ऋषिहरू एउटा जुगमा समाधि लगाएका अर्का युगमा बौरिन्छन् । एउटा कल्पमा आँखा चिम्लेर तपस्यामा बसेका यी ऋषिले अर्का कल्पमा मात्र आँखा खोल्छन् । सामान्य मानिसलाई जस्तो देशकाल परिस्थितिका सीमाले छेक्दैन यिनलाई । यस्तै योगीमध्येका थिए यी ऋषि कपिल पनि ।

एकपल्ट इक्ष्वाकु वंशका बीसौं पुस्ताका राजा सगरले अश्वमेध यज्ञ गर्न थाले । यज्ञमा छोडिएको उनको घोडा इन्द्रले हरण गरेर त्यसलाई हिमवद्देशको पर्वत फेंदीमा तपस्या गर्न बसेका महर्षि कपिलका आश्रम किनारमा लगेर राखिदिने गर्दा रहेछन् । यसरी घोडा अलप भएपछि सगर राजाको अश्वमेध सफलहुन सकेन । उनान्सय पल्ट सम्म यही क्रम चलिरह्यो ।

सगरले आफ्ना साठीहजार छोराहरूलाई यज्ञका रक्षक बनाएर सयौ अश्वमेध यज्ञ प्रारम्भ गरे । उनको घोडा त्यसैगरी उही ठाउँमा पुग्यो । कपिलको आश्रम पुग्न माटो मुनि सुरूङको बाटो जानुपर्दथ्यो । सगरका साठी हजार छोराहरू घोडा खोज्दै कपिलको त्यस आश्रममा पुगे । कपिलऋषि एउटा रूखको फेदीँमा आखाँ चिम्लेर तपस्यामा लीन थिए । सगरको अश्वमेध यज्ञको घोडा त्यहींअलिक पर हरीयो चउरमा थियो । ऋषि बाहेक त्यहाँ अरू कोही मानिस थिएन । सगर पुत्रहरूले तिनै ऋषिलाई चोरदोष लगाउँदै गाली गरे । समाधिमा रहेका कपिलको तपस्या भङ्गभयो । उनले ती साठी हजार सगर पुत्रहरूलाई प्रेत बनाइदिएर पुनः समाधिमा बसे ।

अर्कोपल्ट सगरका नाती अंशुमान् त्यो घोडा फर्काउन फेरि कपिलधाम आए । ऋषिलाई खुशी पारेर उनले दुईओटा वरदान प्रप्त गरे । पहिलो वरदन अनुसार उनले त्यो अश्वमेधको घोडा फर्काएर अयोध्या लगे । सगरको अश्वमेध यज्ञ पूरा भयो ।

दोस्रो वरदान अनुसार भगीरथले ठूलो तपस्या द्वारा स्वर्गबाट गङ्गालाई ओराल्दै हिमालयमा ल्याए । त्यहाँबाट तलझार्दा तिनको उर्लिंदो प्रवाहले धरतीमा प्रलयको स्थिति ल्याउन थाल्यो । उनले यसबाट जगतको रक्षा गर्न फेरि शङ्करलाई पुकारे ।

भगवान् शङ्करले आफ्ना शिरमा फिँजिएका जटाहरूमा ती गङ्गालाई थाप्नुभयो । यसरी जटाहरूबाट पृथ्वीमा खस्ने गङ्गाको एउटा सानो धारा कुल्याउँदै उनले यसै कपिलधाममा ल्याए । त्यसको जलले अभिषेक गरेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगीरथका पितृको उद्धार गरिदिने कामका लागि फेरि कपिल ऋषि समाधिबाट ब्युँतिए । भगीरथले कुल्याउँदै कपिलधाममा ल्याएको गङ्गाको त्यस धारालाई महर्षि कपिलकै स्मृतिमा अहिले पनि *कपिलगङ्गा* भनिन्छ ।

कपिलऋषिले सानै उमेरमा उनकी आमा देवहूतिलाई साङ्ख्यदर्शनको पहिलो उपदेश दिएका थिए । दोस्रो उपदेश उनले यसै कपिलधाममा बसेर आफ्ना शिष्य आसुरि लाई दिए । यसैगरी उनका अर्को शिष्य वोढुले पनि यिनैबाट साङ्ख्य दर्शनको उपदेश पाएर यस दर्शनका व्याख्याता बने ।

यिनै कपिलका शिष्य परम्परामा आसुरिका शिष्य पञ्चशिख पनि भए । कपिल र तिनका यी सबै शिष्यहरूलाई सनातनीहरूले अझै पनि आफ्ना नित्य एवं नैमित्तक तर्पणमा मनुष्यपितृका रूपमा प्रत्येकलाई दुई दुईपल्ट कुशजलले अञ्जलि दिने गर्दछन् । जस्तै-

ॐ कपिलस्तृप्यताम् । ॐ कपिलस्तृप्यताम् ।
ॐ आसुरिस्तृप्यताम् । ॐ आसुरिस्तृप्यताम् ।
ॐ बोढुस्तृप्यताम् ॐ बोढुस्तृप्यताम् ।
ॐ पञ्चशिखस्तृप्यताम् । ॐ पञ्चशिखस्तृप्यताम् ।

ऋषिहरू घुमन्ते डुलन्ते र फिरन्ते हुन्छन् । विभाण्डक पनि त्यस्तै यायावर ऋषि हुन् । अहिले भने उर्वशीबाट तपोभङ्ग हुने क्रममा बिहे नगरे पनि र डोला नचढे पनि उनी काकतालीले छोराका बाबु हुन पुगे । उनी छोरा श्रृङ्गी पढी गुनी तपस्यागरी ज्ञानी र विद्वान् न बनुञ्ज्याल यिनकै भरण पोषणमा लागिरहे । यो काम सम्पन्न भएपछि मात्र उनको टाउको हलुको भयो ।

"मेरो उपस्थितिमा त सबै कुरामा श्रृङ्गी पोख्त देखिन्छ । म नहुदाँ यो कसरी बस्दो रहेछ!" भन्ने कुराको परीक्षा पनि गर्नु थियो विभाण्डकलाई । यसका लागि पनि उनले आश्रममा छोरालाई एक्लै छाडेर केही समय बाहिर गएर वस्नुपर्ने थियो ।

एकदिन विभाण्डक ऋषि श्रृङ्गीलाई अह्राइ-पह्राइगरी केही समय आफ्ना चेलाचाटीसँग भेटघाट र कपिलधाम पुगेर यिनै कपिल ऋषिको दर्शन सत्सङ्गत गर्ने मनसायले आश्रमबाट बाहिर प्रस्थान गरे ।

❀❀❀

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सातौं

दशरथले छोरी शान्तालाई अङ्गदेशमा बुझ्भाएदेखि नै अयोाध्याको आकाशमा दुःखको बादल मडाँरियो । आफ्नी दूधमुखे शिशु छोरीलाई छातीको टुक्रा चुडाँले जस्तो गरी अर्काका हात सुम्पिनुपर्दाको वेदनालेकौशल्या रातदिन दुःखी रहन थालिन् । उनका आँखा कहिल्यै ओबाना भएनन् । अल्लारे अवस्थाको जोशमा पछिसम्मको गहिरो विचार नगरेर त्यै हौसिदैं- रौसिदैं गरेको बाचा-कबोलले जीवनभरिलाई कलेस पुऱ्याएको थियो ।

युवराजदशरथका पिता महाराज अज र महारानी इन्दुमतीको पनि स्वर्गवास भैसकेको थियो । अब त तिनका ठाउँमा अयोध्याको राजगद्दीमा युवराज दशरथ महाराजा र युवराज्ञी कौशल्या पट्टरानीका रूपमा अभिषिक्त भएका थिए । यति हुदाँपनि राजारानीलाई मनमा चैन थिएन । किन कि उनीहरूलाई शान्तालाई अङ्गदेशमा बुझ्भाएपछि कुनै पनि सन्तान भएको थिएन ।

युवावस्थाको भऱ्याङका खुड्किला उक्लिदैं गरेकी एउटी पठ्ठी कन्यालाई सबैभन्दा पहिले एउटा राम्रो हसिलो हट्टाकट्टा र पठ्ठो युवासँग बिहे गर्ने सपना हुञ्छ । त्यसपछि उसलाई आफ्ना काखमा पनि एउटा गुतुमुने छोराहोस् भन्ने इच्छा हुन्छ । रहदाँ बस्दा अलि केहीवर्ष पछि अरूकाझँ आफूले पनि घरमा एउटी राम्री बुहारी भित्र्याऊँ र म पनि शासू हुँदैं हजुरआमा हुन पाऊँ भन्ने धोको हुन्छ । कन्या, पत्नी, आमा शासू एवं हजुरआमा यीकुनै पनि सामान्य महिलाका उमेर सगैं फक्रिदैं फुल्दैजाने इच्छाहरू हुन् ।

यसैगरी दरबारमा जन्मे-हुर्केका राजकुमारीहरूका पनि पहिले आफ्नो विहे कुनैदेशको भावी उत्तराधिकारी राजकुमारसँग होस् भन्ने सपना हुन्छ । त्यसपछि तिनीहरू क्रमशः युवरानी र पटरानी हुदैं राजमाता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बन्ने प्रबल इच्छा राख्दछन् । राजमाता हुनु तिनको सर्वश्रेष्ठ इच्छा हुन्छ । कतिपय राजघरानाका रानीहरू त छोरा राजा हुन पाउँछ भने आफू विधवा हुन पनि तयार हुन्छन् ।

यस्तो स्थितिमा कौशल्यालाई बल्ल बल्ल एउटी शान्ता छोरी जन्मेकी थिइन् । त्यै पनि असमयमै अर्काका हातमा सुम्पिनु पर्‍यो। उनलाई पर्नु पीर पर्‍यो । यसभन्दा अर्को के बिडम्बना हुन सक्दछ ! महारानी कौशल्याले एकदिन एकान्त पारेर आफ्ना पति राजा दशरथसँग भनिन्–

"हामीलाई एउटी छोरी जन्मेकी थिइ । त्यसैलाई पनि विधाताले काखबाट छुटाइदिए । छोरी जन्मेका पनि यतिका वर्ष बितिसके। अझसम्म अर्को सन्तान भएको छैन । अब त खोइ ! हुने आशा पनि छैन । क्षत्रियको छोरा, त्यसैमा पनि अझ राजा । राजाले सन्तानका अभावमा दोस्रो विवाह गर्नु अपराध हुदैन । यो राजगद्दी थामिखान र वंशपरम्परा चलाउन पनि हजुरले अर्को विवाह गर्नै पर्छ । इक्ष्वाकुदेखि चलिआएको यति लामो वंश परम्परा हामीबाटै टुक्रियो भने इतिहासमा ठूलो कलङ्क हुन्छ ।"

पहिले त परेवाका जोडी जस्ता ती राजदम्पती अर्की रानी भित्र्याउने पक्षमा थिएनन् तर परिबन्दले त्यस्तै पार्‍यो । रानी कौशल्याले यस विषयमा राजा सँग अत्याग्रह गरिन्, सत्याग्रह गरिन् । त्यसमा मन्त्री सुमन्त्र आदिको पनि समर्थन भयो । अनि त राजा दशरथले मगधदेशकी राजकुमारी सुमित्राका साथ दोस्रो विवाह गरे ।

रानी सुमित्राबाट सन्तान हुने आशामा तिनका केही वर्ष बिते । तर हात लाग्यो शून्य ! कौशल्यालाई पनि बिनसित्तिं सौता भिरे जस्तो भयो। अन्यत्र प्रत्येक दिन बिहान उज्यालो हुन्थ्यो, नया सूर्योदय हुन्थ्यो। सूर्यवंशी राजा दशरथका दरबारमा भने कुनै पनि बिहान उज्यालो भएन। नया सूर्य उदाएन ।

एकपल्टको घटना हो । राजा दशरथ रानी सुमित्राका साथ कृष्णा गण्डकीको स्नान तथा वन विहार दुवै उद्देश्यले हिमवद्‌देशको यात्रामा निस्के । उनी अहिलेको कृष्णातीरको प्रसिद्ध हालको रामदीघाटमा स्नान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दान गरी त्यहाँका गुफा ओडारहरूमा तपस्या गर्न बसेका सन्त तपस्वीहरूको दर्शन गर्दै वनविहारको आनन्द लिन लागे ।

त्यो रात वस्त्रकुटीमा बिताउने उनको योजना थियो । सहयोगीहरूले त्यस्तै व्यवस्था गरे । दिनभरि वनविहारबाट थाकेका राजारानी पटकुटीरमा यसो के झकाएका थिए, उनले गुड्डुड्डु गरे जस्तो कताकता हात्ती कराए झैं केही अचम्मको आवाज सुने । राजा एकाएक झसङ्ग हुँदैजागे । रानी पनि लौ न ! के को स्वर हो यस्तो डरलाग्दो ! भन्दै आत्तिएर दगुर्दै राजासँग टाँस्सिँन पुगिन् । राजा दशरथले तत्काल आफ्ना धनुमा ध्वनिभेदी बाँण चढाएर उत्निखेरै छोडी हाले ।

यो त साह्रै अनर्थ पो भए छ । त्यो आवाज त पितृभक्त श्रवणकुमारले आफ्ना तिर्खाएका जन्मान्ध बाबुआमालाई पानी खुवाउन घडा लिएर जलाशयमा गई पानी भर्दाको स्वर रहे छ । राजा दशरथले चलाएका ध्वनिभेदी बाँण लागेर श्रवणकुमार त्यहीँ ठहरै भए छन् । राजा दशरथ त्यही पानीको घडा लिएर अन्धाअन्धीका कुटियामा पुगे । घटनाका विवरण बताउँदै आफूबाट अज्ञानमा भएका त्यस अपराध प्रति उनले क्षमा मागे ।

"तिमीलाई पनि मलाई जस्तै पुत्र वियोगले मर्नु परोस् !" पुत्रवियोगका असह्यवेदनाले विह्वल ती अन्धा दम्पतीले राजालाई शाप दिए । एकैछिन पछि ती दुवैले पनि परान त्यागे । आफ्ना सुरक्षा जवानहरूलाई ती अन्धा दम्पतीको सद्गतको आदेश दिएर राजा दशरथ बडो दुःखित हृदयले निवासमा फर्के । रानीलाई यो घटना बेली विस्तार लाए ।

रानी सुमित्रा त राजाको मुखबाट सबै विवरण सुनेर पिर मान्नुको साटो खुशी पो भइन् । राजा अचम्म परे ।

"आफूलाई कस्तो अपराधबोध भै रहेछ । महारानी ? तिमी त खुशी पो देखिन्छ्यौ ! किन ?" उनले रानीलाई सोधे

"महाराज ? हो ! म खुशी देखिन्छु ।" रानीले झन् दृढ भएर जवाफ दिइन् ।

" किन ?" उनले सतर्क हुँदै फेरि सोधे ।

"ती जन्मान्धले पुत्रवियोगका वेदनाले मृत्यु हुने शाप दिए । हामी पुत्रनै न हुनेलाई पुत्र वियोगले कसरी मर्नु पर्छ र !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक छिनलाई मानौं ! हामीलाई पुत्रवियोग सहने पर्ने भयो रे । राजकुमार छोरा जन्मे भने मात्रै त पुत्र वियोग हुने होला ? कतै यसै शापका कारण छोरा भयो भने त हाम्रो वंश त धानियो । राजपरम्परा चल्यो भने मृत्यु भनेको त ढिलो चाँडो हुनेनै कुरा हो । मृत्युलाई कुनै न कुनै निहुँ चाहिन्छ । यही नै निहुँ हुने भयो । होइन त ?" उनले तर्क प्रस्तुत गरिन् ।

रानीले दिएका तर्कमा राजाले पनि चित्त बुझाए । पुत्र वियोगमा विह्वल अन्धा अन्धीका आँसूले बग्ने आँधीखोला नदी स्याङ्जामा अहिले पनि त्यही पुरातन इतिहास बोकेर अनुश्रुतिका रूपमा सुसाउँदै बगिरहेको छ ।

राजा दशरथ सुमित्राका साथ लगत्तै अयोध्या फर्के । उनीहरूले सर्वप्रथम यो कुरा रानी कौशल्यालाई सुनाए । त्यहाँ पनि सुमित्राले पहिलेको जस्तै तर्क दिइन् । सुमित्राको डोली भित्रिएको पनि केहीवर्ष भएको थियो । उनलाई पनि मबाट अब सन्तान हुदैन भन्ने विश्वास भैसकेको थियो । यसले राजा दशरथलाई फेरि अर्को डोली पनि भित्र्याउनुपर्ने सङ्केत गरिरहेको थियो । यसमा स्वयं दुवै रानीहरू सहमत भएका थिए र राजालाई यस निम्ति प्रेरणा गरिरहेका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आठौं

अङ्गदेशको राजधानी चम्पापुरी पुगेर राजाका सामू आफ्नो दुःख पोखें भने मेरो दारिद्र्य समाप्त हुन्छ भन्ने ठूलो आशाले आएका भोक र तिर्खाले आजित ती वृद्ध र दरिद्र ब्राह्मण भिखारी दरबारका सिपाहीको पानीसम्म पनि खान नदिने निष्ठुरी व्यवहारले गर्दाअत्यन्तै खिन्न र निरास भए । "यस राज्यका मानिसलाई पनि म जस्तै दुःख दारिद्र्य भोग्न परोस्" भन्ने शाप दिएर त्यही आफू आएकै बाटो फर्के । केही पर पुग्दासाथ उनले त्यहीं प्राण त्याग गरे ।

त्यसै बेलादेखि अङ्गदेशको उँधौली शुरू भयो । त्यहाँ बाह्र वर्षे अकाल पर्‍यो । वर्षा हुन छाड्यो । खोला नाला पोखरी ताल सबै सुके । धरतीमा काँक्राका चिरा पारेझैं धाँजा पर्न थाल्यो । देशका धनसार, धरम भकारी सबै रित्तिए । मानिस खान बिनु मर्न लागे । खोरका खसी-बाख्रा, गोठका गाइ-गोरू, वनका पशु-पञ्छी सबै तपन र खडेरीले भताभती मर्नथाले । देश पानी बिना काकाकुल भयो । जनता सधैं अकालबाट हाम्रो रक्षा गर ! भन्दै दिनदिनै हूलका हूल बाँधेर आउँदै राजदरबारको ढोका घेर्न थाले ।

राजा रोमपादले के कारणले यो देशमा यस्तो घोर अनिकाल पर्‍यो ? भनेर त्यसको निवारणार्थ शान्ति स्वस्ति गराए । यज्ञ यागादि चलाए । धामी-झाँक्री बकाए । जोगी-जन्तरी फुकाए । भोकले मरेका वृद्धब्राह्मणको सराप लाग्यो कि भनेर एघार सय ब्राह्मणहरूलाई निमन्त्रण गरी तिनलाई इच्छा भोजनसाथ वस्त्र र दक्षिणाले प्रसन्न गराए, तर पनि केही सीप लागेन ।

मन्त्री र अमात्य हरूका सल्लाहले एकपल्ट ठूलो विद्वत्सभा डाकियो । त्यसमा देश-विदेशका जान्ने बुझ्नेहरूलाई आमन्त्रण गरियो । लामो समयसम्म छलफल भयो । विभिन्न विद्वान्हरूले थरि थरिका तर्क दिए । यसैक्रममा एकजना त्रिकालज्ञ ज्योतिषीको पालो आयो । उनले यसोभने- अन्त्यमा एउटा निष्कर्ष निकालियो –

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"यस देशका उत्तर-पश्चिम तर्फ हिमवद्देशको पर्वत फेँदीमा पवित्र बाणगङ्गा नदीको तीरमा एकजना विभाण्डक ऋषि बस्दछन् । तिनका ऋश्यश्रृङ्ग नामका विद्वान् एवं तपसी छोरा छन् । पुत्रकामेष्टि र वारुणविद्याका पारङ्गत विद्वान् छन् तिनी । तिनले यहाँ आएर जप अनुष्ठान गरिदिए भने यहाँको अकाल मेटिन्छ ।"

ज्योतिषीको यो कुरा सुनेर सभाका सबै जना साह्रै खुशी भए । चारै तिरबाट आएको साधुवाद ! साधुवाद !! भन्ने शब्दले सभामण्डप गुञ्जिन थाल्यो । राजा र मन्त्रीका हर्षको सीमा रहेन । हल्ली-खल्ली अलिक मत्थर भएपछि ज्योतिषीले फेरि भने-

"यो काम त्यति सजिलो छैन ।" उनका यस वाक्यले सभामण्डप फेरि एकाएक स्तब्ध भयो । सबैका अनुहार उत्निखेरै ओइलाए ।

"किन ?" सबैले प्रश्न गरे

"युवा ऋषि ऋश्यश्रृङ्गलाई उनका बाबुले अहिले सम्म महिलाको मुख हेर्न दिएका छैनन् । अतः उनी स्त्री जातिको मुख हेर्दैनन् । त्यसैहुनाले श्रृङ्गी ऋषि आफनो आश्रमबाट बाहिर पनि हत्तपत्ति निस्कदैंनन् ।" ती त्रिकालज्ञले भने

आइमाईको मुखै न हेर्ने भने पछि अब कुन उपायले तिनलाई यहाँ ल्याउने ? सभामा यसबारे पनि ठूलो बहस चल्यो । सबैले आ-आफ्ना तर्क दिए । अन्त्यमा तन्त्र मन्त्र र यन्त्र जस्ता जुनसकै उपाय गरेर भएपनि उनलाई यहाँ ल्याउने भन्ने निचोड निकालेर सभा टुङ्गियो ।

सभा सकिए पछि साँझ राजाले फेरि राजपरिषद्को गोप्य समिति डाके । त्यसमा राजकुमारी शान्ता पनि उपस्थित थिइन् । स्त्री जातिको मुखै नहेर्ने ती श्रृङ्गीलाई यहाँ ल्याउन कसरी सम्भव छ ? यस विषयमा परिषद् सदस्यबीच धेरैबेरको छलफल पछि एउटा निधो गरियो-

यस राज्यको सीमानामा तन्त्र-मन्त्र, जादू-टोना जान्ने एउटी अनुभवी महिला छन् । तिनलाई यहाँ डाक्नु पर्‍यो । तिनलाई सबैकुरा बताएर "इन्द्रजाल विद्याको प्रयोग गरेर जसरी पनि श्रृङ्गीलाई यहाँ ल्याइदेऊ ।" भनु पर्‍यो । ऋषि मुनि परोपकारी हुन्छन् । यहाँ आएर देशको यस्तो स्थिति देख्दा उनका हृदयमा करुणा जाग्ने छ र उनले हाम्रो प्रार्थना स्वीकार गरेर अनुष्ठानद्वारा सहकाल ल्याइदिने छन् ।

सरयू धाईबाट शान्तालाई म राजा रोमपादकी दत्तक पुत्री हुँ भन्ने कुरा थाहा भए देखिनै उनले राजदम्पतीलाई पोषक पिता-माताका रूपमा हेर्न थालेकी थिईन् । उनले आफ्ना जन्मदिने माता पिताको त अनुहारसम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हेर्न-चिन्न पाएकी थिइनन् । अझ तिनको माया पाउने झन् कुरै भएन । उनलाई लाग्न थालेको थियो– जन्मिदाँ म राजा दशरथकी औरस पुत्री भएर जन्में । पालन-पोषण हुँदा अङ्गराज रोमपादकी पोष्यपुत्री भएर हुर्के, बढे, पढें र यहाँसम्म आएँ । अब मैले एकदिन यिनलाई पनि छोडेर कसैको पुच्छर समात्नु पर्छ । म कुनै अर्कैकी हुनुपदर्छ । अर्कै कसैलाई आफ्नो बनाएर बस्नु पर्दछ । संसारको यही क्षणिक र परिवर्तनशील वास्तविकता बुझेर त होला व्यक्ति वैरागिएर योगी तपसी बन्दछ ।

त्यसै समयदेखि शान्ता बाहिर देख्दा सबै कुराले सम्पन्न देखिए पनि उनमा यदा कदा एकान्तमा टोलाउने र आफूलाई एक्लो ठान्ने प्रवृत्ति विकसित हुन थालेको थियो । न जानिदों रूपमा उनी एउटा समृद्ध बगैंचाकी त्यस्ती लता थिइन्, जसलाई एउटा बलियो राम्रो रूख चाहिएको थियो, तर फेरि उनी आफूलाई आफै सम्हाल्थिन् र यथास्थितिमा राख्दथिन् ।

श्रृङ्गी ऋषिले आज सम्म महिलाहरूको मुख देखेका छैनन् भन्ने सुन्दा ती ऋषिकुमार कस्ता होलान् ? भनेर उनलाई हेर्ने उत्सुकता राजकुमारी शान्ताका मनमा जागिसकेको थियो । त्यस्ती बुढीले ती युवा ऋषिलाई के फकाउली ! मैले बरु तिनलाई फकाउन सक्छु होला ! भन्ने उनलाई लाग्यो । तर यो कुरा मनैमा राखेर उनले सभामा यस्तो प्रस्ताव गरिन्– "बुबाको आज्ञा हुन्छ र मैले जादाँ केही बिग्रिदैंन भने ती तान्त्रिक बुढियाको सहयोगी भएर म पनि सिङ्गीघाट जान्छु ।"

"भविष्यमा यस देशको समस्त उत्तराधिकार यसैको जिम्मामा हुन्छ । अतः छोरीले यस्ता कुरामा प्रत्यक्ष अनुभव बटुल्न खोज्दछे भने बेसै हो, भन्ने लाग्यो मनमा उनलाई । राजाले छोरीको कुरालाई उचित ठहऱ्याए । उनले हुन्छ भन्दा अरू सबैले समर्थन गरे । अनि त तान्त्रिक बुढिया सँग राजकुमारी शान्ता पनि श्रृङ्गी ऋषिलाई लिनजाने भइन् ।

तन्त्रविद्यामा पारङ्गत इन्द्रजाल जान्ने तान्त्रिक बुढीलाई देशरक्षाका लागि केही काम गर्नुपऱ्यो भनेर अनुरोध गरी राजी गराई रथमा बसालेर अर्का दिन बिहान दरबारमा ल्याइयो । भित्रबाट धोती र बाहिरबाट कुर्कुच्चा छुने कालो जामा लगाएकी, तिलचाम्ले भएको कपाल फिर्जेंकी, हातमा लामा लामा नङ पालेकी, निधारमा ठूलो र गोलो कालै टीका लगाएकी, दुवै हातका औंलाहरूमा विभिन्न थरिका औंठी लगाएकी तान्त्रिक बुढिया आफ्ना दुईजना सहयोगिनीका साथ रथबाट ओर्लिइन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाल ढालले पनि उनी पाकी र अनुभवी तान्त्रिक होलिन् जस्ती देखिन्थिन् । राजसेवकहरूले उनलाई सोझै राजा रोमपादका सामू उपस्थित गराए । राजाले उनीसँग एकान्तमा केही कुरा गरे । निष्कर्षमा उनले यत्ति मात्र भनिन् –

"मैले ती ऋषि कुमारलाई आफ्ना विद्याका बलले यहाँ ल्याउन सकिन भने यो तान्त्रिक काम गर्ननै सधैंका लागि छोडिदिन्छु ।" उनका यस गर्वोक्तिले सबै जना आश्वस्त भए ।

उनलाई चाहिने सबै कुराको प्रबन्ध गरिदिइयो । शान्ता पनि तयार भएर आइन् । सबैजना रथमा चढे । सारथीले रथ हाक्यो । रथ त्यहाँबाट केही समय पश्चिमतिर गुड्यो ।

ऋषि विभाण्डकले छोरा श्रृङ्गीलाई चौबिसै घण्टा आफनो निगरानीमा राखेका थिए । तान्त्रिक बुढीले उनलाई तिनबाट फुत्काएर ल्याउलिन् भन्ने कुरामा राजकुमारी शान्तालाई भने शङ्कै थियो । बरु उनलाई मैले नै आफ्नो बुद्धि, बल, सीप लगाएर तथा स्नेह र सौहार्द देखाएर फकाएर ल्याउन सकुँला जस्तो लागेको थियो ।

निभेका अँगार जस्तो कालो अनुहार भएकी, निधारमा ढ्याक पैसा जत्रो कालै टीका लगाएकी तथा फरिया बाहिरबाट कुर्कुच्चा सम्म छुने कालै मेखलो भिरेकी, हेर्दै डरलाग्दी यस्ती बुढीलाई देख्दा आइमाइको मुखै नदेखेका ती ऋषिकुमार पहिलो हेराईमै भस्किने छन् । यस्तै कुरा मनमा सोच्दै थिइन् शान्ता । उनलाई बाटोमै जादूगर्नीको परीक्षा लिने बिचार भयो । शान्ताले भनिन्–

"गुरुआमा ? ऋषि विभाण्डकको आश्रम नन्दनवन यहाँबाट धेरै टाढा छ । पुग्न कति दिन लाग्ने हो ! रथका घोडा पनि एकनास कुदेको कुदै गर्न न सक्लान् । उता जनता साह्रै आत्तिएका छन् । दिन दिनै हजारौंको सङ्ख्यामा हूलका हूल मनिस आएर दरबार घेर्छन् । खै ! चाँडै पुग्ने केही अर्को उपाय पनि त छैन !"

शान्ताका कुरा सुनेपछि एकछिन सोचेर जादूगर्नी बुढी भन्छिन्–
"राजकुमारीले भन्नु भएको कुरा त ठीकै हो । यो रथ बाहेक अरू उपाय पो के छ र ! हो ! यिनै घोडाहरूमा अतिरिक्त शक्तिको सञ्चार गर्ने हो भने यिनको गति बढ्न सक्छ ।"

"ए...! त्यस्तो भए त साह्रै जाती हुने थियो " शान्ताले दङ्ग पर्दै भनिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लौ त म यी घोडाहरूमा अतिरिक्त शक्तिको सञ्चार गरिदिन्छु ।"

यति भनेर जादूगर्नी दुवैओंठ मात्र हल्लाउँदैं मौन भएर मन्त्र पढ्न थालिन् । उनले हत्केलामा केही भस्म लिएर फू:....गर्नासाथ ती घोडाहरूको पहिलेको गतिमा तीन गुणा वृद्धि भयो । अब त त्यो रथ दायाँ बायाँका दृश्यहरूलाई हुत्त हुत्त पछाडि फाल्दै अति छिटो गतिले गुड्न थाल्यो ।

"यस रथबाट पहिलेका गतिमा यात्रा गर्दा निश्चित ठाउँमा पुग्न तीन दिनलाग्ने थियो भने अब त्यहाँ एकै दिनमा पुग्न सकिन्छ ।" तान्त्रिक बुढियाले भनिन् ।

शान्ता बढेको रथको गति देखेर दङ्ग परिन् । अघिँसम्म उनले ती वृद्धालाई मनमनै बुढिया बुढिया भन्थिन् । अब भने आमा ? भनेर सम्बोधन गर्न थालिन् । अब राजकुमारीका मनमा काम फत्ते होला भन्ने अलि विश्वास जाग्यो । मानिसको बानी चमत्कारलाई नमस्कार गर्ने त हो ! निभेको आगो कसले ताप्छ र !

रथ वायु वेगले गुड्दै थियो । घोडाहरू अगाडिका दुवै खुट्टामाथि उफारी उफारी कुद्दै थिए । सारथि पनि आफ्ना घोडाको गति वृद्धि भएकोमा दङ्दास थियो । सबैलाई आनन्द भैरहेको थियो ।

यात्रा गर्दादेखि नै ती तान्त्रिक महिलाले आफ्नो विद्याको प्रभाव देखाउन थालिन् । सबैभन्दा पहिले त उनले रथका जोडी घोडामा थप शक्ति सञ्चार गरेर त्यसको बेग बढाइदिइन् । समय समयमा आफ्ना चमत्कारी शक्तिको छिटफुट प्रदर्शन गर्दै हुन्थिन् उनी । उनको यस्तो चमत्कार देख्दा राजकुमारी र रथको सारथी दुवै तीन छक् खान्थे ।

अब दिउँसोको खाजा खाने बेलाभयो । सारथिले पानी र स्याहाँल भएको ठाउँ हेरेर बाटोको छेउमा एकछिन रथ रोक्यो । सबैजना रथबाट ओर्लेर हरियो दूभी चउरमा बसे । बाटालाई खान भनेर खानेकुरा राखेको पोकाबाट शान्ताले खाजा झिक्न थालिन् ।

"राजकुमारी ? त्यो खानेकुरा पछि खाउँला ! तपाईंहरूलाई म आज इच्छा भोजन गराउँछु । ककसले के के खाने ? लः भन्नुहोस् ?" ऐन्द्रजालिक बुढियाले भनिन् ।

तिनका सहयोगिनीहरूलाई त यो कुरा कुनै नौलो थिएन । उनीहरूले उत्तिखेरै आ-आफ्ना इच्छा बताए । तत्काल तिनका सामू उनले मागेको खाने कुरा आइपुग्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुढियाले शान्तासँग "राजकुमारी ? तपाईं के खाने ?" भनेर सोधिन् । उनका सामू पनि उत्निखेरै जादू-मन्तरले तत्काल उनले चाहेकै कुरा टक्रियो । सारथिले पनि आफूलाई मनलागेको खाने कुराको नाम बतायो । उसका सामू पनि इच्छा माफिक खानेकुरा आइपुग्यो । सबैले चकित पर्दैआनन्द साथ खाए ।

"मलाई पनि यो विद्या सिकाइ दिनुस् ?" राजकुमारीले बुढियालाई भनिन् ।

"यो विद्या सिक्न सबैभन्दा पहिले पात्रको चयन हुनुपर्दछ । मारण, मोहन, वशीकरण, स्तम्भन तथा उच्चाटन विद्याको साधना र प्रयोग हुन्छ यसमा । व्यक्तिगत स्वार्थका लागि होइन, लोक र समाजको कल्याणका लागि यसको प्रयोग हुनुपर्दछ । जसलाई पायो उसैलाई सिकाउँदै जाने र जहाँ पायो त्यहीं यसको प्रयोग गर्दै जानेहो भने त यसले सिक्ने सिकाउने दुवैलाई अनिष्ट हुन्छ ।"

शान्ताले बुढियाका ऐन्द्रजालिकको चमत्कारलाई फेरि पनि मनमनै नमस्कार गरिन् । दिउँसको खाजा खाइसकेपछि सबै जना फेरि रथमा चढे ।

अब सारथिले रथको दिशा मोड्यो । घोडाले पश्चिम छाडेर उत्तरको बाटो लिए । उनीहरू केही पर पुगेका मात्र के थिए, अत्यधिक वेगमा दगुर्ने घोडाका लागि त्यो सामान्य रथ उपयुक्त थिएन । घोडाको बेग अनुसार त्यो बेग धान्ने क्षमता भएको त्यस रथको चक्का भएन । यसको ख्याल पनि कसैले गरेन । एकाएक रथको दाहिने चक्का भाँचियो । तैपनि रथ अलिपर सम्म गुड्दै गयो । सारथिको होस-हवास गुम्यो । रथको भार एक्लै एउटा चक्काले मात्र खप्न नसकेर बायाँ तिरको चक्कापनि भाँचियो । धन्न ! छिउँको बडेमाको रूखमा अडिन पुग्दा त्यस्तो अनर्थ भने केही हुन पाएन ।

तान्त्रिक आमा मनमनै ओँठ हल्लाउदै मन्त्र पढ्दै थिइन् । ती बुढियाले रथ र त्यसका चक्काको क्षमता न हेरी घोडाको बेगमात्र बढाइदिदाँ यो दुर्घटना भएको थियो ।

यो कुरा बुझ्े पछि जादूगर्नी बुढियालाई बल्ल आफ्नो गल्ती महशूस भयो ।

उनले आफ्नो जादुई शक्तिले तत्काल त्यहाँ अर्को ठूलो भव्य रथ सिर्जिन् । घोडा पनि त्यसै रथ अनुसारका भए । अब त ढुक्कसाथ त्यसै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रथमा चढे सबैजना । यसरी जादाँ जादाँ तिनीहरू हिमवद्देशका पर्वत फेँदीमा बग्ने पावन नदी बाणगङ्गाको तीरमा पुगे ।

घाम पश्चिम तिरओह्रालो लागेको थियो । सूर्य अस्ताचल तिर झर्दै थिए । वनमा चर्ने गाईवस्तु आफ्ना गोठतिर अभिमुख हुदैं थिए ।

टाउकामा दाउराको भारी र भर्लाका पातको मुठो एउटा हातमा झुण्ड्याउँदै र अर्को रित्तो हात हल्लाउँदे एउटी महिला परको बनबाट त्यतै तर्फ आउँदै थिइन् । सारथिलाई रथ रोक्न लगाएर ती महिलासँग राजकुमारीले सोधिन्–

"दिदी ! त्यो वनको नाउँ के हो ?"

"मधुवन ।" कहाँ बाह्र वर्षे अकालले सुकेर सिक्रा रूख भएको चम्पारण्यको जंगल ! कहाँ हरियो, परियो, रसिलो, रमाईलो, मधुवन ! मनमोहक मधुवन देख्दा शान्ता मख्ख परिन् । उनले फेरि सोधिन्–

यहाँ विभाण्डक ऋषिको आश्रम कता होला ?

"यसै बाणगङ्गाको तीरै तीर उत्तर लाग्दै गए पछि एउटा फराकिलो चउरआउँ छ अरे । त्यहिँनेर एउटा कमलको फूल फुलेको तलाउछ अरे । त्यसैको अगाडि एउटा आश्रम छ अरे । त्यहीँ हो अरे विभाण्डक ऋषिको आश्रम !"

"किन दिदी तपाइँ अरे !अरे !मात्रै भन्नुहुन्छ ? तपाइँ विभाण्डक ऋषिको आश्रममा जानु भएको छैन र ?

"हामीले पनि सुनेको मात्रै हो । त्यहाँ पुरुष बाहेक कुनै आइमाई जादैंनन् ।"

"ए...! हो र ! के हुन्छ रे त्यहाँ गए पछि ?" राजकुमारी शान्ताले न जाने जस्तो गरी जिज्ञासा गरिन् । ।

"अरू त के हुनु नि ! त्यस आश्रममा ऋषिका छोरा छन् अरे एकजना । उनलाई तिनका बाबुले आइमाईका मुख हेर्न दिँदैनन् अरे ! आईमाई का त के कुरा ! बाख्री-पाठी पनि कतै झुक्किएर त्यहाँ गए भने तिनले पनि पेटबोकि हाल्छन् गरे ।"

त्यस दाउरेनीका कुरा सुनेर रथमा बसेका सबैजना गलल्ल हाँसे । राजकुमारीले उत्सुकता देखाउँदै फेरि सोधिन्–

"कति जना आइमाइले पेटबोके त दिदी अहिले सम्म ?"

"तपाइँको कुरा पनि ! मलाई के थाहा ! यति जनाले पेटबोके भन्दै औंला गन्दै बस्दैगर्ने फुर्सद छ र मलाई !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होइन तपाईंहरू यहाँ हुदिंका त पक्कै हुनुहुन्न । घर कहाँ हो कुन्नि ? कति काम बिसेखले यता आउनु भएको होला ?" त्यो महिलाले कुराको प्रसङ्गअर्कै तिर मोड्दै सोधी ।

"हो, हामी यहाँका होइनौं । परदेशी हौं । ऋषि मुनिको दर्शन गर्न, तिनका आदेश उपदेश सुन्न भनेर आएका नि ! यहाँबाट कति टाढा छ कुन्नि कपिलधाम ?" राजकुमारीले फेरि सोधिन् ।

"यहाँबाट त अलि टाढै छ । तर के ! बग्गी छदैं रहे छ । एक ट्वाँला घाम छदैं पुगिन्छ । जानुस्, जानुस्, परदेशी मान्छे । तीर्थ-बर्त गर्न आउनु भएको होला ! त्यहाँ पढ्न बसेका ब्रह्मचारीहरूले तपाइँ पाहुनाहरूको सबै व्यवस्था गरिदिन्छन् कपिलधाममा ।

विभाण्डकका आश्रममा जस्तो त्यहाँ आईमाइ गए पनि पेट बोकिने डर छैन" उसले ठट्टा गर्दै भनी । सबैजना फेरि गलल्ल हासें । एकछिनसम्म हाँसाको पहिरो छुट्यो ।

भन्नेको मुख कसले थुन्ने ! विभाण्डक ऋषिले यहाँ नारीजातिले प्रवेशगरे भने पेट बोक्छन् भनेका पनि होइनन् । न त उनको यही सरापका कारणले हरिणीले पेटबोकेकी हो । हरिणीले पेटबोक्नु एउटा काकताली थियो । मानिसले नबुझी नबुझी फत्तुर बोल्छ, दोष लाउँछ । त्यस्ता तपस्वी विभाण्डक र आइमाइको मुखसम्म न देखेका वीतराग लौकिक अलौकिक दुवै थरी विद्यामा पारङ्गत श्रृङ्गी ऋषिलाई यस्तो पनि भन्दा रहेछन् ।

यस्तै, हो नजिकको तीर्थ हेला हुन्छ । गोठालाले सिन्कौलीको महत्व नबुझेर त्यसका डाला काटेर गाईवस्तुलाई घाँस-स्याउला गराउँछन् । शहर-बजारमा त्यसैको पातलाई तेजपात र बोक्रालाई दालचीनि भनेर ओखती मसलामा मिसाइन्छ, र बेचिन्छ । जान्नेलाई श्रीखण्ड, नजान्नेलाई खुर्पाकोबिंड !

त्यो आइमाइ आफ्ना बाटो लागि । विभाण्डक ऋषिको आश्रममा जादाँ पेट बोकिन्छ, भन्ने सुन्दा एकछिन त सबै गलल्ल हाँसे । तर त्यस कुराले राजकुमारी शान्ताको मनमा भने आशङ्का जाग्यो-

"मान्छे यसो भन्दा रहेछन् । कतै यिनका आश्रममा जादाँ मैले पनि पेट बोकें भने..! साँचै पो हो कि यो कुरा ! "

तपस्याको साधना पूर्ण सात्विक साधना हो । अलौकिक साधना हो । यसमा एकान्तमा आसन कसेर आँखा चिम्लिदाँ हुन्छ । तन्त्रसाधना भनेको राजसी र तामसी पनि हो । यसको साधनामा मद्य, मत्स्य, मास,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुद्रा, मैथुन श्मशान, आदि विविध उपकरण चाहिन्छ । पूजाविधि तथा साधनामा तल माथि पर्दा यसले अनिष्ट र अनर्थ पनि गर्न सक्दछ ।

जादूगर्नीले सारथिलाई विभाण्डक आश्रमको केही पश्चिम तर्फ त्यही मधुवन भित्र अलि फैली ठाउँ हेरेर बस्नुपर्छ भन्ने सल्लाह दिइन् । रथ बाणगङ्गा तरेर पारिपट्टि गयो । एउटा फराकिलो चउर भेटियो । सारथिले त्यसैको किनारमा रथ रोक्यो ।

"अनजान मुलुक । वीरान ठाउँ । साझँ हुनेबेला । अब यो बुढीले के के गर्ने हो । राती बाघ भालु आएर एकै गाँस पार्ने हो कि ! नजिकै कतै गाउँ बस्ती पनि छैन । यसै जादूगर्नीका भरमा आइएको छ । म सारथि जस्तो मान्छे जसो भन्यो त्यस गर्ने त हो । बढी बोल्नु क्यै भएन ! कथं कदा केही भयो भने पनि सबैको एउटै गति हुने त हो नि !" सारथिले मनमनै भन्यो ।

उसले रथ रोक्यो । त्यसबाट सबै पोका पन्तुरा झारेर भुइँमा राखि दियो । आफू चाहिँ बुढीसँग आज्ञा लिएर दुवै घोडा डोऱ्याउँदै तिनको पसिना ओबाओस् भनेर एकछिन तिनलाई टहलाउन र पानी खुवाउन बाणगङ्गा तिर लाग्यो ।

तन्त्र विद्याको प्रभावले गर्दा ती जाादूगर्नी बुढियामा अचम्मको शक्ति थियो । यिनी मारण, मोहन, वशीकरण, स्तम्भन र उच्चाटन जस्ता तान्त्रिक प्रक्रियाका प्रयोगमा निपुण थिइन् । यस्ता सिद्धहरू कसैले नभनी व्यक्तिगत स्वार्थका लागि वा अनावश्यकरूपमा आफ्ना शक्तिको प्रदर्शन गर्दैनन् । अहिले पनि श्रृङ्गीऋषिलाई उनले जसरी पनि अङ्गदेश लानुथियो । एउटा देश बचाउनका लागि ती तान्त्रिक आमालाई आफ्नो चमत्कार प्रदर्शन नगरी नहुने थियो । त्यसै हुनाले तिनले त्यहाँ एउटा मायानगरीको सृष्टि गर्न थालिन् ।

जादूगर्नी बुढियाले एक्लै अलिक पर गएर ध्यानमा बसी हातका विभिन्न मुद्रा देखाइन् । हेर्दाहेर्दै त्यस चौर वरिपरि परखालले घेरियो । पर्खालबाट भित्र पस्ने ठाउँको बाँयाँपट्टि सारथिलाई बस्न-सुत्न, घोडा बाँध्न र रथलाई ओतमा राख्ने समेतको एउटा घोडशाला तबेलाको निर्माण भयो ।

राजकुमारी शान्ताका निम्ति सबै सुविधासम्पन्न एउटा वस्त्रकुटी र आफू र आफ्ना सहयोगिनीहरूका निम्ति अर्को एउटा पटकुटी हेर्दाहेर्दै त्यहीं खडा भयो । तत्कालै अत्यन्त राम्रा गन्धर्व जोडीजस्ता किशोर किशोरी विनम्र भएर राजकुमारीका अगाडि अभिवादन गर्दै उभिए । तिनीहरू तिर इशारा गर्दै तान्त्रिक आमाले भनिन्-

"यी तपाईंका सेवक सेविका हुन् । तपाइँलाई म एउटा कूट (कोड) शब्द सिकाई दिन्छु । कुनै कुराको आवश्यकता पऱ्यो भने त्यसै शब्दको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनमनै उच्चारण गर्नू। यिनीहरू उत्निखेरै तपाइँका सेवामा उपस्थित हुन्छन्। यिनलाई अह्राउनू। यिनले तपाईँका सबै आवश्यकताहरू पूर्ण गरिदिन्छन्। जानुहोस्! यिनका पछि पछि। खानपीन गरेर आराम गर्नुहोस्।"

उनले शान्ताका कानमा एउटा कूट (कोड) शब्द सुटुक्क भनेर उनलाई विदा गरिन्।

राजकुमारी शान्ताका आश्चर्यको सीमा रहेन। मेरा यतिका वर्ष अरू अरू थोक पढ्दै खेर गए। पढ्नु र सिक्नु पर्ने विद्या त यो पो रहेछ, तन्त्रविद्या। अलिकति भए पनि यी तान्त्रिक आमासँग म यो विद्या सिक्छु सिक्छु। मनमनै यसो भन्दै शान्ता ती परिचारक जोडीका पछि पछि लागिन्।

"तान्त्रिक आमाको आज्ञा र इशारामा यहाँ सबैकाम हुन्छ। यहाँ लाई जे चाहिन्छ, निः सङ्कोच आज्ञा गर्नुहोस्। हामी सबैकुरा सेवामा हाजिर गर्छौं।" तिनलेभने

ती जादूगर्नी बुढिया त्यहाँ इच्छा र आवश्यकता अनुसार जे जे चाहिन्छ त्यही त्यही निर्माण गर्थिन्। जङ्गलको त्यो भित्री भाग हेर्दाहेर्दै एउटा सानो स्वच्छ र भव्य नगरका रूपमा परिणत भयो। त्यहाँ भौतिक सुख सुविधा र मनोरञ्जनका लागि चाहिने समस्त वस्तुहरू तयार भए।

शान्ता पटकुटीका अगाडि के पुगेकी थिइन्, त्यसको ढोका आफै खुल्यो। तिनी त्यसभित्र पसिन्। त्यहाँ विभिन्न किसिमका फेर्ने पोशाक थिए। राजकुमारीले आफना इच्छा अनुसार पोशाक छानेर कपडा बदलिन्। अनि उनलाई अनारको सर्वत खान मनलाग्यो।

त्यहाँ एउटा रित्तो गिलास घोप्ट्याएको थियो। तिनले गिलास उठाएर ठाडो गराइन्। उत्निखेरै त्यो गिलास अनारको सर्वतले भरियो। एक गिलास सर्वत सासै न फेरी तन्काइन्।

यसैगरी त्यहाँ एउटा पानीको धाराको टुटी झुण्डिएको थियो। के अचम्म! त्यहाँ हात लग्नासाथ पानी आफै खस्न थाल्यो। हात झिक्दा साथ धारा आफै बन्द भयो। पटकुटीको दक्षिणी पाखोमा एउटा आँखीझ्याल थियो। शान्ताले त्यो झ्याल उघारिन्। त्यसबाट उत्तिनैखेरि तातो ह्वावा आयो। कोठा रन्किदै गयो। एक त त्यसै गर्मीको महिना त्यसमाथि कोठा तात्ने! शान्ता आत्तिइन्। उनी पटकुटीको भित्तामा छामछामछुमछुम गर्न थालिन्। दक्षिणतर्फको आँखीझ्यालको ठीक सामुन्ने उत्तरतर्फ अर्को आँखीझ्याल थियो। शान्ताले त्यो आँखीझ्याल उघारिन्। अनि त हिमाली चिसो हावा त्यसका प्वालहरूबाट भित्र छिर्न थाल्यो। अब कोठा फेरि शीतल भयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक छिन पछि शान्तालाई भोक लाग्यो । उनले त्यहाँ घोप्टचाइ राखेको थाल सुल्टो पारिन् । एकछिन् पर्खिन् खै ! केही पनि आएन ? फेरि सोचिन्
"ओहो म पनि कति सुद्धि न भएकी ! केही चाहियो भने पो त्यही इच्छा अनुसारको खाने कुरो आउला ! नत्र त कसरी आउँछ ? मैले के खान खोजेकीछु ? भन्ने उसलाई के थाहा !"

शान्ताले पुलाउ तरकारी दही र आलू-परवरको कवाफ खाने इच्छा गरिन् । तत्काल त्यहाँ त्यही खाने कुरा टक्रियो । उनी इच्छा भोजन गर्न पाएर तृप्त भइन् । बिछौनामा जानुभन्दा पहिले एक गिलास दूध पिउने कामना गरिन् । गिलास के उठाएकी थिइन् । तत्कालै केशरी र पेस्ता मिश्रित ठिक्क मन तातो दूध उनका अगाडि आइपुग्यो । दूध खाएर उनी सुत्ने तरखरमा लागिन् ।

शान्ता अब पलङ्गमा गएर एकछिन पल्टिन् । साह्रै थकाइ लागेको थियो तिनलाई र शरीरपनि ठावैं ठाउँ दुखिरहेको थियो । केही बेर उनलाई निद्रा लागेन । आफना दरबारमा भएकी भए त सुसारेले गोडा र जिउमा तेल लगाएर मच मची मिचिदिने थिए । यहाँ के गर्नु !" मन मनै भनिन् ।

त्यै पनि बुढियाका प्रभावले कोही आउँछ कि । ती बुढियाले दिएको गोप्य शब्द उच्चारण गरिन् । तत्काल बाहिरका सेवकहरू मध्ये किशोरी चाहिँ तेल र रूमाल लिएर हाजिर भैहाली । उसले राजकुमारीका कपडा खोली । उनका अङ्ग प्रत्यङ्गमा मिचिमिची तेल मालिस गरिदिई । तेल घसिसके पछि शान्ताको जिउ रुमालले पुछिदिई । अनि रात्रि पोशाक लगाइदिई ।

राजकुमारी फेरि पलङमा गएर पल्टिन् । मालिस गराए पछि उनका शरीरलाई केही आराम मिलेको थियो । आइमाइको मुख न हेर्ने श्रृङ्गी ऋषि कस्ता होलान् ! माञ्छेका पनि सिङ् आउने कस्तो अचम्म ! जस्ता कल्पना गर्दै राजकुमारी क्रमशः निदाउन थालिन् ।

रातीमा पनि उनले श्रृङ्गीकै सपना देखिन् । उनैलाई सपनामै आफूले चाहे-चिताएका राजकुमारका रूपमा तिनले भेटिन् । यसैगरी शान्ता बिहान अबेर सम्म नै सुतिरहिन् राती सबैजना निदाएका थिए । मानिसमात्र होइन, समस्त जङ्गलनै मस्त निद्रामा सुतिरहेको थियो ।

तान्त्रिक आमा भने सहयोगिनीलाई झिटि-झाम्टा बोकाएर त्यहाँ नजीकैको श्मशानघाटमा गइन् । मत्स्य, मद्य, मांस, मुद्रा र मैथुन जस्ता पञ्च मकारादि उपकरणका साथ रात भरि वलि, हवन, पूजन, जपद्वारा आफ्नो साधना उपासना गर्दै रहिन् । सारा जङ्गल निदाउँदा पनि उनी जागा रहिन् ।

❁❁❁

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नवौं

उज्यालो भयो । तान्त्रिक आमा नित्यकर्म सकेर शान्ता भएको पटकुटीरमा आइन् । शान्ता मस्तसँग सुतिरहेकी थिइन् । उनी राजकुमारी ? भन्दै भित्र पसिन् । शान्ताको निद्रा उनको स्वर सुनेपछि मात्र खुल्यो । उनी सङ्कोचले हतारिदैं बिछौनाबाट उठिन् र बिहानी नमस्कार गरिन् ।

"हिजो दिनभरि थाकेकी राजकुमारीलाई आज बेसरी निद्रालागे छ । निदाउनु राम्रो हो । लः अब उठ्नु पर्छ ।"
"हो, गुरु आमा ! मैले त हिंजो टन्न खाएँ । साह्रै थाकेकी थिएँ । परिचारिकाले तेल लगाएर बेसरी मालिस गरिदिइन् । म त यति बेला सम्म पो सुतिछु ।" शान्ता यसो भन्दै आङ मर्काउँदै,हाईगर्दै उठिन् ।
"आज तपाईंले विभाण्डकको नन्दनआश्रम परिसरमा गएर ऋषि भए न भएको पत्तो लाएर आउनुस् । ऋषि रहेनछन् भने म गएर श्रृङ्गीलाई मोहित पारेर ल्याउँछु । विभाण्डक त्यहाँ भएको बेला उनलाई ल्याउन अप्ठेरो हुन्छ ।" उनले शान्तालाई भनिन् ।
तान्त्रिक बुढिया एकाएक आश्रम परिसरमा पस्दा तपस्वी विभाण्डकले थाहा पाएर उनको अनिष्ट पनि गर्न सक्थे । त्यसो हुनाले पहिले वरैबाट ऋषि त्यहाँ भए न भएको बुझ्रेर अनि मात्र उनी न भएको बेला पारेर श्रृङ्गीलाई ल्याउनुपर्ने थियो ।
ओछ्यानबाट उठेर शान्ताले छिटो-छिटो आफ्नो योग, व्यायाम, शौच, स्नान जस्ता नित्य कर्म गरिन् । अल्पाहार लिइन् । सिँगारपटार गरी सेतो सिताराबुट्टे लहँगा चोली लगाई तयार भै भोजन समेत गरि सकेर तान्त्रिक आमाका वस्त्रकुटीमा गइन् । उनीसँग विदा भएर शान्ताले विभाण्डक आश्रमको गोरेटो समातिन् ।

शान्ता गएपछि तान्त्रिक आमैले त्यस मधुवनलाई अझसुन्दर बनाइन् । तिनको उद्देश्य सांसारिक मोजमस्ती तथा भोगका भूलभुलैयामा श्रृङ्गीलाई जसरी पनि भुलाएर उनलाई अङ्गदेशलानु थियो । तिनले त्यहाँ खाद्य, पेय तथा मिठाई आदिले सजिएका छप्पन्न भोगका खण्डहरू सिर्जना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिन् । स्वर्गका अप्सराहरूलाई पनि माथ गर्ने कस्तै मै हुँ भन्ने पत्थर हृदयलाई पनि सहजै आफूतिर तान्न सक्ने खालका बैंशभुल्के नगरवधूहरू खडा गरिन् । हेर्दाहेर्दै श्रृङ्गीघाटदेखि मधुवनसम्म जल विहारका लागि एउटा नहर तयार भयो ।त्यहाँ रङ्गी विरङ्गी डुँगाहरू देखिए । एकै छिनमा ती वैंशालु नगरवधू डुगामा चढेर हास्दै ठठ्यौली गर्दै ओहोर दोहोर गर्न थाले ।

शान्ताले सबै कुरा बुझेर फर्केपछि म गएर श्रृङ्गीलाई मोहित पारेर नहर सम्म ल्याउँछु । यहाँ आए पछि यिनै नगरवधूहरूले डुगाँमा चढाएर जलविहार गराउँदै उनलाई मधुवन लान्छन् र भुलाएर राख्छन् भन्ने सोच थियो तान्त्रिक आमैको ।

यता शान्ता भने "विभाण्डक ऋषि भए न भएको पत्तो लाउनु मात्रै किन ? सके सम्म त मैले आफै श्रृङ्गीसँग भेटेर उनलाई अङ्गदेश जाने गराएँ भने पो मेरो पुरुषार्थ देखिएला ! एउटा योगी तपस्वी लाई कुनै उद्देश्य र आवश्यकताको बोध नगराई एकाएक तान्त्रिक विद्याको प्रयोगद्धारा मोहनी लगाएर अङ्‌देश पुऱ्याउनु र उनलाई जागा गराएर तिमीले अनुष्ठान गरेर पानी वर्षा गरिदेऊ, भन्नु कति उचित होला र ! उनले हामीले सोचे जस्तै काम गरिदेलान् ।

श्रृङ्गीलाई प्रत्यक्ष रूपमा यहीं आश्रममा भेटेर अनि प्रस्ताव राखेर छलफल गरेर मनाएर लान सके पो बुद्धिमानी होला ! अरू कुराबाट केही सीप न लाग्दाको अवस्थामा उनलाई छलबल गरेर भए पनि मोहित पारेर लैजानु उचित हो । यसका लागि पहिले मैले प्रयास गरिहेर्छु ।" उनले मनमनै यही सोच बनाइन् ।

केही पर पुगेपछि त्यो गोरेटो जङ्गल भित्र पस्दथ्यो । उनले पनि त्यही गोरेटो पछ्याउँदै भित्र पस्ने विचार गरिन् । एकपाइला मात्र भित्र के छिरेकी थिइन्, जङ्गलका जनावर एकै स्वरमा कराउदैं शान्ता भए तिर हूल बाँधेर आउन थाले । शान्ता डरले हाइतोबा भइन् । उनी तत्काल बाहिर आइन् । उनलाई बाहिर लखेटेपछि सबै जनावरहरू जसरी आएका थिए उसरीनै फर्के । यो चमत्कार ऋषि विभाण्डककै थियो । यिनको पनि आफ्नो तपोबलको प्रभाव कम थिएन ।

शान्ता उही पाइलो फर्केर तान्त्रिक आमा भएका ठाउमा दगुर्दै पुगिन् । साँस पनि न फेरी आत्तिदैं उनीसँग भन्न थालिन्-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"आमा ! मैले जङ्गलभित्र पाइलामात्रै के टेकेकी थिएँ, त्यस वनका सारा जनावर एक स्वरले कराउदैं म तिरै ओहिरिएर आउन थाले । अब एकै गास पार्ने भए भनेर मेरो त सातो-पुत्लो उड्यो । अनि म भागेर आएँ ।"

"एः मैले बुझें । विभाण्डक ऋषिले अरू कोही यस परिसरमा न पसोस् भनेर त्यहाँ वरिपरि सर्स्युं छरिदिएका होलान् । लः हिड्नुहोस् म सँग । म यसको उपाय गर्छु ।" तान्त्रिक बुढिया अघिँ लागिन् ।

अब उनका पछि लागेर शान्ता फेरि त्यही बाटो गइन् । जङ्गलका मुखमा के पुगेकी थिइन्, नभन्दै त्यहाँ सर्स्युंका गेडा छरिएको देखिन् । उनले तत्काल आफूले ल्याएको विभूत छरिन् । अनि शान्तालाई भित्र पठाइन् । अब भने न कुनै जानवर करायो । न त उनलाई कुनै पशुनै लखेट्न आयो ।

शान्ता केही भय, केही उत्सुकता र केही सतर्कता साथ त्यसै बाटोमा गोरेटिदैं गइन् । अलिक पर एउटा कमल पोखरी देखियो । त्यसका अगाडि पर्णकुटी । हिड्न सजिलोको लागि शान्ता दुवै हातले सारी केही उचाल्दै बिस्तारै बिस्तारै सर्किन थालिन् । आश्रममा विभाण्डक छन् छैनन् ! भन्ने कुरा सोधपुछ गर्न तथा जान्नका निम्ति न त त्यहाँ कुनै मानिसै भेटियो । न त कसैले तिनलाई यता आश्रम तिर न आउनू नै भने ।

आफ्नो गन्तव्यमा अवरोध न भएकाले उनी पर्णकुटी नजिकै पुगिन् । मुण्टो तानितानी यता उति चारै तिर हेरिन् । त्यहाँ कोही थिएन । हातमा लगाएका चुरा र गोडाका पाउजेबको स्वर पनि न निस्कने गरी बिरालाका चालले ती राजकुमारी बिस्तारै कुटी तिर लागिन् । कुनै आइमाइ आश्रमतिर गइ भने पेट बोक्छे, भन्ने दाउरेनी कुरा उनी घरी घरी संझिने गर्थिन् । अनि कतै मैले पनि पेट बोक्ने त होइन ! भन्ने डर पनि भित्र भित्रै लाग्थ्यो उनलाई । अनि रहि-रही तिनी आशङ्काले आफ्नो पेट छामिरहन्थिन् ।

राजकुमारी क्रमशः आँगनमा पुगिन् । त्यहाँ पनि कोही मानिस देखिएन । उनी नजिकैको गोशाला तिर गइन् । त्यहाँ न गाई थिए न दाम्ला । मात्र गाइका बाछा बाछी केही उफ्रने, केही मन्द्राउने केही दुभो चर्ने त केही छायामा सुस्ताएका देखिन्थे ।

विभाण्डक ऋषिका प्रभावले त्यस आश्रमका दुहुना लैनी गाई बिहान आफै वन जान्थे । साँझ आफै बाछा बाछिलाई दूध खुवाउन वनबाट गोठमा फर्किन्थे । दूध न दिने गाइहरू भने रातदिन निर्धक्क

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वनमै चर्दथे । महर्षिका प्रभावले त्यस क्षेत्रमा परस्पर विरोधी पशुहरू पनि मैत्रीभावमा थिए । त्यहाँ पनि मानिसको सन्ध-गन्ध नपाएर शान्ता फेरि कुटीतिरै आइन् । उनले अलिवरैबाट देखिन् ।

आँगनमा टाँगेको उभ्फिण्डोमा एकजोर लँगोटी सुकाएको थियो । शान्ताले त्यो देखेर मनमनै विचार गरिन् - एउटामात्र लँगोटी सुकाइनुको अर्थ अहिले यहाँ कुटियामा कोही एकजना मात्र ऋषि बस्दछन् । ती पनि श्रृङ्गीनै हुन सक्छन् । किन भने महिलाको मुख देखिन्छ भनेर तिनी बाहिर जादैंनन् । यहीं मात्र बसिरहन्छन् । शान्तालाई उनको यस ठम्याइले अलि ढाडस मिल्यो । ऋषिश्रृङ्गी त्यसै कुटिया भित्र हुनु पर्दछ भनेर उनी फेरि पर्णकुटीकै आगनमा आएर ढोका निर उभिइन् । अनि विस्तारै भनिन् - "हरिः ॐ... ! भित्र को हुनुहुन्छ होला ?"

केही उत्तर आएन । उनले स्वरअलिक टाठो गरेरफेरि त्यसै भनिन् । फेरि पनि केही उत्तर आएन । अनि शान्ता डराई डराई आफै भित्र पस्ने सुरले पर्णशालाको ओसारी उक्लिन् । उनले सामुन्नेमै केहीपर देखिन् -

एउटा सिंग भएको व्यक्ति पद्मासन कसेर बसेको छ । गोरो, गुलाफी अनुहार, शिरदेखि पाउसम्म भस्मले नुहाएको जस्तो शरीर, निधार पखुरा छाती र दुवै नारीमा खरानीकै त्रिपुण्ड्र, कान-कानसम्म आउने घुँघुँरे कपाल, चिम्लिएका दुवै आँखा, तेर्सो धनुजस्तै तेर्सिएको ओँठ, कैला, सुनौला र पलौटे दाह्री-जुंगा ! सबै भन्दा महत्वपूर्ण कुरा त कपालको माझमा हरिणका जस्तो एउटा सिंग ! त्यसै सींगले गर्दा नै उनले यी ध्यानावस्थ तपस्वी व्यक्ति श्रृङ्गी नै हुन् भनेर चिनिहालिन् ।

पहिले उनको कल्पनाका श्रृङ्गीमा तिनको कपालको सिंग अलि न सुहाउँदो देखिन्छ होला ! जस्तो लागेको थियो । तर अहिले प्रत्यक्ष देख्दाका वास्तविक श्रृङ्गीमा उनलाई त्यो सिंग कत्ति पनि न सुहाउँदो र अस्वाभाविक लागेन । वरु जटाजूटले सुशोभित साक्षात् भगवान् शङ्करको झझल्को दिन्थ्यो श्रृङ्गीको सिंगले । यसरी वामदेव जस्ता देखिन् उनले श्रृङ्गीलाई, साक्षात् कामदेवजस्ता देखिन् ।

शान्त र एकान्त स्थानमा ध्यानमा बसेका युवा श्रृङ्गीको स्वरूप देख्दा उनलाई अति आनन्द आयो । एउटी उमेर पुगेकी युवतीका लागि यस्तो जल्दो बल्दो, राम्रो, तेजिलो युवा व्यक्तिलाई एकान्तमा यसरी हेरिरहने सुनौलो अवसर कहाँ पाइन्छ र ? जीवनका यस पहिलो अवसरको सके सम्म सदुपयोग गर्न चाहन्थिन् उनी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिर्खाले आत्तिएको व्यक्तिले सासै न फेरी न बिसाई एकै पल्टमा एक आम्खोरा पानी घट घटी तन्काए जस्तै उनले श्रृङ्गीको मुहारलाई एकपल्ट पनि परेला झिमिक्क सम्म नगरी आखाँले तन्काइ दिइन् ।

गाई-गोरुले कतै मीठो घाँस भेटाए भने त्यसलाई पहिलो पल्ट छिटो - छिटो हसुर्छन् । अनि फेरि त्यसैलाई दोहोऱ्याइ तेहोऱ्याइ पागुर लाउँछन् । जति जति पागुर लाउँदै जान्छन्, उति उति तिनीहरुलाई त्यो घासको स्वाद पहिलेका भन्दा पनि बढी मिठासिलो हुन्छ । ती युवा ऋषिको अनुहार पनि एक पल्ट सर्र हेरेर मात्र पुगेको थिएन तिनलाई । बारम्बार हेर्न चाहन्थिन् उनी ।

पहिले सिँग, अनि निधार, अनि आँखि भौं, त्यसपछि आँखा, अनि गाला, अनि ओँठ, अनि चिउँडोको हृदयाह्लादक सौन्दर्यलाई क्रमशः एकएक गरेर कित्ता कित्ता गरी फुटकरमा हेरेपछि पनि उनले फेरि समग्रमा उनको मुहार हेरिन् । खुद्रामा मात्तै होइन, थोकमा पनि उनको अनुहार हेरिन् । यसरी निरन्तर हेर्दा हेर्दै उनी लठ्ठिइन् । तिनका रूपको मादकतामा लठ्ठिएकी पठ्ठी शान्ता मनमनै भन्थिन् -

"किन यसरी मन परेको होला मलाई यो लट्टे ! यो एक सिँगे, जगल्टे ...!"

एकपल्ट फेरि उनका आँखा क्रमशः सिँगबाट निधारमा, निधारबाट गालामा, गालाबाट चुच्चिदैं गएको चिउँडोमा, चिउँडोबाट शङ्खाकार घाँटीमा, घाँटीबाट फराकिलो छातीमा, छातीबाट दुवै मांसल पाखुरामा, पाखुराबाट पेटमा, पेटबाट नाइटोमा र नाइटोबाट कम्मर तिर चिप्लेंटी खेल्दै ओर्लिदैं गरे ।

एकछिन पछि फेरि उनी आँखै झिमिक्क नगरी एकटक उनैलाई हेरेको हेऱ्यै भइन् । जति खाए पनि अमृतले तृप्त न भए जस्तै श्रृङ्गीको मुहार जति हेरेपनि तिनी अघाइनन् । तिनलाई उनका जोडी आँखाले मात्र हेर्नपुगेको थिएन । त्यतिखेर सहस्राक्ष इन्द्रका झैं हजार आँखा चाहिएका थिए हेर्न उनलाई ।

श्रृङ्गीले वस्त्रका नाउँमा मात्र एउटा कौपीन लगाएका थिए । यिनी नाङ्गा बुङ्गा र बेसरी खरानी दलेर फुस्रे धुस्रे भएको शरीर हुदाँ त यति राम्रा छन् भने यिनी राम्रा पोशाक लगाएर ठाँटिन पाउँदा अझ कति राम्रा हुनेथिए होलान् ! क्षत्रियकुलमा राजकुमार भएर जन्मिनुपर्ने मान्छे कहाँबाट जोगी-जलन्तरीका छोरा भएर जन्मिन आइपुगे छन् ! तिनलाई हेरेर भन्थिन् शान्ता ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तान्त्रिक आमाले आश्रममा विभाण्डक ऋषि भए न भएको बुझेरमात्र आउनू भनेर यिनलाइ पठाएकीहुन् । विभाण्डक त रहेनछन् । फेरि कतिखेर आउने हुन् । यसै बेलाको सदुपयोग गरेर कतै मैले यिनलाई फकाउन सकें भने त कुचाको काम हावाले नै गरेजस्तो हुने थियो । यस्तो बिचार गरी शान्ताले ती तपसी श्रृङ्गीलाई समाधिबाट बिस्तारै जगाउने उपाय गर्न लागिन् ।

बाहिर छानाको बलेंसीमा घुसारेको एउटा मजुरको पङ्ख ल्याएर उनले बिस्तारै श्रृङ्गीका गाला, नाक, पाखुरा, काँध, पिठ्यूँ र सिँगमा छुवाइन् । तर ती युवा ऋषिमा त्यसको केही असर भएन । अनि आफ्नै हातका स्निग्ध औंलाहरूले तिनका अङ्ग प्रत्यङ्गमा कोमल स्पर्श गरिन् त्यसले पनि उनलाई छोएन । दुइटै हातका चुरा बजाइन् तर उनले सुनेनन् । खुट्टाका घुँघुँरे पाउजेब घन्काइन् तर केही उपाय लागेन ।

"एः ? एः ? एः ? आखाँ खोल न ! कति मात्र तिमीलाई म हेरिरहुँ ? तिमीपनि मलाई एक झलक हेर न ! म मात्र कति एक्लै बोलिरहुँ ? बहुलाही झैं फतफताइरहुँ ? तिमीपनि म सँग केही बोल न ...! केही भन न... ! बरु मलाई तिमीले मेरो ध्यानमा किन विघ्न पारिस् ? भन्दै गाली गरे पनि हुन्छ ।"

ढुङ्गो बोलोस् न श्रृङ्गी ! शान्ताका सारा प्रयास विफल भए । जबरजस्ती तपोभङ्ग गरिदिने भए त यसका लागि तिनीसँग अरूपनि उपाय थिए होलान् । शान्ताको त्यो उद्देश्य थिएन । यिनको तपोभङ्ग गरिदिनु भएन । यसो गर्दा कतै सराप दिन्छन् कि ? भन्ने डर उस्तै थियो । उनले यिनलाई विस्तारै समाधिबाट जगाउनु थियो । आफ्ना देशको समस्या उनका सामू राखेर तिनलाई सहमतिमा ल्याउनु थियो । सकभर तन्तर-मन्तर न गरिकनै उनलाई अङ्ग देश पुऱ्याउनु थियो । यहाँ त ऋषिकुमार नै समाधिबाट जाग्ने छाँट छैन । क्या फसाद !

शान्ता नृत्य र गायन विद्यामा पनि निपुण थिइन् । कन्यागुरुकुलमा अध्ययन गर्दा उनी नृत्य तथा गायन प्रतियोगितामा अव्वल हुने गर्थिन् । उनलाई लाग्यो, अब म नृत्य गर्छु । यसका ताल लय र नूपुर वाद्यका ध्वनि निरन्तर कानमा पर्दा यिनी अवश्य जाग्छन् । म यिनलाई जगाउँछु । जगाइ छाड्छु । यो नै अन्तिम उपाय हो ।

शान्ता अब उनका अगाडि शास्त्रीय नृत्यको अभिनय गर्न थालिन् । निषाद, ऋषभ गान्धार षड्ज मध्यम धैवत र पञ्चम रागहरू शब्दका साथ आवश्यकता अनुसार मुखरित हुनथाले । खुट्टामा लगाएका छन्-छन् बज्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाउजेब र छिन्-छिन् बज्ने हातका चुरा सँगैं उनका हात, गोडा, नाभि र कम्मर जस्ता अङ्ग अङ्ग थर्किन थाले ।

न श्रृङ्गीले समाधि छोड्नु ! न शान्ताले नृत्य ! त्यहाँ यी दुवै बीच पो प्रतियोगिता भए जस्तो देखियो । यसरी निरन्तर नृत्यगर्दा र गाउँदा उनको स्याँ`` स्याँ``बढ्यो । शरीर पसिनै पसिनाले नुहाएजस्तो भयो । लगाएको सारी-चोली पनि निथ्रुक्कै भएर भिज्यो । आँखा, मुख र गाला सबै रगत चुहिएला झैं राता भए ।

शान्ता नाचिन्, अति नाचिन्, खुपै नाचिन् र बेसरी नाचिन् । उनी बेतोड सँग रिङ्दा उनका साथै धरती, आकाश, लता, वृक्ष, त्यही कुटिया र त्यहाँ भएका सबै चिजबिज समेत फनफनी नाचेको अनुभूति हुन थाल्यो उनलाई ।

शान्तालाई अब बेसरी रिँगायो । तैपनि उनले नाच्न छोडिनन् नाच्दा नाच्दै उनलाई धङ्धडी लाग्यो । तैपनि उनी नाच्न छाडिनन् । वनमा हर्लक्क बढेको सल्लाको रूख आँधी-बेहरीले ढलेजस्तै गरी आमा...! भनेर चिच्याउँदै डङ्लङ्ग पछारिइन् । जिउभुइँमा थेचारियो । टाउको तिनै श्रृङ्गी ऋषिका काखमा बजारियो ।

बल्ल पो ती युवा ऋषिको पलक उघ्र्यो । समाधि खुल्यो । उनले आफ्नो काखमा टाउको राखेर भुइँमा लमतन्नै पल्टिएको एउटा व्यक्ति देखे । पसिनाले निथ्रुक्क भिजेर छालामै टाँसिएका कपडा, भुईंमा पछारिदाँ झ्याम-झुरुम्मै फुटेर यत्र तत्र छरिएका हातका चुरा, बिहोस बिचेत भएर जता पल्टायो उतै पल्टिने भएको शरीर, जुरो गुजुल्टो न पारी त्यसै खुला छोडिएको कपाल !

त्यो विचित्रको अपरिचित व्यक्तिलाई देखेर यो को मानिस होला ! भन्दै विस्तारै त्यसको टाउको उठाएर भुइँमा राखिदिए । आइमाइको मुखै न देखेका ती श्रृङ्गी ऋषिलाई देख्दा त्यो स्त्री व्यक्ति महिला हो भन्ने त सन्ध-गन्धै भएन । शान्तालाई तिनले त्यतिखेर कुनै अन्तै देशबाट आएको आफूजस्तै साधु जोगी भन्ने ठानेका थिए ।
जाल-झेल छल-छाम रीस-डाह र लोभ-छुच्याइँ समेत कत्ति पनि न भएका ऋषि मुनिहरू स्वभावैले दयालु र परोपकारी हुन्छन् । ती युवा ऋषि पनि अत्यन्त दयालु थिए ।

मानिस जन्मले देउतै जमिन्छ । उसलाई सांसारिक माया जञ्जालले लोभी, क्रोधी र निष्ठुर बनाई दिन्छ । सांसारिक व्यवहार न गरेका र माया

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जञ्जालमा न फसेका ती तपसी युवा ऋषि त झन् गौ प्राणी जस्ता सोझा सिधा थिए ।
को होलान् यिनी ? कहाँबाट आएका होलान् ? यस देशका त होइनन् यिनी ! कतै अन्तै देशबाट आएका होलान् । यस्तो साधु तपसी त अहिले सम्म यहाँ कोही पनि आएको थिएन । बा सँग केही कुरा सोध्न कतै टाढैबाट यिनी आएको जस्तो छ ।

"ए जोगी ? जोगी ? एः ? ए बिराना मुलुकका साधु ? को हौ तिमी ? कहाँबाट आयौ ?
खै त केही हल चलै छैन ।" उनले शान्ताको जिउ हल्लाउँदै भने ।
"यस्तो गर्मी छ । त्यसैले अचेत भएका होलान् यिनी ! यो गर्मीमा पनि यिनलाई कुर्कुच्चा सम्म आउने मेखलो किन भिर्नु परेको होला ! हिमालयका जोगी होलान् ! त्यसै भएर यस्तो लगाएका होलान् ! बाले हिमालयका साधुहरू चिसोबाट बच्न गादोपार्ने र लामो मेखला लगाउने गर्छन् भन्नुहुन्थ्यो । यिनी पनि हिउँपर्ने ठाउँका किराती जोगी हुन् क्यार ! त्यसै हुनाले यहाँको उत्पात गर्मीले गर्दा यिनी अचेत बिचेत भएर लडेछन् । कतिटाढाबाट आएका हुन् कोनि ! यिनका सबै लुगा खोलिदिए पो यिनलाई अलि शीतल होला र बल्ल यिनको होस आउला !

ती ऋषिले एक एक गरेर पसिनाले लथपथ भएर जिउमै टाँसिएका शान्ताका कपडा खोल्दै भुईमा राख्दै गर्न थाले । पहिले तिनले उनको सारी-चोली खोलि दिए । साधु माञ्छेले पनि यस्ता झाँगा-झोली भिर्ने हो ! त्यसै भएर त यिनलाई बढी गर्मी भएको छ ! भन्दै उनले शान्ताले लगाएको चोली मात्र होइन, सारी पनि खोलिदिए । पछि तिनलाई गुटमुट्याएर एकातिर राखिदिए ।
"होइन भन्या ! कस्तो साधु हो यो ? न छातीमा जनै छ, न घाँटीमा रुद्राक्ष छ, न जिउमा खरानी घसेको छ ? न निधार, पाखुरा, छातीमा बिभूति लगाएको छ । न कान्धानी न लगौंटी ! हेर्दा मेरै उमेरको देखिन्छ । मेरा त जुँगा दाह्री आइसके । यसका त यो लक्का उमेरमा पनि दाह्री आउनु त परै छ, जुँगाका रेखी सम्म पनि बसेका छैनन् !" श्रृङ्गी तीन छक्क खाए । फेरि सम्झे-

"बाले किरात र यक्षहरूका दाह्री जुँगा हुदैंनन् । कुनै साधुका त नाक पनि डाँडी-हाड न भएका चेप्टा थेप्चा साँस फेर्नेप्वाल मात्र भएका हुन्छन् भन्नुहुन्थ्यो ! न कतै यो साधु पनि तिनै मध्येको पऱ्यो कि ? हुन त मेरोपनि टाउकोमा एउटा सीङ छ । सीङ भएको मजस्तो अरू कुनै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानिस मैले अझसम्म देखेको छैन । त्यसै हुनाले यसको शरीरको बनोट पनि मेरो भन्दा फरक छ । यस्तो मानिस मैले आज पहिलो पल्ट देखें ।"

परदेश लाग्दा एकजोर जनै र कौपीन छुट्टै लानु पर्छ भन्नुहुन्छ बाले । कतै आफूले लगाइरहेको जनै छिँड्यो, खस्यो वा हरायो भने र त्यसै गरी कौपीन पनि फाट्यो, च्यातियो वा सुकाएकै ठाउँबाट आफैले उठाउन बिर्सियो भने पनि उत्निखेरै अर्को फेर्न काम लाग्छ । यी हुस्सूले पनि आफ्नो जनै कतै खसाले होलान् ! कौपीन पनि कि बिर्से होलान् ! कि त सुकाएर उठाउँदा काँडा साँडामा अल्झेर च्यातियो होला ! पहिले त यिनी साधुलाई जनै कौपीन नै लगाइदिनु पऱ्यो ।"

तपस्वी श्रृङ्गीले एउटा नया जनै र लँगोटी ल्याएर शान्तालाई फेराइ दिए । "यस्तो पसीना आएको छ । शरीरमा भस्म दलेका भए त पसिना सोख्ने थियो नि ! बाटोमा खरानी पनि दल्न भ्याएनन् होला नि यी हत्पतेले ! खोई ? म नै दलि दिन्छु यिनका जिउमा !"

नजिकै अग्निकुण्ड थियो । त्यहीं बाट खरानी झिकेर उनले शान्ताको शरीरभरि दल्नथाले । अब उनको ध्यान फेरि शान्ताको उठेको छाती तिर पुग्यो । उनले आत्तिदैं भने–
"मैले त ख्यालै नगरेको ! भुईंमा पछारिदाँ यी जोगीका त दुवै छाती पो सुनिए छन् । शिव ! शिव ! दुवै तिर वज्रिएर रगत बाझिएको रहेछ । खै ? यहाँ त केही ओखती मूलो पनि छैन । के पो लगाइदिनु । यसबारे धेरै कुरा त बालाई पो थाहा थियो । उहाँ पनि हुनहुन्न ।
"उनी एकै छिन के गर्ने होला ? भनेर घोरिए अनि संझे । एः त्यहाँ अलिकति तेल र बेसार त छ नि ? काटे-बज्रेको ठाउँमा चराको प्वाँखले बिस्तारो त्यही लगाई दिनुपऱ्यो ।"

ती युवा ऋषिले अलिकति तेलमा बेसारको धूलो मिसाएर शान्ताका छाती र अघि भुईंमा लड्दा चुराले काटेका घाउमा र बज्रे फुटेका ठाउँमा प्वाँखले र अन्त कमलो हातले सबै तिर दलिदिए । त्यसै त शान्ताको कमलो र चिल्लो शरीर, त्यस माथि झन् तेल बेसार दल्न लाग्दा त ती ऋषिका औंलाहरू तिनका अङ्गहरूमा आफै सलबलाउँदै तल माथि चिप्लेंटी खेल्न थाले । उनले शान्ताका दुवै हात र हत्केला पनि मुसार्न भ्याए । अहा ! कति चिल्ला, कति कमला यी हात ! कमलका पात जस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"यो जोगी आफ्ना आश्रममा काम नगरी बसी खाने मध्येको अल्छी रहेछ क्या रे ! नत्र काम धाम गर्नेका हात त माडिदा मिचिदाँ खस्रो दह्रो पो हुन्छ ।" उनले मनमनै भने ।

यति गरिसके पछि अब उनी शान्तालाई जगाउन थाले - ए : जोगी भाइ ? उठ त ! उठ ! एक चोटि मलाई हेर त ?"

शान्ता होसमा थिइनन् । उनी आखाँ चिम्लेको चिम्लिएकै थिइन् । उनको परेला उघ्रेन ।

अघिँ शान्ताले ऋषिलाई जगाउन मरि हत्ते गर्दापनि ऋषि जागेका थिएनन् । अहिले ऋषि शान्तालाई बिउँत्याउन मरिहत्ते गर्दैछन् तर उनी बिउँतेकी छैनन् । कहिले शासूको पालो कहिले बुहारीको पालो ! यो त पालाको पैंचो जस्तो पो भयो ! साटो फेरेको जस्तो ! ऋषिको दृष्टि अनि अलिपर रहेको कमण्डलूमा पऱ्यो ।

"अब कमण्डलूका पानीले बेसरी मुखमा छपछपी छ्यापिदिनु पऱ्यो । अनि पो जाग्लान् यिनी !" उनले नया उपाय सोचे ।

श्रृङ्गी ऋषिले कमण्डलू बायाँ हातमा लिए । त्यसबाट दाहिने हातमा जल खसाल्दै केही मन्त्र पढ्दै शान्ताका मुखमा छ्याप्न थाले । तीन चार पल्ट छ्याप् छ्याप् पानी छ्यापे पछि शान्ताले विस्तारै आखाँ खोलिन् । अनि बिउँझिइन् ।

शान्ता जुरूक्क उठिन् । उनले आफ्नो सर्वाङ्ग नाङ्गो शरीर देखिन् । उनी आत्तिइन् ।

"लौ अनर्थ भयो । यस जगल्टेले मलाई नङ्ग्यायो । मलाई त केही होसै छैन । यसले मलाई के के गऱ्यो ! के के ! ती दाउरेनी दिदीले त भन्थिन् नि ! मैले पत्याइन ! त्यसै भएर त तान्त्रिक आमाले आफू न आएर मलाई पठाएकी रहिछन् ।"

मलाई यस जगल्टेले पेट त बोकाएन ? उनले फेरि आफ्नो पेट छामिन् । त्यहाँ भुईंमा छरिएको आफ्नो सारी चोली टपक्क टिप्दै बटुल्दै अलिपर एउटा कुना तिर कच्याक कुचुक्क परेर आफू खुम्चिदैं, गट्टुमुटिदैं बसिन् । रीसले आँखा तर्दै श्रृङ्गीलाइ भनिन्-

"हेर असतीको चाला ! पापी ! लाज पनि छैन ? किन मेरो लुगा खोलिदिएको ?"

"ए : साधु ? मलाई पापी किन भन्छौ ? तिम्रो शरीर पसिनाले लथ पथ भएको थियो । लुगा पनि सबै भिजेर आङमा टाँसिएका थिए । मैले त लुगा फुकालिदिए पछि तिमीलाई अलि शीतल होला भनेर पो खोलि दिएको हो !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

झन् शरीरको पसिना सोस्न भनेर विभूति पनि दलिदिएँ । घाउमा र काटे-सुन्निएको ठाउँमा तेल-बेसार समेत लगाइदिएँ । जिउमा जनै र कौपीन पनि थिएन । त्यो पनि नयाँ खोजेर लगाइदिएँ । आफ्नो उपकार गर्ने यस्तो उपकारीलाई पनि पापी भन्न हुञ्छ ? के भएका तिमी त ?

फेरि तिमीले लाज पनि छैन ! भन्छौ । लाज भनेको के हो ? कस्तो हुञ्छ त्यो ? कहाँ पाइञ्छ ? के गर्छ त्यसले ? मलाई त केही थाहा छैन । यहाँ त लाज साज केही छैन । लाज भन्ने असल कुरा हो र तिमी सँग लाज छ भने अलिकति तिम्रो लाज मलाई पनि देऊ ? नत्र त्यो कहाँ पाइन्छ ? कस्तो हुञ्छ भन ? म ल्याई दिन्छु, तर म सँग यसरी न रिसाऊ ।"

सांसारिक विकृति न भएका स्वच्छ, शुद्ध देउता जस्ता साना साना अजान नानीहरूलाई नाङ्गै बुङ्गै देख्दा के हामीलाई वा तिनीलाई लाज हुन्छ र ? के एक्लै भएका बेला आफनो उदाङ्गो शरीर देख्दा हामीलाई लाज हुन्छ ? एक्लै त हामी आफै पनि नाङ्गै बुङ्गै हुञ्छौं नि ! तैपनि लाज भनेको विषम लिङ्गी र विषम प्रकृति भएका व्यक्तिका सामू हुने कुरा हो । एउटा जड्याहाले अर्को जड्याहालाई देख्दा एउटा चोरले अर्को चोरलाई देख्दा लाज मान्दैन । तर जड्याहाले जाँड नखाने सज्जन व्यक्ति देख्यो भने लाज वा सङ्कोच मान्दछ । त्यस्तै एउटा चोरले साधु व्यक्तिलाई देख्दा लाज मान्छ ।

लाज भन्ने कुरा त वस्तुमा हुदैंन । त्यो त व्यक्तिलाई हेर्ने मनुष्यको विकृत दृष्टिमा हुन्छ । फोहोरी मनमा हुञ्छ । त्यै पनि शान्ताले लजाउनु पो के थियो र ? हत्तपत्ति आँखै न उघ्रिने गरी समाधिमा बस्ने गरेका, आइमाइनै न चिन्ने श्रृङ्गी ऋषिका अगाडि । शान्तालाई यो कुरा बल्ल थाहा भयो । अनि उनी शान्त भइन् ।

"किन यसरी मेरो शरीर भरि खरानी तेल र बेसार पोतिदिएको ? मेरो लुगा बिग्र्यो कि बिग्रेन ? के भन्लान् मलाई देख्ने मानिसले ! म कसरी फर्कने यस्ता लुगा लगाएर ?" उनले श्रृङ्गीतिर हेर्दै भनिन् ।

"पहिले आफ्नो छातीमा हेर न ? कति सुन्निएको छ,नीलडाम परेको छ । दुवै हातमा हेर काटिएर कति घाउ लागेको छ । त्यसै भएर त्यसमा तेल बेसार फेटेर लगाई दिएको नि !

"अरू त केही गरेनौ ?" उनले सोधिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"के गर्नु अरू ! तिम्रो होस खुलेन । अनि मैले मन्त्र पढ्दै कमण्डलूको पानी तीन पल्ट छ्यापिदिएँ । तिमी जाग्यौ !" सरल तरीकाले उनले भने । शान्ताले सन्तोषको साँस फेरिन् ।

उनलाई लाग्यो-आजन्म नारी जातिलाई न देखेका र स्त्रीपुरुषमा भेद छुट्याउन नसक्ने यिनी निस्छल, निस्पृह, शान्त र एकान्त तपस्वी माथि मैले व्यर्थै शङ्का गरें ! यिनले म महिलालाई पनि पुरुष ठानेर पवित्र व्यवहार गर्दैछन् भने म आफू महिला हुनुको एकाङ्गी दम्भको भारी बोकेर यिनीसँग व्यर्थै डराउने र सतर्क हुने गरेर आफ्नो मनलाई आफै कष्ट दिइरहेकी छु ।

मलाई यिनी साधु संझेर पुरुष मित्रसमान व्यवहार गर्दैछन्, मैले भने यसको ठीक उल्टो आफूलाई कुमारी महिलाका रूपमा उभ्याएकी छु । यिनले मलाई पुरुष चिन्दैछन् यिनलाई म आफू महिला हुँ भनेर चिनाउँदै छु । यिनलाई अविवाहित युवा पुरुष जानेर न जानिदों रूपमा यी प्रति खिचिदैं छु । मेरो अस्वीकार भित्र न जानिदो स्वीकार छ । मेरो नकारात्मक व्यवहारमा पनि कता कता सकारात्मकता छ । मेरो नास्ति भित्र पनि लुकेको अस्ति छ । मैले अनाहक यस पवित्र आत्मालाई पापी भने । उर्वशीले यिनका पिताको तपोभङ्ग गरेकी थिइन् । मैले कहिल्यै महिलाको मुख न हेर्ने भनेर बसेका यी तपस्वीको प्रतिज्ञा भङ्ग गरें । अपराधबोध त मैले पो गर्नुपर्ने हो । जे हुनु भै गो ! जे भए पनि मैले यो कार्य देशको रक्षा र जनताको सेवाका लागि गरेकी छु । एकान्तमा एक्लै साधना गरेर आफ्नो मात्र मुक्ति चाहने एउटा योगी तपस्वी भन्दा आफ्नू राष्ट्र वा समाजका हजारौं लाखौं व्यक्ति एवं प्राणीहरूलाई तिनका दुःख-कष्टबाट मुक्त गर्ने सेवाधर्मीको कम मूल्य छैन । *सेवाधर्मः परमगहनो योगिनामप्यगम्यः ।*

अब मैले यिनका सामू आफूलाई पूर्णरूपमा पुरुषमित्र मानेर व्यवहार गर्नु पर्दछ । आफू आएको उद्देश्य सफल पार्नुपर्दछ ।

"एः साधो ? के मौन व्रत लिए झैं एक्लै धुमधुम्ती बसिराको ? यहाँ आऊ ! मेरो नजिकै बस ! बाघले गाईलाई झम्टेजस्तै तिमीलाई मैले झम्टिन्न ! फेरि यहाँ त मेरो बाको योग र तपस्याको प्रभावले गर्दा बाघले यहाँका गाई बाख्रा आदिलाई झम्टिने खाने गर्दैन । गाई र बाघ यहाँ एउटै घाटमा पानी खान्छन् ।"

"त्यसो भए यहाँका बाघले घाँस खान्छन् होला ! होइन ?" शान्ताले बल्ल प्रसङ्ग फेरेर बक्के फुटाउने निउँ पाइन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

“बाघले यस नन्दनवनको आश्रम परिसरमा रहने पशु र मान्छे मारेर खादैंन । अन्त त खाइहाल्छ नि !” उनले उत्तर दिए ।

श्रृङ्गीले शान्ताको हातसमाएर तान्दै नजिकै ल्याए । शान्ताको मुटु ढुक ढुक गर्न थाल्यो । पहिलो पल्टको युवा-स्पर्शले उनमा भय सङ्कोच र भित्रभित्रै काउकुती लागे जस्तो अनुभव भयो । तथापि उनलाई ती युवा तपसीले पुरूष संझेकाले उनले सबै सहनु पर्दथ्यो । अब शान्ता निडर र निःशङ्क जस्तै भएर ती युवा तपस्वी सँग नजिकिदैं बसिन् ।

“अब भन ! को हौ तिमी ? कहाँबाट आयौ ? यत्रो लक्का जवान भै सक्दा पनि तिम्रा दाह्री जुँगा छैनन् । किराती साधु हौ कि ? फेरि नाक भने थेप्चो छैन ! कहाँका साधु हौ तिमी ? बा सँग भेट्न आएका हौ भने अहिले यहाँ बा हुनुहुँदैन । कपिलमुनिको दर्शन पनि गर्ने चेलाचाटी पनि भेट्ने भनेर केही दिनका लागि यहाँबाट निस्कनु भएको छ । त्यतिञ्जेल तिमीले पर्खनु पर्छ । म सँग काम भए म छदैं छु ।”

”काम त तिमी सँगै हो”

”ल : भन मैले के गर्नु पर्‍यो ?”

“मेरो घर यहाँबाट धेरैटाढा अङ्गदेशमा पर्दछ । हाम्रो देशमा धेरै वर्षदेखि अकाल परेको छ । नदी नला सुके । ताल, तलाउ, पोखरीमा कमिला हिडने भए । गोठका गाई, बाछा बाछी र वनका पशु पन्छीहरू घाँस-पानी र चारो नपाएर धमाधम मर्दैछन् । चित्तवृत्तिलाई बाहिरी विषयबाट फर्काई अन्तः केन्द्रित गराई एकाग्र र एकचित्त भै समाधिमा रम्ने जोगी तपसीका कुरा अर्कै हुन् तिनका प्राण त मगजमा गएर बस्छन् भन्छन् । तर सामान्य मानिसका परान त अन्नमै हुन्छन् । देशका जनतालाई अन्नको तरान न हुदाँ आफ्नो परान धान्न गाह्रो भैसक्यो ।

देशमा वर्षा न भएको धेरैवर्ष भयो । आकाशबाट वर्षा नभै नदीमा पानी हुदैंन । नदीको पानी कुल्याएर न ल्याए सम्म खेती हुदैन । खेती नभै अन्न भित्रिदैंन । अन्न न भै मानिस बाँच्दैनन् । देशका जनताको भोक भोकै अकाल मृत्यु हुन थाल्यो । तपाइँ जोगी तपसीहरू मुक्ति कहाँ पाइन्छ ? कसरी पाइन्छ ? भन्दै मुक्ति सुँघ्दै हिंड्नु भएको छ ।”

“तिमीले मलाई किन तपाइँ भनेको ? हामी त साथी साथी पो ! मलाई तिमीले तपाइँ भनेको कत्ति मन पर्दैन । तपाइँ शब्द मलाई गह्रुको लाग्छ । मेरो बा जस्तै गह्रुको । यस भित्र आदेश उपदेश अदब र मान लुकेको जस्तो लाग्छ मलाई । तिमी त मेरो साथी हौ । मलाई तिमीनै भन है ?”

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"हुन्छ त्यसो हो भने म तिमीनै भन्छु ।" शान्ताले भनिन् ।

यत्रो विद्वान् तपसी योगीलाई तिमीभन्न उनलाई अप्ठेरो लागेको थियो तर आफैले त्यसो भनेपछि त के भयो र ? उनलाई धक फुक्यो । साथी त साथी । यिनी त पुस्तक मात्रै पढेका व्यवहार न पढेका लाटोसाथी रहेछन् । पक्का लाटोसाथी । यिनी मेरा लाटा साथी । म चाहीँ यिनी लाटाकी साथी । शान्ताले मनमनै भनिन् ।

"हाम्रो जन्म परोपकारका लागि भएको छ । अर्काको सेवाका लागि भएको छ । अर्काको उपकार गर्नु जस्तो पुण्य छैन ।

अर्काको अपकार गर्नु जस्तो पाप छैन । हामीलाई इश्वरले परोपकार गर्नका लागि नै यो शरीर दिएका छन् । अतः परोपकार गरे मात्र जीवन सार्थक हुन्छ । नदी र जलाशयहरू आफ्नो पानी आफै खादैंनन् । सुगन्धित फूलहरू आफ्नो सुवास आफै सुँघ्दैनन् । सूर्यले अरूलाई न्यानो तातो दिन्छन् । चन्द्रमाले अरूलाई शीतलता प्रदान गदर्छन् । हामीले पनि जनता र यस धरतीको सेवामा आफूलाई समर्पित गर्नुपर्छ ।"

राजकुमारीका यस्ता गहकिला कुरा सुन्दा श्रृङ्गी मन्त्र मुग्ध भ्रैं भए । आफना कुराले श्रृङ्गीलाई प्रभावित गरेको बुझ्े पछि शान्ताले उनलाई सोधिन्-

"तिमी अङ्गदेशमा गएर पानी बर्साएर त्यहाँ सहकाल ल्याइदिन सक्छौ ?"

"मैले वरुण विद्याको प्रयोग विधि जान्दछु । त्यसैहुनाले अकाल परेको ठाउँमा तत्काल पानी पार्न सक्छु ।" युवा तपसीले स्वाभिमान साथ भने ।

"त्यसो भए जाऔं न त !" उनले भनिन् ।

"जान त जाने आश्रममा बा हुनु हुन्न कसरी जाने ? उहाँको आज्ञा न भै ? तिमी मेरो बा आउन्जेल पर्ख । बा आए पछि उहाँ सँग सोधौंला अनि जाऔंला । हुँदैंन ?" श्रृङ्गीले भने ।

उनको यो भनाइले शान्तालाई बल्ल बल्ल सोझ्इि सकेको कुरा फेरि बाङ्गिएको जस्तो लाग्यो । यी युवा ऋषि व्यवहारमा न परेका, बाह्र सत्ताइस नजानेका, सोझ्ा र सीधा छन् । विभाण्डक आउने बित्तिकै उनले यिनलाई आश्रम बाहिर निस्कनै दिदैंनन् । झ्न् म त महिला हुनाले उनी भएका बेला मेरो प्रवेशनै यहाँ वर्जित छ । त्यसै हुनाले जसरी पनि यिनलाई उनी न आउँदै ललाइ-फकाई समस्या अवगत गराई लैजानु पर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"छाप्रोमा आगो लाग्यो डेढ घडी भद्रा ! छाप्रोमा आगो लागेको देखे पछि पछि तुरुन्तै आगो निभाउने कि ? अहिले डेढ घडी भद्रा छन् । भद्रामा कुनै काम गर्नु हुदैन भनेर पर्खिबस्ने ? पर्खिदाँ पर्खिदैं त छाप्रो डढिसक्छ होइन र ? तिमीले बालाई पर्खिदा सम्म सयौं त्यहाँ प्राणीहरूको अकालमृत्यु भैसक्छ । हामी एकछिन चाँडै पुग्यौं भने पनि त्यहाँ कैयौं प्रणीको ज्यान बाँच्छ । जल त प्राणी मात्रका लागि आमाको दूध समान हो । पानीनै हाम्री आमा हुन् । वेदले भनेको छ *-आपो अस्मान् मातरः...* ।" उनले यजुर्वेदीय मन्त्रको उद्धरण दिइन् ।"

"एः तिमीले वेद पनि पढेका छौ ?" आश्चर्य मान्दै उनले सोधे ।

"पढेको छैन त ! तिमीले मलाई न पढेका पट मूर्ख ठानेका थियौ कि क्या हो ? शान्ताले गर्वसाथ भनिन् ।

"होइन, होइन त्यसो होइन ! न पढेको मानिसले यस्तो कुरा कहाँ गर्न सक्छ र ! तर सबैले वेद पढेका हुँदैंनन् नि ! तिमीजस्ता धेरै विषयका ज्ञाता जोगी साधु कमै हुन्छन् । कुनैकुनै त खान र जिउ पाल्न मात्र पनि जोगी सन्यासी भएका हुन्छन् । त्यस्ता जोगी पनि कहिले काहीं यहाँ आइपुग्छन् । तर ती यहाँ धेरै टिक्दैनन् । आज साँझ आए भोली बिहानै कम्बल झट्कारे हिंडे ।" श्रङ्गीले भने-

युवा तपसी अब आफूबाट पूर्णतः प्रभावित भएको ठानी शान्ताले भनिन् -

"त्यसोभए हामी जाऔं । तिम्रो बा आउन्जेल त तिमी अङ्गदेश पुगेर त्यहाँ वारुण अनुष्ठान गरी पानी बर्षाइ फर्किपनि सक्छौ ।"

शान्तासँगका यस्ता प्रश्नोत्तरले ती युवा तपसी लाई लाग्यो यो साधुले त शास्त्र पनि पढेको छ । यसको कुरा ठीकै पनि हो । मैले गर्दा लाखौं प्राणीको ज्यान बच्दछ र बा प्रवासबाट न फर्किदैं वारुणयाग गरेर आइन्छ भने यस साधु सँग जान के आपत्ति भयो र ? तर समस्या त मैले महिलाको मुख न हेर्ने कुराको छ नि ? त्यहाँ जादाँ यस नियमको पालन कसरी हुन्छ ?" श्रृङ्गीले मनमनै भने ।

"के बिचार गरी रहेको ? यस्ता आपत्तिका बेलामा त छिटो निर्णय लिएर चाडों काम फत्ते गर्नु पर्दछ ।"

"एउटा अर्को समस्या छ ! के गर्ने ?"

"समस्या त पाइलै पिच्छे छन् नि ! तिनको समाधान गर्ने । अरू के गर्ने ? सुनौं न के समस्या हो ?" शान्ताले जिज्ञासा गरिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"मैले अहिले सम्म नारीजातिको मुख हेरेको छैन । आश्रमबाट बाहिर जानासाथ मेरो यो नियम भङ्ग हुञ्छ । के गर्ने ?"

"यस्तो पनि कुनै नियम हुन्छ ? यो तिमीले जानेर बुझेर स्वीकार गरेको नियम कि ? तिम्रो बाले लगादिएको नियम ?"

"मेरो बाले मेरो निम्ति लगाइ दिएको नियम ! ब्रह्मचारी र तपस्वीले नारीको मुख हेर्‍यो भने उसको नियम भङ्ग हुञ्छ । त्यसै हुनाले । त्यहाँ गएपछि नारी जातिको मुख देखिएला । मान्यजनका आज्ञा उल्लङ्घनको पाप मैले कसरी बोक्नु ? ल: भन त ? बा आए पछि जाऔंला मैले भने नि !" उनले भने ।

"हेर ! तिमीलेभन्दा मैले धेरेजानेको छु त भन्दिन तर तिमीलाई भन्दा व्यवहारिक वा सांसारिक ज्ञान मलाईछ । तिम्रो बाको तपस्या स्वर्गबाट आएकी उर्वशी अप्सराले भङ्ग गरिदिएको र काकतालीले तिमी हरिणीको गर्भमा आइदिंदा तिम्रै लागि तिम्रो बाले स्त्रीजाति हरिणीको पालन गर्नु पर्‍यो । अनि हरिणीबाटै तिम्रो जन्म भयो । यति गर्दा उहाँको तपस्याको अमूल्य समय बर्बाद भयो । यतिमात्र होइन, आफू यायावर एकल तपस्वी हुदाँ हुदै पनि उहाँले गृहस्थ तपस्वी हुनुपर्‍यो ।

मेरो छोराको अध्ययन र तपस्यामा पनि नारीका कारण फेरि कुनै विघ्न पर्ला भनेर तिम्रो बाले नारीको मुख न हेर्ने नियम बनाइदिनुभएको हो । अहिले तिम्रो अध्ययन र तपस्या पूर्ण भैसक्यो । अब त तिम्रो काम आफूले जाने-सिकेका ज्ञान र अनुभवको समाज र राष्ट्रको सेवामा सदुपयोग गर्ने मात्र हो । अब यही भन ? यदि तिमी नारीको मुख देखिन्छ भनेर यस आश्रमबाट बाहिर गएनौ भने तिमीले जानेका अकाल हटाउने वारुण विद्याको के काम ?"

"तिमी अरू के जान्दछौ ?" शान्ताले सोधिन्

"मैले पुत्रकाम यज्ञको समग्र विधान जान्दछु । कसैलाई छोरा भएको छैन भने म त्यस अनुष्ठान द्वारा छोरा हुने गराउन सक्छु ।"श्रृङ्गीले भने

"ठीक हो । अब भन ! तिमीले महिलाको मुख हेर्दैनौ भने कसरी पुत्रकाम इष्टि सम्पन्न गर्छौ ? यज्ञशेषका साथ यजमान महिला र पुरुषलाई आशीर्वाद त दिनुपर्ला नि ! होइन र ? नारी जातिको मुखै न हेरी यो काम कसरी हुन्छ ? आफ्ना गुरुबाट सिकेको ज्ञानले पूर्ण फलदिने हुनुपर्छ । यदि आफूले प्राप्त गरेको ज्ञान बाझों र निष्फल रह्यो भने त्यसले त्यस छात्रलाई प्रत्यवाय लाग्छ । भन ! हो कि होइन ?" शान्ताले प्रश्न गरिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"हो यो कुरा त !" श्रृङ्गीले स्वीकार गरे ।

"हजारौं लाखौंको प्राणरक्षा हुन्छ र देशमा सहकाल आउँ छ भने आपद् धर्म संभ्रेर तिमी जान हुदैंन र । आपद् धर्मको निर्वाह गर्दा कहिलेकाँही समान्य नियमको उल्टो पनि जानुपर्छ । शास्त्र त मैले पनि पढेकी छु । के तिमीले पढेको शास्त्र र मैले पढेको शास्त्र अलग अलग हो र" ? शान्ताले प्रश्न गरिन् ।

"शास्त्र एउटै हो । बुझ्ने तरीका मात्र फरक हुनसक्छ ।" उनले जवाफ दिए ।

"स्त्री र पुरुष भनेको पनि सृष्टिकर्ता ब्रह्माको एउटै रूप दुइटा भएको हो । यो समस्त सृष्टि प्रकृति र पुरुषको सम्बन्धबाट बनेको हो । प्रकृति भनेकी नारी हुन्, शक्ति हुन्, देवी हुन्, आमा हुन् । पुरुष मात्र एक्लै केही होइन । त्यो त शक्तिकै सम्बन्ध र संसर्गले शक्तिमान् भएको छ । तिमी पनि योनिज हौ । म पनि योनिज हुँ । तिमी पनि योनिज हौ । हामी सबै योनिज हौं ।

एकपल्ट मात्र होइन, चौरासीलाख पल्टसम्म हामीले नारीको योनिबाटै जुनी लिनुपर्दछ । नारीकै कोखबाट हामीले आकार पाएका हौं । नारीकै कोखबाट हामी साकार भएका हौं । नारी न भए आमा हुँदैंन । आमा न भए यो संसारै बन्दैन । नारी प्रकृति हो । नर पुरूष । नारी शक्ति हो । पुरूष शिव । पुरूष शिव भित्र रहेको इकारशक्ति नै नारी शक्तिहो । यो समस्त जगत् नारी र पुरूषको सम्बन्धबाट भएको छ- *प्रकृति-पुरुषात्मकं जगत् ।*

त्यसै हुनाले जन्मलिनेले जन्मदिनेलाई घृणा गर्नै मिल्दैन । नारी र पुरूष बीच सँबन्ध बिग्र्‍योभने सृष्टिको गतिनै रोकिन्छ ,प्रलयहुन्छ । यो संसारमा बस्नु-बाँच्नु छ भने नारी र पुरूष बीच सम्बन्ध तोडेर होइन, सम्बन्ध जोडेर बस्नु-बाँच्नु पर्दछ । ग्राहसँग वैरभाव गरेर पानीमा बस्न सकिन्न ।

"तिमीले व्याकरण त पढेकै हौला ?" शान्ताले सोधिन्

"पढेकोछु । मलाई निरुक्त कण्ठस्थछ । सुनाऊँ ? सुन्छौ तिमी ? ल: सुन ?" यति भन्दै श्रृङ्गी त शान्तालाई निरुक्त सुनाउन कसिइहाले ।

"भो भो भो ! मलाई सुनाउन पर्दैन । तिमीले निरुक्त पढेका छौ भने विद्या, बुद्धि, शक्ति शब्दहरू स्त्रीलिङ्गी हुन्छन् भन्ने पनि जानेकै होला।

"जानेको छु ।" उनले भने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसो भए सुन । तिमीले पढेका विद्याहरू पनि नारीकै रूप हुन्, महिलाकै रूपहुन् । सारा महिलाहरू देवीकै रूप हुन् । भगवतीकै स्वरूप हुन् । हामीले नारी मात्रलाई आमाको रूप मान्नु पर्दछ- *मातृवत् परदारेषु*... ।

तिम्रो बा उर्वशीमा मुग्ध भएकोले नै तपोभङ्ग भयो । तिम्रो बाको खसेको रेतस् खाएर नै हरिणी गर्भिणी भइन् । अनि तिमी जन्म्यौ । खालि महिलालाई मात्र दोष दिएर पुग्दैन मित्र ?" शान्ताले भनिन् ।

"मित्र? भन न भन ? अझ भन्दै जाऊ ! तिमी भनिरहू । म सुनिरहन्छु। तिम्रो बोली त मलाई सुनिरहूँ जस्तो लाग्यो ।"

"ल: सुन ? जननी र जन्मभूमि एउटै हुन् । तिम्री जननी जन्म दिनासाथ परलोक भइन् । त्यसै भएर तिमीले यस भूमिको सेवा गरेर आफ्नी आमाको ऋण चुकाउनु पर्छ । त्यसै भएर तिमीले वारुण याग सम्पन्न गरेर अकालमा मर्नलागेका जनताको कल्याण गर्न मसँग जानैपर्छ ।"

सोझा सीधा श्रृङ्गीलाई शास्त्र र कला दुवै जानेकी शान्ताले आफ्नो पक्षमा ल्याउन सकिने ठानिन् । अब उनले अन्तिम अस्त्रका रूपमा यो वाक्य भनिन् –

"अब सुन ! तिमीले नारीको मुख देखिन्छ कि ! भनेर म सँग जान अप्ठ्यारो मानेका होइनौ ?"

"हो, त्यही हो । अरू कुराले होइन । बल्ल तिमीले मेरो कुरा बुझ्यौ ।" श्रृङ्गीले भने–

"त्यसो भए ल: ! यहाँ बाट प्रस्थान गरेदेखि फर्केर आश्रम प्रवेश न गर्दा सम्म जतिबेला पनि म तिमी सँगै हुन्छु । तिमीलाई चाहिने कुरा पुऱ्याइदिन्छु । तिमी पनि यहाँबाट बाटा लागेदेखि मलाई बाहेक अरू कसैलाई नहेर । कतै हेर्नै मन लाग्यो भने पनि तिमी मलाई मात्रै हेर । म तिमीलाई मात्र हेर्छु । भएन ?"

"ल: भयो भयो । यहाँ पनि मलाई आश्रम परिसरबाट कतै बाहिर जानुपर्दा कि मैले आँखा चिम्लिन्थेँ, कि भुईंमा मात्र हेर्थें। बाले मलाई डोऱ्याएर लानुन्थ्यो । म हेर्नुपरे तिमीलाई मात्रै हेर्छु । अरू कसैलाई हेर्दिन । यति भयो भने त बाले पनि केही भन्नु हुदैंन । फूल पनि टिपियो, हागाँ पनि भाचिंएन ।" युवा तपसी शान्ताका कुरामा राजी भए ।

सधैं बाबुको अदबमा नुघ्दै खुम्चिदै बसेका तथा आदेश र उपदेशका भरमा हुर्के-बढेर यस अवस्थासम्म आइपुगेका श्रृङ्गीलाई यसरी शान्ता सँग मित्र जस्तै खुलेर बस्न-गफिन पाउँदा कता कता हलुको र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खुलापनको अनुभव भएको थियो । आजसम्म अरू कुनै साधुले यिनीसँग यसरी खुलेर कुरा गरेको थिएन । यिनले पनि धक फुकाएर सवाल-जवाफ गर्ने अवसर पाएका थिएनन् । त्यसैहुनाले यी युवा ऋषि अहिले तनाव मुक्त जस्ता भएका थिए ।

सूर्य पश्चिमाभिमुख भएर ओरालो लाग्दै थिए । बिहान वन भित्र चर्न पसेका लैनी गाईहरू वनबाट आफ्ना बाछा बाछीहरूलाई संझेर आफै गोठमा फर्कदैं थिए । छाताझैं झुम्म परेका साल-शिमलका अग्ला अग्लारूखका प्वालहरूबाट छिरेको प्रकाशले एक एक टुक्रा भुईंलाई विशेष टल्काएको थियो । विभाण्डक ऋषि आश्रममा छन् कि ! छैनन् भन्ने मात्र बुझ्न आएकी थिइन्, शान्ता । उनले आफ्नै चलाकीले श्रृङ्गीलाई पट्याएर सगैं जाने पारेकी थिइन् । उनले यसलाई आफ्नो विजय ठानेकी थिइन् ।

शान्तालाई पनि अब चाडै मधुवन फर्केर आजको सबै घटना कति बेला तान्त्रिक आमालाई सुनाऊँ भन्ने लागेको थियो । अरू सबै कुरा त ठीकै थियो । यी शान्ताले आफू स्वयं महिला भएर पनि ऋषिसँग पुरुषका झैं बोली व्यवहार गरेकी थिइन् ।

यो भेद कतै बिच बाटोमै खुल्यो भने बित्यास पर्ला ! युवा ऋषि रिसाउलान् ! सोझो मानिस चंक्यो वा रिसायो भने उसलाई फेरि सभाँल्न गाह्रो हुन्छ, भन्ने मात्र डर थियो शान्तालाई । तर के गरून् ? यो झुटो व्यवहार उनको इच्छा होइन, बाध्यता थियो । लहड होइन, विवशता थियो । उनले श्रृङ्गीलाई भनिन्–

"अब साँझ हुने बेला भयो । साथी सँगीहरू पर्खिदैं होलान् । म भोली विहानै लिन आउँछु । आफूलाई चाहिने कुरा ठीक पार्नू ! अनि जाउँला !"

"आजसम्म तिमी जस्तो मानिस यस आश्रममा कोही आएको थिएन । म सँग कसैले यसरी कुरा गरेको पनि थिएन । मलाई तिमी साह्रै मन पऱ्यौ । अब तिमी पहिलेको आश्रम छोडेर यसै आश्रममा बस्न आऊ । हामी यसरीनै सँगै बसौंला ।" श्रृङ्गीले भने ।

"हुन्छ । तर यो काम पछि गर्दै गरौंला ! अहिले त मलाई जानै पर्छ ।" शान्ताले भनिन् ।

"यस्तो हठ नगर न ! म तिमीलाई जानै दिन्न ! शान्तालाई आफ्नो अँगालामा बेसरी कस्दै श्रृङ्गीले भने । युवा पुरुषको अँगालोमा यसरी कसिदाँ शान्ताको पाइतालादेखि टाउको सम्मनै सिरिङ्ग भयो । रक्तसञ्चार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भए जस्तो भयो शरीर भरि । न दुखे पनि अय्या.....! दुख्यो......भन्दै उनले आफूलाई फुत्काइन् ।

"मैले तिमीलाई मायाले पो स-साना बाछा-बाछी र हरिणका पाठा-पाठीलाई जस्तै अँगालो हालेको ! तिमीलाई दु:ख्छ मन पर्दैन भने म त्यसो गर्दिन ! अब देखि तिमीलाई मन पर्ने मन पर्ने काम मात्रै गर्छु ल ···!

श्रृङ्गीको यस्तो बोली सुनेर शान्ता भित्र भित्रै कृतज्ञ भइन् । अनि मन भक्क पार्दै अवरुद्ध गलाले भनिन् – "हुन्छ ! तर मलाई अहिले जानै पर्छ ।"

"ए: ! मैले त कुरै कुरामा लागेर तिमीलाई पानी सम्म सोधिन । तिमी भोकै पो थियौ कि ? तिर्खा पो लागेको थियो कि ?"

"छैन, मलाई तिर्खा भोक केही लागेको छैन । बरु मैले भोलीको तयारीका लागि पनि छिट्टै जानुपर्छ ।"

"गर्मीले असिना पसिना भएका थियौ । जिउ चिलाएको थियो होला । मेरो पनि जिउ साह्रै चिलाएको छ । स्नान गर्न घाटमा जाऔं । एउटा कौपीन त मैले तिमीलाई फेराइदिएकै छु । नुहाएपछि फेर्न अर्को कौपीन पनि दिन्छु । तिम्रो जिउ मैले मिचिदिन्छु । मेरो जिउ तिमीले मिचिदिनु । गर्मी भएका बेला शीतल रहमा पौडीखेल्दा कति आनन्द हुन्छ ! कति सञ्चो हुन्छ ! बा गएदेखि मैले केही खाएको छैन । उहाँ जाना साथ म एक्लै भएँ । अनि त पद्मासन कसेर बसें । समाधि लागे छ । तिमी आएपछि मात्र जागें ।

मेरो खाने पिउने काम पनि बा गएदेखि भएको छैन । आज तिमी आयौ ! अब म भरे मीठो गरी पायस पकाउँछु । अनि खाऔला ! म सानो छदाँ त राती-राती बाले मलाई पिठ्यूँ कन्याइ-मुसारिदिदैं वेद उपनिषद्का आख्यान उपाख्यान सुनाउनु हुन्थ्यो । म पनि उहाँसँग टाँसिएर ध्यानले सुनिरहन्थें । अहिले त सुनाउनु हुदैंन । मलाई व्याख्यान भन्दा आख्यान सुन्न मन पर्छ । तिमीलाई पनि आख्यान उपाख्यानहरू धेरै आउँछन् होला ! आज राती म तिमीसँग उसैगरी टाँसिएर सुत्दै कथा सुनौंला भन्थें । तिमी मलाई नगै हुँदैन भन्छौ !"

श्रृङ्गीले अत्यन्त भावुक हुँदै आफ्ना मनका कुरा पोखे । एउटा तपस्वीले यसरी निश्छल निस्वार्थ र पवित्र माया देखाएकोमा उनी पनि भित्रैदेखि कृतज्ञ थिइन्, तर प्रकटगर्ने अवसर थिएन । उनले आफूलाई सके सम्म संवरण गर्दै भनिन् –

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"हेर, अहिले हामी आफ्नो लक्ष्यमा लागौं । उता हजारौं मानिस अकालमृत्यु मरिरहेछन् । हामीले पायस र आख्यान-उपाख्यानमा समय हाल्नु हुँदैन । तिमीलाई म भोली बाटाभरि अघाउञ्जेल आख्यान सुनाउँला ! अहिले म जान्छु ।

शान्ताले विहान आफू आएकै बाटो समातिन् । उनलाई पनि ती युवा तपसी सँग अझै अलि बेर बस्ने मन थियो । तर तँलाई हेर्, मलाई हेर्, बेला हेर्, भन्छन् । अहिले समयले नेटो काट्दै थियो । झमक्कै साँझ पर्न लागि सकेको थियो ।

शान्ता आफू अगाडि गए पनि मन उनले पछाडि आश्रममै छोडेकी जस्तो थियो । श्रृङ्गी आश्रममै रहे पनि उनले आफ्नो मन पनि शान्ताकै पोल्टामा राखी पठाएका थिए क्या र ! कुटियाको पिढीबाट शान्ता गएको हेरिरहेका थिए यिनी । उनले चालेका पाइला गनिरहेका थिए यिनी । शान्ता पनि श्रृङ्गीलाई पाइलै पिछे फर्की फर्की हेर्ने गर्थिन् । जङ्गलका रूखहरूले छेकिएर ओझेल नपर्दा सम्म यो क्रम चलिरह्यो ।

यता मधुवनमा सबै जना शान्ताको प्रतीक्षामा थिए । राजकुमारीले फर्किन ढीलो गरेकोले तान्त्रिक आमा उनले केही काम गरेरै आउँछिन् भन्नेमा थिइन् । शान्ताको हसिँलो र फूर्त्तिलो अनुहार टाढैबाट देख्दा त उनलाई झन् पूरापूर विश्वास भयो ।

राजकुमारी ! के खबर ल्याउनु भयो ? उनले सोधिन् ।

सबै काम-कुरा मिल्यो । भोली बिहानै हामी श्रृङ्गीलाई लिएर फर्कनु पर्छ । म पहिले हातमुख धोएर आउँछु र अरू कुरा भनौला ! शान्ता यति भन्दै आफ्नो पटकुटी तिर पसिन् । पहिले ऐनामा आफ्नो अनुहार हेरिन् । कपडा खोलिन् । तेल बेसार लगाएको छाती र अरू अङ्पनि हेरिन् ।

"बिचरा भोलेनाथ श्रृङ्गी ! आइमाइको मुखै न हेर्ने भन्थे । यत्रो चर्त्तिकला गरे" उनले मनमनै भनिन् । खानपीन सकेर सबैजना एकै ठाउँमा बसे । राजकुमारीले दिउँसो आफूसँग घटेका धेरै कुराहरू लुकाइन् सबैका सामू भन्न हुने कुरामात्र बेलि-विस्तार लाइन् । कुराका प्रसङ्गमा उनले भनिन्-

"मैले उनलाई आफू महिला हुँ भनेर चिनाएकी छैन । मलाई पनि उनले यो महिला हो भनेर चिनेका छैनन् । म तिमी सँग मात्र जान्छु,अरू सँग जान्न भन्छन् । आमा के गर्ने !"

"तपाईँलाई रथ हाँक्न आउँछ ?" बुढियाले सोधिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

“आउँछ आमा ! गुरुकुलमा मैले रथकौशल पनि सिकेकी छु । प्रतिवर्ष हुने रथ र घोडादौडको प्रतियोगितामा त्यतिबेला म नै सर्वोत्तम छानिन्थें ।” उनले स्वाभिमान साथ भनिन् ।

“त्यसो भए एउटा अर्को सानो रथ तयार गर्नु पर्ला । तपाइँले त्यसमा ऋषिलाई बसालेर लैजानू । हामी सबै पहिलेकै रथमा फर्कौंला !” राजकुमारीका मनको कुरा हुने भयो । के खोज्छेस् कानी ? आँखा !

उनले भनिन् – “भै हाल्छ नि !”

“अनि आमा ? ती ऋषिले मलाई पुरुषनै ठानेका छन् । आजलाई त बडो मुश्किलले आफ्नो भेद खुल्न दिइन । भोलीका लागि मैले शिरमा ठाडो जुरो पार्नुपर्छ । लुगा पनि सारी, चोली ढाक्ने गरी माथिबाट जोगी रङको कुर्कुच्चा छुने मेखला भिर्नुपर्छ । पुरुष जोगी जस्तो बन्नुपर्छ ।

“आफ्नो लक्ष्य सिद्ध गर्नु मुख्यकाम हो । अरूले हेर्दा उत्ताउलो भएन वा देखिएन भने लुगा भनेको एकछिनका लागि जे जस्तो लगाए पनि हुन्छ ।” जुङ्गा चल्यो कुरा बुझ्यो । तान्त्रिक आमाले हाँस्दै स्वीकृति दिइन् । उनलाई जसरी पनि काम फत्ते गर्नु थियो । राजकुमारी शान्ता सिङ्गी ऋषिसँग आकृष्ट भएको थाहा पाएर पनि उनी मौन बसिन् ।

भोली विहानै फर्किने निर्णय साथ सबै जना सुत्न गए । शुभरात्रि !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशौं

अर्को दिन बिहान । शान्ता हत्तपत्त नित्यकर्मबाट निवृत्त भइन् । कपालमा ठाडोजुरो पारिन् । सधैं लगाउने पोशाक माथि एउटा गेरू रङ्को लामो मेखला भिरिन् । तान्त्रिक आमा सँग विदा भएर उनी विभाण्डक आश्रम तिर लागिन् ।

तान्त्रिक आमाहरू पनि आफ्नो रथ चढेर एकैछिन पछि बाटा लाग्ने भएका थिए । सँगै जाँदा आइमाइको मुख न हेर्ने सिङ्गीलाई शङ्का हुन सक्थ्यो । तान्त्रिक आमा आफ्नो बडो कष्टसाथ सञ्चित तन्त्रशक्ति खर्च गर्नु न परेकोमा खुशीनै थिइन् । उनलाई कुचाको काम हावाले गरेको जस्तो भएको थियो । शान्ता युवा ऋषि प्रति न जानिदाँ गरी आकृष्ट हुनथालेको अनुमान भने उनले लगाइसकेकी थिइन् । शान्ता जङ्गललाई चिर्दै आश्रममा झुल्किइन् । ऋषि पहिलेदेखि नै उनको बाटो हेरिरहेका थिए । टाढैबाट उनले शान्तालाई देखे । साह्रै गद्‌ग भए । शान्ता नजिकै आइन् । उनले उनको शिर–पाउ सम्म हेरे ।

"बल्ल अलि अलि यतातिरको जोगी जस्ता देखियौ तिमी !" शान्ताको हात समात्दै भने ।

"जाउँ चाडैं अबेर भयो । कुरा पछि गरौंला" शान्ताले भनिन् ।

"अहिल्यै कहाँजाने ? मैले तिमीलाई पनि भनेर कति मीठो पायस पकाएर राखेको छु । सगैं खाऔंला भनेर आफूले पनि अझ सम्म खाएको छैन । एक्लैहुदा त पकाउने खाने पनि जाँगरलाग्दो रहेनछ । म त त्यसै भएर बा गए पछि समाधिमा बसि हालें । समाधिमा बसे पछि त केही पनि थाहा हुदैंन । शोक न सुर्ता भोक न भकारी ! तिमी आएर जगाए पछि पो मेरो समाधि खुल्यो । लः हिंड पहिले खान जाऔं । अनि बाटा लागौंला ।"

श्रृङ्गीले हात समात्दै शान्तालाई कुटी भित्र लगे । शान्ता भर्खर खाएरै आएकी थिइन् । उनलाई ऋषिले त्यसरी माया गरेर पकाएको पायसलाई हेला गरे पाप लाग्छ, भन्ने लाग्यो । साँचै भन्दा बाबुआमा बाहेक दरबारिया नोकर चाकरको क्रित्रिम मायामा हुर्केकी शान्तालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आज सम्म यसरी अरू कसले पो माया गरेको थियो र ! उनैका लागि बाबुको आज्ञा समेत न पर्खी श्रृङ्गी अङ्गदेश जान तयार भएका हुन् ।

शान्ताले न खाइदिदाँ कति दिनदेखिका भोका ती ऋषि झन् भोकै रहन्थे । अतः उनका लागि पनि शान्ताले जुठो मुख लाइदिनु आवश्यक थियो । शान्ता यही सबै सोचेर पायस खान कुटिया भित्र गइन् ।

खान-पिन सकियो । दुवै जना बाहिर आए । श्रृङ्गीले आफ्नो झिटी पहिलेनै कसि सकेका थिए । ऋषिले आगनमा उभिएर चारै दिशा तिर दुवै हात जोडी प्रदक्षिणा गरी हे वनदेवीलाई "म नआउञ्जेल आश्रमको सुरक्षा गर" भन्दै ढोगे । अनि शान्ता बाटो देखाउने भएकीले अघिँ अघिँ, ऋषि चाहीँ कतै नारीलाई देखिन्छ कि ! भन्नेआशङ्काले टाउको नुघाएर शान्ताका पाइला गन्दै उनका पछि पछि बाटा लागे ।

मधुवनमा रथ खडा थियो । शान्ताले ऋषिलाई रथमा चढने इशारा गरिन् । पहिले ऋषि चढे । अनि शान्ता पनि चढिन् । दुवै जना अगाडि एकैठाउँ बसे । शान्ताले लगाम समातिन् । श्रृङ्गीले मङ्गल मन्त्र पढे । शान्ताले रथ हाँकिन् ।

ती युवा ऋषिले बाटामा महिलाको अनुहार देखिन्छ कि भनेर टाउको निहुराए । टाउको उठाएर हेर्नुपरे एकछिन् शन्ताको मात्र मुख हेरे नत्र अरू कसैको मुख हेरेनन् ।

"एः तपस्वी ? तिमीलाई स्वास्नी मानिस यस्तो हुन्छ ! भन्ने थाहा छ ? ल : भन त स्वास्नी मानिस कस्तो हुन्छ ! स्वास्नी मानिसमा के के हुन्छ ? त्यसको लक्षण के हो ?" शान्ताले सोधिन् ।

"त्यो त बाले केही भन्नु भएन । खाली स्वास्नी मानिसको मुख न हेर्नु भन्नु भयो !" उनले साझो उत्तर दिए ।

"जब तिमी सँग स्वास्नीमानिस यस्तो हुन्छ लोग्नेमानिस यस्तो हुन्छ । दुइटामा यति यति कुरा फरक हुन्छ भन्ने छुट्याउन खुट्याउन सक्ने खुबी छैन वा तिमीले बा सँग यो कुरा सिकेका छैनौ भने तिमी सँग सगै बसेकी म आफूनै पो महिला हुँ कि ? कसरी छुट्ट्याउँछौ ? " उनले साह्रै डरलाग्दो प्रश्न गरिन् ।

"एः साधो ? तिमीले खुपै मलाई झुक्याउँछु भनेका हौला ! हाम्रो आश्रममा कुनै पनि आइमाइ पस्न खोज्यो भने उत्लिखेरै जङ्गलका जनावरहरू जम्मा भएर हो-हल्ला गर्दै खेद्छन् । टेरेन भनेउसलाई बाघभालुले एकै गास पार्छन् ।" श्रृङ्गीले भने–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"एः हो र !" थाहा न पाएझैं गरी शान्ताले भनिन् । यसको प्रत्यक्ष अनुभव त शान्ताले गरिसकेकै थिइन् ।

"तिमी आइमाइ भएको भए तिमीलाई पनि एक गास पार्थे । त्यसै भएर तिमी किमार्थ पनि स्वास्नी मानिस होइनौ ! बड ! मलाई केही जान्दैन भन्दा रहेछौ ! म त विभाण्डक ऋषिको छोरा हुँ क्या !" स्वाभिमान साथ उनलेभने ।

"यसमा के सन्देह छ र ! अनि अर्को कुरा ! आश्रम परिसरका जीवजन्तुले हत्या गर्दैनन् । सिंह र बाघले पनि गाई बाछाबाछि खादैन भन्थ्यौ त ! म आइमाइ भएर आएको भए मलाई पनि खादैनथ्यो होला नि त ?" शान्ताले फेरि सोधिन् ।

"उद्देश्य नराम्रो भएका छली र आततायीहरूलाई त खाइ हाल्छन् । भद्रो हेर्छन् र ? नत्र हाम्रो आश्रमको सुरक्षा कसरी हुन्छ ? तिनले ज्यान कसरी पाल्ने ? बुझ्यौ अब ?" तपसीले शान्तालाई यथार्थ बताए ।

रथ मन्दमन्द ध्वनिमा घुरूरूरू गर्दै घुइँकेको थियो । रथको यात्रामा तपसी औधी रमाएका थिए । बीचबीचमा शान्ता घोडालाई कोर्रा लाउँथिन् । त्योदेख्दा ऋषि दुःखी हुन्थे ।

"भोः भोः भोः घोडालाई यसरी न चुट । हिजो त मलाई बडो परोपकार र कल्याणका उपदेश दिन्थ्यौ । आज निर्दयता साथ यिनलाई चुट्छ्यौ ?" कमला मनका ती कलिला ऋषि शान्ताले लगाम लिएको हातलाई आफ्ना दुवै हातले अठ्याउँदै उनलाइ रोक्न खोज्दथे । यिनी यसमा सानै देखि अभ्यस्त छन् । यिनको दुखाई क्षणिक हुन्छ । उत्निखेरै बिर्सिन्छन् पनि । पशुहरूलाई केही ताडना गर्नु पनि लालना समान हो – **दण्डेन दान्ताः पशवो भवन्ति** ।

आफ्नो केही क्षणको साथमै यी भोला योगी राजकुमारी शान्ताको कान्तासम्मित मुस्कानपूर्ण लस्केबोलीले उनीसँग झ्यामिइसकेका थिए । बाबुका आदेश र उपदेशका हप-हपी बाट बिलकुलै फरक शान्ताको मित्रवत् व्यवहारले उनलाई केही खुकुलो र केही हलुको पनको अनुभूति हुन्थ्यो । किनभने त्यसमा आदेश होइन,सल्लाह थियो । उपदेश होइन, अनुरोध थियो ।

आफ्ना प्रिय मित्र शान्तासँग ती तपसी रही रही टासिन-गाँसिन खोज्थे । शान्ता भने ती पराई युवा सँग सकभर टाढिने र न छोइने प्रयास गर्थिन् । किन भने परपुरूष सँग छोइँदा उनलाई केही सङ्कोच र केही असजिलो लाग्ने गर्थ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर के ? उनले टाढिनु भनेको एकै डेढ बित्ता टाढिनु न हो ! रथको बेगिलो दुगुराईमा छिनछिनमै आउने घुमाउरो मोडमा दायाँ बायाँ लाग्ने क्रममा ती दुवै बीच टाढिने नजिकिने अभ्यास आफै पनि हुने गर्थ्यो । यसका लागि विशेष प्रयास गर्नुपर्ने आवश्कता नै पर्दैनथ्यो । पछि पछि त शान्तालाई पनि तपसीलाई जस्तै टाँसिएर गाँसिएर बस्नु स्वाभाविक र सुखद नै लाग्न थाल्यो । यसरी दुवै मित्रहरूको यात्रा रमाइलो सँग अगाडि बढ्यो । यस प्रकारको यात्रानुभव ती दुवैका लागि नितान्त नवीन र अनौठो थियो ।

अब यिनको रथ अङ्गदेशका सीमा भित्र छिर्दै चम्पारण्य (चम्पारन) मा पस्यो । वनभरि दन्दनी आगो बलेको थियो । हरियो-परियो को नामो निसान कतै थिएन । खेतका गह्रा पटपटी फुटेचिरिएका थिए । गाईवस्तु घाँसपानी न पाउँदा चारखुट्टाले ठिङ्ग उभिदाँ पनि धङधङी लाग्ने भएकाा थए । बाटाभरि अन्नपानीको तरान नपाएर परान छोडेका मानिसका लास बोकेका मलामीहरू भेटिन्थे । आँ...गरेर मुख बाएका गर्मीले आत्तिएका चराहरू प्याक्कप्याक्क गर्दै तावाझैं तातेको धरतीमा फ्यात्त फ्यात्त खसेर मर्थे । यो देखेर युवाऋषि अत्यन्तै दुःखित भए ।

"मलाई हेर्न नभन ! म यो सबै हेर्न सक्दिन । तिमीले भनेको साँचै रहेछ ।" तपसीले शिव! शिव! शिव ! भन्दै दुवै आँखा चिम्लिए । शान्ताले दरवारमा लगेर रथ रोकिन् । अघिल्लो रथ केही पहिले पुगिसकेको थियो ।

राजा रोमपादले त्यहाँ महिलाको उपस्थिति निषेध गरिदिएका थिए राजा र मन्त्रीहरूले मात्र ऋषि लाइ ओल्क्याए । उनका हात-गोडा धोए । माला पहिराए । धूप सल्काए आरतीगरे अगवानी गरे । तपसीका लागि अलग पर्णकुटी बनाइएको थियो । उनलाई त्यहीँ लगियो ।

कुटीमा एउटा खाटको तखत राखिएको थियो त्यसमा कुशको गुन्द्रीमाथि सनपाटको राम्रो तन्ना बिछाइएको थियो उनलाई त्यसमै बसालियो । त्यहाँ भित्र राजकुमारी बाहेक कोही जाँदैनथ्यो । राजकुमारी बाहेक अरूसँग उनी प्रायः बोल्न मन पराउँदैनथे । बाहिर पुरुषवर्गको ठूलो हूल जम्मा भयो । सबैले ती युवा ऋषिको जयजयकार गर्नथाले । एकान्त प्रेमी ऋषिलाई यो सबै मन परेन । उनलाई चाडै यज्ञगरेर पानी वर्षाएर चाडैं आश्रम फर्कनु थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तालाई पर्णशालामा राखेर राजा अब तान्त्रिक आमालाई विदा गर्न गए । उनले राजा रोमपाद सँग भनिन् -"राजकुमारी सबै कुरामा साह्रै चलाक हुनुहुने रहेछ विभाण्डकको आश्रममा प्रवेश गर्दा मात्र आफ्नो तन्त्रशक्तिको प्रयोग गरेर उहाँलाई मैले सहयोग गरेकी हुँ । अरू सबै काम उहाँलेनै मिलाउनु भयो ।"

आफ्नी छोरी यति चलाक भएकीमा राजा साह्रै प्रसन्न भए । उनले तान्त्रिक बुढियालाई उपहार सम्मान तथा दक्षिणा आदिले प्रसन्न गराएर उसैगरी विदा गरे ।

रथमा चढ्नुभन्दा पहिले तान्त्रिक आमाले एकान्तमा शान्तालाई बोलाएर भनिन् - "राजकुमारी तपाइँको श्रृङ्गीमा दिल बसे जस्तो छ। यिनको साथले तपाइँलाई राम्रैहोला । तपाइँको बिहेमा म हुँला न हुँला ! मायानगरी मधुवन मैले जस्ताको तस्तै छाडेकी छु । त्यो तपाइँलाई मेरो तर्फबाट दाइजो भयो । यसले तपाइँका पछि सम्म पनि स्मृति र सुकीर्त्ति बढाउने छ । तपाईको जिए रहेसम्म यो जादूनगरी यस्तै रहनेछ । यति मात्र होइन, कूट शब्दको प्रयोग गरेर तपाई यसलाई आफ्नो इच्छा अनुसार चलाउन सक्नुहुनेछ । यो कूट शब्द अरू कसैलाई दिने वा भन्ने नगर्नु होला । मैले आफ्नो भएभरको तान्त्रिक शक्ति लगाएर त्यस मधुवनको निर्माण गरेकी छु । मैले यो काम राष्ट्रको सेवाको लागि गरेकी हुँ । मेरो शक्ति यसमै सकियो । अब म निस्तेज भएकी छु । त्यसै हुनाले धेरै बाँच्दिन राजकुमारी ? राष्ट्र र देशको सेवामा जीवन समर्पित गरेर श्रृङ्गीका साथमा सुखी दाम्पत्य जीवन बिताउनु होला ।" तान्त्रिक आमैले गहभरि आँसु ल्याएर यी कुरा भनिन् । शान्ताले पनि आफूलाई रोक्न सकिनन् उनी पनि रोइन् । एकछिन वातावरण स्तब्ध भयो । अनि उनी रथमा चढेर गइन् ।

समय धेरै थिएन । श्रृङ्गीको आज्ञाअनुसार वारुणयागको तयारी जोडतोडले हुन थाल्यो । यस काममा शहरनै खनिए-खटिएको थियो । तत्काल एउटा यज्ञमण्डप तयारगर्ने काम थालियो । पूजा वेदी बने । होमखाडी खनियो । तोरणपताका टाँगिए । हवन र पूजासामग्री सजाइए । वेदीमा वारुण कलशको स्थापना गरियो । स्वस्तिवाचन साथ कार्यक्रम प्रारम्भ भयो ।

वरुणयाग आधा आधी के पुगेको थियो, आकाशमा बादलका टुक्राटुक्री देखिन थाले । क्रमशः केही शीतल हावा चल्न थाल्यो । धरतीबाट माटो मगमग बासना आउन थाल्यो । जनतामा खुशीको लहर छाउन थाल्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यज्ञको पूर्णाहुतिसँगै मेघगर्जन साथ घनघोर वर्षा भयो । राजधानी नगरका सबै नर-नारीहरू घरबाट बाहिर सडक, गल्ली, आँगन र चोकमा आफूहरूले लगाएका लुगासँगै आएर पानीमा भिज्दै रमाउँदै उफ्रिदै वर्षागीत गाउँदै श्रृङ्गी ऋषिको जय-जयकार गर्न लागे ।
केटाकेटी र युवा युवतीहरू आफू आफूमा पानी छेपाछेप गर्दै चल्न जिस्किन थाले ।

राजा रोमपादले आफ्ना जनतालाई अकालबाट बचाई दिएकोमा ऋषिलाई हातजोडेर हृदयतः कृतज्ञता प्रकटगरे । उनी यति साह्रो आत्म विभोर भए कि मुखबाट बोलीनै निस्केन । आखाँबाट आँसूका बलीन्द्र धारा मात्र खसे ।

श्रृङ्गीऋषिले भने आफूलाई यसरी देशको कल्याण गर्ने अवसर दिएकोमा सबै जस शान्तालाईनै दिए । राजा रोमपााद पनि केही समयका लागि शान्तालाई ऋषिको रेखदेखका निम्ति त्यहीँ छाडेर दरबारको विशाल प्राङ्गणमा प्रतीक्षारत जनतासँग एकछिन खुशी साट्न गए । पर्णशालामा अरू कोही थिएन ।

आफ्नो यज्ञ सफल भएकोमा श्रृङ्गी ऋषि पनि प्रसन्न थिए । उनले शान्ताको हात समात्दै दर्कदों पानीमा उनलाई पनि बाहिर ल्याए । उनी पनि भित्री उत्सुकता र बाहिरी सङ्कोच साथ तानिदै बाहिर आइन् । शान्तालाई उनले बेसरी अँगालोमा कसे । दर्कदों पानीको शीतलता र छातीको सुगन्धित न्यानोपन !

यस आनन्दको अनुभूति दुवैलाई उस्तै भएको थियो । फरक यत्ति हो । श्रृङ्गीलाई यो अँगालो उनले आफू जस्तै पुरुष मित्रलाई हालेको विशुद्ध सात्विक अँगालो थियो भने शान्तालाई त्यही अगाँलो आफू युवा महिलालाई आफू जस्तै युवा पुरुषले कसेको केही भय, केही सङ्कोच र केही धड्कन मिश्रित अँगालो । दुवैजना आँखा चिम्लिदैं आनन्द लिदैं धेरैबेर सम्म पानीमा रम्दै भिजिरहे । अनि भित्र आए ।

सिङ्गीले त कौपीन फेर्लान् ! उनले के फेर्नु ! परेन त शान्तालाई फसाद !
"म एकछिनआफ्नी आमालाई भेटेर आउँछु । तिमी यहीं बस है !" शान्ताले श्रृङ्गीलाई भनिन् ।
"आमा भेट्न यति हतार के भयो ? मैले आमाको मुखै देखेको छैन । त्यतिका नाउँमा नारी जातिकै मुख हेरेको छैन । मलाई आश्रममा पुऱ्याए पछि जता जान जे गर्न मन लाग्छ, गर्नू । मलाई तिमीले रातीमा पनि एक्लै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोड्न पाइन्न । तिमी र म सगैं सुत्ने हो । अस्ति मलाई तिमीले छोडेर गएका थियौ नि ! आज म तिमीलाई छोड्दिन ।" तपसीले हठ प्रदर्शन गरे ।

"कसैले म भोको छु । तँ पनि भोकै बस्नु पर्छ । म अन्धो छु । तैं पनि आफ्ना आँखा फोरेर अन्धो बन् । म मूर्ख छु । तँ पनि म जस्तै मूर्ख बन् ! भन्यो भने त्यस्तो मान्छेलाई के भन्ने ?" शान्ताले सोधिन् ।

"त्यस्तो मान्छेलाई बहुलाहा भन्ने !" उनले उत्तर दिए ।

"मैले मेरी आमाको मुख देखेको छैन तैंले पनि आफ्नी आमाको मुख न हेर् भन्न हुन्छ त तिमीले मलाई !" उनले प्रतिप्रश्न गरिन् ।

"हुदैन ।" उनले भने ।

"हेर ! उपाध्याय भन्दा दश गुना आचार्य ठूला हुन्छन् । आचार्यभन्दा शय गुना ठूला जन्म दिने बाबु हुन्छन् । बाबुभन्दा पनि दश गुना बढी मानितो जन्मदिने आमाको हुन्छ । शास्त्रले यस्तो भन्छ । परस्त्रीहरूलाई हामीले आमाका रूपमा हेर्नुपर्छ । तिमी त शास्त्रले बताएको नीति विपरीत हिंड्न खोज्छौ । लोकाचार विरुद्ध आफू उभिन खोज्छौ ! यसो गर्नु त भएन नि !

तिमीलाई तिम्रो बाले नारीको मुख न हेर्ने भनेको त तिम्रो स्वाध्याय साधना र तपस्यामा विघ्न पर्ला भने र मात्रै हो । अब त तिमी विद्वान् भै सक्यौ । तिम्रो तपःसाधना पनि पूरा भै सक्यो । तिमीले नारी सँग एक्लै विद्रोह मच्चाएर के हुन्छ ? कुन कर्कलो फाडिंदिए नारीले तिम्रो ? तिम्रो बालाई नारीले दुखदिए भनेर तिमीले तिनीसँग अकारण वैरभाव गर्न मिल्छ ?

ल भन ? नारी न भएका भए तिमी पनि जन्मिने थिएनौ ! के तिमी जन्मनु अपराध हो ? तिमीलाई जन्माउनु अपराधहो ? तिमीले यो समग्र देशलाई त्यस्तो अकालबाट बचायौ ! भन के यो कुकर्म हो ? तिमीलाई तिम्री आमाले आफना कोखीबाट न जन्माएकी भए तिमी आज अकाल ग्रस्त यो देशलाई बचाउन सक्थ्यौ ? आज तिमीले यत्रो महान् कार्य गरेकोमा सर्वप्रथम तिमीलाई जन्मदिने आमा प्रति कृतज्ञ बन्नुपर्छ । उनैको गुन मान्नु पर्छ ।

तिम्री जिजुआमाबाट तिम्रा हजुर्बाको जन्म भयो । तिम्री हजुरआमाबाट तिम्रा बाको जन्म भयो । अनि तिम्री आमाबाट तिम्रो जन्म भयो । तिमी त महिलाको मुखै न हेर्ने ! यो तालले तिम्रो बिहा पो कसरी होला ! बिहा नभै सन्तान हुदैन, छोरा हुदैनन् । तिमी त यसरी बाँझो हुन्छौ निष्फल हुन्छौ । बच्चा त महिलाबाट हुन्छ । आमाबाट मात्र हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिम्रो त यसरी वंश परम्परानै टुङ्गियो । सन्तान नहुनेको त यस जन्ममा सद्गति हुँदैन, मरेपछि स्वर्गै पनि हुँदैन ।

शान्ताले फेरि भनिन्- "तिमी आफू आइमाइको मुख हेर्दैनौ, बिहा गर्दैनौ । अरूलाई भने पुत्रकाम यज्ञ गरेर बच्चा जन्माउने पार्न सक्छु भन्छौ । यो कस्तो विडम्बना हो ? यदि यसो गर्दैनौ भने तिमीले पढेको पुत्रकाम विद्या निष्फल हुन्छ । आफू त यस्ता भयौ भयौ मलाई पनि आमा न भेट भन्छौ ?" शान्ताका यी कुरा सुनेर निरुत्तर भए श्रृङ्गी । तर्क वितर्कमा रुमल्लिए । किं कर्त्तव्य विमूढ जस्तै भए ।

"बरु तिमी आमालाई भेट्न जाऊ ! मलाई एकछिन एक्लै छाडि देऊ ! मलाई यसबारे चिन्तन गर्न देऊ !" श्रृङ्गीका यी कुरा सुनेर शान्ता भिजेकै लुगामा दरबारतिर लागिन् । त्यहाँ पुगेर सबैभन्दा पहिले लुगा फेरिन् । अनि मात्र कोठाबाट बहिर आइन् ।

शान्ता त्यहाँ उपस्थित मान्यजनलाई प्रणाम गर्दै आफू राजा रानीका नजिकमा गएर बसिन् । रोमपादले त्यसपछि शान्तालाई अँगालो मार्दै भने- "छोरी ? तिमीले यो राष्ट्रलाई ठूलो गुन लायौ । तिमी जस्ती पुरूषार्थी छोरी पाएर म धन्य धन्य भएँ । तिमीसँग यस्तो व्यवहार कुशलता होला भन्ने त मेरो कल्पनामा पनि थिएन । मलाई विश्वास भयो । अब तिमी मेरो उत्तराधिकारी भएर यो राजगद्दी पनि सभाँल्न सक्छ्यौ ।"

"बुबा ? एउटा अर्को ठूलो समस्या आइपरेको छ !" उनले भनिन् ।

"के समस्या आयो ? भनन ?" राजाले जिज्ञासा गरे ।

"यी ऋषिलाई महिला र पुरुषको भेद नै थाहा छैन । यी अध्ययनका दृष्टिले महाविद्वान् छन् । आध्यात्मिकताका दृष्टिले महाज्ञानी छन् तर महिलाबारे कुनै जानकारी न हुँदा यिनी नारी र पुरुषबीचको भेद छुट्याएर व्यवहार गर्न न सक्दा यिनी अर्धज्ञानी र पूर्ण असामाजिक र अव्यावहारिक देखिन्छन् । यिनले मलाई पुरुषमित्र ठानेका छन् । यिनको यस खालको चिनारीले मलाई साह्रै अप्ठेरो स्थितिमा पारेको छ । यसबाट म कसरी उम्किन सक्छु ?" शान्ताले भनिन् ।

"हो, यो कुरा ती तान्त्रिकले पनि मलाई भनेकी छन् । यिनलाई अब यहाँ राख्न हुँदैन । विभाण्डक ऋषि आश्रममा न फर्कदैं यिनलाई जतिसक्यो चाँडो सिङ्गीघाट पुर्याइदिनु पर्छ । केही गरी छोरो खोज्दै उनी यहाँ आइपुगे भने अर्को ठूलो समस्या आइलाग्छ ।" राजाले भने-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"श्रृङ्गीसँग झुटो बोल्नु भएन । कतै भेद खुलेर यसले मलाई झुक्याइ भन्ने यिनका मनमा लाग्यो भने यिनले मेरो अनिष्ट गर्न सक्छन् ।" डराउँदै शान्ताले भनिन् ।
किन धेरै शङ्का उपशङ्का गर्छ्यौ ? आजलाई यस्तै भै गयो । भोली विहानै रथमा बसालेर जसरी ल्याएकी थियौ त्यसै गरी पुऱ्याएर आऊ ! खेला खत्तम !" उनले शान्ताको कुरालाई साधारण रूपमा लिए ।
"त्यति सजिलो कहाँ छ र बुबा ?" शान्ताले रोमपादलाई विषयको गहिराईमा न पुगेको जस्तो ठानेर भनिन् ।

एक छिन खान-पिनको कार्यक्रम भयो । अनि राजकुमारीले महारानी र साथी सँगिनीलाई दायाँबायाँ राखेर तान्त्रिक आमाको मायानगरी मधुवन र आफ्ना पुरुषार्थको विस्तृत कहानी सुनाइन् । समय बितेको पत्तै भएन । बाहिर भमभ्कम झरी परेकै थियो । चारैतिरबाट कानकिरा खानेगरी भ्यागुता कराएको आवाज आउने गर्थ्यो । शान्ताको मन रही रही ऋषिले के गर्दै होलान् ! भन्ने तिर जान्थ्यो । उनी एउटी आफ्नी अत्यन्तै मन मिल्ने सँगिनीलाई लिएर ऋषिको चर्चो बुझ्न श्रृङ्गी बसेको पर्णशाला तिर गइन् ।

युवा ऋषि प्रसन्न मुद्रामा ध्यानमा थिए । माथिल्लो तहमा पुगेका जोगी जन्तरी हरू एकान्त पायो कि आँखा चिम्लेर ध्यान गर्न थालि हाल्छन् । दुवै जनाले चुपचाप केही न बोली श्रृङ्गीको तेजिलो धपधपी बलेको युवा शरीर एक टक हेरी रहे ।
"कति राम्रा हगि !" सँगिनीले भनी ।
"हो त नि ! एः भन् न ! के के राम्रो छ यो जोगीको ?" शान्ताले उत्सुकता पूर्वक सोधिन् ।
"यो जोगीको आँखै...राम्रो ! मुखै... राम्रो ! नाकै... राम्रो ! कानै... राम्रो ! गालै...राम्रो ! छालै ...राम्रो ! पेटै ...राम्रा ! नाइटै ...राम्रो ! छाती... राम्रा !" उसले लेघ्रो तान्दै लय हाले झैं वर्णन गरी ।
"अरू के राम्रो ? भन् न ! तेरो बोली त मलाई सुनी... रहूँ लाग्छ ?" राजकुमारीले भनिन् ।
"भनूँ ! भनूँ त साँच्चै !"
"भन् न ! चाँडै ! कति कुद्दाउँछे यो त !"
"अरू ! ... अरू ! ... अरू ! ... उः ! तालुमाथि हेर् त ! आकासै छेँड्ला जस्तो गरी ठडिएको सीङ राम्रो !" ती दुवैलाई घत पऱ्यो । तिनले हाँसो खटाउन सकेनन् । हाँसेको सुनेर कतै सिङ्गी जाग्लान् भनेर मुखमा लुगा कोच्दै अलि पर गएर मरिमरी हाँसे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"भोले बाबा ध्यानमा बसे । अब हतपत्ति जाग्दैनन् । अब हामी पनि जाओँ । आनन्दसँग बिछौनामा गएर कुरा गर्दै निदाऔं ।"
"तँलाई बिहा गरेर मधुवन लगे पछि पनि यी भोले बाबाले रात रात भरि यसैगरी समाधि लगाउन थाले भने तैंले के गर्छेस् ? रोएर रात हाल्छेस् ?" सँगिनीले शान्तालाई सोधी ।
"यस कुराको चिन्तै न गर् न ! यी भोले बाबालाई समाधिबाट जगाउन त मैले जानेकी छु । यिनलाई सिँगीघाटदेखि समाधिबाटै जगाएर ल्याएकी होइन र मैले ?" उनले भनिन् ।
"हो हो ! त्यहाँ गएर जोगी जगाउन खप्पीस भएर आइछस् । लः जाऔं अब ।" सँगिनीले भनी । दुवै जना दरबारतिर लागे ।

❁❁❁

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एघारौँ

ऋषि विभाण्डक कपिलधाममा कपिलमुनिसँगको सत्सङ्ग तथा आफ्ना चेलाचाटी सँगको भेटघाट सकेर आश्रमतिर फर्के । उनी जङ्गल छिचलेर आश्रम परिसरमा झुल्किए । उनलाई देख्नासाथ त्यहाँ वरपरका सबै पशुपंक्षी उनका दायाँ बायाँ अघि पछि झुम्मिन आए । विभाण्डकले आफू नहुँदा नियास्रिएका ती सबैलाई मसार मुसुर पारेर आफ्नो माया जताए ।

पशु भनेर के गर्नु ! तिनीहरू पनि चेतनशील प्राणी जस्तै सबैकुरा बुझ्छन् । खाली तिनी बोल्न मात्र सक्दैनन् । विभाण्डक नहुँदा संरक्षक विहीन र श्रृङ्गी नहुँदा मित्रविहीन भएका थिए, ती पशुहरू ।

सम्भवतः तिनीहरू आँखाभरि आँसू ल्याई उदास भएर मौन वाक्यमा अबदेखि हामीलाई छाडेर कतै न जानोस् ! भन्दै थिए । यी पशुहरू किन यसो गर्छन् ? केही अनपेक्षित कुरा पो भएको छ कि आश्रममा भन्ने तर्क उठ्न थाल्यो उनका मनमा ।

विभाण्डक सरासर पर्णशालामा गए । श्रृङ्गी ...! बाबु ...! भन्दै यता उति हेरे, खोजे । यज्ञशाला, अतिथि कुटी, गोशाला सबै चाहारे । छोरालाई कतै देखेनन् । गर्मीको याम हुनाले नुहाउने घाट तिर पो गयो कि ? भन्ने आशङ्काले उनी बाणगङ्गा तिर पनि गए । श्रृङ्गीलाई उनले त्यहाँ पनि भेटेनन् । कहाँ गयो होला त यो ! आश्रम परिसरबाट बाहिर गयो भनौ भने पनि त्यस आज्ञाकारी छोरोले यस्तो नगर्नु पर्ने ! त्यसै भएर म आश्रम परिसरमा आईपुग्ना साथ पशुहरूले मलाई घेरेर यसैको सङ्केत पो गरेका हुन् कि ? भन्ने अनुमान लगाए उनले । एक छिन ध्यानावस्थ भएर उनले रहस्य जान्न खोजे । अङ्गदेशकी राजकुमारी शान्ताले आश्रममा आएर श्रृङ्गीलाई लिएर गएको उनले चाल पाए । उनले रिसले आखाँ देखेनन् । बुरुकबुरुक आँगनमा उफ्रदै फन-फनी रिङ्न थाले । के गरौं ! कसो गरौं ! भयो उनलाई । "मैले त्यसलाई नारी जातिको मुखै नहेर्नू भनेर त्यति भाँति सिकाए-अह्राएको व्यर्थै भयो । बालुवामा पानी हाले जस्तै पाऱ्यो यसले मेरो यत्रा वर्षको परिश्रम !"उनी मनमनै भुन-भुनाउन थाले ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋषि विभाण्डक छोरा खोज्न अङ्गदेश तिर जाने निर्णयमा पुगे । त्यस छोराको लालन-तालन र भरण-पोषणमा उनले जीवनका धैरै अमूल्य समय खर्च गरे । श्रृङ्गी ऋषिका लागि बाबुमात्र थिएनन् उनी, आमा पनि थिए, गुरु पनि थिए, आचार्य पनि थिए । आफ्ना छोरालाई विशिष्ट विद्वान् बनाउन उनले केही कसर राखेनन् । ठूलै कसरत गरे । आइमाइको मुख नहेर्ने छोरालाई डोऱ्याएर सुमेरु पर्वतमा लगी सारस्वत विद्या सिकाए । अनि फँदीमा बग्ने पुण्यसलिला (छल्ली) र पन्नगा (पनाहा) नदीको पावन पर्वत शिखरमा लगेर तपस्यामा बसाले ।

त्यहाँ तपः सिद्ध भए पछि उनलाई वारुणविद्या र पुत्रकाम विद्या प्राप्त भयो । उनी ठूला विद्वान् र तपसी त भए । बाबु विभाण्डक सँग सधैं ज ङ्गल बीचको नन्दन आश्रममा एकान्त साधनामा बसिरहने नारीकोमुख न हेर्नेहुनाले समाजसँग सम्पर्क नै न भएका श्रृङ्गी लोकाचार र बाहिरी संसारबाट भने बिलकुलै अपरिचित थिए ।

पिता विभाण्डकले उनलाई शास्त्रमा पारङ्गत बनाए पनि व्यवहारमा पारङ्गत बनाउन सकेका थिएनन् । त्यसैकारण ती सीधा सादा र भोला भाला आत्माराम ऋष्यश्रृङ्गले शास्त्रमा निपुणता हासिल गरे पनि उनलाई लोक व्यवहारको क-खरा थाहा थिएन । **अपि शास्त्रेषु कुशलाः लोकाचार विवर्जिताः** ।

यस कारण छोरालाई छोडेर विभाण्डकलाई एकछिन कतै फुत्कनु थिएन । कहिले कहीं त उनलाई यो सबै बन्धन जस्तो पनि लाग्दथ्यो । अनाहकमा घाँडो भिरेको जस्तो ! तर उनको यो सोचाई क्षणिक थियो, श्मशान वैराग्य जस्तो ! केही क्षणपछि उनी फेरि सबै कुरा बिर्सेर श्रृङ्गीमै केन्द्रित हुन्थे ।

विभाण्डक ऋषिले अब छोरा खोज्न अङ्गदेश तिर जाने विचार गरे । यी राक्षसी हरूले मलाई त छोडेनन्, छोडेनन् । मेरो श्रृङ्गीलाई पनि खेदे । यति साह्रो संरक्षण गर्दा पनि एउटी छँडुलीले मेरो सीधा सोझा साधु छोरालाई लल्याएर-फकाएर लगि छ । उनलाई एकपल्ट फेरि नारी जाति प्रति घृणा लाग्यो । पख् तँलाई मैलेजानेको छु ? भन्दै उनी बाटा लागे ।

ऋषि भोकै थिए । थाकेका थिए । आश्रममा पुगेर विश्राम गरौंला, थकाइ मारौंला भनेका थिए । कहाँको यो फसाद आइपऱ्यो । एउटी तान्त्रिक महिलाले उनले बनाएको संरक्षण रेखालाई पनि आफ्नो प्रयोगद्वारा प्रभावहीन पारिदिएको थाहा पाए । त्यो सँग पनि तिनी भित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भित्रै आगो भए । पख् तँ मायाविनीलाई पनि मैले जानेको छु । भन्दै यता उति कतै पनि नहेरी ती लाटो जस्तै ब्याङ् व्याङ्ति हिड्न थाले ।

उनले बाटामा अन्न पानी फलफूलसम्म पनि लिएनन् । बाटाका खाल्टा खुल्टी नाघ्दै रात दिन हिंडेका हिंडै भए । आँखा राता राता थिए, शरीरभरि पसिनै पसिना । कतै कुनै केही कुरामा पनि न अल्मलिई उनी तीजका मैतालु जस्तै जरा बुटा नाघ्दै अगाडि बढे । ऋषि विभाण्डक यसैगरी अङ्गदेशको सीमामा प्रवेश गरे । त्यहाँ अलिअलि झरी परेकै थियो । कृषकहरू आआफ्ना खेत बारीमा खन-जोत गोड-मेल गर्न व्यस्त देखिन्थे । कृषक-दम्पती मध्ये पुरुष जोत्ने र महिलाहरू हलाले पारेको सियोमा बिउ बिजन रोप्ने गर्दथे ।

उनले बाटामा भेटिने र खेती किसानीमा लागेका मानिस प्रत्येकका मुखबाट श्रृङ्गीकै महिमा गान सुन्न थाले । श्रृङ्गीलेगरेको लोककल्याण र त्यसका लागि जनताले प्रकट गरेको कतज्ञता ! यो सुन्दा उनलाई अतिनै आनन्द आयो । छोराको यशोगान सुन्न पाउनु जस्तो आनन्द बाबुआमालाई अरू केही हुदैंन । प्रत्येक बाबुआमाले सन्तानबाट यही कुराको आशा गरेका हुन्छन् । झन् विभाण्डक त किन खुशी न होऊन् ।

अब विभाण्डकलाई छोराले राम्रै कामका लागि आश्रम छोडेको रहेछ, भन्ने कुरा थाहा भयो । यसमा उनी खुशी भए । तर आइमाइहरूले उसलाई फकाएर लगे । राजाले पुरुष व्यक्तिलाई लिन पठाएका भए पनि हुन्थ्यो ! केही समय उनलाई पर्खेका भए पनि हुन्थ्यो ! यसबारे भने उनी रिसले आगो भएका थिए । उनले रीसले जुर्मुरिदै मननै भने-

"बड मेरो सोझो छोरालाई फकाएर ल्याउने ? त्यो राजा भनाउँदो रोमपाद पनि कस्तो ? उसको देशलाई अकाल मुक्त गर्नु थियो त पुरुष व्यक्ति पठाएर शिष्टाचार पूर्वक म सग भेटगरी कुरा गरेको भए त लोकोपकारका लागि मैले छोरालाई सहर्ष पठाइ दिन्थैं । यसो गरेको भए त्यस बिचराको व्रतभङ्ग त हुने थिएन ! स्वार्थी ? तिमी हरूलाई देख्न-भेट्न त पाऊँ ! अनि मैले जाने को छु !"

आश्रमबाट प्रस्थान गर्दा घामले तातेर पसिनाले लछप्पै भएका विभाण्डक अङ्गदेशमा प्रवेश गरे पछि घण्टौ घण्टौं झिम-झिमे झरीले निथ्रुक्कै भिज्दै हिंडेका थिए । चिसो सिहिरेटोले ऋषिको शरीरभरि काँडा उमारेको थियो । यसरी उनी दरबारमा पुगे । ढोकामा कुनै साधु आएको खबर तत्काल राजासम्म पुग्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसदिन शान्ता र श्रृङ्गीको सिङ्गीघाट प्रस्थानको कुरा पनि विभाण्डक ऋषि त्यहाँ आइपुगे भन्ने थाहा पाएपछि आफै स्थगित भयो ।

विभाण्डक ऋषिको शक्तिबारे पनि अब त त्यहाँको प्रत्येक व्यक्ति परिचित भैसकेको थियो । राजा र मन्त्रीहरू सबै तत्काल हातहातमा सामग्री लिएर ऋषिको स्वागतमा पुगे । पहिले राजाले प्रणामगरे । गोडा पखालिदिए । धोती उपर्ना माला टक्र्याए । ऋषिले पनि अघिको आफ्नो आवेगलाई केही दबाए । उनलाई स्वागतद्वारबाट एउटा पर्णशाला तिर ओल्क्याउँदै लगियो । आसनमा बस्ने आग्रह गरियो । उनी खडै रहे । सेवकहरूले जल फल-फूल आदि ल्याएर अगाडि टक्र्याए । ऋषिको ध्यान त्यतापट्टि जादैं गएन । त्यहाँ उभिएको उभियै उनले पहिलो प्रश्न गरे- "श्रृङ्गी खोई ?"

राजा र त्यहाँ बसेका अरू सबैले यिनै विभाण्डक हुन् भनेर चिनिहाले । शान्ता तत्काल श्रृङ्गीको पर्णशालामा दगुर्दै गइन् । उनले तिनलाई विभाण्डक ऋषि आएको खबर के सुनाएकी थिइन् । ती त डरले भ्याकुरो परे । अब के गर्ने ? कसो गर्ने ? भनेर आत्तिए । "लौ न तिमीले नै बालाई संझाऊ है !" उनले शान्तालाई भने । यत्रो विद्वान् छोरा पनि यसरी डराउने कत्रो अनुशासन ! शान्ताले सिङ्गीलाई अघिँ लाएर पर्णशालामा ल्याइन् ।

श्रृङ्गीले ऋषिका अगाडि झुकेर साष्टाङ्ग प्रणाम के गर्दै थिए, विभाण्डकले पर्दैन ढोग्न भन्दै आफ्नो खुट्टा पछाडि ताने । उनको टाउको खराउको खूँटीमा बजारियो । श्रृङ्गीलाई चोटलाग्यो उनको निधारमा टुटिल्को उठ्यो राजाले उनलाई उठाए । विभाण्डकलाई पनि मैले आवेशमा आएर किन यस्तो गरेँ हुँला ! बिचरोलाई चोटलाग्यो मनमनै भने । बाहिर अभिव्यक्त भने गरेनन् । तुरुन्त राजवैद्य बोलाइयो । उनले तुलसीको पातमा अर्को केही मिसाएर हत्केलाले माड्दै घाउमा रस निचोरिदिए । दुख्न र सुन्निन कम हुँदै गयो ।

आमा र बाबुमा कति फरक हुन्छ ! अहिले यिनकी आमा भएकी भए कठै म मोरीले गर्दा मेरो बाबुलाई चोट लाग्यो ! भनेर उत्निखेरै उठाउन सुम्सुम्याउन जाने थिइन् होली । बाबु भएको भएर विभाण्डकले छोरालाई माया भएर पनि देखाउन सकेनन् । मन कमलो भएपनि व्यवहार कठोर हुन्छ बाबुको ।

यिनको आश्रममा जादाँ शान्ताको टाउको बजारिएको थियो । उनको श्रृङ्गीले कस्तो सेवा गरेका थिए ! यहाँ भने श्रृङ्गीलाई त्यस्तै सेवा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिने मन हुँदाहुँदै पनि शान्ता मान्य जनका अगाडि उत्ताउली भइन्छ भनेर सोध्न मुसार्न सम्म गइनन् । आफूलाई रोकेर राखिन् ।

"नारीको मुख न हेर्ने भनेर तँलाई मैले कत्रो कष्टसाथ एक्लै हुर्काएँ, बढाएँ, पढाएँ, लेखाएँ र यत्रो लाठे बनाएँ । आज मैले गर्दा नै वारुणयाग गरेर तैंले सहकाल ल्याउने भइस् । अविवेकी ? तैले नारीको मुख नहेर्नू भन्ने पितृवचनलाई लत्याइस् !" ऋषिले छोरा श्रृङ्गीलाई भने ।

"होइन । बा ! मैले नारीको मुख कहाँ हेरें र ! नारी जाति त हाम्रो आश्रममा पस्नै सक्दैनन् । तिनीहरू पस्न खोजे भने पनि आश्रमका पशुहरूले एक स्वरले कराउदैं लखेट्छन् । अटेर गरे भने खाइदिन्छन् भन्नु भएको होइन, मलाई तपाइँले ? त्यसैभएर मलाई लिनजाने मानिसलाई मैले पुरुष नै ठाने ।" श्रृङ्गीले भने ।

"यहाँबाट यिनीहरूले एउटी तान्त्रिकलाई पठाएका रहेछन् । त्यसको कडा तान्त्रिक प्रयोगले मेरो सामान्य सर्स्यु छर्नु निस्तेज भयो । अनि उसले एउटी नारीलाई पठाइछ र त्यसैसँग तँ आइस् । तँ उल्लूलाई यो पुरुष र यो महिला भन्ने थाहा भएन ? त्यति पनि छुट्याउन सकिनस् ?"

"तपाइँले मलाई स्वास्नी मानिस यस्तो हुन्छ ! भनेर कहिल्यै बताउनु भएन । मैले यो आइमाइ हो भनेर कसरी चिन्ने ? तपाइँले एकपल्ट किराँती साधुका दाह्री जुँघा हुदैनन् भन्नु हुन्थ्यो । मैले पनि यिनलाई किराती साधु नै ठाने । तिनको होस थिएन । सोध्दा केही बोलेनन् । शरीरमा भस्म पनि दलिदिएँ । घाँटीमा रुद्राक्ष पनि । पहिले तिनी होसमा थिएनन् । मैले कमण्डलूको पानी छ्यापि दिएँ । अनिमात्र उनी जागे, होशमा आए ।

"खोई ? यसलाई छलेर साधु बनेर यहाँ ल्याउने त्यस महिलालाई छिट्टै यहाँ बोलाउनु पर्‍यो !" उनले झस्किदैं भने ।

दिनदिनै सयौ मानिस र पशु मर्दैछन् । पानी न परेर देशमा हाहाकार छ भनेकोले म तिनैसँग यहाँ आएँ । तिनी बाहेक हामीसँग नमिल्ने अरू कुनै मानिसलाई मैले देखेको छैन ।"श्रृङ्गीले भने ।

श्रृङ्गीका मुखबाट रहस्य खुल्नासाथ अब बित्यास पर्ने भयो भनेर शान्ताले त्यहाँबाट सुइँकुच्चा ठोकिसकेकी थिइन् । राजकुमारी अघिँ भर्खर सम्म यहीँ हुनुहुन्थ्यो ! कता लाग्नुभयो ! भन्दै सेवकहरू खोज्न गए ।

एकछिन वातावरण स्तब्ध भयो । अब विभाण्डक ऋषिले के के उपद्रो मच्चाउने हुन् ! भनेर सबै डराए । राजाको त सातै उड्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यतिखेरै विभाण्डक ऋषि एक छिन आँखा चिम्लेर ध्यान गर्न थाले । उनले थाहा पाए । उनलाई पनि त्यो कार्य सम्पन्न गर्न सहयोगी हुने ईश्वरीय प्रेरणा भयो । अब उनले आफ्नो मनः स्थितिमा तत्कालै परिवर्तन गरे ।

राजकुमारी दरबारको आफ्नो कोठामा ढोका थुनेर बसेकी रहिछन् । सेवकहरूले खोजेर ल्याई पुऱ्याए । विभाण्डकले शान्तालाई शिरदेखि पाउसम्म दुई तीन पल्ट हेरे । यी कन्या असाधारण रहिछन् । श्रृङ्गी र यी कन्याको मिलन कुनै दैवी कार्य सम्पन्न गर्न भएको रहे छ ।

"तिमीले श्रृङ्गीलाई पुरुष साधु वनेर किन छल्यौ ? विभाण्डकले सोधे ।

"मैले जे गरें । त्यो सबै देश र राष्ट्रको सेवाका लागि गरें । मलाई क्षमा मिलोस्, महर्षे !" उनले दुवै हात जोड्दै शरीर लुगलुग कमाउँदै प्रार्थना गरिन् ।

"मनुष्यलाई आफ्ना राम्रा न राम्रा दुवै थरी कर्मको फल न भोगी सुखै छैन । तिमीले पनि आफ्ना कर्मको फल भोग्नै पर्छ ।" उनले भने ।

"बा ? यिनको केही दोष छैन । दोष छ भने मेरो छ । यिनलाई शाप न दिनुहोस् । बिन्ती छ । मलाई शाप दिनुहोस् । "श्रृङ्गीले शान्तालाई बचाउदैं भने ।

"महर्षे ? त्यसो होइन । मैले नै उहाँलाई झुक्याएर साथी बनेर ल्याएकी हुँ । त्यसको प्रायश्चित्त मैलेनै गर्नु पर्छ । यहाँ ऋषिले होइन । यसको दण्ड भोग्नु पर्छ भने मैले नै भोग्नु पर्छ । यसको दोषी मै हुँ । उहाँले त मैले जे जे भने आखाँ चिम्लेर म माथि विश्वास गरेर त्यही त्यही मान्नु भयो" शान्ताले भनिन् ।

दुवैले आफूलाई अपराधी साबित गर्न विभिन्न तर्कहरू प्रस्तुत गरे । अन्त्यमा शान्तानै दोषी ठहरिइन् । उनी श्रृङ्गीलाई मन पराउँछिन् भन्ने कुरा पनि त्यहाँ सबैलाई खुलस्त भयो । विभाण्डकले रिसाए जस्तो भाव देखाएर राजकुमारीलाई भने–

"तिमी आजन्म यसै लट्टे जोगीकी जोगिनी भएर बस । राजमहलको साटो कुटीमा तिम्रो बास होस् । चौसठ्ठी परिकारका ठाउँमा कन्तमूलले जीवन निर्वाह गर्न परोस् । तिमी आजन्म यही दण्ड भोग ।"

"शान्ता विभाण्डकका कुराले मनमनै खुशी भइन् । उनले चाहेकै यही थियो ।"

विभाण्डकमा यी वाक्यले युवा र युवती बीचको परस्परको आकर्षण र सौहार्दलाई आजीवन दाम्पत्यमा परिणत गरिदिएको थियो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभाण्डकको भनाईमा यो एक प्रकारको शाप थियो भने श्रृङ्गी र शान्ताको बुझाईमा वरदान । एकातिर यो दण्ड थियो भने अर्कोतिर आशीर्वाद । विभाण्डकले यस घटनाबाट एउटा कुरा राम्रैसँग बुझे-

"माछासँग शत्रुता गरेर पानीमा बस्न सकिन्न । जनावर सँग वैरभाव गरेर जङ्गलमा बस्न सकिन्न । त्यस्तै नारी सँग शत्रुता राखेर यो सृष्टिमा टिक्न सकिने रहेनछ ।"

यस सृष्टिका सबै वस्तुमा गुण र दोष बराबरै छन् । तिनको सदुपयोगले राम्रो फल दिन्छ भने दुरुपयोगले न राम्रो । भाग्य भनेको हाम्रो अतीत हो । पुरुषार्थ हाम्रो भविष्य । भाग्य र पुरुषार्थको सामञ्जस्यनै हाम्रो वर्तमान हो । हामी वर्तमानमा यसैगरी सामञ्जस्यका साथ बाच्नुपर्दछ । भाग्यको भोगगर्दै पुरुषार्थमा अगाडि बढदा मात्र हाम्रो कल्याण छ ।

बिउ छरेजति सबै उम्रिदैनन् । उम्रिएजति सबै बढ्दैनन् । बढे जति फुल्दैनन्, अनि फुलेजति सबै फल्दैनन् । राजा रोमपादले दत्तक छोरी शान्तालाई औरस झैं पाले-ताले, हुर्काए-बढाए, पढाए-लेखाएर पोख्त बनाए । उनलाई तिनी राजकाजमा सहयोगी पनि हुन थालेकी थिइन् । उनी निकट भविष्यमै शान्तालाई आफ्ना राजगद्दीको उत्तराधिकारी बनाउन पनि चाहन्थे । तर भनेजस्तो कहाँ हुँदो रहेछ र ? त्यतिका नाउँमा आफूले राम्रो सुहाउँदो राजकुमार वर खोजेर विहेगरेर छोरी सुम्पिन पाएनन् । दरबारकी छोरीले जङ्गलका खरानी घस्ने जोगीसँग घरबारगर्न मनपराई भने कसको के लाग्यो !

"मैले पनि यस्ती पढेलेखेकी जान्नेसुन्ने देशकाल बुझेकी छोरीले गलत पाइला चाल्ने छैन भन्ने ठानेर यसमाथि चाहिने भन्दा बढी विश्वास गरें । धेरै बाठी हुन पुगी मेरी छोरी । त्यत्रो पढेलेखेका विद्वान् शक्तिशाली तपस्वी यी श्रृङ्गी पनि बाबुले एकहाते गराएर जङ्गलभित्रै राखेकाले लोक व्यवहार न जान्ने धेरै सोझा सिधा भोलेबाबा जस्ता भए । यहाँसम्म कि यिनले नारीलाई पनि नर चिने । गाईलाई पनि साँढे बुझे । नारीको मुख हेर्दिन मन्ने मानिसले नारीलाई पुरुष ठान्ने गल्ती गरेर ऋषि बाहुनको छोराले क्षत्रियराज कन्यासँग बिहेगर्ने बाध्यता आइपऱ्यो । विभाण्डक पनि बाध्य भए म पनि बाध्य भएँ । अब यसबारे धेरै चिन्ता लिनु पर्ने छैन । रोजे-खोजेको उसैले हो । आ आफ्ना कर्त्तव्य अनुसारको प्रारब्ध भोग्ने त हो नि ? अब सबै कुरा छोडेर बिहेको तैयारी तर्फ लाग्नु पर्दछ ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा रोमपादले मनमनै वर्तमानसँग सम्झौता गरे । उनी अब छोरीलाई बिहे गरेर पठाउने तर्फ एकोहोरिए ।

अर्कोदिन शान्ता सँगिनीसँग घुम्न बगैंचातिर गइन् । उनी एउटा छहारिलो रुखका फेदमा बिचमा बसेकी थिइन् । वरिपरि तिनका सँगिनीहरू बसेका थिए ।

"तिमीले अब हामीहरूलाई सधैंको लागि छोडेर जान थाल्यौ ! तिमीसँग बस्दा खेल्दा समय गएको थाहा हुदैंनथ्यो । अब त हामीहरू एक्लै हुने भयौं ।" गुनासा गरे तिनीहरूले ।

ती मध्ये एउटीले भनी- "किन यति चाडैं तिमीलाई दुलहा चाहिएको ! अलि पछि बिहे गरेको भए हुँदैंनथ्यो ? महाराजले छोरीलाई यस राज्यको उत्तराधिकारी बनाउँछु ? भन्नुहुन्थ्यो । तिमी भने महारानी बन्नु साटो जोगीका लगौंटीको फुर्को समाएर पछि लाग्ने भयौ !"

"न करा मोरी ? जन्म मृत्यु र बिहे भन्ने कुरा मान्छेले चाहेर हुने कुरा होइन । यो त आमाको गर्भमै छदाँ भावीले लेखेको हुन्छ । त्यसैमाथि यत्रो विद्वान् तपस्वी र अहिले सम्म कुनै पनि केटीलाई न हेरेको चोखो वर पाएकी छु मैले । तँलाई पनि बरु पोइको हतार भयो भने म सँग हिंड् ? आश्रममा आउने कुनै एउटा लट्टे भिराइ दिउँला !" शान्ताले उसलाई भनिन् ।

"भोः भोः मलाई तिम्रो जस्तो जोगी दुलहा चाहिदैंन । भोगी दुलहा चाहिन्छ । लुगाका नाउँमा एउटा लँगोटी लाउनु छ, त्यै पनि कसिएको र खुकुलो थाहा छैन । त्यस्ता भुत्ले फुर्से जोगी सँग को बिहा गर्छ ? कुनै राजकुमारलाई फँसाउलिन् भन्दा त त्यस्ता लट्टे पो फसाइ छन् !" अर्कीले भनी ।

"एः के भनिस् ? फेरिभन् त ? मैले त्यसरी यी योगीलाई फकाएर न ल्याएकी भए अहिले सम्म यो देशको के हाल हुन्थ्यो ? अझ बढता हुन्छेस् ! पख् तँलाई !" यति भन्दै शन्ताले त्यस संगिनीलाई बगैचामा लखेटिन् । लखेँटिदाँ लखेटिदाँ थाकेपछि उसले जान्ने बिराएँ राजकुमारी ? अब म थाकें ! भने पछि उनले छाडिदिइन् ।

यसै बीच उनकी एउटी बिहा भैसकेकी साथीले भनी-

"ए राजकुमारी ? बिहा त गर्ने । विभाण्डकले तिमीलाई जोगिनी भएर बस्नु भनेको पत्नी हुनु हो, भन्ने कुरा उनका पुत्र श्रृङ्गीले बुझे कि ! बुझेनन् । नारीको मुख न हेरेकालाइ विवाह के हो ? भन्ने बारे पनि थाहा न हुन सक्छ । लट्टे जोगीको के भर भयो र ! कुनै दिन तिमीसँग रिसाएर आफ्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिम्टा र झोली तुम्बा बोकेर एकातिर हिंड्न पनि सक्छन् ती त । तिमीले समय छदैं तिनीसँग यस बारे कुरा गर ।"

शान्तालाई यो कुरा ठीक लाग्यो । जीवन भनेको खेलचारी होइन । एक छिन कसैसँग बस्नु, गफिनु, खेल–ठट्टा गर्नु अर्कै कुरा ! तर त्यसैसँग जीवन बिताउनु भनेको अर्कै कुरा ! न जाँची न बुझी गरेका बिहेले धेरैलाई पछि अप्ठेरो परेको छ । उनी बाबु रिसाएकाले एकान्तमा टोलाएर बसेका श्रृङ्गीसँग कुरा गर्न पर्णशाला भित्र पसिन् ।

"एः अब त तिम्रो र मेरो बिहे हुने भयो । सधैंभरिका लागि तिमी र म साथी साथी, " शान्ताले दङ्पर्दै भनिन् ।

"तिमीलाई पहिलेनै भनेको थिएँ । मैले बा सँग तिमीलाई सँधै आश्रममा राख्न भन्छु भनेर । आखिर बाले मेरो मनको कुरा बुझेर आफै तिमीलाई साथी बनाइ दिनुभयो । मेरो बा जस्तो मेरो मनको कुरा बुझ्ने अरू को हुन्छ ?"

"साथी मात्रै होइन, जीवन साथी !"

"जीवनसाथी भनेको के हो ?"

"तिम्रो र मेरो अब बिहे हुने भयो भनेको !"

"बिहे भनेको के हो ?"

"के हुन्छ बिहे भनेको ? हरे शिव ! यस्तो बिहे भनेकै न बुझ्ने न जान्ने मानिससँग बिहे गरेर पनि मलाई के सुख होला !"

"त्यसो भए न गरौं न त बिहे सिहे । त्यस्तो सुखै न हुने बिहे किन गर्नु पर्‍यो त ?" श्रृङ्गीले शान्तालाई भने ।

एक छिनको तर्क-वितर्क र सवाल–जवाफ पछि दुवै यस विषयमा राजी भए । अझ भनौं शान्ताले आफ्ना चतुर्‍याइँ र बठ्याइँले श्रृङ्गीलाई राजी गराइन् ।

"त्यसोभए तिमीले मलाई कहिलेपनि छाड्दैनौ ?"

"छाड्दिन ।"

"सधैंमलाई माया गर्छौ ?"

"गर्छु । आफूलाईभन्दा पनि बढ्ता माया गर्छु ।"

"मलाई कत्ति पनि दुःख दिन्नौ ?"

" दिन्न"।

"म सँग कहिले पनि रिसाउँदैनौ ?"

"रिसाउँदिन । रिसाउने भए त अस्ति तिमीले मलाई कुरै न बुझी पापी भन्दा पनि रिसाउने थिएँ । खोई ? त रिसाएँ ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"हो, त्यति बेला त रिसाएनौ !"

"झन् अब त किन रिसाउनु नि !" श्रृङ्गीले भने

"बरु म त एक्लै बस्दा बस्दा हैरान परें । आश्रममा म जति पनि एक्लै बस्न सक्थें । यहाँ आए पछि त के भयो ? के भयो ? अब हामी कहिले देखि सँगै बस्ने ?

"अब हाम्रो बिहे पछि ।"

"खै बिहे पनि कहिले हुने हो ? बरु चाडैं गरम् न बिहे ! हुदैंन र ? ।"

"हुन्छ नि ।"

"तिमीलाई हेर्दा हेर्दा मेरा त आँखा पाटिन्छन् । तिमी आउदैनौ । हिंजो बाट त राती मैले सपनामा पनि तिमीलाई नै देख्न थालें । रातभरि तिमी सगैं हुन्छ्यौ ! उज्यालो हुदाँ त म एक्लै ? अहिले त मलाई उज्यालो पनि ढिलो भै दिए हुथ्यो जस्तो लाग्छ । तिमीलाई पनि त्यस्तै लाग्छ ?"

"लाग्दैन खोई मलाई त ! मलाई त क्यै पनि हुँदैन त्यस्तो !" शान्ताले आफ्नो भाव लुकाउँदै भनिन् । अनि उनी श्रृङ्गीबाट आश्वस्त भएर फर्किन् ।

ब्राह्मण पुत्र ऋषि विभाण्डक, हरिणीपुत्र श्रृङ्गी, क्षत्रियकन्या शान्ता, राजमहलकी कन्या र कुटीमा बस्ने जोगी । यसो हेर्दा यहाँ विवाहका लागि मिलाउनु जुराउनुपर्ने केही कुरापनि मिलेजुरेको थिएन । कहिले काहीं कुनै कुरा न मिल्नुपनि सबैकुरा मिल्नु हुन्छ । अरू अचारमा अमिलो मात्र मिलाइन्छ,गुलियो मिलाउँदा त्यो अचार बिग्रिन्छ । खट्टो-मिठ्ठो अचारमा भने अमिलो सँगै गुलियो पनि मिसाउनै पर्दछ-*अनान्तर्यमेव एतयोरान्तर्यम् ।*

राजा रोमपादले छोरीको बिहे कति धुमधामसँग गरौंला भनेका थिए । राजा दशरथ जस्ता आफ्ना मित्र तथा छिमेकी राजा रजौटालाई समेत आमन्त्रण गरेर स्वयम्वर विधिले भव्य रूपमा छोरीको कन्यादान गर्ने उनको अभिलाषा थियो । त्यो हुन सकेन । आशारूपी बताशा (एक प्रकारको तराईको मिठाइ) मा हताशा रूपी पानी पऱ्यो । शान्ता र श्रृङ्गीको ब्राह्मविधि अनुसार विवाह सम्पन्न भयो ।

युवावस्थाको तरङ्ग र उमङ्गमा कुनै युवक वा युवती सँग माया पिरती बस्नु अर्कै कुरा हो । वास्तविक जीवनमा आउँदा ती दुईमा धेरै कुरा नमिल्दा हुन्छन् । यसले जीवन भरि पछुतो पनि हुन्छ । यद्यपि सबै कुरामा पूर्ण त कोही पनि हुदैंन र कहिल्यै पनि हुदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"श्रृङ्गीलाई ल्याउन त तान्त्रिक आमै बोलाइएकै थियो । जसरी पनि उनले ऋषिलाई ल्याउनेनै थिइन् । मेरो जाने कामै थिएन । उनले त मात्र विभाण्डक ऋषि आश्रममा भए न भएको बुझ्न मात्र पठाएकी हुन् । मलाई चाहिने भन्दा बढी जान्ने हुन किन परेको ? मैले यो के काम गरें ? ।"

अहिले आएर शान्ताका मनमा यस्ता कुरा पनि खेल्न थालेका थिए, तर विभाण्डकले भन्नु भन्दा पहिलेनै उनले श्रृङ्गीलाई मन पराएकी हुन् । उनको रूपमा उनी लठ्ठिएकै हुन् । युवतीले वर छान्नुपऱ्यो भने पहिलो प्राथमिकता रूपलाई दिन्छन् - *कन्या वरयते रूपम्* ।

श्रृङ्गीले पनि पुरुष मित्रका रूपमा भए पनि शान्तालाई रुचाएकै हुन् । विभाण्डकलाई भनेर आफ्नै आश्रममा तिनलाई सधैं भरि राख्न चाहेकै पनि हुन् । यी दुवैले आपसमा कुराकानी मात्र होइन, यिनले एक अर्काका अङ्गमा आफ्ना अङ्गन्यास र करन्यास गरिसकेका थिए । चोखो स्पर्शानुभूति गरिसकेका थिए । वर कन्या मध्ये दुवैले एक अर्कोलाई मन पराए पछि यहाँ कसैले कसैलाई यस बारे दोष छेपन लाउने कुरा थिएन । आफूले मनमा कल्पना गरेका कुराको व्यावहारिक क्रियान्वयन मात्र हो यो बिहे ।

श्रृङ्गीले शान्ताको ओबानो सिउँदोमा सिँदुर हाले । मैत्रीका सातपाइला सँगै हिंडे । "तिम्रा इच्छा मेरा इच्छा, तिम्रो मन मेरो मन एउटै होस् । हामी सधैं सुख दुःखका साथी बनौं" भनेर अग्नि देवतालाई साक्षी राखी दुवैले प्रतिज्ञा गरे । अन्त्यमा बेहुला बेहुली दुवै जना विभाण्डक ऋषिको चरणस्पर्श गर्न गए । देश, काल र परिस्थिति सँग सम्झौता गरिसकेका विभाण्डक ऋषिले छोरा-बुहारीलाई आयु बढोस् ! कीर्त्ति बढोस् ! सौभाग्य बढोस् ! भनेर आशीर्वाद दिए- ***आयुष्मान् भव ! यशोवान् भव ! अखण्ड सौभाग्यवती भव !***
यसरी बिहे सम्पन्न भयो ।

विदाईको बेला आयो । कुटीमा बस्ने जोगीलाई के दाइजो दिनु ! के सम्पति दिनु ! उनले त समस्त राज्यनै छोरी जुवाईंलाई सुम्पिने विचार गरेका थिए । यो कुरा सम्भव भएन । जोगी दम्पतीलाई राज्यको के काम ? तर केही त दिनै पऱ्यो, उनले दाइजोका रूपमा सुन-चाँदीले सींग मोडेका राम्रा जातका एक लाख असल गाईहरू दिन तयार पारे ।

छोरी, जुवाईं र सम्धीको निम्ति यथायोग्य उपहार दिने कुराको तरखर हुन थाल्यो । वर र सम्धीलाई असल खालका जोडा धोती, जोडा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौबन्दी, जोडा उपर्ना, जोडा जनै, जोडा कौपीन, जोडा खराऊ र जोडा कमण्डलू तयार गरे । शान्ताका लागि पनि आश्रम जीवन लाई सुहाउँदो भड्किलो उत्ताउलो नदेखिने लुगा कपडा र श्रृङ्गार सामग्रीहरू तयार पारे । जनै बनाउने कपास, धागो कात्ने कतुवा, कपडा बुन्ने तान, ढकिया बुन्ने थरि थरिका काँटी आदि कुराहरू पनि पठाउन ठिक्क पारे । शान्तालाई अध्ययन कालमा नारीसुलभ घरेलू शिल्पको अनिवार्य शिक्षा दिइएको थियो । उनी यस्ता कुरामा निपुण थिइन् ।

तीनवटा रथ पंक्तिबद्ध भएर उभिए । सबैभन्दा पहिले विभाण्डक ऋषिलाई रथमा चढाइयो । त्यस पछि सरयू धाईका साथ दाइजोका सामानहरू भएको रथ अगाडि बढ्यो । अनि श्रृङ्गी र शान्ता चढेको रथले बाटो लियो । दाइजोका एक लाख गाईहरू भने विस्तारै जादैं गरून् भनेर अगाडिनै पठाइ सकिएको थियो ।

"बुवा ? तपाईंले म दत्तक पुत्री भएपनि औरस पुत्री भन्दा बढी स्नेह दिएर विविध विद्या र कलामा मलाई दक्ष बनाउनु भयो । म प्रति तपाईंको कस्तो विश्वास थियो । कस्ता आकाङ्क्षा थिए । ती सबै अधुरै रहे । यसको अपराधबोध मलाई भएको छ । मलाई क्षमा दिनुहोस् भन्ने स्थितिमा पनि म आज रहिन । मैले तपाईंको धेरै मन दुखाएकी छु ।" यति भन्दै शान्ता रोमपादलाई अँगालो हालेर डाँको छोडेर रुन लागिन् ।

शान्ताको मुखबाट पहिलोपल्ट आफू दत्तक भएको कुरा सुन्दा राजा अचम्म परे । पक्कै पनि सरयू धाईले यो रहस्य खोली भन्ने उनले ठम्याए । एक छिन त उनी केही बोल्नै सकेनन् । खाली शान्ताका पिठ्यूँमा हात थप थपाएर उनलाई ढाडस दिए । यसरी राजा रोमपादले छोरी बिदाई गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाह्रौं

श्रवणकुमारका माता पिताका साथ घटेको घटनाको विवरण राजारानीले गुरु वशिष्ठलाई सुनाए । अर्को विवाह गर्ने बारे उनीसँग पनि सल्लाह लिए । वशिष्ठ पनि अयोध्याको राजवंश यत्तिमै टुङ्गिने भयो भनेर साह्रै चिन्तित थिए । उनले पनि अन्धा ब्राह्मणदम्पतीले दिएको पुत्रवियोगको शापलाई वंशवृद्धिमा कारण हुनसक्ने माने । यसमा सबैको राय-सल्लाह मिल्यो ।

दशरथको तेस्रो विवाहका लागि कन्या खोज्ने काम प्रारम्भ भयो । राजामात्रै भनेर भएन । धेरै उमेर खाइसकेका सँग बिहे गर्न को केटी राजी हुन्थी र ? त्यस्ता उमेर छिप्पिएका र दुई विवाह गरिसकेका लाईछोरी सुम्पिन सामान्यतया कुन बाबुआमा चाहन्थे र ? कन्यार्थीहरूलाई योग्य राजकन्या फेलापार्न निकै गाह्रो भयो । उनीहरू कन्या खोज्दै खोज्दै केकय देश पुगे ।

तिनताका केकयदेशका राजा अश्वपति थिए । सातभाई राजकुमारहरूपछि जन्मेकी तिनकी एकमात्र छोरी थिइन् । तिनको नाउँ कैकेयी थियो ।

आमा माइतै बस्ने गरेकी हुनाले कैकेयीले आमाको माया धेरै पाइनन् । दाजुहरू र बाबुको लालन-पालनमा नै उनी हुर्किन्, बढिन् । छोरीलाई विदुषी वनाउने इच्छाले केकय नरेशले सानैदेखि उनका शिक्षा-दीक्षाको राम्रो प्रबन्ध गरे । शस्त्र तथा शास्त्र दुवै विद्यामा तिनी अत्यन्त निपुण भइन् ।

पढाई तथा विभिन्न कला-कौशलमा धेरै समय खर्चिनु पर्दा उनको बिहेको समय अलि ढिप्किसकेको थियो । एक त तिनको योग्यतासँग मिल्ने त्यस्तै विद्वान् वर पाउन गाह्रो अर्को तिनको उमेर सँग मिल्दो जुल्दो जोडा पाउन उत्तिकै गाह्रो !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कहिले काहिँ त छोरीलाई उसका उमेरको ख्याल नगरी पढाइमात्र रहदाँ पनि पछि गएर बिहेमा ठूलो समस्या आइपर्ने रहेछ । यस्तै समयमा अयोध्यानरेश दशरथका कन्यार्थी भएर हिडेका व्यक्तिहरू केकय नरेश अश्वपतिका राजदरबारमा पुगे ।

कन्यार्थीहरूले राजा सामू प्रस्ताव राखे । उनले दशरथले तेस्रो विवाह गर्न खोज्नुको कारणबारे पनिसबैकुरा थाहा पाए । रानी र छोरासँग समेत सल्लाह गरे । उनीहरूले केकेयीबाट जन्मने छोराले नै राज्यको उत्तराधिकार पाउनु पर्ने सर्त्त राखे ।

ती कन्यार्थीहरूलाई कैकेयीबाट जन्मेको राजकुमारनै दशरथको उत्तराधिकारी बन्नेछ भन्ने निर्णयको अधिकार त थिएन, तथापि तत्कालको समस्या समाधानकमा लागि उनले भने–

“यो कुरा त पछि भै हाल्छ नि ! हामी महाराजलाई तपाईहरूँको चाहना निवेदन गर्छौं । तैपनि छोरा जन्मने भए त पहिलेका दुईरानीबाट भै हाल्थे नि ! उहाँहरूका कोखबाट राजकुमार पैदा न भएर त हामी कन्यार्थी भएर यहाँ आयौं ! यसबारे यहाँहरूले चिन्ता लिनै पर्दैन ।” कैकेयीका बुबा तथा दाज्युहरूलाई उनका कुरा ठीकै लाग्यो । सबैको राय मिल्यो । कन्या दिन राजा तयार भए ।

कैकेयी पनि आफू सुहाउँदो वर न पाउँदा बिहे नगरी बस्ने स्थितिमा लगभग पुगिसकेकी थिइन् । उनलाई बिहेभन्दा पनि शासन सत्ता सभाल्ने काममा धेरै अभिरुचि थियो । कुनै वीरता र साहसी काम आइपर्दा आफ्ना पिता र सातैजना दाजुहरू भन्दा उनी एक पाइला अघिँनै सर्थिन् । उनले दशरथ सँग बिहे गर्दा यस्तो काम पाउनु सहज थियो । किनभने म पछि यो राज्य थामिखाने कोही छैन भन्ने चिन्ताले गर्दा राजकाजमा पनि दशरथलाई उस्तो दिलचस्पी थिएन । अतः कैकेयीले राज्यको बागडोर आफ्नो हातमा लिन सहजै सक्दथिन् ।

कैकेयीले पनि बिहेको प्रस्ताव स्वीकारिन् । यसरी राजा दशरथले केकय राजकुमारी कैकेयीसँग आफ्नो तेस्रो विवाह गरे । छोरी बिदाई गर्दा केकय नरेशले अति चतुर तथा कूटनीतिज्ञ महिला मन्थरालाई दाइजोको रूपमा साथमा पठाएका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवाह गरेर अयोध्या भित्रिना साथ कैकेयीले राजा दशरथलाई दैनिक राजकाजमा सहयोग दिन थालिन् । उनको सहयोग, सल्लाह र सान्निध्य पाउँदा राजा दशरथको शिथिल प्रशासनिक व्यवस्था क्रमशः सुदृढ र राम्रो हुँदै गयो । कान्छी रानी भएकीले तिनैबाट छोरा जन्मिन्छ भन्ने आशाले पनि दशरथ कैकेयीप्रति बढी आकृष्ट हुनु स्वाभाविक थियो ।

अब त उनले राजकाज सम्बन्धी कुनैपनि निर्णय लिदाँ कैकेयी सँग सल्लाह नगरी लिदैंनथे । यसरी यिनको केही आफ्नो ढिला सुस्ती र उदासीपनले गर्दा खस्किदैं गएको राज्यको स्थितिमा क्रमशः सुधार आयो । राजाको धेरै समय कैकेयीका साथ राजकाजकै व्यस्ततामा खर्च हुन्थ्यो । केही समय पछिनै राजा दशरथको कीर्तिपताका चारैतिर फर्फराउनथाल्यो ।

एकपल्ट तिमिध्वज नामक असुरले इन्द्रपद प्राप्त गर्नका लागि स्वर्गमा चढाइ गऱ्यो । इन्द्रले राजा दशरथसँग सहयोग मागे । दशरथ इन्द्रको पक्षमा राक्षस विरुद्ध लड्न स्वर्गतर्फ जाने तयारी गरे । त्यसबेला उनका साथ रथको सारथिका रूपमा राजाका साथ यिनै कैकेयी गइन् ।

असुरकासाथ दशरथको घमासान युद्ध भयो । तिमिध्वजले एउटा अमोघ अस्त्र दशरथमाथि प्रहार गऱ्यो । त्यसले राजालाई मूर्च्छित पार्नुका साथै रथको धुरा पनि भाँचिदियो । यो कुरा कैकेयीले उत्निखेरै थाहा पाइन् ।

उनी तत्काल रथबाट ओर्लिन् । धुराका ठाउँमा आफ्नो एउटा हात राखेर रथलाई ढलेर भाँचिनबाट बचाइन् । उनले अर्को हातले घोडाका लगाम समाएकै थिइन् । अनि बिस्तारै घोडा हिंडाएर रथलाई सुरक्षित ठाउँमा लगिन् । त्यहाँ राजाको ओखती मूलो भयो । उनी मूर्च्छाबाट जागे ।

दशरथले कैकेयीको घाउले रगतपच्छे भएको हात देखे । रानीलाई कारण सोधे । उनले सबै विवरण सुनाइन् । राजा रानी प्रति कृतज्ञ भए । तत्काल उनले कैकेयी सँग भने-

"तिमीले मलाई युद्धस्थलमा मूर्च्छा परेका बेला बडो जतन साथ बुद्धि पुऱ्याएर बाहिर ल्यायौ । रथको धुरा भाँचिएका ठाउँमा आफ्नो हात राखेर रथ क्षतिग्रस्त हुनबाट बचायौ । हाम्रो इक्ष्वाकुवंशकी वीराङ्गनाका रूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफूलाई उभ्यायौ । यी दुवै महत्वपूर्ण कार्यगरे बापत म तिम्रा दुईओटा इच्छा पूर्ण गरिदिन्छु । तिमीके चाहन्छयौ ? भन । तिम्रा निमित्त मबाट अदेय केही छैन ।"

"महाराज ? अहिले के हतार छ र ! मैले त युद्धमा एउटी क्षत्रिय पत्नीको नाताले आफ्नो कर्त्तव्य मात्र पूरा गरें । कुनै फल प्राप्तिको आशाले गरेको कार्य यो होइन । यो जाबो हातमा चोट पटक लाग्नु के कुरा भयो र ! म हजुरको सुरक्षाका लागि प्राणसमेत दिन तयार थिएँ । अहिले यो हजुरमै थाती रहोस् । पछि कुनै समयमा मागूँला !

राजा दशरथ सुरक्षित रूपमा आफ्नी रानीका साथ अयोध्या फर्के । कैकेयीलाई विहगरेपछि राजा दशरथ राजकाजसम्बन्धी अरू सबै कार्यबाट निश्चिन्त थिए । तर मूलकुरा जसका लागि कैकेयीसँग बिहा गरिएको थियो । त्यस उद्देश्यको पूर्त्ति भने भएको थिएन ।

दिउँसो त उनी राजकाजमा भुल्ने गर्थे । त्यस बाहेकका केही कुरा सोच्ने संझिने समयै हुदैनथ्यो । जब उनी साँझ परिवार साथ हुन्थे, उनलाई फेरि चिन्ताले सताउन थाल्थ्यो । पर्खिदाँ पर्खिदैं जुग बित्न थाल्यो ।

विधिको विधान कसले जानिसक्नु ! पछि पछि भने यो विवाह पनि राजालाई न दुखेको कपाल डोरी लाएर दुखाउनु जस्तै भयो । राजा दशरथ जीवन सोपानको उत्तरार्ध तिर ओर्लिदैं थिए । सन्तान प्राप्तिका लागि उनले तीर्थ, बर्त, दान पुण्य यज्ञ यागादि सबैथोक गरे । कतै कुनै उपाय लागेन ।

"आफ्नू र देशको समेत भाग्य लिएर आएकी शान्ता छोरीलाई जन्मिदाँसाथ आमाको काख छोडाएर अङ्गदेशको राजधानी चम्पापुरी पुऱ्याई रोमपादका जिम्मा लगाएको प्रायश्चित्त मैले अहिले सम्म गर्दै छु ।" भन्ने भित्रभित्रै लागेको थियो उनलाई । यसरी उनी सधैं चिन्तायुक्त रहन थाले । यिनलाई चिन्तामुक्त गराउने कुनै उपाय भेटिएको थिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेह्रौं

तीनओटा रथ र एकलाख सुन-चाँदीले मोडेको सींग भएका गाई लिएर आउँदै गरेका विभाण्डकऋषिलाई सिङ्गीघाट परिसरका मानिसले देखे । एक कान दुईकान मैदान भयो यो कुरा । विभाण्डक ऋषि बुहारी लिएर आउँदैछन् भन्ने हल्ली-खल्ली मच्चियो । त्यहाँ वरपरका महिलाहरू बेहुलीको मुख हेर्ने भनेर आफ्ना सबै काम छोडेर हत्तपत्त घरबाट निस्के । बाणगङ्गा वारीनै एउटा पीपल चौतारीको छहारीमा उपहार हातमा लिएर एक एक गर्दै जम्मा भए ।

गाउँमा कसैको पनि बिहा किन नहोस् ! आगँन, पेटी, झ्याल, ढोका, कौसी, बार्दली तथा चोक जहाँ उभिएर भएपनि महिलाहरू बेहुला, बेहुली र जन्ती हेर्न साह्रै लालायित हुन्छन् । छोराबुहारी लिएर आएका विभाण्डक ऋषिले बेहुलीको मुख हेर्न प्रतीक्षारत ती महिलाहरूलाई देखेपछि सारथिलाई भनेर रथ रोक्न लगाए । सबैले बेहुलीको मुख हेरे । शान्ताको रूप, रङ्ग, विनम्रता, बोली, मुस्कान र शालीनता देखेर ती आइमाईहरू छक्क परे ।

"साह्रै र रूप र लच्छिनकी बुहारी ल्याउनु भए छ !" उनीहरूले भने ।

"रूप र लच्छिनकी मात्र हो र विद्याकी पनि त्यस्तै धनी छ ।" ऋषिले गर्वसाथ त्यसैमा अर्को खुपी थपे ।

"एः दुलही नानी ! हामीलाई त हाम्रा वाबुआमाले पढाएनन् । तिमीले हामीलाई साउँ बाह्रखरी सम्म चिन्ने-लेख्ने गराइ देऊ !" महिलाहरूले भने ।

"हुन्छ । तपाईंहरूलाई यतिमात्र सहयोग गर्न पाएँ भने पनि मैले आफूले पढेको सफल ठान्ने छु ।" शान्ताले भनिन् ।

"लः भाग्यमानी भए !" भन्दै महिलाहरू विदा भए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभाण्डक ऋषिलाई त्यहाँ पुगे पछि नन्दनवन आश्रम जाने मन लागेन । उनी त्यो ठाउँ छोडेर अन्यत्र कतै गई समाधि लगाउन चाहन्थे । परिवारमा बस्दा यो अलि सम्भव थिएन । त्यसै हुनाले उनी आफ्नो पुरानो आश्रम कौशिकी तट तिरै जान चाहे । त्यताको सबै जिम्मा छोरा बुहारीलाई लगाएर उनी पिपल चौतारीबाटै पूर्वतर्फ लागे । महिलाहरूले शान्ताको मुख हेरेको र विभाण्डक ऋषि विदाभएको त्यस ठाउँलाई लोक बोलीमा *पिपरा* भनिन्छ । त्यहाँका रैथानेहरू अहिले पनि अनुश्रुतिका रूपमा यसको चर्चा गर्दछन् ।

तान्त्रिक आमैले शान्तालाई दाइजोमा दिएको मधुवन यथावत् थियो । उनले आफ्नो ठूलो साधना शक्तिको प्रयोग गरेर यस मायानगरीको निर्माण गरेकी थिइन् । तन्त्रशक्ति भनेको एउटा कोषागार हो, एउटा ढुकुटी हो । जसरी कोषागारको धन खर्च गर्दा सकिन्छ, त्यस्तै तन्त्रशक्ति खर्च गर्दै गयो भने साधक रित्तिन्छ । त्यो निस्तेज हुन्छ ।

तान्त्रिक आमैले महा अकालग्रस्त देशको रक्षाका निम्ति महिलाको मुख न हेर्ने श्रृङ्गीलाई आफ्नो तन्त्रशक्तिको प्रयोग गरेर जसरी पनि अङ्गदेश ल्याउनु थियो । यसकै लागि उनले भएभरको शक्ति लगाएर यस मधुवनको निर्माण गरिन् तर शान्ताले आफनो जुक्तिबुद्धिले श्रृङ्गीलाई आफै अङ्गदेशजान राजी गराइन् । त्यस माया नगरीको कुनै सदुपयोग भएन । तान्त्रिक आमाको साधना शक्तिको एक अर्थमा दुरुपयोगनै भयो ।

तान्त्रिक आमै अब शक्तिहीन भइन् । उनलाई शान्ता श्रृङ्गी सँग पूर्णरूपमा आकर्षित भएकी छन् भन्ने थाहा थियो । त्यसै हुनाले उनले यो मधुवन उनलाई दाइजोको रूपमा दिएर आफू आफ्नै ठाउँमा फर्किन् । तेजोहीन ती तान्त्रिक आमैले आफूलाई धेरैदिन सम्म जीवित राख्न सकिनन् ।

त्यसै मधुवनमा आएर शान्ता र श्रृङ्गी रथबाट ओर्ले । शान्ताले कामधेनु शब्दको मौन उच्चारण गरिन् । मूलद्वार करर्र गर्दै खुल्यो । सबैजना प्रवेश गरे । केही समय सम्म श्रृङ्गी दम्पती त्यहीं मधुवनको सुख-सुबिधाको सदुपयोग गरेर बसे । पहिले पहिले लोक व्यवहार बिलकुलै नजान्ने श्रृङ्गी ऋषि पछिपछि त शान्ताको प्रशिक्षण पाएर यसमा पोख्त भै सकेका थिए । उहिले र अहिलेका श्रृङ्गीमा आकाश पातालको फरक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भैसकेको थियो । भौतिक सुविधा सम्पन्न त्यस माया नगरी मधुवनमा शान्ता दम्पतीले केही समय आफ्नो मधुमय मधुमास बिताए ।

"हामीले भौतिक सुख सविधामा यसरी लिप्त हुनु हुँदैन । शान्त एकान्त आध्यात्मिक जीवन जिउनु पर्दछ । जीवनको उद्देश्य बाहिरी सुख-सुविधाको भोग मात्र होइन । बहिर्मुखी चित्तवृत्तिलाई घोडाको लगाम ताने जस्तै आफूतिर तानेर त्यसलाई निरोध गर्दै अन्तर्मुखी बनाउनु हो - *योगश्चित्तवृत्ति -निरोध: ।*

त्यसै भएर अब हामी एउटा शान्त एकान्त आश्रम परिसर निर्माणमा लागौं । यहाँका जनजनलाई साक्षर बनाऔं । तिनलाई योग सिकाऔं । तिनका रोग भगाऔं । महिला पुरूष दुवैलाई घरेलू काममा दक्ष बनाऔं । तिनलाई आत्म निर्भर जीवन बाँच्न सिकाऔं, जुका र जुम्रा जस्ता पर निर्भर हुन होइन ।" ऋषि दम्पतीले आपसमा यस्तो सल्लाह गरे ।

श्रृङ्गी र शान्ताले अरू कसैको सहयोग नलिई आफ्नै परिश्रमले तपसी जीवनलाई चाहिने सबै सुविधा युक्त एउटा आश्रमको निर्माण गरे । शान्ताले आश्रम कुटीहरूलाई स्थानीय संस्कृति झल्किने भू चित्र, भित्ते चित्र जस्ता विभिन्न कला कौशलले सजाइन् । शान्ताकुञ्ज पुग्ने मानिस त्यस आश्रम परिसरको सुन्दर छवि देख्दा मुग्ध हुने गर्थ्यो । फलफूलका लता वृक्ष र कुञ्जहरूले सुशोभित त्यस आश्रमको नाउँ पनि श्रृङ्गी ऋषिले आफ्नी पत्नीकै नाउँमा *शान्ताकुञ्ज* राखे ।

शान्ता एकछिन पनि खाली बस्दैनथिन् । उनले त्यसभेकका किशोरी युवतीहरूलाई जम्मा गरेर तिनीहरूलाई साक्षर गराउने अभियान थालिन् । कपासबाट हातले बत्ती कात्ने, कतुवाले धागो बनाउने, जनैको धागो तेहोराउने सिमल्ने, रङ्गबिरङ्गी बुट्टा भएका ढकिया, किस्ती बुन्ने, काइँया पङ्खा बनाउने जस्ता घरेलू शिल्प सिकाउने साथै तिनीहरूलाई नैतिकता र सदाचारका शिक्षा दिन थालिन् ।

यति मात्र होइन, त्यहाँ महिला ब्रह्मचारिणीहरूलाई शास्त्रीय शिक्षा दिनका लागि एउटा छुट्टै कन्या गुरुकुलको व्यवस्था भयो । त्यहाँपनि शान्ता दिनको एकपल्ट पुगेर आचार्या उपाचार्याहरूलाई आवश्यक निर्देशन दिने गर्थिन् । श्रृङ्गी दम्पतीले मधुवनको त्यसै शान्ताकुञ्ज आश्रममा बसेर सुखपूर्वक आदर्श दाम्पत्य जीवन व्यतीत गर्न थाले ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रृङ्गीले अङ्गदेशबाट ल्याएका ठूलाठूला कल्चौंडा भएका ती दुधारू गाईहरू पर्वत फेँदीका पोषिला रसिला घाँस खान पाएर झन् झन् हृष्टपुष्ट हुँदै गए । श्रृङ्गी दम्पतीले तिनका लागि विशाल गोशाला र गोचरनको व्यवस्था गरिदिए ।

"हाम्रो जीवन अन्नमा निर्भर छ । अन्न कृषिमा निर्भर छ । कृषि पनि हृष्ट पुष्ट र बलिया गोरूमा निर्भर छ । गाई-गोरूको मल-खाद भएन भने उब्जनी राम्रो हुदैंन र कृषकले आफ्नो परिश्रमको पूरा फल पाउँदैन । त्यसैहुनाले कृषि र गोसेवा ग्रामवासी र आश्रमवासी दुवैका लागि उत्तिकै चाहिन्छ । अन्न र गोरस प्रशस्त भएन भने गृहस्थीलाई परिवार पाल्न गाह्रो हुन्छ । आश्रमवासीलाई यज्ञ र अतिथि सेवा गर्न अप्ठ्यारो हुन्छ ।

कृषिप्रधान गृहस्थ र यज्ञप्रधान ऋषि दुवैलाई वन-जङ्गल नभै हुदैन समृद्ध वननै हाम्रो समृद्धिको कारणहो । वननै धनहो । जङ्गलनै मङ्गल हो । जङ्गल भएन भने पानीको स्रोत सुक्छ । जङ्गल नभएको ठाउँमा वर्षापनि कमहुन्छ । त्यसै भएर हामीले सामाजिक सम्पत्ति र राष्ट्रिय सम्पत्तिका रूपमा जङ्गलको सुरक्षा र संवर्द्धन गर्नुपर्दछ ।" शान्ता र श्रृङ्गी दुवैजना मिलेर ग्रामवासीहरूलाई यिनै कुरा सिकाउँथे ।

श्रृङ्गी र शान्ताका यस गोशालमा दूध, गोरस र गोबर कुनै कुरापनि बेच्ने चलन थिएन । त्यस परिक्षेत्रमा बस्ने सबै व्यक्तिले आफूलाई चाहिने जति दूध आफू खुशी दुहेर लान्थे । दही मही बनाएर आफू खान्थे, आफ्ना बच्चाहरूलाई खुवाउँथे । गाईका गोरस देखि गोमूत्र र गोबर सम्म जसले जति चाहिन्छ लैजाने गर्दथे । यसबाट त्यहाँ कृषिमा पनि उब्जनी बढ्न थाल्यो ।

त्यस भेकका वासिन्दाहरू धर्मार्थ गोसेवा गर्दथे । आफ्ना घरबाट गाईलाई चाहिने खली पिना दाना लिएर आउँथे । मर्दा पर्दा दान-दातव्यका लागि कसैसँग गाई भएन भने उसलाई त्यहाँ आएपछि उपलब्ध हुन्थ्यो । श्रृङ्गी ऋषिका गाई चर्ने चरन र गोशाला भएका ठाउँलाई जनजिब्रोले अहिले पनि *गोर्सिङ्गी, गोर्सिङ्गे र गोरुसिंगे, गोर्सिंघिँया* पनि भन्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौधौं

सास छउन्ज्याल मानिसलाई आसले छोड्दैन । आस नमरुन्ज्याल उसले केही न केही गरिरहेको हुन्छ । दाउराको लागि घाट कुर्दै रह्यो भने एकदिन नदीले एउटा मूढो बगाएर ल्याई उसकै अगाडि तेर्स्याइदिन्छ । त्यसैहुनाले राजा दशरथ आफूलाई अन्धादम्पतीले दिएको शाप कहिले बरदान भएर फल्ने होला ! भन्ने पर्खाइमा थिए ।

समय बित्दै थियो । राजाले चालमारेका थिएनन् । यसै क्रममा उनलाई कसैले एकजना त्रिकालदर्शी ज्योतिषीको सुराकी बतायो । दशरथले तत्कालै उनलाई डाक्न पठाए । ज्योतिषी दरबारमा आए । उनलाई जन्मकुण्डली आदि देखाइयो । उनले औंला गने । धुलौटो कोरे । चिना हेरे । घोरिए । पञ्चाङ्गपत्रमा एकोहोरिए । अनि एकपल्ट मुसुक्क हाँस्दै राजाको मुखहेर्दै भने–

"हजुरलाई सन्तान नभएकै त होइन । एउटी कन्या त जेठी महारानीबाट जन्मेकै रहिछन् । हजूरको र यस देशको समेत भाग्य लिएर आएकी ती कन्यालाई हजुरले अर्कैलाई सुम्पिदिनु भयो । आजसम्म पनि तिनको खोज खबर छैन । सन्तान नहुनुमा यही कारण हो ।

राजन् ? हजुरलाई फेरि पनि सन्तानको योग छ । रानीहरूलाई पनि सन्तानको योग छ तर उपाय भने गर्नै पर्छ । हजुरकी छोरी शान्ताको त अहिले विवाह पनि भएको कुरा यहाँ देखिन्छ । उनी राजकन्या भएपनि उनको विवाह एकजना महान् तपस्वी विद्वान् ब्राह्मण ऋषिसँग भएको छ । अब तिनै छोरीजुवाईंलाई यहाँ ल्याएर तिनैलाई आचार्यदम्पतीमा वरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरी एउटा पुत्रेष्टि गरेमा अवश्य सन्तान हुन्छ । यहाँ त एउटा मात्र होइन, अनेक सन्तानको योग छ । छोरै हुने योग छ ।"

त्रिकालदर्शीका यी कुरा सुन्दा राजारानीका हर्षको कुनै सीमा रहेन । महारानी कौशल्या दुवै हात जोडेर उत्सुकतापूर्वक सोध्छिन् – "ती हाम्री छोरी अहिले कहाँ छन् त ?"

"हिमवद्देशमा । यहाँबाट केही उत्तरपूर्वतर्फ पर्वतफेँदीमा बाणगङ्गाको पावन किनारमा अतिरमणीय मधुवन आश्रम छ । त्यहाँ गृहस्थ तपस्वीका रूपमा आफ्ना पति श्रृङ्गीऋषिका साथ हजुरकी छोरी शान्ता बसेकी छन् ।" त्रिकालदर्शीले भने ।

राजारानीले उनलाई प्रशस्त दानदक्षिणाले प्रसन्न पारेर ज्योतिषीलाई विदा गरे ।

राजारानीले बल्ल आनन्दको साँस फेरे । राजदरबारमा हर्षको वातावरण छायो । अब शान्ता र श्रृङ्गीलाई अयोध्यामा आमन्त्रणगर्न मधुवनको शान्ताकुञ्ज आश्रम तर्फ मानिस पठाउने साथै पुत्रेष्टि यज्ञको तयारी गर्नेतर्फ तत्काल लाग्न राजाको अह्रनी भयो ।

त्यसदिन रातीको खान पिन सकेर राजा दशरथ पलङ्मा आराम गर्न गए । उनको मस्तिष्कमा स्मृतिका पुराना पानाहरु एक एक गरी एकाएक उघ्रिन–पल्टिन थाले –" त्यसरी आलीकाँची सुत्केरी पत्नीको काख र स्तन छोडाएर आफ्नी औरस पुत्रीलाई कहिल्यै न फर्किनेगरी भीरबाट ढुङ्गा पल्टाएझैँ त्यति टाढा पुऱ्याउने म निष्ठुर बाबुको निमन्त्रणामा छोरी अयोध्या आउलिन् ?"

वनको बाघले नखाए पनि मनको बाघले खान्छ भनेजस्तै दशरथका मनमा यस्तो कल्पना जाग्यो । उनले यस्तै तर्क वितर्क गर्दै आफ्नो अल्लारे उमेरमा पछिका कुरा नहेरी नबुझी गरेका वाचाकबोल प्रति पश्चात्ताप गर्दै त्यो रात बिताए ।

बगेको पानी, बितेको समय र खर्चिएको धन फेरि फर्केर आउँदैन । गए बितेका कुरामा थैय्य थैय्य गर्नुको कुनै अर्थ रहँदैन । तर्क वितर्कमात्र गरेर चाहेको फल पाइने होइन । त्योभन्दा त वर्तमानलाई सफल बनाउनुनै श्रेयस्कर हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजाले मन्त्री सुमन्त्रलाई बोलाउन पठाएर मधुवन आश्रमतर्फ जाने तयारी गर्न भने । उता लाने सरजाम ठीक पार्न पनि सम्बन्धित व्यक्तिलाई अह्राए ।

अर्को दिन बिहान सबेरै हाँडी, पेटारी र ढक्कीमा बुदिंया, लड्डू, खाजा, चिउरा, फलफूल आदि राखेर माथिबाट पहेंलो कपडाले ढाकिएका खाद्य सामग्रीहरूको कोसेली लिएर प्रधानमन्त्री सुमन्त्र रथमा चढेर मधुवनतर्फ प्रस्थान गरे ।

रथ अयोध्या नगरीबाट सरयूनदी तरेर उत्तरलाग्यो । योग वैद्यक तथा व्याकरणका प्रसिद्ध विद्वान् महर्षि पतञ्जलिको आश्रम गोनर्द (गोण्डा) हुँदै कपिलधाम पुग्दा लैनी गाई बाँध्ने बेला भैसकेको थियो । उनी त्यहाँबाट केही समय पछि मधुवन धाम पुगे ।

तपस्वीको आश्रममा जाँदा राजसी ठाटबाटका साथ जानुहुदैंन । बडो विनम्र भएर सादा पहिरनमा धेरै होहल्ला न गरी शान्तिपूर्वक प्रवेश गर्नुपर्दछ । त्यसै गरे सुमन्त्रले पनि । मुख्यद्वारको बाहिरै रथ रोकाएर लुगा फेरी सादा-सुकिला भेष-भूषामा सारथीलाई उपहार बोकाएर उनी मधुवन भित्र पसे ।

समस्त मधुवन दुई भागमा विभक्त थियो । त्यसको एउटा भाग शान्ताकुञ्जले तपस्वी तथा आध्यात्मिक जीवनचर्याको प्रतिनिधित्व गर्थ्यो । यसको निर्माण श्रृङ्गी र शान्ता यहाँ बस्नथाले पछि गरिएको थियो । त्यहाँ ब्रह्मचारी बालबालिकाहरूका लागि छुट्टा छुट्टै गुरुकुल तथा भोजन, आवास एवं अध्यापन व्यवस्था थियो । आश्रम परिसरमा बस्नेहरूका लागि पर्याप्त गोरस पुग्ने गरी ठुलाठुला दुधारू गाईहरूको एउटा गोशाला थियो । यथासमय धार्मिक, आध्यात्मिक एव दार्शनिक प्रवचन तथा भजन सङ्कीर्तनका लागि एउटा प्रवचनकक्ष, योगप्रशिक्षण तथा प्रयोग शाला, आश्रम परिसरलाई पर्याप्त पुग्नेगरी हुर्काइएका बाह्रै मास खालि न रहने फल-फूलका बगैंचा । बिहान फुल्ने रक्तकमल र साँझ फुल्ने श्वेतकमल तथा नीलकमलका छुट्टाछुट्टै पोखरी, सिम्रिक, गुलाफी, कलेजी, पहेंलो, सेता रङ्का गुलाफ तथा चम्पा, चमेली स्थलकमल आदिले सुशोभित त्यो आश्रम परिसर नजिकको जादूनगरीबाट बिलकुलै फरक एउटा आध्यात्मिक नगरीनै थियो । गार्हस्थ्यबाट विरक्त एवं वानप्रस्थहरूका लागि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा ज्येष्ठशाला, ज्ञान र सत्सङ्गका लागि शान्ताकुञ्ज आश्रममा आउने पाहुनाहरूका लागि उनका योग्यता अनुरूप आवास तथा सत्कार व्यवस्था भएको समस्त सुविधा सम्पन्न आश्रमपरिसर थियो त्यो ।

मधुवनको अर्को भागले भौतिक तथा सांसारिक जीवनचर्याको प्रतिनिधित्व गर्दथ्यो । यसको निर्माण उहिले जादूगर्नी बुढियाका आफ्ना अलौकिक तान्त्रिक शक्तिको प्रयोगद्वारा भएको थियो । उनले सिर्जेका पहिलेका जादूगरी संरचना पनि त्यहाँ जस्ताका तस्तै थिए । गोप्यशब्द प्रयोगर्न सके यहाँ न पाइने र न देखिने कुनै पनि वस्तु थिएन । तर त्यो कूट शब्द मात्र शान्तालाई थाहा थियो ।

शान्ता र सिङ्गी दम्पती त्यहाँ बस्न थालेपछि भौतिक जादूनगरीको परिवेश बाहेक त्यहाँ आध्यात्मिक परिवेशको एउटा शान्ताकुञ्जको पनि निर्माण भएको थियो । त्यसले गर्दा पनि मधुवनको रमणीयतामा अझ बढी रौनक थपिएको थियो । ऋषि श्रृङ्गी र शान्ताको पूर्ण संरक्षणमा थियो शान्ताकुञ्ज र मधुवन ।

जादुई मधुवन अतिनै सुन्दर थियो । मधुवनको त्यस्तो अलौकिक सुन्दरता र सम्पन्नता देख्दा अयोध्याबाट आएका सुमन्त्र अचम्म परे । उनलाई मधुवन जादुई सिर्जना हो भन्ने थाहा थिएन । श्रृङ्गीजस्ता ऋषि यस्तो भौतिक सुविधा सम्पन्न ठाउँमा बसेर कसरी साधना गर्दा हुन् ! भन्ने कुरा उनका मनमा खेल्न थाल्यो । सुमन्त्रले त्यहाँ ओहोर-दोहोर गर्ने एकजना मानिसलाई भने–

"नमस्कार !"

“नमस्कार ! स्वागत छ तपाईंलाई मधुवनमा । भन्नुहोस् के सेवा गरौं ? साँझपर्ने बेलामा पाल्नुभएको छ । यहाँ जस्ता पाहुनाको सेवा गर्ने मौका पाएमा हामी मधुवनवासी कृतकृत्य हुनेछौं ।" ती मानिसले हृदयतः शिष्टाचार अभिव्यक्त गरे । “धन्यवाद ! यहाँको सौहार्दपूर्ण अभिव्यक्तिलाई । यहाँ महर्षि श्रृङ्गी र शान्ता कता बस्नुहुन्छ ?" सुमन्त्रले सोधे–

“एः ! महर्षि श्रृङ्गीलाई भेट्न पो आउनुभएको ? त्यो बाटो नछोडी सोझै जानुहोस् । परै गएपछि एउटा शान्ताकुञ्ज आश्रम परिसर देख्नुहुने छ । त्यहाँ थुप्रै साना ठूला पर्णशाला हरूछन् । अलिमाथि हरियो लहराकै बार,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परखाल तथा प्रवेशद्वार भएको एउटा सुरम्य कुटी देख्नु हुने छ । त्यसमै बस्नुहुन्छ, आफ्नी साध्वी एवं विदुषी पत्नी शान्ताका साथ श्रृङ्गी ऋषि । अब उहाँको सान्ध्यकृत्य गर्ने बेला हुनै आँट्यो । बरु चाँडै जानुहोस् । यहाँबाट केही पर छ शान्ताकुञ्ज ।"

ती व्यक्तिले देखाइदिएको बाटोबाट सुमन्त्र अगाडि बढे । यस्तो भौतिक सुविधासम्पन्न मधुवनमा आध्यात्मिक जीवन बिताउने सन्त योगी कसरी बस्दछन् ? उनलाई आश्चर्य लागिरहेको थियो । सुमन्त्र अलि अगाडि गए । त्यस मानिसले भनेअनुसार केही पर गएपछि उनले खरले छाएका ठूला साना विभिन्न पर्णकुटीहरू देखे । जतिजति उनी माथि जान्थे उतिउति त्यहाँको शान्त एकान्त र पवित्र वातावरणले उनको मनलाई आकर्षण गर्दथ्यो । उनले केही पर अँघिका मानिसले भनेजस्तै एउटा हरियो निकुञ्ज देखे । यही नै हो शान्ता निकुञ्ज भन्ने ठम्याउन उनलाई अब कत्ति पनि गाह्रो भएन । उनी त्यतै गए । हरियो लताद्वारबाट विनम्रतापूर्वक भित्र पसे ।

माथि खरले छाएको छानो । तल तिर सिठा-सिठीको छप्पर ठड्याएर त्यसैमा गोबरमाटीको लिउन लगाएर बनाएका मस्याइला र मट्याइला भित्ताहरू । तिनमा बाहिरबाट प्रकाश र हावा छिरोस् भनेर एउटा हात छिर्ने सम्मको गोलाई भएका केही प्वालहरू । अगाडि सँघार पाटी र खापा समेत न भएको पस्ने ढोका, ढोकाका दुवैतिर भित्तामा माटैले बनाएका विभिन्न माङ्गलिक वास्तुचित्रहरू र तल तिर विभिन्न भू चित्रले सजिएका त्यस कुटीका सामुन्ने गोबर-माटीले साइँ-सिनित्तपारेर लिपेको एउटा फराकिलो आँगन, आँगनको पूर्वतर्फ तुलसीको मठ, आँगनको उत्तरी डिलमा दुइटा कापे खाँबा माथि तेर्सो गराएर राखिएको एउटा घारो, जसमा भर्खर सायङ्कालिक स्नानगर्दा धोइ-पछारी गरी ल्याई टाँगेको एउटा कौपीन र अर्को तल रातो किनारी भएको सुन्तला रङ्को फरिया सुकाएको, थियो । शान्त एकान्त र विभिन्न फूलहरूको सुगन्धित वातावरण पाउँदा तिनी प्रसन्न भए ।

त्यस कुटियाको लगत्तै केही पर अर्को एउटा पर्णकुटी थियो । बाहिरैबाट हेर्दा त्यो यज्ञशाला जस्तो लाग्दथ्यो । त्यहाँ कुनै महिलाका हातका चुरा छिनछिन गरी बजेको जस्तै आवाज आयो । त्यतिबेला शान्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भित्र पूजासामा ठीकपार्ने क्रममा श्रीखण्ड चन्दन घोटदै थिइन् । सचिव त्यतै गए ।

"भित्र को हुनु हुन्छ ?" उनले विनम्रता साथ भने ।

"हामी छौं ।" त्यस कुटियाबाट एउटी महिला बाहिर निस्किन् । तिनको शारीरिक गठन दुरुस्त कौशल्याका जस्तो थियो भने अनुहार ठ्याक्कै उनका बाबु राजा दशरथको जस्तो । त्यसै हुनाले सुमन्त्रलाई यिनै शान्ता हुन् भनेर चिन्न कत्ति बेर लागेन । उनले तत्काल विनम्रता साथ दुवै हात जोड्दै शिर नुघाउँदै भने-

"अभिवादन !"

"कल्याण होस् । कताबाट पाल्नु भयो होला !" शान्ताले सोधिन् ।

"म अयोध्याबाट ।"

कहिल्यै न चिताएको अयोध्याको नाउँ सुन्दा शान्ता लाई अचम्म लाग्यो । उनी एक छिन स्तब्ध जस्ती भइन् । केही रिस पनि उठ्यो । तरपछि सभाँलिइन्, आफै । अयोध्याको नामै सुन्न न हुने त केही छैन । त्यहाँबाट आएका सबैसगँ रिसाउनु पर्ने पनि केही छैन । अझ साँझमा आएका पहुनालाई उनको मन दुख्ने गरी केही भन्नु पनि त अतिथिदेवो भव को धर्मविरुद्ध हुन्छ । उनले उत्निखेरै आफ्नो मन परिवर्तन गरिन् । त्यस बेला केही बढी बोल्न चाहिनन् । अहिलेलाई प्रसङ्ग कोट्याउनु भन्दा छोट्याउनुनै जाती छ भन्ने बिचार गर्दै उनले यसो भनिन् -

"त्यति टाढाबाट आएका ! थकाइ लाग्यो होला ! हाम्रो पनि सन्ध्या-हवन गर्ने बेला भयो । आज अतिथिशालामा आराम गर्नुस् । भोली फेरी भेटौंला ।"

यति भनेर उनले बाहिर आँगनमा झुण्ड्याइ राखेको घण्टा बजाइन् । एकै छिन पछि दुईजना बटुहरू आए ।

"यहाँलाई गृहस्थहरूको अतिथि शालामा लैजाओ । व्यवस्थापकलाई जिम्मा लगाई सुविधा पूर्वक राखिदिन भन्नू ।" उनले तिनलाई अह्राइन् ।

"ल त जानुहोस् यिनैहरूसँग, रात्रिविश्राम गर्न ।" पाहुनालाई हेरेर भनिन् ।

मधुवनमा गृहस्थ र साधु-सन्तका लागि छुट्टा छुट्टै अतिथिशालाको व्यवस्था थियो । साधुसन्तहरूलाई आश्रम परिसरमा रहेका पर्णशालाका रूपमा बनेका अतिथिकुटीहरूमा राखिन्थ्यो । गृहस्थ पाहुनालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जादूनगरीका भौतिक सुविधा सम्पन्न अतिथिगृहहरूमा। दुवै पाहुना घरहरूमा तदनुसारको सेवा व्यवस्था थियो। सुमन्त्रले मधुवनको जादूनगरीमा गएर रात बिताए।

अर्को दिन उज्यालो भयो। उनी नित्यकर्मबाट निवृत्त भए। एकछिन जादूनगरीको भ्रमण गरे। त्यहाँको सौन्दर्य र सुख सुविधा हेर्दा उनी छक्क परे। त्यहाँ उनले देखेका कतिपय कुराहरू त तिनका अयोध्यामा पनि थिएनन्। शान्ता-श्रृङ्गीको आश्रम परिसरमा बजाइएका शङ्ख-घण्टाको ध्वनि र ब्रह्मचारी तथा ऋत्विक्हरुले गरेका मन्त्रपाठको चित्ताह्लादक गुन्जन त्यहाँसम्म सुनिन्थ्यो। विहानको खानपिन पश्चात् एउटा ब्रह्मचारी अतिथिशालामा आए।

"हिजो अयोध्याबाट पाल्नुभएको तपाइँ होइन ?" उनले सोधे।

"हो ! मै हो भन्दै हस्याङ्-फस्याङ् गर्दै आफ्नो आसनबाट जुरुक्क उठे मन्त्री सुमन्त्र। उनलाई कहिले आश्रमबाट बोलाहट होला र भेटेर यज्ञको निम्तो दिउँला भन्ने आतुरता थियो।

"गुरुआमाले तपाइँलाई भेट्न बोलाउनु भएको छ।" ब्रह्मचारीले भने।

"लः जाऔं !म त अघिंनै देखि तयारै छु।" ब्रह्मचारीलाई अगाडि र उपहार बोकेको सारथिलाई पछि लाएर सुमन्त्र हिंडे।

शान्ता गुरुआमा स्वच्छ, शान्त र सुरम्य कुटियाको ओसारीमा बसेर उनलाई पर्खिरहेकी थिइन्। आँगनमा भर्खरजन्मेका हरिणका पाठापाठीहरू बुद्रुक-बुद्रुक उफ्रिरहेका थिए। एउटा मयूर आश्रमकुटीको छाना माथि बसेर मुण्टो घुमाइ-घुमाई चारैतिर पर्ल्याक-पुर्लुक हेरिरहेको थियो। क्यारीहरूमा विभिन्न रङ्का फूलहरू फुलेका थिए। जादूनगरीको भौतिक सुविधामा रमाएको उनको मन यस आश्रम परिसरको आध्यात्मिक वातावरण पाएर पुरै परिवर्तित भैसकेको थियो।

ब्रह्मचारीबटु र अयोध्या दरबारका मन्त्री सुमन्त्रले पहिले शान्तालाई अभिवादन गरे। पछि सारथिले उपहार अगाडि भुइँमा राखेर विनम्रता साथ अभिवादन गरे। "के ल्याउनुभयो यो ! हामी कन्तमूल-भ्याकुर गिठी खाने र रूखका बोक्रा लगाउने जङ्लीलाई यस्ता शहरी उपहारकिन चाहिन्थे र !" शान्ताले मृदु मुस्कान सहित भनिन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"राजा गुरु देवता तपस्वी ऋषि महर्षिलाई भेट्न जादाँ रित्तो हात जानु हुदैन भन्ने नियमको पालन मात्र हो । नत्र त्याग, तपस्या र सन्तोषको त्रिवेणी बनेको यस्तो आश्रम परिसरमा यस्ता भौतिक कुराले के महत्व राख्छन् र !" विनम्रता साथ उनले भने ।

उनको यस्तो कुरा सुनेर शान्ता अलि गम्भीर भइन् । बोली-व्यवहारले यो मानिस राम्रै पढे लेखेको देखिन्छ । यो लरतरो खालको छैन । उनले मनमनै ठम्याइन् ।

"तपाइँ कोहुनुहुन्छ ? के कति कामले यहाँ आउनु भयो ? मात्र देशाटनको उद्देश्य हो कि ? अरू विशेष केही छ ?" शान्ताले सुमन्त्र तर्फ हेर्दै सोधिन् ।

"म अयोध्याका महाराजा दशरथको मन्त्री सुमन्त्र हुँ । महाराजले पठाएर आएको हुँ ।" सुमन्त्रले दुवै हात जोड्दै भने ।

अयोध्याको नाउँ सुन्दै दुवै कन्सिरी तात्ने शान्तालाई दशरथको नाउँ सुन्दा त झन् खपिसक्नु भएन । उनी त्यतिबेलै असहज अवस्थामा आइसकेकी थिइन् । तथापि उनले आफूलाई सकेसम्म सभाँलिन् । आफ्नो आश्रममा आएको पाहुना सँग रिस देखाउनुको के अर्थ भयो र ! आखिर उनी माथि भएका अन्यायका दोषी सुमन्त्र त थिएनन् । अतः आफूलाई तत्काल स्वाभाविक अवस्थामा ल्याउँदै शिष्टाचारका पारामा उनले सोधिन् -

"महाराजा दशरथलाई र उहाँका तीनैओटी महारानीहरूलाई त आरामै होला ?" "सबैको गाथमा त आराम छ । तर मनमा साह्रै पीर छ ।" मन्त्रीले उदास हुँदै भने ।

"शरीर भन्दा पनि मन स्वस्थ रहनु पर्दछ । मन स्वस्थ रहेमा शरीर आफै स्वस्थ हुन्छ । के पऱ्यो राजारानीलाई त्यस्तो पीर ?" उनले फेरि सोधिन् ।

"राजदम्पतीबाट बडा महाराज इक्ष्वाकुदेखि अहिलेसम्म निरन्तर चलिआएको वंश परम्परा धान्ने राजकुमारको जन्म भएन । चिन्ताको कारण यही हो ।" सुमन्त्रले दशरथका चिन्ताको कारण बताए ।

"राजा दशरथलाई सन्तानको खाँचो बल्ल अहिले आएर पऱ्यो ? आफूले जन्माएकी दूधमुखे बालक छोरीलाई निष्ठुर बनेर आफैले दूरदेशमा लगी अर्कैका हातमा सुम्पिन सक्ने तपाइँका राजारानीलाई अहिले फेरि सन्तानको आवश्यकता किन पऱ्यो ?" आफ्नो अनुहार गुलाफी गराउदैं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजकुमारी हाँडीमा भुट्दै गरेका चना पड्किएझैं पड्किन थालिन् । उनले त्यसैमा अझै थपिन्–

"छोरी सधैंभरि जन्मदिने बाबुआमाका घर त बस्दैनन् । मैले तिनीसँग खोई ? मेरो अंश ल्याऊ भनेर अंशमा दावा पनि त गर्ने थिइन । दशरथका दरबारमा त्यत्रा विधि नोकर -चाकर र दास-दासीहरू त अटाएका थिए । उनी आफैले जन्माएकी म एउटी छोरी त्यहाँ अटाउन सकिन ?"

अरू सबैलाई दुधको दुध पानीको पानी गरेर न्याय दिन बसेका मेरा ती जन्मदाता आमाबाबु भनाउँदाहरूले यसरी म निरपराध लाई कुन अपराधको दण्ड दिए ? छोरी हुनुका नाताले एक न एक दिन मैले तिनको दरबार छोड्नु पर्ने नै थियो । म सधैं भरि तिनका दरबारमा बस्ने त थिइन । कुन छोरी सधै जन्मघरमा बसेकी छ र ? मैले तिनका राज्यको उत्तराधिकारी बन्नुपर्छ भनेर तिनीसँग उत्तराधिकार माग्ने पनि त थिइन ।"

उनले फेरि भनिन् –

"म जन्मिदाँ मुल्याही जन्मेकीले मेरो मुख हेर्न नहुने भएर मलाई त्यागेका हुन् भनौं भने पनि म मूल नक्षत्रमा जन्मेकी पनि त थिइन । म जन्मजात कानी, लँगडी कुब्जी बहिरी र कुष्ठी पनि त थिइन । अनाहक कुन पापको दण्डदिन मेरा आमाबाबु भनाउँदाले यसरी निर्दयता साथ मलाई दत्तक बनाएर अरूलाई दिए ।

ईश्वरले त न्याय गर्छन् । आफनो नाबालक औरस सन्तानलाई यसरी मिल्काउने ती निर्दयी बाबुआमाले पनि मैले जस्तै यसको प्रत्यवाय भोग्नै पर्ने थियो र भोग्दैछन् । मान्छेले अन्याय गरेपनि सर्वदर्शी ईश्वरले अन्याय गर्दैनन् ।

आफूले पाए-जन्माएकी म दूधमुखे बालकलाई कसरी जन्मदा साथ अनाथ पारेर यसरी देश निकाला गरी पराईका हातमा छाड्न सके । छोरो भएर जन्मनुपर्नेमा छोरी भएर जन्मेकीले मलाई त्यागेका हुन् भनौं भने पनि म भन्दा अघिँ त तिनको अर्को कुने अरू सन्तान त थिएन ! किन त्यागे तिनले मलाई ? त्यसैको प्रत्यवाय त भोग्दैछन् होला नि ! राजदम्पतीले ।

भै गो एउटाले बिराम गर्ने, अर्कोले खप्की खाने त गर्नु भएन । मैले पनि आवेगमा आएर यतिका कुरा पोखें । तपाईंलाई सबैकुरा मैले न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुनाएकी भए पनि हुन्थ्यो ! कसलाई पोखौं ? भनेकी थिएँ । आज बल्ल मौका पऱ्यो । तपाइँले यहाँबाट फर्केर अयोध्या गएपछि आफ्ना राजारानीहरूलाई सुनाउनुहोला नि त यी कुरा ! त्यसै भएर पनि भनेकी हुँ । लः अब भन्नुहोस् ! कति कामले आउनु भएको हो ?"
"राजकुमारी ? हजूरलाई राजा रोमपादका काखमा सुम्पे देखिनै अयोध्यामा अपशकुन भयो । राज्य वैभवको क्षति भयो । महाराजले सन्तान प्राप्तिका आशामा ति-तीनओटी महारानी भित्र्याउनुपऱ्यो । तर सन्तानको मुख देख्न पाईएन । यो सबै यहाँलाई सुम्पिदाँको प्रतिफल रहेछ, भन्नेकुरा केही दिन पहिले मात्र एकजना यसै हिमवद्देशबाट गएका त्रिकालज्ञ ज्योतिषीबाट थाहा भयो...... ।"
"के भने त तिनले ?" सुमन्त्रले आफ्नो भनाइ न टुङ्ग्याउँदै शान्ताले सोधिन् ।
"आफ्नी भर्खर जन्मेकी नाबालक, अजान र निरपराध औरस पुत्रीलाई अर्काको हात सुम्पिनुको प्रतिफल हो यो सन्तान न हुनु । अब तिनै राजकुमारीका पति, महान् तपसी, वरुणविद्याका एकमात्र ज्ञाता ऋष्यश्रृङ्ग हुनुहुन्छ । हिमवद्देशको पर्वतफेदीं मा बाणगङ्गातीरमा उहाँ बस्नुहुन्छ । यहाँ आएर उहाँले सपत्नीक आचार्यत्व ग्रहण गरी पुत्रेष्टि सम्पन्न गरि दिएको खण्डमा छोरा जन्मिन्छन्, भनेकाले पुत्रेष्टिको आचार्यत्व ग्रहणका लागि निमन्त्रणा टक्र्याउन सादर उपस्थित भएको छु, जो आज्ञा !" सुमन्त्रले भने ।
"छोरीलाई हेला गर्दाको प्रतिफल कस्तो हुँदो रहे छ त !" शान्ताले भनिन् ।
"तर मन्त्रीजी ? यसरी लिन पठाएर गइदैंन । छोरी मिल्क्याउने बैला आफै लगेर आफ्नै हातले मिल्क्याउने ! अहिले निम्ता दिनलाई प्यादा पठाउने ? तपाइँ गएर भनिदिनोस् ! राजा दशरथलाई पुत्रेष्टिमा आचार्यत्व ग्रहण गराउने त्यस्तो इच्छा रहेछ । उहिले छोरी बुझाउन आफै अङ्गदेश गइएको थियो । अहिले छोरीजुवाइँलाई यज्ञमा डाक्न पनि राजा आफैले मधुवन आएर निम्ता दिनु पर्दछ । यस्ता खेलचारीका भरमा गइदैंन ।"

मेरो मायाँ हुँदो हो ता आफै लिन आम्दाहुन्
पराइलाई पठाएर जान्न बरी लै...!

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुमन्त्रले "हवस् भन्नु सिवाय अरू केही भन्न सकेनन् । टाउको निहुराएर उनको आज्ञा शिरोपर गरे ।

महर्षिको दर्शन पाइन्छ कि ? पुनः उनले ससङ्कोच निवेदन गरे ।

"उहाँ अहिले सप्ताहव्यापी तपोनुष्ठानमा हुनुहन्छ । आज भेट हुनु गाह्रो छ । टाढाबाटै दर्शनगर्ने भए उः त्यो केराको बगैंचाका वीचमा रहेको कुटिया अगाडि गएर बाहिरै बाट दर्शन गर्नुस् । नत्र भने पर्सी अनुष्ठानको समाप्ति पछिमात्र उहाँलाई भेट्न सकिन्छ । लः कुरा बुझिहाल्नुभयो । हामीबाट पुत्रेष्टि हुनुपर्ने भए मैले भनेजस्तै स्वयं यजमान हुने व्यक्ति राजालाई नै जनै सुपारी लिएर जानू भनिदिनुहोला ।"

सुमन्त्रले शान्ताले भने अनुसारनै टाढैबाट ऋषिको दर्शन गरे । अनि उनीसँग विदा भए । तत्कालै रथमा सवारभै त्यसै दिन अयोध्या फर्के ।

अयोध्या पुगेर सुमन्त्रले राजालाई सबैकुरा बेलि बिस्तार लाए । महारानी कौशल्याले आफ्नी छोरीको सञ्चो बिसञ्चो दोहोऱ्याइ तेहोऱ्याइ सोधिन् । जतिसुकै अर्कालाई सुम्पे पनि आफ्ना कोखीमा दश दश महीनासम्म राखेर जन्माएको बच्चालाई आमाले कहाँ बिर्सिन सक्छन् र ! कौशल्या फेरि एकपल्ट छोरी संझेर रोइन् । सुमित्रा र कैकेयीले उनलाई सान्त्वना दिए । अब राजा दशरथ शान्ताको भनाई अनुसार पुत्रेष्टि यज्ञको निमन्त्रणा लिएर स्वयं मधुवन तर्फ जाने भए ।

मन्त्री सुमन्त्रले छोरी शान्तालाई भेटेको थाहा पाएदेखि नै कौशल्यालाई छोरीको मुख हेर्ने उत्सुकता जागेको थियो । उनले पनि राजा साथै मधुवन जाने विचार गरिन् । जन्मेका केही दिन पछिनै मसँग बिछोड भएकी मेरी छोरी कत्री भै होली ! कस्ती भै होली ! जुवाइँ कस्ता होलान् ! त्यहाँ मधुवनमा कसरी बसेका होलान् भन्ने जिज्ञासाले रानी कौशल्यालाई दिनभरि कुत्कुत्याइ रह्यो । राती शयनकक्षमा राजा भित्रिएपछि उहाँलाई मनाएर म पनि सँगै मधुवन जान्छु, भन्ने विचारले उनी त्यस समयको प्रतीक्षा गर्दै रहिन् ।

दिउँसो राजकाजमा व्यस्तरहनुपर्दो थाकेका राजा दशरथ साँझको नित्यकर्म सकेर भोजन आदिबाट निवृत्त भएपछि राती शयन कक्ष भित्र प्रवेश गर्छन् । उनी रात्रिपोशाक फेर्ने तरखरमा हुन्छन् । त्यतिबेलै रानीको प्रवेश त्यहाँ हुन्छ । उनले राजालाई पोशाक फेर्नसहयोग गरिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजाले सुइय सासफेर्दै पलङ्मा बसेर कौशल्याको मुखहेर्दै भन्नथाले- "सुमन्त्रलाई त छोरीले त्यसरी झपारेर पठाइ छ । झन् उसले मलाई के भन्नेहोली ! उसको अगाडि कसरी मुख देखाउनु ? कसरी प्रस्तुत हुनु ?"
"हो त नि ! त्यसको लागि त म पनि तपाईंसँगै मधुवन जानु पर्छ । म जे भए पनि आमा हुँ । काखमा धेरै समय सम्म राख्न भाग्यले न दिए पनि कोखमा त मैले उसलाई दश दश महिना राखेकी छु । आफ्नी जन्मदिने आमालाई देख्नासाथ छोरीको मन जस्तै कठोर भए पनि कमलिन्छ, पग्लिन्छ । उ कठोर भै रहन सक्दिन । मलाई पनि कतिबेला उसको मुख हेरौं ! भएको छ ।"
दशरथलाई कौशल्याको कुरा एकदमै ठीक लाग्यो । उनले रानीका कुराको समर्थन गरे । उनलाईपनि सँगै शान्ताकुञ्ज मधुवन लाने भए ।

अर्को दिन बिहान ज्यातिषीले हेरे-बताएका शुभ साईतमा मन्त्री सुमन्त्रलाई साथ लिएर महारानी कौशल्याका साथ राजा दशरथ अयोध्याबाट हिमवद्देशको दक्षिणी समथर फँदीमा बाणगङ्गातटमा अवस्थित मधुवन शान्ताकुञ्ज तर्फ लागे ।

शान्ताका अगाडि कुन मुख लिएर देखापरूँ ? त्यो छोरीले मलाई के भन्ली ? उसले गरेका कुनैपनि प्रश्नको ठोस उत्तर मसँग छैन । आफ्ना अल्लारे बुद्धिमा आवेशमा आएर गरेका निर्णय प्रति उसका सामू पश्चात्ताप प्रदर्शन बाहेक मैले के पो गर्न सक्छु र !
दशरथ बाटाभरि मनमा यस्तै तर्क वितर्क गर्दै थिए ।

रथ गोनर्द देशबाट उत्तर च्याप्दै केही पूर्व लाग्यो । पहिले सुमन्त्र आउँदाको रथभन्दा राजा दशरथको यस रथका घोडा तेजिला र बेगिला थिए । त्यसै हुनाले अहिले उनीहरू केही चाँडै आइपुगे । मधुवनको प्रवेशद्वारमा पुग्नासाथ सुमन्त्रले द्वारेलाई अयोध्याका राजा दशरथ महारानी कौशल्याका साथ आएको खबर शान्ताकुञ्जमा पठाउन लगाए । आफू हरू रथबाट ओर्ले र जादूनगरी मधुवनको अनुपम रमाइलो हेर्दै यताउति टहल्न थाले ।

एकछिन पछि दुईजना ब्रह्मचारी शान्ताकुञ्जबाट छिटो छिटो त्यसतर्फ आए । अगवानी गरेर राजालाई लिएर गए । राजालाइ छोरी जुवाइँ आफै ओल्क्याउन आउँछन् कि ! भन्ने मनमा लागेको थियो । भने जस्तो भएन । ब्रह्मचारीहरूले रथमा रहेको झिटिमिटी आफूहरूले बोक्दै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजालाई उनको स्तर सुहाउँदो विशेष सुविधा युक्त मधुवनको अतिथि आवासमा लगे । शान्ताकुञ्जको निर्देशन अनुसार उनीहरूको सारा व्यवस्थाका निम्ति व्यवस्थापकलाई जिम्मा लगाएर उनीसँग विनम्रता पूर्वक विदा हुँदै भने –

"भोली बिहान शान्ताकुञ्जमै अल्पाहार गर्नेगरी यहाँहरूलाई हामीनै लिन आउछौं । अहिलेलाई विदा माग्छौं !"

राजारानीलाई कति बेला छोरीसँग भेट होला र आफ्ना मनका बह पोखौंला ! भन्ने थियो । भने जस्तो कहाँ हुदों रहेछ र ! उनीहरू अहिलेदेखि नै भोलीलाई पर्खेर बसिरहे । बाबु आमा जस्तो मानिस यसरी भेट्न आउँदा पनि छोरीले किन भोली भेट्छु भनी ! हुन त जन्मिना साथ अर्काका हातमा सुम्पेर अहिले सम्म उसको जिउँदो-मर्दो सम्म खोजी नगर्ने हामी जस्ता क्रूर व्यक्तिलाई भट्ने उसलाई के को उत्सुकता ! यस्तै तर्क-वितर्क दशरथका मनमा खेले । उनी राती अबेर सम्म निदाएनन् ।

उता राजारानीलाई भोली भेट्ने भनेर खबर पठाए पछि शान्ता पर्णशाला भित्र गइन् । त्यसरी त्यति टाढाबाट आएका बाबु आमाले आफ्नै दहिलामा आएर खबर पठाउँदा पनि मैले भोली भेट्छु भन्नु शिष्टाचार र कर्त्तव्य भित्रपरेन भन्ने कुरा कता कता शान्ताका मनमा लाग्यो । उनी एकछिन् कुशको चकटीमा बसेर सामुन्नेको भित्तोमा आँखा गाडेर एकटक हेर्न थालिन् । त्यहाँ उनले आफ्नो प्रतिच्छाया देखिन् । त्यस प्रतिच्छायाले वास्तविक शान्तालाई यसरी सोधी- "तैंले आफ्ना बाबु आमालाई उत्निखेरै बोलाएर किन न भेटेको ?

"म दुधमुखे बालकलाई त्यसरी अर्काका हातमा सुम्पिने ती निर्दयीहरूलाई मैले त्यसै गर्नुपर्ने थियो ।" उनले जवाफ दिइन् ।

"मोरी ? चण्डाल्नी ? त्यो त उनको विवशता थियो । यतिका पढेर पनि तैंले तिनको विवशता बुझ्न सकिनस् ? तँ कस्ती मूर्ख !"

"तिनले मेरो दुःख कष्ट बुझे ? मलाई एकपल्ट पनि के छ कस्ती छ भनेर सोध्न बुझ्न पठाए ?" शान्ताले भनिन् ।

"तँ आफू ती भन्दा के कम छस् चण्डाल्नी ? सानी छउन्जेल राजारानीले हुर्काए बढाए, पालेताले शिक्षा-दीक्षा दिएर विदुषी बनाए । त्यति मात्र होइन, राज्यको उत्तराधिकारी समेत बनाउन खोजेका थिए । यति मात्र पनि होइन, कस्तो कुलीन र योग्य राजकमार खोजेर छोरीको कन्यादान गरौंला भन्ने उनको सपना थियो होला । तैले भने बैंश उम्लेर आँखा देखिनस् । एउटा सिंग उम्रेको जङ्गली जगल्टे टिपेर कुटीको बास गर्न हिडिंस् । मोरी ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्कालाई दोष लाउनु भन्दा पहिले आफ्नो अनुहार त एक पल्ट ऐनामा हेर् !

आफूलाई जन्मदिने बाबुआमासँग पनि यसरी ईख राख्दिरहिछस् ? तँलाई के को घमण्ड भएको यो ? छोराछोरी दुष्ट हुन सक्छन् तर आमाबाबु कदापि त्यस्ता हुन्नन् । बुझिस् ?" प्रतिच्छायाले भन्यो ।

"भो भो नकरा ! मलाई धेरै न सिका !" शान्ताले भनिन् ।

"मैले भन्ने यही हो । तँ जे मन लाग्छ त्यही गर !"

प्रतिच्छाया त्यसपछि हरायो । शान्ता पनि ब्युँझे जस्ती छङ्ग भइन् । अब उनको मन स्वच्छ निर्मल भएको थियो । उनलाई यस कार्यले मनमा अपराधबोध र प्रायश्चित्त एकसाथ भयो । अखाँबााट खस्ने नुनिला आँसुले उनको मनका तीता पिरा भावना पखालिए । बाबुआमा प्रतिको अश्रद्धा उनीमा अब रहेन । पोषक माता पिताको सान्निध्य छोडेर आएकी शान्तालाई अब आफ्ना औरस बाबु-आमाको मुख कहिले देखौं ? भन्ने हुन थाल्यो । उनी रातभरि ओछ्यानमा ओल्टे कोल्टे गर्दै छट्पटिइरहिन् ।

अर्को दिन बिहान आफ्नो नित्यकर्म सकेर कति बेला ब्रह्मचारीहरू आउँछन् भन्दै राजा रानी तिनको बाटो कुर्दै थिए । छोरीको मुख हेर्न आतुर उनका आँखा शान्ताकुञ्ज तिर हेर्दा हेर्दा पाटिइ सकेका थिए ।

केही समय पछि अलि पर बाटोमा दगुर्दै दगुर्दै यतै आउँदै गरेका दुईजना बटुहरूलाई देखेपछि बल्ल उनी शान्त र आश्वस्त भए । बटुहरू आएर पहिले विनम्र भावले पाहुनालाई प्रणाम गरे । त्यसपछि ती दुवैलाई लिएर शान्ताकुञ्जको बाटो लागे ।

यज्ञशालामा प्रातःकालीन हवन भर्खरै सकिएको थियो । ऋत्विक्हरूले शान्तिमन्त्रको सस्वरवाचन गरिरहेका थिए । राजा र रानीलाई बटुहरूले प्रतीक्षाशालामा पुऱ्याए । एकजोडी दम्पती राजाको स्वागत गर्न आए । राजाले यिनै मेरा छोरी जुवाइँ हुन् भन्ने श्रृङ्गीको स्वरूप देख्ना साथ थाहा पाए । राजाले ऋषिदम्पतीलाई अभिवादन गरे ।

"स्वागत छ यहाँलाई यस कुटियामा ! आसन ग्रहण गर्नुहोस् !" श्रृङ्गीले दाहिने हातले विष्टर आसन देखाउदै भने ।

पहिले राजा रानी र त्यस पछि मन्त्री दुवैजना निर्दिष्ट स्थानमा बसे । राजा दशरथले ऋषिका पछाडि उभिएकी शान्तालाई हेर्दै भने-

"छोरी ? आफू ताक्छ मुढो बञ्चरो ताक्छ घुँडो भन्छन् । रोमपादसँग अल्लारे बुद्धिले गरेका बाचा कबोलले गर्दा आफ्नो मुटुको टुक्रालाई मैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्काको हात सुम्पिनु पऱ्यो । कौशल्या र मैलै यस पीडालाई त्यस बेलादेखि अहिले सम्म जीवनभरि निको न हुन गरी खेपि-खपीरहेका छौं । यतिमात्र होइन त्यसको अपराधबोध त छदैंछ, त्यसकै प्रायश्चित्तका रूपमा आजीवन सन्तानको मुख देख्न नपाउने भएका छौं ।

तिमीलाई हामीले रोमपादका हातमा सुम्पेको दत्तक विधिअनुसार होइन । मात्र मेरा अल्लारे बुद्धिले गर्दा उनलाई दिनु परेको हो । यो रहस्य तिमीलाई थाहा न होस् बरु हामी नै आफै पुत्री वियोगमा नदी किनारका पोल्ने बालुवामा छटपटिएको माछा जस्तै दिनरात छटपटिइ रहन्छौं भनेर वेदना सहेर बस्यौं । त्यसै हुनाले तिमीलाई भेट्न आउन सकेनौं । रोमपादलाई मैले उतिबेला यो रहस्य छोरीलाई थाहा नहोस् भन्ने वाचा गराएको थिएँ । तिमीले यो कुरा कसरी थाहा पायौ ?" यति भन्दै बुढा राजा दशरथ भक्कानो छोड्दै रुनलागे ।

हामी बूढा बाबुआमा आफ्ना छोरी-जुवाइँलाई भेट्न र भोलीको कुरा न सोची गरेका कामको लागि क्षमा माग्न पनि आज आफै हाजिर भएको छौं । अब हाम्रो टुङ्गिन लागेको वंश परम्परालाई थामिदिने कामहोस् । मलाई यो कलङ्कलाग्नुबाट बचाउने काम होस् ।" राजाको यस्तो अभिव्यक्तिले त्यहाँको समस्त वातावरण स्तब्ध भयो । सबैका आँखा आँसूले डब डबाए ।

"उच्च ब्राह्मणकुलमा जन्मेर आफ्नो अध्ययन तपस्या र साधनाले यज्ञका अनुष्ठानद्वारा अलौकिक र चमत्कारिक फल दिन सक्ने तपाइँ जस्ता महर्षिले क्षत्रियकुलमा जन्मेकी मेरी छोरीलाई पत्नीको रूपमा स्वीकार गर्दा हाम्रो एक्काइस कुल तरेको छ । यो कुरा समाजमा पनि अभूतपूर्व उदाहरण बनेको छ ।"

यति भन्दै राजा दशरथ आफ्ना जुवाई श्रृङ्गीका पाउमा रुदैं छाँद हाल्न पुगे । श्रृङ्गीले तत्कालै उनलाई उठाए । अब त बाबुको त्यो स्थिति देख्दा शान्ताको पनि मनको दुखेसो पखालियो । दशरथसँग कति बाझौंला ! कति प्रश्नोत्तर गरौंला ! भन्ने लागेको थियो उनलाई । अशान्त शान्ताका मन भित्र वर्षौंदेखि पालिएको त्यो पोल्नेआगो पनि बिस्तारै सेलायो । शान्ताका अनुहारको उदासीपन हट्यो । अब शान्ता शान्त भइन् । सूर्य उदाए पछि अध्यारो कहाँ टिक्छ र ! उनी फेरि उज्याली भइन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केही समयको आपसी भलाकुशाली पछि दशरथले पुत्रकाम यज्ञको आचार्यत्व ग्रहणका लागि छोरी-जुवाइँलाई अनुरोध गर्दै जोडा पान, फूल जनै र सुपारीको निम्तो टक्र्याए ।

"जय होस् ! मनो वाञ्छा पूर्णहोस् !" भन्दै ऋषि दम्पतीले यज्ञको निमन्त्रणा स्वीकार गरे ।

विहान अल्पाहारको काम सकेपछि शान्ताले कौशल्या र दशरथलाई पहिले शान्ताकुञ्ज घुमाइन् । अनि आफूलाई तान्त्रिक आमाले दाइजोको रूपमा दिएको जादूनगरी मधुवनको पर्यटन गराइन् । मधुवनको त्यो विलासी भौतिक वैभव त्यहाँ आउने अरूहरूका लागि मात्र थियो । ऋषि-दम्पती भने आफ्नै हातले निर्माण गरेका आध्यात्मिक परिसर शान्ताकुञ्जमा बस्दथे ।

साँझपख ऋषिदम्पती कौशल्या र दशरथलाई अतिथिशालामा आफै पुऱ्याउन आए । त्यहीं पुत्रकाम यज्ञको तिथि मिति निश्चय गरियो । त्यसका लागि चाहिने सामा-सरजामको विस्तृत सूची निर्माण गरियो । अमुक दिन ऋषि-दम्पतीलाई लिन अयोध्याबाट रथ पठाउने भन्ने कुरा मन्त्री सुमन्त्रले टिपोट गरे ।

त्यो रात अबेर सम्म शान्ता अतिथि शालामा बसिन् । उनले आफूले अध्यनकालमा प्राप्त गरेको शास्त्रीय उपाधि तथा जानेको व्यावहारिक सीप र कलाकौशल बारे आमा बाबु एक एक गरेर सुनाइन् ।

बत्तीस लक्षणयुक्त आफ्नी छोरीलाई त्यस्ती चौषठ्ठीकला पारङ्गत विदुषी भएको पाउँदा दशरथका आँखाबाट हर्षाश्रु आए । छोराछोरीले आफ्नो मर्यादामा रही विद्वान् विदुषी भएको देख्न पाउनु जस्तो आनन्द बाबुआमालाई अरू के पो हुञ्छ र ! यत्रा दिनसम्म उनका मनमा पालिएको छोरीको पिरलो अब महलोमा परिणत भयो ।

अर्को दिन बिहानै रथ चढेर राजा दशरथ मन्त्री सुमन्त्रका साथ शान्ताकुञ्ज मधुवनबाट अयोध्यातर्फ लागे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पन्ध्रौं

उत्तरकोशलको राजधानी अयोध्यामा पुत्रकाम यज्ञको तयारी धूमधामसँग हुन लाग्यो । शहरभरि तोरण पताका टाँगिए । नगरका सबै सडक गल्ली गौंडा गल्छेँडाहरू सफा गरिए । बाटाका दायाँ बायाँ पर्ने घरका झ्याल ढोका तथा भित्ताहरूमा आकर्षक रङ्ग रोगन तथा लिप पोत गर्न थालियो । थरि थरिका प्रवेश द्वारहरू बनाइए । मिठाई पसलेहरू बेसन र बुदियाका लड्डू, जिलेबी, इमरती, पेँडा बर्फी, खुरमा,बतासा गट्टा आदि मिठाई बनाउँदै पसलमा सजाउँदै गर्नथाले । नगरका आइमाइ केटाकेटीहरू समारोहमा जादाँ लगाउने नयाँ कपडा सिलाउन साँझै बिहान दमाई कहाँ धर्ना दिन थाले । समारोहमा भागलिन टाढाबाट आउने राजा, रजौटा, भै-भलादमी सन्त महन्त आदि पाहुनाहरूलाई उनका योग्यता अनुसार सुविधायुक्त खाने बस्ने व्यवस्थाका लागि पर्याप्त मानिसहरू खटाइए । समारोहभरि नगरवासी तथा आगन्तुकहरूको मनोरञ्जनार्थ विभिन्न लोकनृत्य, प्रहसन गीत तथा वाद्य-वादनको तयारी हुनथाल्यो । समस्त अयोध्या नगरीलाई बेहुली सिँगारेजस्तै गरी सिँगारियो ।

पुत्रकाम यज्ञका आचार्य-दम्पती आफ्ना छोरी जुवाईं शान्ता र श्रृङ्गी ऋषिलाई लिन राजा दशरथले रथ पठाएका थिए । सिङ्गीघाट शान्ताकुञ्ज बाट केही शिष्यहरूलाई लिएर ऋषिदम्पती यज्ञ प्रारम्भ हुने दुई दिन अगावै राजधानी आई पुगे । राजदम्पती उनको अगुवानी गर्न विभिन्न बाजागाजा तथा स्वागत सामग्रीका साथ नगरको मुख्यद्वार सम्म गए ।

राजारानीलाई देख्ना साथ शान्ता श्रृङ्गी दुवैजना रथबाट ओर्ले । शान्ता दगुर्दै कौशल्यालाई अगाँलो मार्न पुगिन् । त्यहाँ उपस्थित सबै नरनारीका आँखा बाट हर्षका आँसु खस्न थाले । स्वागत कार्यक्रमसम्पन्न भएपछि राजाले छोरीजुवाइँलाई रथमा चढ्न आग्रह गरे । उनीहरूले भने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रथमा न चढी पैदलै गन्तव्य सम्म शहर हेर्दै जाने इच्छा प्रकट गरे । सोही अनुसार व्यवस्था मिलाइयो । श्रृङ्गी दम्पतीका लागि शहर बाहिर सरयू नदीका किनारमा निर्मित यज्ञशाला परिसरमै सुविधा सम्पन्न पर्णकुटीको निर्माण भएको थियो । उनलाई ससम्मान त्यहीँ राखियो ।

दुई दिन पश्चात् निश्चित समयमा यज्ञ प्रारम्भ भयो । यजमानदम्पती राजा दशरथ र उनका तीन ओटै रानी कौशल्या सुमित्रा र कैकेयी समेत पञ्चगव्य खाई मण्डपमा प्रवेश गरी उत्तराभिमुख भएर बसे । आचार्य दम्पती, कुलगुरु वशिष्ठ,सुयज्ञ,वामदेव,जाबालि,काश्यप तथा अन्य होता ऋत्विजहरू पूर्वाभिमुख भएर बसे ।

शान्ताले कुन ठाउँमा के अपुग छ ? कहाँ के चाहिन्छ ? भन्ने विषयमा चनाखी भएर दृष्टि दिई रहेकी थिइन् । कतैपनि केही कुराको कमी हुन पाएको थिएन । आफ्नी छोरीको यस्तो सक्रियता देखेर तीनैओटीरानीहरू ती मध्ये पनि जेठी रानी कौशल्याका आननन्दको सीमा थिएन ।

यज्ञको कार्य प्रारम्भ भयो । सर्वप्रथम यज्ञमण्डपमा गरिने कर्महरूका साक्षीका रूपमा दीप प्रज्वलन गरियो । त्यहाँ जम्मा भएका महिलाहरूले लयहालेर मङ्गलगान गर्न थाले । स्वस्तिवाचन, प्रायश्चित्त गोदान, दीप कलश गणेशपूजन, अरणिमन्थन, अग्निस्थापन गरेपछि ब्राह्मणहरूको कार्य विभाजनका साथ तिनीहरूलाई वरण गर्ने प्रक्रिया प्रारम्भ भयो । धोती, चौबन्दी भोटो, उपर्ना, सुनको औंठी, मालाआदि सामग्री साथ राजाले वरणी सुरू गरे । रानीहरूले उनलाई साथ दिए । आचार्यदम्पती श्रृङ्गी र शान्तादेखि गणेश, होता, ऋत्विक्, जापक, पाठक, तर्पक तथा मार्जकहरूको समेत वरण सम्पन्न भयो । सबै आ-आफ्ना काममा लागे ।

यज्ञका सुगन्धित धुआँले त्यहाँको वातावरणलाई अत्यधिक पवित्र र मगमग वासना चल्ने गराएको थियो । वैदिकहरूका कर्णप्रिय सस्वर चतुर्वेद पारायणले उपस्थित जनसमूहमा आनन्दको अनुभूति दिएको थियो । स्वाहा शब्दका साथ हुने अविच्छिन्न घृतधारा तथा चरुद्वारा प्रज्वलित एवं उत्प्रेरित ऊर्ध्वमुखी सुनौला अग्निज्वालाले यज्ञदेवता प्रसन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुने पूर्वानुमान सहजै गर्न सकिथ्यो । यसरी अथर्ववेदोक्त विधान तथा प्रयोग द्वारा पुत्रकाम यज्ञ चल्दैरह्‌यो ।

पूर्णाहुतिका साथ यज्ञ सम्पन्न भयो । यज्ञान्तमा आचार्य श्रृङ्गीदम्पती पुत्रकाम यज्ञको प्रसादस्वरूप सुनको थालीमा चाँदीको ढकनीले ढाकेर राखेको पायस लिएर उठे । त्यसबेला तिनीहरूको झल्किदों-टल्किदों अनुहार साक्षात् यज्ञ र दक्षिणाको जस्तो लाग्दथ्यो । आचार्य श्रृङ्गीले त्यसलाई मन्त्रविशेषले पुनः अभिमन्त्रित गरी राजा दशरथका हातमा राखिदिए । राजा दशरथले चाँदीका थालीको त्यो पायसलाई सुनका चम्चाले अगाडि कमलका पात थापेर उभिएका आफ्ना तीनओटै रानीहरूमा क्रमशः बाडिंदिए । त्यसबेला ऋत्विक्‌हरूले अथर्ववेदीय सन्ततिप्रद मन्त्रको सस्वर उद्‌घोष गरिरहेका थिए ।

तीनै ओटी रानीहरूले पायस ग्रहण गर्ने सुरमा के थिए, अकस्मात् एउटा गिद्ध आएर कैकेयीका हातको भाग लिएर उड्यो । यज्ञमण्डप स्तब्ध भयो । सबैजनाको अघिँ सम्मको प्रसन्न अनुहारमा एकाएक उदासी छायो । चतुर कौशल्याले तत्काल आफ्नो भागबाट अलिकति पायस छुट्याएर कैकेयीलाई दिइन् । दिदी कौशल्याले गरे जस्तै सुमित्राले पनि आफ्नो भागबाट अलिकति पायस त्यसैगरी छुट्याएर उनलाई दिइन् । अब तीनै जनाले पुत्रप्रद पायस ग्रहण गरे ।

यस आकस्मिक घटनाबाट अरू त अरू स्वयं आचार्य श्रृङ्गी पनि चकित थिए । उनी पनि एकछिन मौनरहे । उनले यसको तथ्य बुझ्न त्यहीं एकछिन ध्यान मग्नभै अन्तर्दृष्टिले रहस्य खोजिगर्न थाले । कुरा यस्तो पो रहेछ -

हिमवद्देशको उत्तरतर्फ कृष्णा गण्डकीको तीरमा काकभुशुण्डी लगायत गिद्धहरूको निवासस्थान थियो । यसलाई अहिले पनि लोकबोलीमा *कागबेनी* भनिन्छ । यसकै छिउँका सुनौला रङ्का सुरम्य पर्वत गुफामा वानरराज केशरीकी पत्नी अञ्जना भगवान् शिवको तपस्यामा लीन थिइन् । उनलाई एघारौं रुद्रका रूपमा महादेव स्वयं उनका गर्भमा आउने वरदान प्राप्त थियो । यता कैकेयीले पाएको पायसमा एकादश रुद्रकै अंश थियो । अतः शिवकै प्रेरणाले त्यो गिद्ध कैकेयीको पायस भाग झम्टेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तर तर्फ उड्यो । उसले पनि त्यो पायस खान के खोज्दै थियो, अकस्मात् हावा हुरी चल्न थाल्यो । उसको पायस ठोँडबाट खस्यो ।

शिवकै प्रेरणाले त्यस पायसलाई भुइँमा खस्न नपाउँदै वायुदेव आफैले लिएर केशरी पत्नी अञ्जना सामू उपस्थित भए । वायुदेवका हातबाट अञ्जनाले पायस ग्रहण गरिन् । यस्तो ईश्वरीय महिमा थाहापाए पछि श्रृङ्गी ऋषिले मुसुक्क हाँस्दै आँखा खोले । शान्ताले पनि यस घटनालाई श्रृङ्गीको मुखाकृति हेरेर राम्रैजस्तो ठानिनन् ।

अब सबैलाई तिलकपाती दान दक्षिणा गरेपछि पुत्रकाम यज्ञको समापन सम्पन्न भयो । दक्षिणा प्राप्त गरेपछि पण्डित ऋत्विजहरू विदावादी भए । आचार्यदम्पती श्रृङ्गीभने शान्ताका आग्रहमा दुईदिन त्यहीँ बस्ने भए । उनीहरूलाई पर्णशालाबाट सन्तशालामा रहने सुव्यवस्था गरियो ।

दिव्य पायस पेटमा परेको भोलिपल्टै दशरथका तीनै रानीहरूलाई आफ्ना कोखमा केही अद्भुत तत्व रहेको अनुभूति भयो । उनका अनुहार पनि तेजिला उज्याला देखिन थाले । तीनै रानीले आफू गह्रुङ्गा जिउकी भएको विश्वास गरे । राजादशरथ र उनका तीनै रानीहरू आफ्ना छोरी जुवाइँबाट कृतकृत्य थिए । तर कृतज्ञता व्यक्त गर्नलाई तिनीसँग शब्द थिएनन् ।

यज्ञ समाप्त भएको अर्को दिन कति चाँडै बित्यो, पत्तै भएन । शान्ता दिनभरि राजभवनमा बाबुआमाहरू सँग खादैं पिउँदै गफिदैं बसिन् । साँझ परेपछि शान्तालाई सन्तशाला फर्कनु थियो । त्यहाँ श्रृङ्गी एक्लै थिए । एकान्तसेवी ती ऋषिलाई शहरिया जीवन र त्यहाँको कोलाहलपूर्ण वातावरण उस्तो मन पर्दैनथ्यो । उनी दिनभरि उतै बसेका थिए । अतः शान्ता त्यस तर्फ जाने भनेर बिदा हुन चाहिन् । राजारानीले भने -

"छोरी हाम्रो त अस्याटै मेटिएन । केही दिन छोरी जुवाईं यतै बसेहुन्थ्यो ।"

"मलाई त केही छैन । माइतीमा बस्न पाउनु जस्तो आनन्द चेलीलाई अरू के हुन सक्छ र ? तर ऋषि मान्नु हुँदैन । कसरी बस्ने ?" शान्ताले भनिन् ।

"जुवाइँलाई मनाउने केही उपाय सोच न !" रानीहरूले शान्तालाई भने ।

"अँ एउटा उपाय छ !" शान्ताले एकैछिन विचार गरेपछि भनिन् ।

"के उपाय छ छोरी ?" राजाले सोधे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"इक्ष्वाकु वंशका हाम्रा पूर्वज नरेशहरूमा प्रायः जसो सबैले अश्वमेध यज्ञ गरेका छन् । बुबाले पनि यहाँ ऋषिकै आचार्यत्वमा एउटा अश्वमेध यज्ञ गरेर चक्रवर्त्ती हुनुपऱ्यो । महिलाहरू गर्भवती भएका बेला जति धेरै यज्ञ-यागादि कृत्य गरिन्छन्, त्यसले आमाका गर्भमा रहेका बच्चाको राम्रो संस्कार बन्दछ । यस्तो बेलामा जति धेरै राम्रा काम गरिन्छन्, त्यसको प्रभाव गर्भको शिशुमा पर्दछ ।

अश्वमेध जस्तो महत्वपूर्ण अनुष्ठान ऋषिकै आचार्यत्वमा गर्ने भए पछि उहाँलाई यहाँ बस्नै पर्ने बाध्यता हुन्छ । अश्वमेध यज्ञको घोडा फर्केर न आउँदा सम्म यज्ञ पूरा हुने कुरा भएन । यसरी हामी केही दिन अरू सगैंबस्न पाउँछौं । एउटा ठूलो पुण्यकार्य पनि सम्पन्न हुन्छ । हाम्रो अस्याट -न्यास्रो पनि मेटिन्छ । एकपन्थ दुई काम !"

शान्ताले बेलि-विस्तार लाइन् । उनको प्रस्ताव सबैलाई चित्त बुझ्यो । यसैबीच दशरथले उउटा समस्यात्मक कुरा राखे-

"उहिले हाम्रा पूर्वज सगर राजाले अश्वमेध यज्ञ गर्दा कपिलधाममा घोडा हरायो । खोज्न गएका सगरका साठीहजार छोराहरू प्रेत भएर बसे । अहिले पनि कपिलधाममा आएर हाम्रो अश्वमेधको घोडा रोकिने र हराउने हो कि ?"

"हुँदैन ! हुँदैन ! केही पनि हुँदैन । श्रृङ्गीऋषिको आचार्यत्वमा हुन लागेको अश्वमेधको घोडा भन्ने कुरा त्यस घोडाका मुकुट पातामा लेखिएको पढे पछि कपिलधाममा कसैले पनि त्यो घोडा समात्न त के कुरा ! छुनसम्म पनि छुने छैनन् ।" आफ्ना हिमवद्देशका ऋषिका आचार्यत्वमा हुन लागेको यज्ञलाई त्यसै देशका मानिसले विघ्न पार्लान् त ? यसमा बुबाले चिन्तै लिनुपर्दैन ।" शान्ताले दशरथलाई आश्वस्त पारिन् । अनि उनी सन्तशाला तिर लागिन् ।

अर्को दिन बिहान राजाले परिषद् डाके । मन्त्री अमात्यहरूसँग सरसल्लाह भयो । उनीहरूले पनि यज्ञको समर्थन गरे । अश्वमेधको तयारीमा फेरि अयोध्या नगरी जुट्यो । सरयू नदी पारी उत्तरतर्फ रहेको विशाल चौरमा यज्ञको तयारी भयो । केही समय पछि पुनः श्रृङ्गी दम्पतीका आचार्यत्वमा अश्वमेधयज्ञ निर्विघ्न सम्पन्न भयो । आफ्ना पुत्राभिलाषिणी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सासुहरू गर्भवती र ससुरा दशरथ चक्रवर्त्ती भएपछि पत्नी शान्ताका साथ श्रृङ्गीऋषि शान्ताकुञ्ज मधुवनधाम फर्के ।

समय बित्दै गयो । दिन सप्ताहमा, सप्ताह पक्षमा, पक्ष महिनामा, महिना ऋतुमा र ऋतु पनि अयनमा परिवर्तित हुदैं गयो । चैत महिनालाग्यो । वसन्त ऋतु आयो । आँपमा मञ्जरी झुले । लताहरूमा कोपिला फुले । कोइली कहू कुहू गाउन थाले । अब दशरथका रानीहरू सुत्केरी हुने बेला आयो । तीनै जना लाई व्यथा लाग्ने क्रम पनि सुरू भयो ।

चैत्र शुक्ल नवमी । मध्याह्नको समय । मेष राशिमा सूर्य । नक्षत्र पुनर्वसु । लग्न कर्कट । त्यसबेला सूर्य, मङ्गल, शनि, गुरु र शुक्र यी पाँच ग्रहहरू उच्च थिए । चन्द्रमाका साथ बृहस्पति लग्नेश थिए । पहिले जेठी रानी कौशल्याबाट एउटा छोरा जन्मे । यसैगरी पुष्यनक्षत्र र मीनलग्नमा कैकेयीलाई पनि एउटा छोरा भए । यसरीनै कर्कलग्न र अश्लेषा नक्षत्रमा सुमित्रालाई क्रमशः दुई छोरा जन्मे । केही समयको अन्तरालमा तीनै रानीहरूले छोरा पाए । यसरी क्रमशः चार छोरा भए राजा दशरथका ।

सुत्केरी कोठाबाट यो समाचार सुनाउन सुडेंनी र परिचारिकाहरू राजा भएका ठाउँमा आए । उनी शुभ समाचार सुन्न पाउने प्रतीक्षामा पहिलेदेखि नै बसेका थिए । उनले राजालाई पुत्र प्राप्तिको खुश खबरी सुनाए । उनी हर्षले गद्‌गद भए । उनले सुनाउनेहरूलाई आफूले लगाएका सुनका सिक्री, रत्न जडित औंठी आदि शरीरबाट झिक्दै उपहार दिदैं गर्न थाले ।

राजा दशरथलाई छोरा जन्मे भन्ने कुरा एकै छिनमा सर्वत्र फैलियो । अयोध्याका नगरवासी पनि यो समाचारले खुशी भए । राजभवनमा बधाई दिनेको ताँती लाग्न थाल्यो । शहरभरि बढाइँ गरियो ।

राजकुमारहरूका न्वारनको दिन आयो । नवजात शिशुहरूको जातकर्म आदि संस्कार गरियो । पञ्चाङ्ग हेरेर जातकका गुण र लक्षण विचार गरी नामकरण गरियो । जेठी रानी कौशल्याका छोराको नाउँ राम राखियो । माहिली रानी सुमित्राका जम्ल्याहा छोराहरूलाई क्रमशः लक्ष्मण र शत्रुघ्न नाउँ दिइयो । कान्छी कैकेयीका छोराको नाउँ भरत रहन गयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुलगुरु वशिष्ठले भने-
"राम विष्णुका अवतार हुन् । लक्ष्मण शेषका अवतार हुन् । पृथ्वीको भार हरणका लागि रामको अवतार भएको छ ।"

चैत्र महिना । शुक्ल पक्ष । पूर्णिमा तिथि । मङ्गलबार । चित्रा नक्षत्र । मेषराशिमा सूर्य । यसै शुभ दिन र शुभलग्नमा उता सुमेरु पर्वतमा केशरी पत्नी अञ्जनालाई पनि व्यथा लाग्यो । अयोध्यामा रामको जन्म भएको सातौं दिन उनले पनि छोरा पाइन् ।

ज्योतिषीले धुलौटो कोर्दै बालकको भविष्य हेरेर अञ्जनालाई भने- "यिनी एकादश रुद्रका अवतार हुन् । अयोध्यामा विष्णुका अवतारका रूपमा रामको जन्म भएको छ । उनै रामका सहयोगीका रूपमा यस सुमेरु पर्वतमा यी शिशुको जन्म भएको छ । यिनी पछि पवनतनय, शङ्करपुत्र र केशरीनन्दनका रूपमा लोकमा विख्यात हुने छन् ।"

शङ्कर सुवन केशरीनन्दन
तेज प्रताप महा जगवन्दन !

यसरी यस हिमवद्देश नेपालका ऋषि ऋष्यश्रृङ्गले पुत्रकाम यज्ञ गरिदिदा यता चुडिन लागेको इक्ष्वाकुको वंश धानियो । उता अञ्जना र केशरीको वंश विस्तार भयो । श्रृङ्गी न भएका भए पुत्रेष्टि हुने थिएन । पुत्रेष्टि न भएका भए राम र हनुमानको अवतार हुने थिएन । सूर्यवंशी राजा दशरथ अस्ताए पछि वैवस्वतमनुको व.शमा फेरि अर्को बिहानी आउने थिएन । नया सूर्योदय हुने थिएन । यो सबै ऋषिश्रृङ्गीकै पराक्रम हो । मधुवन महिमा हो । कपिलवस्तुको कीर्त्ति हो र हिमवद्देश नेपालको गौरव ।

दोहा

ना होतयँ सिङ्गी ऋखि पुत्र इष्टि ना होत ।
अवध अन्हेरी रातमा सुरुज उगब ना होत ॥
सिङ्गी ऋखि कय जज्ञ से बधाँ बन्स कय सूत।
दशरथ के रानिन महाँ जनमे चार सपूत ॥

(डा. विष्णुराज आत्रेय- सिङ्गीघाट अवधी महाकाव्यबाट)

श्री सीतापति रामचन्द्रको जय !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साहित्यिक नाम - लाटोसाथी

बोलाउने नाम - प्रा.डा. विष्णुराज आत्रेय

जन्म ठाम - रश्मि निलय, कपिलवस्तु

कृति - नेपाली अवधी र संस्कृतमा तीन दर्जन

केही प्रकाशित कृतिहरू:-

शान्ताकुञ्ज

उपन्यासकी नायिका शान्ता ।

दशरथकी औरस तथा रोमपादकी पोष्य पुत्री । विभाण्डक ऋषिकी बुहारी । यिनी श्रृङ्गीघाट बाणगङ्गाका ऋश्यश्रृङ्गकी पत्नी हुन् । यिनको आश्रम शान्ताकुञ्ज र शान्ताकुञ्जकै नाउँमा यो उपन्यास ।

उपन्यासका नायक ऋश्यश्रृङ्ग ।

हरिणीको गर्भबाट जन्मेका ऋषिकुमार । चौध विद्याका साथै वारुणयाग र पुत्रकामइष्टिका विशेषज्ञ । आइमाईको मुखै नहेरी युवावस्थासम्म आइपुगेका श्रृङ्गीको अचम्मैसँग राजकुमारी शान्ताका साथ प्रेम हुन्छ र यो प्रेम दाम्पत्य जीवनमा परिणत हुन्छ । यो हो संसारकै अनौठो प्रेम आख्यान ।

युवा श्रृङ्गीले गरेका वारुण यज्ञले अङ्ग देशको बाह्र बर्षे अकालमा सहकाल आउँछ । श्रृङ्गी र शान्ताको आचार्यत्वमा भएको पुत्र कामयज्ञले राजा दशरथका पत्नीहरुलाई छोरा जन्मिन्छन् । यसैगरी केशरीकी पत्नी अञ्जनाबाट हनुमानको जन्म हुन्छ । रामायण मानव सभ्यताको आदर्श हो भने शान्ता कुञ्ज मधुवनधाम यसको प्रारम्भ बिन्दु ।

हिमवत् देशका यी प्रतापी ऋषिको आख्यानले कपिलवस्तु परिक्षेत्रलाई मात्र होइन समस्त नेपाललाईनै गौरवान्वित पारेको छ ।

लाटोसाथीको यशस्वी कलमले लेखिएको नेपालको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटन महत्वको एउटा उपन्यास ।

– प्रकाशक

शान्ताकुञ्ज मधुवनधाम, कपिलवस्तु

सहयोग संस्थागत रू. २००/-

[illegible] रू. [illegible]/-

ISBN 993728490-5

9789937284905

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection